शुकान्प्राग्द्वारविन्यासे पादान्तःस्थान्यजेत्सुरान् ।
तथा प्राकारविन्यासे यजेद् द्वात्रिंशदन्तगान् ।८।
सर्वसाधारणं चैतत्प्रासादस्य च लक्षणम् ।
मानेन प्रतिमाया वा प्रासादमपरं शृणु ।९।
प्रतिमायाः प्रमाणेन कर्त्तव्या पिण्डिका शुभा ।
गर्भस्तु पिण्डिकार्द्धेन गर्भमानास्तु भित्तयः ।१०।
भित्तेरायाममानेन उत्सेधन्तु प्रकल्पयेत् ।
भित्त्युच्छ्रायात्तु द्विगुणं शिखरं कल्पयेद् बुधः ।११।
शिखरस्य तु तुर्येण भ्रमणं परिकल्पयेत् ।
शिखरस्य चतुर्थेन अग्रतो मुखमण्डपम् ।१२।
अष्टमांशेन गर्भस्य रथकानां तु निर्गमः ।
परिधेर्गुणभागेन रथकांस्तत्र कल्पयेत् ।१३।
तत्तृतीयेन वा कुर्याद्रथकानां तु निर्गमम् ।
वामत्रयं स्थापनीयं रथकत्रितये सदा ।१४।
शिखरार्थं हि सूत्राणि चत्वारि विनिपातयेत् ।
शुकनासोर्ध्वतः सूत्रं तिर्यग्भूतं निपातयेत् ।१५।
शिखरस्यार्द्धभागस्थं सिंहं तत्र तु कारयेत् ।
शुकनासां स्थिरीकृत्य मध्यसन्धौ निधापयेत् ।१६।
अपरे च तथा पार्श्वे तद्वत्सूत्रं निधापयेत् ।
तदूर्ध्वन्तु भवेद्वेदी सकण्ठामनसारकम् ।१७।
स्कन्धभग्नं न कर्त्तव्यं विकरालं तथैव च ।
ऊर्ध्वञ्च वेदिकामानात्कलशं परिकल्पयेत् ।१८।
विस्तारात् द्विगुणं द्वारं कर्त्तव्यं तु सुशोभनम् ।
उदुम्बरौ तदूर्ध्वञ्च न्यसेच्छाखां सुमङ्गलैः ।१९।
द्वारस्य तु चतुर्थांशे कार्यौ चण्डप्रचण्डकौ ।
विष्वक्सेनवत्सदण्डो शाखार्धोदुम्बरे श्रियम् ।२०।
दिग्गजैः स्नाप्यमानां तां घटैः साब्जां सुरूपिकाम् ।
प्रासादस्य चतुर्थांशे प्राकारस्योच्छ्रयो भवेत् ।२१।
प्रासादात्पादहीनस्तु गोपुरस्योच्छ्रयो भवेत् ।
पञ्चहस्तस्य देवस्य एकहस्ता तु पीठिका ।२२।

वास्तुमण्डपको आरम्भ गर्नुपर्छ । यसमा पहिले द्वारन्यासका समीपवर्ती पदभन्दा भित्र स्थित रहने देवताहरूलाई पूजा गर्नुपर्छ । त्यसपछि पर्खालका निकटवर्ती एवं सबैभन्दा अन्त्यका पदमा स्थापना गरिने बत्तीस देवताहरूलाई पूजा गर्नुपर्छ। यो प्रासादको सर्वसाधारण लक्षण हो। अब प्रतिमाको मानअनुसार दोस्रो किसिमका प्रासादको वर्णन सुनौँ । प्रतिमा जति ठूलो हुन्छ, उति नै ठूलो र राम्रो पिण्डी बनाउनुपर्छ । पिण्डीको आधा मानअनुसार गर्भको निर्माण गर्नुपर्छ र गर्भकै मानअनुसार भित्ताहरू उठाउनुपर्छ । भित्ताहरूको लम्बाइअनुसार नै तिनको उचाइ राख्नुपर्छ । विद्वान् पुरुषले भित्रको उचाइको दोब्बर शिखरको उचाइ बनाउनुपर्छ । शिखरको अपेक्षा चौथाइ उचाइमा मन्दिरको परिक्रमा बनाउन लगाउनुपर्छ र यसै उचाइमा मन्दिरको अगाडिको मुखमण्डपको पनि निर्माण गर्नुपर्छ । गर्भका आठौँ अंशको मापलाई रथहरू निस्कने मार्ग बनाउनुपर्छ। अथवा परिधिको तृतीय भागकै अनुसार त्यहाँ रथकहरूको निर्मण गर्नुपर्छ र तिनको पनि तृतीय भागको मापलाई ती रथहरू निस्कने मार्ग बनाउनुपर्छ । तीन रथहरूमध्ये सधैँ तीन वामहरूको स्थापना गर्नुपर्छ । शिखरका लागि चार सूत्र लगाउनुपर्छ । शुकनासाको माथिबाट सूत्रहरूलाई तेर्छोतिर खसाल्नुपर्छ । शिखरको आधा भागमा सिंहको प्रतिमा निर्माण गराउनुपर्छ। शुकनासामाथि धागो अड्याएर त्यसलाई मध्य सन्धिसम्म ल्याउनुपर्छ। यसै गरी अर्को पार्श्वमा पनि सूत्र खसाल्नुपर्छ। शुकनासामाथि वेदी हुनुपर्छ र वेदीमाथि आमलसार नामको कण्ठसहित कलश निर्माण गराउनुपर्छ। त्यसलाई विकराल बनाउनु हुँदैन । जहाँसम्म वेदीको मान हुन्छ, त्यसमाथि नै कलशको कल्पना हुनुपर्छ । मन्दिरको ढोका जति चौडाइ छ, त्यसको दोब्बर त्यसको उचाइ राख्नुपर्छ। द्वारलाई बहुतै सुन्दर र शोभासम्पन्न बनाउनुपर्छ। द्वारको उपरी भागमा सुन्दर एवं मङ्गलमय वस्तुहरूका साथै शकुनसूचक वृक्षका दुई शाखाहरू स्थापित गर्नुपर्छ। द्वारका चतुर्थांशमा चण्ड, प्रचण्ड, विष्वक्सेन र वत्सदण्ड यी चार द्वारपालहरूको मूर्तिहरू निर्माण गराउनुपर्छ। गुलरका शाखाहरूका अर्धभागमा सुन्दर रूप भएका लक्ष्मीदेवीको श्रीविग्रह अङ्कित गर्नुपर्छ। उनका हातमा कमल हुनुपर्छ र दिग्गजहरूले उनलाई कलशका जलले नुहाइरहेका हुनुपर्छ । मन्दिरका पर्खालको उचाइ उसको चतुर्थांशकै बराबर हुनुपर्छ। प्रासादका गोपुरको उचाइ प्रासादभन्दा एक चौथाइ कम हुनुपर्छ। यदि देवताको विग्रह पाँच हातको छ भने त्यसका लागि एक हातको पीठिका हुनुपर्छ। विष्णुमन्दिरको अगाडि एक गरुडमण्डप तथा भौम

गारुडं मण्डपञ्चाग्रे एकं भौमादिधाम च ।
कुर्याद्धि प्रतिमायां तु दिक्षु चाष्टासु चोपरि ।२३।
पूर्वे वराहं दक्षे च नृसिंहं श्रीधरं जले ।
उत्तरे तु हयग्रीवमाग्नेय्यां जामदग्न्यकम् ।२४।
नैर्ऋत्यां रामकं वायौ वामनं वासुदेवकम् ।
ईशे प्रासादरचना देया वस्वर्ककादिभिः ।
द्वारस्य चाष्टमाद्यंशं त्यक्त्वा वेधो न दोषभाक् ।२५।

आदि धामको निर्माण गराउनुपर्छ । भगवान्को श्रीविग्रहका वरिपरि आठै दिशाको माथिल्लो भागमा भगवत्प्रतिमाभन्दा दोब्बर ठूला अवतारहरूका मूर्ति बनाउन लगाउनुपर्छ । पूर्व दिशामा वराह, दक्षिणमा नृसिंह, पश्चिममा श्रीधर, उत्तरमा हयग्रीव, अग्निकोणमा परशुराम, नैर्ऋत्यकोणमा श्रीराम, वायव्यकोणमा वामन तथा ईशानकोणमा वासुदेवको मूर्ति निर्माण गराउनुपर्छ । प्रासाद रचना आठ, बाह्र आदि समसङ्ख्याका स्तम्भले गर्नुपर्छ । द्वारको अष्टम आदि अंश छोडेर राखिएका वेधहरू दोषकारक हुँदैनन् ।१-२५।

४३. त्रिचत्वारिंशोऽध्यायः

प्रासाददेवतास्थापन

भगवानुवाच
प्रासादे देवताः स्थाप्या वक्ष्ये ब्रह्मन् शृणुष्व मे ।
पञ्चायतनमध्ये तु वासुदेवं निवेशयेत् ।१।
वामनं नृहरिं चाश्वशीर्षं तद्वच्च सूकरम् ।
आग्नेये नैर्ऋते चैव वायव्ये चेशगोचरे ।२।
अथ नारायणं मध्ये ह्याग्नेय्यामम्बिकां न्यसेत् ।
नैर्ऋत्यां भास्करं वायौ ब्रह्माणं लिङ्गमीशके ।३।
अथवा रुद्ररूपं तु अथवा नवधामसु ।
वासुदेवं न्यसेन्मध्ये पूर्वादौ वामवामकान् ।४।
इन्द्रादीन् लोकपालांश्च अथवा नवधामसु ।
पञ्चायतनकं कुर्यान्मध्ये तु पुरुषोत्तमम् ।५।
लक्ष्मीवैश्रवणौ पूर्वं दक्षे मातृगणं न्यसेत् ।
स्कन्दं गणेशमीशानं सूर्यादीन्पश्चिमे ग्रहान् ।६।
उत्तरे दश मत्स्यादीनाग्नेय्याँ चण्डिकां तथा ।
नैर्ऋत्यामम्बिकां स्थाप्य वायव्ये तु सरस्वतीम् ।७।
पद्मामैशे वासुदेवं मध्ये नारायणं च वा ।
त्रयोदशालये मध्ये विश्वरूपं न्यसेद्धरिम् ।८।
पूर्वादौ केशवादीन्वा अन्यधाम स्वयं हरिः ।

भगवान्ले भने– हे ब्रह्मन् ! अब म मन्दिरमा स्थापित गर्न योग्य देवताहरूको वर्णन गर्दछु, तिमी सुन । पाञ्चायतन मन्दिरमा बीचको जुन प्रधान मन्दिर हुन्छ, त्यसमा भगवान् वासुदेवलाई स्थापित गर्नुपर्छ। शेष चार मन्दिरहरूमा अग्निकोणका मन्दिरमा भगवान् वामन, नैर्ऋत्यकोणमा नरसिंह, वायव्यकोणमा हयग्रीव र ईशानकोणमा वराह भगवान्लाई स्थापना गर्नुपर्छ । अथवा यदि बीचमा नारायण भगवान्को मूर्ति स्थापना गरियो भने अग्निकोणमा दुर्गा, नैर्ऋत्यकोणमा सूर्य, वायव्यकोणमा ब्रह्मा र ईशानकोणमा लिङ्गमय शिवको स्थापना गर्नुपर्छ । अथवा ईशानमा रुद्ररूपको स्थापना गर्नुपर्छ। अथवा एकएक गरी आठ दिशाहरूमा र एक बीचमा यस किसिमले जम्मा नौ मन्दिर बनाउनुपर्छ । उनीहरूमध्ये बीचमा वासुदेवलाई स्थापना गर्नुपर्छ र पूर्व आदि दिशाहरूमा परशुराम, राम आदि मुख्यमुख्य नौ अवतारहरूको एवं इन्द्रै आदि लोकपालहरूको स्थापना गर्नुपर्छ । अथवा जम्मा नौ धाममा पाँच मन्दिर बनाउनुपर्छ। यिनहरूका माझमा भगवान् पुरुषोत्तमलाई स्थापना गर्नुपर्छ। पूर्व दिशामा लक्ष्मी र कुबेर, दक्षिणमा मातृकागण, स्कन्द, गणेश र शिव, पश्चिममा सूर्य आदि नौ ग्रह र उत्तरमा मत्स्य आदि दस अवतार स्थापना गर्नुपर्छ । यसै गरी अग्निकोणमा चण्डी, नैर्ऋत्यकोणमा अम्बिका, वायव्यकोणमा सरस्वती र ईशानकोणमा लक्ष्मी स्थापना गर्नुपर्छ । मध्यभागमा वासुदेव अथवा नारायण स्थापना गर्नुपर्छ। अथवा तेह्र कोठाको देवालयको मध्यभागमा विश्वरूप भगवान् विष्णुलाई स्थापना गर्नुपर्छ । पूर्व आदि दिशाहरूमा केशव आदि द्वादश विग्रह स्थापित गर्नुपर्छ त्यसका अतिरिक्त गृहमा साक्षात् यिनै हरि विराजमान हुन्छन्।

मृण्मयी दारुघटिता लोहजा रत्नजा तथा ।९।
शैलजा गन्धजा चैव कौसुमी सप्तधा स्मृता ।
कौसुमी गन्धजा चैव मृण्मयी प्रतिमा तथा ।१०।
तत्कालपूजिताश्चैताः सर्वकामफलप्रदाः ।
अथ शैलमयीं वक्ष्ये शिला यत्र च गृह्यते ।११।
पर्वतानामभावे च गृह्णीयाद्भूगतां शिलाम् ।
पाण्डुरा ह्यरुणा पीता कृष्णा शस्ता तु वर्णिनाम् ।१२।
न यदा लभ्यते सम्यग्वर्णिनां वर्णतः शिला ।
वर्णाद्यापादनं तत्र जुहुयात्सिंहविद्यया ।१३।
शिलायाँ शुक्लरेखाग्र्या कृष्णाग्र्या सिंहहोमतः ।
कांस्यघण्टानिनादा स्यात्पुंलिङ्गा विस्फुलिङ्गिका ।१४।
तन्मन्दलक्षणा स्त्री स्याद्रूपाभावन्नपुंसका ।
दृश्यते मण्डलं यस्यां सगर्भा ताँ विवर्जयेत् ।१५।
प्रतिमार्थे धनं दत्त्वा वनयागं समाचरेत् ।
तत्र खात्वोपलिप्याथ मण्डपे तु हेरिं यजेत् ।१६।
बलिं दत्त्वा कर्मशस्त्रं टङ्कादिकमथार्च्चयेत् ।
हुत्वाथ शालितोयेन अस्त्रेण प्रोक्षयेच्छिलाम् ।१७।
रक्षां कृत्वा नृसिंहेन मूलमन्त्रेण पूजयेत् ।
हुत्वा पूर्णाहुति दद्यात्ततो भूतबलिं गुरुः ।१८।
अत्र ये संस्थिताः सत्त्वा यातुधानाश्च गुह्यकाः ।
सिद्धादयो वा ये चान्ये तान्सम्पूज्य क्षमापयेत् ।१९।
विष्णुबिम्बार्थमस्माकं यात्रैषा केशवाज्ञया ।
विष्ण्वर्थं यद्भवत्कार्यं युष्माकमपि तद्भवेत् ।२०।
अनेन बलिदानेन प्रीता भवत सर्वथा ।
क्षेमेण गच्छताऽन्यत्र मुक्त्वा स्थानमिदं त्वरात् ।२१।
एवं प्रबोधिता मुक्त्वा यान्ति तृप्ता यथासुखम् ।

भगवान्को प्रतिमा माटो, काठ, फलाम, रत्न, ढुङ्गा, चन्दन र फूल यी सात वस्तुहरूले बनिएको हुनुपर्छ भन्ने मानिन्छ।फूल, माटो र चन्दनले बनेका प्रतिमाहरू बनाउनेबित्तिकै तुरुन्तै पूजा गरिन्छन्। पूजा गर्नाले यिनले तत्काल कामना पूरा गर्दछन्। जहाँ प्रतिमा बनाउनका लागि ढुङ्गाको उपयोग गरिन्छ, अब म ती ढुङ्गाका प्रतिमाको कुरो गर्दछु। कुनै पर्वतबाट ढुङ्गो ल्याएर प्रतिमा बनाउनु उत्तम हुन्छ। पर्वतको अभावमा जमिनमुनि फेला परेको ढुङ्गाको उपयोग गर्नुपर्छ। ब्राह्मण आदि चार वर्णका लागि क्रमशः सेतो, रातो, पहैँलो र कालो ढुङ्गो उत्तम मानिएको छ। यदि ब्राह्मण आदिलाई उनीहरूका वर्णअनुसारको ढुङ्गो फेला नपरेका अवस्थामा त्यो कमीलाई पूरा गर्न नरसिंह मन्त्रले हवन गर्नुपर्छ। यदि शिलामा सेता धर्का छन् भने त्यो अति नै उत्तम हो र काला धर्का छन् भने त्यसलाई नरसिंह मन्त्रले हवन गर्दा उत्तम हुन्छ। यदि शिलाबाट काँसले बनेका घण्टाको जस्तो आवाज आउँछ भने र काट्दा त्यसबाट झिल्का निस्कन्छन् भने त्यसलाई पुंल्लिङ्ग हो भन्ने मान्नुपर्छ। यदि त्यस्ता चिह्नको त्यसमा कमी देखियो भने त्यसलाई स्त्रीलिङ्ग मान्नुपर्छ र पुंल्लिङ्गी वा स्त्रीलिङ्गी कुनै सङ्केत ढुङ्गामा देखिएनन् भने त्यसलाई नपुंसक लिङ्गी मान्नुपर्छ। त्यस्तै कुनै शिलामा कुनै मण्डलको चिह्न देखियो भने त्यसलाई सगर्भा मानेर त्याग्नुपर्छ।१-१५।

प्रतिमा बनाउनका लागि वनमा गएर वनयागको प्रारम्भ गर्नुपर्छ। त्यहाँ कुण्ड खनेर र त्यसलाई लिपेर मण्डपमा भगवान् विष्णुको पूजा गर्नुपर्छ र बलि समर्पण गरेर कर्मका लागि उपयोगी टङ्क आदि शास्त्रको पनि पूजा गर्नुपर्छ। त्यसपछि हवन गरेर मात्रै मंसिरे अगहनीका चामलसहितको पानीले अस्त्र मन्त्र उच्चारण गर्दै त्यस शिलालाई सेचन गर्नुपर्छ। नरसिंह मन्त्रले त्यसको रक्षा गरेर मूल मन्त्र ओं नमो नारायणायले पूजा गर्नुपर्छ। त्यसपछि पूर्णाहुति होम गरेर आचार्यले भूतहरूलाई बलि समर्पण गर्नुपर्छ। त्यस ठाउँमा अदृश्य रूपमा रहेका जन्तु, यातुधान, गुह्यक र सिद्ध आदि रहेछन् भने वा अरू जोसुकै रहेका भए पनि ती सबैको पूजा गरेर क्षमा याचना गर्नुपर्छ। क्षमा याचना– भगवान् केशवका आज्ञाले प्रतिमाका लागि हाम्रो यो यात्रा भएको हो। भगवान् विष्णुका लागि जेजति कार्य हुन्छन्, ती तिमीहरूका कार्य पनि हुन्। त्यसैले हामीले दिएको यस बलिले तिमीहरू सन्तुष्ट होओ र चाँडै नै यो स्थान छोडेर कुशलपूर्वक अन्यत्र जाओ भन्नुपर्छ। यसरी सावधान गराउँदा ती जीवहरू अति प्रसन्न हुन्छन् र सुखपूर्वक त्यो ठाउँ छोडेर अन्यत्र जानेछन्।

शिल्पिभिश्च चरुं प्राश्य स्वप्नमन्त्रं जपेन्निशि ।२२।
ओं नमः सकललोकाय विष्णवे प्रभविष्णवे ।
विश्वाय विश्वरूपाय स्वप्नाधिपतये नमः ।२३।
आचक्ष्व देवदेवेश प्रसुप्तोऽस्मि तवान्तिकम् ।
स्वप्ने सर्वाणि कार्याणि हृदिस्थानि तु यानी मे ।२४।
ओं ओं हूँ फट् विष्णवे स्वाहा ।
शुभे स्वप्ने शुभं सर्वं ह्यशुभे सिंहहोमतः ।
प्रातरर्घ्यं शिलायां तु दत्त्वास्त्रेणास्त्रकं यजेत् ।२५।
कुद्दालटङ्कशस्त्राद्यं मध्वाज्याक्तमुखं चरेत् ।
आत्मानं चिन्तयेद्विष्णुं शिल्पिनं विश्वकर्मकम् ।२६।
शस्त्रं विष्ण्वात्मकं दद्यान्मुखपृष्ठादि दर्शयेत् ।
जितेन्द्रियष्टङ्कहस्तः शिल्पी तु चतुरस्त्रकाम् ।२७।
शिलां कृत्वा पिण्डिकार्थं किञ्चित् न्यूनां तु कल्पयेत् ।
रथे स्थाप्य समानीय सवस्त्रां कारुवेश्मनि ।
पूजयित्वाथ घटयेत्प्रतिमां स तु कर्मकृत ।२८।

त्यसपछि कारिगरहरूसँग यज्ञको चरु भक्षण गरेर रातमा सुत्दा स्वप्न मन्त्रको यसप्रकार जप गर्नुपर्छ– समस्त प्राणीका जो निवासस्थान हुन्, व्यापक छन्, सबैलाई उत्पन्न गर्दछन्, स्वयं विश्वरूप हुन् र सम्पूर्ण विश्व जसको स्वरूप हो, उनै स्वप्नका अधिपति भगवान् श्रीहरिलाई नमस्कार छ । हे देव ! हे देवेश्वर ! म तिम्रै नजिक सुतेको छु। मेरा मनमा जुन कार्यको सङ्कल्प छ, त्यसका विषयमा मसित केही भन। ओं ओं हुं फट् विष्णवे स्वाहा भन्ने यस मन्त्रको जप गरेर सुत्दाले यदि असल स्वप्न भयो भने शुभ हुन्छ र नराम्रो स्वप्न भयो भने नरसिंह मन्त्रले हवन गर्दा शुभ हुन्छ। बिहानै उठेर अस्त्र मन्त्रले शिलामा अर्घ्य दिनुपर्छ। त्यसपछि अस्त्रको पनि पूजा गर्नुपर्छ। कोदालो, छिनो र अन्य शस्त्र आदिका मुखमा मह र घिउ लगाएर पूजा गर्नुपर्छ। विष्णुरूपले आफैँलाई चिन्तन गर्नुपर्छ । विश्वकर्माका रूपमा कारिगरहरूलाई मान्नुपर्छ र शस्त्रलाई पनि विष्णुकै रूपमा भावना बनाउनुपर्छ। त्यसपछि शस्त्र कारिगरलाई दिनुपर्छ र त्यसको मुख र पछिल्लो भाग उनलाई देखाउनुपर्छ । कारिगरले आफ्ना इन्द्रियहरूलाई वशमा राख्नुपर्छ र हातमा छिनो लिए त्यस शिलालाई चारकुने गराउनुपर्छ । त्यपछि पिण्डी बनाउनका लागि त्यसलाई केही सानो पार्नुपर्छ। त्यसपछि शिलालाई वस्त्रमा बेरेर रथमा राख्नुपर्छ र शिल्पशालामा लगेर फेरि शिलाको पूजन गर्नुपर्छ। त्यसपछि कारिगरले प्रतिमा बनाउनुपर्छ।१६–२८।

४४. चतुश्चत्वारिंशोऽध्यायः
वासुदेवादिप्रतिमालक्षण

भगवानुवाच
वासुदेवादिप्रतिमालक्षणं प्रवदामि ते ।
प्रासादस्योत्तरे पूर्वमुखीं वा चोत्तराननाम् ।१।
संस्थाप्य पूज्य च बलिं दत्त्वाथो मध्यसूत्रकम् ।
शिलां शिल्पी तु नवधा विभज्य नवमंशके ।२।
सूर्यभक्तै शिलायां तु भागं स्वाङ्गुलमुच्यते ।
द्व्यङ्गुलं गोलकं नाम्ना कालनेत्रं तदुच्यते ।३।
भागमेकं त्रिधा भक्त्वा पार्ष्णिभागं प्रकल्पयेत् ।
भागमेकं तथा जानौ ग्रीवायां भागमेव च ।४।
मुकुटं तालमात्रं स्यात्तालमात्रं तथा मुखम् ।

भगवान्ले भने– हे ब्रह्मन् ! अब म तिमीलाई वासुदेव आदिका प्रतिमाको लक्षण भन्दछु, सुन । मन्दिरका उत्तर भागमा शिलालाई पूर्व वा उत्तर फर्काएर त्यसको पूजा गर्नुपर्छ र बलि अर्पित गरेपछि कारिगरले शिलाको बीच भागमा धागोले नापेर त्यसलाई नौ भाग लगाउँछ। नवौं भागलाई पनि बाह्र भागमा विभाजित गर्दा एकएक भाग आफ्ना औँलाले एकएक अङ्गुलको हुन्छ। दुई अङ्गुलको एक गोलक हुन्छ र त्यसैलाई कालनेत्र पनि भन्दछन्। तीनै नौ भागमध्येको एक भागलाई तीन भाग लगाएर त्यसमा पार्ष्णि भागको कल्पना गर्नुपर्छ। एक भाग घुँडाका लागि र एक भाग कण्ठका लागि निश्चित गर्नुपर्छ। मुकुटका लागि एक बित्ता राख्नुपर्छ। मुखको भाग पनि एक बित्ताकै हुनुपर्छ। यसै गरी एक बित्ताको कण्ठ र एकै बित्ताको हृदय पनि रहनुपर्छ। नाभी र लिङ्गका बीचमा

तालेनैकेन कण्ठं तु तालेन हृदयं तथा ।५।
नाभिमेढ्रान्तरं तालं द्वितालावूरुकौ तथा ।
तालद्वयेन जङ्घा स्यात्सूत्राणि शृणु साम्प्रतम् ।६।
कार्य्यं सूत्रद्वयं पादे जङ्घामध्ये तथापरम् ।
जानौ सूत्रद्वयं कार्य्यमूरुमध्ये तथा परम् ।७।
मेढ्रे तथापरं कार्य्यं कट्यां सूत्रं तथापरम् ।
मेखलाबन्धसिद्ध्यर्थं नाभ्यां चैवापरं तथा ।८।
हृदये च तथा कार्य्यं कण्ठे सूत्रद्वयं तथा ।
ललाटे चापरं कार्यं मस्तके च तथापरम् ।९।
मुकुटोपरि कर्तव्यं सूत्रमेकं विचक्षणैः ।
सूत्राण्यूर्द्ध्वं प्रदेयानि सप्तैव कमलोद्भव ।१०।
कक्षात्रिकान्तरेणैव षट् सूत्राणि प्रदापयेत् ।
मध्यसूत्रं तु सन्त्यज्य सूत्राण्येव निवेदयेत् ।११।
ललाटं नासिकावक्त्रं कर्तव्यं चतुरङ्गुलम् ।
ग्रीवा कर्णौ तु कर्तव्यौ आयामाच्चतुरङ्गुलौ ।१२।
द्व्यङ्गुले हनुके कार्य्ये विस्ताराच्चिबुकं तथा ।
अष्टाङ्गुलं ललाटं तु विस्तारेण प्रकीर्तितम् ।१३।
परेण द्व्यङ्गुलौ शङ्खौ कर्तव्यावलकान्वितौ ।
चतुरङ्गुलमाख्यातमन्तरं कर्णनेत्रयोः ।१४।
द्व्यङ्गुलौ पृथुकौ कर्णौ कर्णापाङ्गार्द्धपञ्चमे ।
भ्रूसमेन तु सूत्रेण कर्णश्रोत्रः प्रकीर्तितम् ।१५।
विद्धंषडङ्गुलं कर्णमविद्धं चतुरङ्गुलम् ।
चिबुकेन समं विद्धमविद्धं वा षडङ्गुलम् ।१६।
गन्धपात्रं तथावर्त्त शष्कुलीं कल्पयेत्तथा ।
द्व्यङ्गुलेनाधरः कार्यस्तस्यार्द्धेनोत्तराधरः ।१७।
अर्द्धाङ्गुलं तथा नेत्रं वक्त्रं तु चतुरङ्गुलम् ।
आयामेन तु वैपुल्यात्सार्द्धमङ्गुलमुच्यते ।१८।
अव्यात्तमेवं स्याद्वक्त्रं व्यात्तं द्व्यङ्गुलमिष्यते ।
नासावंशसमुच्छ्रायं मूले त्वेकाङ्गुलं मतम् ।१९।
उच्छ्रायाद्व्यङ्गुलं चाग्रे करवीरोपमा स्मृता ।

एक बित्ताको अन्तर हुनुपर्छ। दुवै तिघ्रा दुई बित्ताका हुनुपर्छ। पिँडुला पनि दुई बित्ताका नै हुनुपर्छ। अब सूत्रको माप सुन। दुई धागो गोडामा र दुई धागो जङ्घामा लगाउनुपर्छ। घुँडामा दुई र दुवै तिघ्रामा दुई धागो लगाउनुपर्छ। लिङ्गमा दुई सूत र करधन हुने गरी कम्मरमा अरू दुई धागो लगाउनुपर्छ। नाभीमा पनि दुई धागो लगाउने। यसै गरी हृदय र कण्ठमा दुई सूतको उपयोग गर्ने। ललाटमा दुई सूत उपयोग गर्नुपर्छ। बुद्धिमान् कारिगरहरूले मुकुटको उपरी भागमा एक सूत राख्दछन्। हे ब्रह्मन्! माथि सात सूत नै दिनुपर्छ। तीन कक्षाहरूका अन्तरले नै छ सूत्र लगाउनुपर्छ। त्यसपछि मध्य सूत्रलाई त्यागेर केवल दुई सूत्र नै निवेदित गर्नुपर्छ। निधार, नाक र मुखको विस्तार चार अङ्गुलको हुनुपर्छ। गला र कालनको पनि चारचार अङ्गुल विस्तार गराउनुपर्छ। दुवैतर्फ चिउँडो दुईदुई अङ्गुल फराकिलो चिउँडाको बीच भाग पनि दुई अङ्गुलकै हुनुपर्छ। पूरा विस्तार छ अङ्गुलको हुनुपर्छ। यसै गरी निधार पनि विस्तारका हिसाबले आठ आठ अङ्गुलको हुनुपर्छ। दुवैतिरका शङ्खहरू दुईदुई अङ्गुलका बनाउनुपर्छ र तिनमाथि रौँ पनि हुनुपर्छ। कान र आँखाका बीचको अन्तर चार अङ्गुल हुनुपर्छ। दुईदुई अङ्गुलका कान र पृथुक बनाउनुपर्छ। भौँहरूजत्तिकै सूत्रको माप कानका स्रोतको पनि हुनुपर्छ भनिएको छ। छिद्र पारिएका कान छ अङ्गुलका हुनुपर्छ र नछेडिएका कान चार अङ्गुलका हुनुपर्छ। अथवा छेडिएका वा नछेडिएका जुनसुकै कान चिउँडोजत्तिकै छ अङ्गुलको हुनुपर्छ। गन्धपात्र, आवर्त र शष्कुली पनि बनाउनुपर्छ। एक अङ्गुलको तल्लो ओठ र आधा अङ्गुलको माथिल्लो ओठ बनाउनुपर्छ। आँखाको विस्तार आधा अङ्गुलको हुनुपर्छ र मुखको विस्तार चार अङ्गुलको हुनुपर्छ। मुखको चौडाइ डेढ अङ्गुलको हुनुपर्छ। नाकको उचाइ एक अङ्गुल हुनुपर्छ र उचाइको अगाडि लम्बाइ केवल दुई अङ्गुल हुनुपर्छ। करवीर फूलको जस्तै त्यसको आकृति हुनुपर्छ। दुवै आँखाका बीचमा चार अङ्गुलको अन्तर हुनुपर्छ। दुई अङ्गुल आँखाका घेरामा आएकै हुन्छ, केवल दुई अङ्गुल नै अन्तर रहेको हुन्छ। पूरै आँखालाई तीन भाग गरेर एक भागजत्ति नै आँखाको पुतली बनाउनुपर्छ र पाँच भाग गरेर एक भागजत्ति नै त्यसको भित्री तारा बनाउनुपर्छ। आँखाको विस्तार दुई अङ्गुलको हुनुपर्छ र द्रोणी आधा अङ्गुलको। त्यसै मात्राको आँखीभौँको रेखाको हुनुपर्छ। दुवैतिरका भौँहरू बराबर राख्नुपर्छ। भौँहरूका

अन्तरं चक्षुषोः कार्य्यं चतुरङ्गुलमानतः ।२०।
द्व्यङ्गुलं चाक्षिकोणं च द्व्यङ्गुलं चान्तरन्तयोः ।
तारा नेत्रत्रिभागेण दृक् तारा पञ्चमांशिका ।२१।
त्र्यङ्गुलं नेत्रविस्तारं द्रोणी चार्द्धाङ्गुला मता ।
तत्प्रमाणा भ्रूवोर्लेखा भ्रुवौ चैव समे मते ।२२।
भ्रूमध्यं द्व्यङ्गुलं कार्य्यं भ्रूदैर्घ्यं चतुरङ्गुलम् ।
षट्त्रिंशदङ्गुलायामं मस्तकस्य तु वेष्टनम् ।२३।
मूर्तिनां केशवादीनां द्वात्रिंशद्वेष्टनं भवेत् ।
पञ्चनेत्रा त्वधो ग्रीवा विस्ताराद्वेष्टनं पुनः ।२४।
त्रिगुणं तु भवेदूर्ध्वं विस्तृताष्टाङ्गुलं पुनः ।
ग्रीवात्रिगुणमायामं ग्रीवावक्षोऽन्तरं भवेत् ।२५।
स्कन्धावष्टाङ्गुलौ कार्यौ त्रिकलावंशकौ शुभौ ।
सप्तनेत्रौ स्मृतौ बाहू प्रबाहू षोडशाङ्गुलौ ।२६।
त्रिकलौ विस्तृतौ बाहू प्रवाहू चापि तत्समौ ।
बाहुदण्डोर्ध्वतो ज्ञेयः परीणाहः कला नव ।२७।
सप्तदशाङ्गुलो मध्ये कूर्परोऽर्द्धे च षोडश ।
कूर्परस्य भवेन्नाहस्त्रिगुणः कमलोद्भव ।२८।
नाहः प्रवाहुमध्ये तु षोडशाङ्गुल उच्यते ।
अग्रहस्ते परीणाहो द्वादशाङ्गुल उच्यते ।२९।
विस्तारेण करतलं कीर्तितं तु षडङ्गुलम् ।
दैर्घ्यं सप्ताङ्गुलं कार्यं मध्या पञ्चाङ्गुला मता ।३०।
तर्जन्यनामिका चैव तस्मादर्द्धागुलं विना ।
कनिष्ठाङ्गुष्ठकौ कार्यौ चतुरङ्गुलसम्मितौ ।३१।
द्विपर्वोऽङ्गुष्ठकः कार्यः शेषाङ्गुल्यस्त्रिपर्विकाः ।
सर्वासां पर्वणोऽर्द्धेन नखमानं विधीयते ।३२।
वक्षसो यत्प्रमाणं तु जठरं तत्प्रमाणतः ।
अङ्गुलैकं भवेन्नाभी वेधेन च प्रमाणतः ।३३।
ततो मेढ्रान्तरं कार्यं तालमात्रं प्रमाणतः ।
नाभिमध्ये परीणाहो द्विचत्वारिंशदङ्गुलैः ।३४।
अन्तरं स्तनयोः कार्यं तालमात्रं प्रमाणतः ।

माझमा दुई अङ्गुल र विस्तार चार अङ्गुलको हुनुपर्छ । भगवान् केशव आदिका मूर्तिमा मस्तकको पूरा घेरो छब्बीस अङ्गुलको होस् अथवा बत्तीस अङ्गुलको हुनुपर्छ । तल्लो गला पाँच नेत्र र वेष्टनको विस्तार दस अङ्गुलको हुनुपर्छ ।१–२४।

त्यसको गोलाइ तीन गुना अर्थात् तीस अङ्गुलको हुनुपर्छ । तलबाट माथितिर गलाको घेरा आठ अङ्गुलको हुनुपर्छ । गलो र छातीका बीचको अन्तर गलाको तीन गुना विस्तार भएको हुनुपर्छ। दुवैतिरका काँध आठआठ अङ्गुलका र सुन्दर अंश तीनतीन अङ्गुलका हुनुपर्छ। सात नेत्र अर्थात् चौध अङ्गुलका दुवै बाहु र सोह्र अङ्गुलका दुवै प्रबाहु हुनुपर्छ । बाहुको चौडाइ छ अङ्गुलको हुनुपर्छ । प्रबाहुहरू पनि यसकै समान हुनुपर्छ । बाहुदण्डका चारैतिरको घेरा केही माथिदेखि नै नौ कला अर्थात् सत्र अङ्गुलको हुनुपर्छ। आधामा कुहिनो हुनुपर्छ। कुहिनाका घेराहरू सत्र अङ्गुलका हुनुपर्छ । बीचमा कुहिना हुन्छन् भने कुहिनोका घेरा सोह्र अङ्गुलका हुनुपर्छ । हे ब्रह्माजी ! प्रबाहुका मध्यको विस्तार सोह्र अङ्गुलको हुनुपर्छ । हातका अघिल्ला भागको विस्तार बाह्र अङ्गुलको होस् र त्यसको अघिल्लो भाग हत्केलाको विस्तार छ अङ्गुलको हुने भनिएको छ। हातको चौडाइ सात अङ्गुलको बनाउनुपर्छ । हातको माझी औँलाको लम्बाइ पाँच अङ्गुल र चोरी औँला एवं साहिँली औँलाको लम्बाइ त्यसभन्दा आधा अङ्गुल कम अर्थात् साढे चार अङ्गुलको बनाउनुपर्छ । कान्छी औँलाको लम्बाइ चार अङ्गुलको बनाउनुपर्छ। बुढी औँलामा दुई आँख्ला र बाँकी सबैमा तीनतीन आँख्ला बनाउनुपर्छ। सबै औँलाका एक आँख्लाका अन्तरको आधाआधा जत्तिकै नापका नङ बनाउनुपर्छ । छातीको नाप जति छ पेट पनि उत्रै बनाउनुपर्छ। एक अङ्गुलको गहिराइ भएको नाभी हुनुपर्छ । नाभीबाट लिङ्गसम्मको अन्तर एक बित्ता हुनुपर्छ। नाभी मध्याङ्गको घेरो बयालीस अङ्गुलको हुनुपर्छ। दुई स्तनका बीचको अन्तर एक बित्ताको हुनुपर्छ। स्तनको अग्रभागका चुचुरा जौका दानाबराबरको हुनुपर्छ। दुवै स्तनको घेरा दुई पदका बराबर हुनुपर्छ। छातीको घेरो चौसट्ठी अङ्गुलको बनाउनुपर्छ। त्यसको तल र चारैतिरको घेरालाई वेष्टन भनिएको छ। यसै गरी कम्मरको घेरा चउन्न अङ्गुलको हुनुपर्छ। तिघ्राको फेदभाग बाह्रबाह्र अङ्गुलको विस्तार भएको हुनुपर्छ। त्यसका मध्यभागको विस्तार अलिक बढी हुनुपर्छ।

चिवुकौ यवमानौ तु मण्डलं द्विपदं भवेत् ।३५।
चतुःषष्ट्यङ्गुलं कार्यं वेष्टनं वक्षसः स्फुटम् ।
चतुर्मुखं च तदधो वेष्टनं परिकीर्तितम ।३६।
परिणाहस्तथा कट्यांश्चतुःपञ्चदशाङ्गुलेः ।
विस्तारश्चोरुमूले तु प्रोच्यते द्वादशाङ्गुलः ।३७।
तस्मादभ्यधिकं मध्ये ततो निम्नतरं क्रमात् ।
विस्तृताष्टाङ्गुलं जानुस्त्रिगुणा परिणाहतः ।३८।
जङ्घामध्ये तु विस्तारः सप्ताङ्गुल उदाहृतः ।
त्रिगुणः परिधिश्चास्य जङ्घाग्रं पञ्च विस्तरात् ।३९।
त्रिगुणः परिधिश्चास्य पादौ तालप्रमाणकौ ।
आयामादुत्थितौ पादौ चतुरङ्गुलमेव च ।४०।
गुल्फात्पूर्वं तु कर्तव्यं प्रमाणाच्चतुरङ्गुलम् ।
त्रिकलं विस्तृतौ पादौ त्र्यङ्गुलो गुह्यकः स्मृतः ।४१।
पञ्चाङ्गुलस्तु नाहोऽस्य दीर्घा तद्वत्प्रदेशिनी ।
अष्टमाष्टांशतो न्यूनाः शेषाङ्गुल्यः क्रमेण तु ।४२।
सपादाङ्गुलमुत्सेधमङ्गुष्ठस्य प्रकीर्तितम् ।
तदेव द्विगुणं कार्यमङ्गुष्ठस्य नखं तथा ।४३।
अर्द्धाङ्गुलं तथा न्यासं क्रमान्न्यूनं तु कारयेत् ।
त्र्यङ्गुलौ वृषणौ कार्यौ मेढ्रं तु चतुरङ्गुलम् ।४४।
परिणाहोऽत्र कोषाग्रं कर्तव्यं चतुरङ्गुलम् ।
षडङ्गुल परीणाहौ वृषणौ परिकीर्तितौ ।४५।
प्रतिमा भूषणाढ्या स्यादेतदुद्देशलक्षणम् ।
अनयैव दिशा कार्ये लोके दृष्ट्वा तु लक्षणम् ।४६।
दक्षिणे तु करे चक्रमधस्तात्पद्ममेव च ।
वामे शङ्खं गदाधस्ताद्वासुदेवस्य लक्षणात् ।४७।
श्रीपुष्टी चापि कर्तव्ये पद्मवीणाकरान्विते ।
ऊरुमात्रोच्छ्रितायामे मालाविद्याधरौ तथा ।४८।
प्रभामण्डलसंस्थौ तौ प्रभा हस्त्यादिभूषणा ।
पद्मा मं पादपीठं तु प्रतिमास्वेवमाचरेत् ।४९।

मध्यभागभन्दा तल्लो अङ्गको विस्तार क्रमशः कम हुनुपर्छ। घुँडाको विस्तार आठ अङ्गुलको बनाउनुपर्छ र त्यसको तल पिँडुलाको घेरा तीन गुना अर्थात् चौबीस अङ्गुलको हुनुपर्छ। जङ्घाका मध्यभागको विस्तार सात अङ्गुलको हुनुपर्छ र त्यसको घेरा तीन गुना अर्थात् एक्काईस अङ्गुलको हुनुपर्छ। जङ्घाका अग्रभागको विस्तार पाँच अङ्गुल र त्यसको घेरा तीन गुना अर्थात् पन्ध्र अङ्गुलको हुनुपर्छ। चरण एकएक बित्ता लामा हुनुपर्छ। बिस्तारै बढ्दै आएका अर्थात् गोडाको उचाइ चार अङ्गुलको हुनुपर्छ। गोलीगाँठासँगैको भाग चार अङ्गुलको नै हुनुपर्छ। दुवै खुट्टाको चौडाइ छ अङ्गुल, गुह्यभाग तीन अङ्गुल र त्यसको पञ्जा पाँच अङ्गुलको हुनुपर्छ। गोडाको प्रदेशिनी अर्थात् बुढी औँलो फराकिलो हुनुपर्छ। बाँकी औँलाहरूका मध्यभागको विस्तार क्रमशः पहिलो औँलाको आठौँ भागकै बराबर कम हुनुपर्छ। अङ्गुष्ठको उचाइ सवा अङ्गुल हुनुपर्ने भनिएको छ। यसै गरी अङ्गुष्ठका नङको प्रमाण अरू औँलाहरूको दोब्बर हुनुपर्छ। अरू औँलाका नङको विस्तार क्रमशः अलिअलि कम गराउनुपर्छ। दुवै अण्डकोष तीनतीन अङ्गुल लम्बाइका बनाउनुपर्छ र लिङ्ग चार अङ्गुल लामो बनाउनुपर्छ। त्यसको माथिल्लो भाग चार अङ्गुलको राख्नुपर्छ। अण्डकोषको पूरा घेरो छ अङ्गुलको हुनुपर्छ। त्यसबाहेक भगवान्को प्रतिमा सबै किसिमका भूषणहरूले सजिएको हुनुपर्छ। यो लक्षण केवल सङ्केत मात्रका लागि बताइएको हो। यसै गरी लोकमा देखिने गरेका अन्य लक्षणहरूलाई पनि दृष्टिमा राखेर प्रतिमामा तिनलाई निर्माण गरिनुपर्छ। दाहिने हातहरूमध्ये माथिल्लो हातमा चक्र र तल्लो हातमा पद्म धारण गरेको हुनुपर्छ। बायाँ हातहरूमध्ये माथिल्लोमा शङ्ख र तल्लोमा गदा बनाउनुपर्छ। यो वासुदेवको चिह्न हो, त्यसैले उनैको प्रतिमा हुनुपर्छ। भगवान्का निकट हातमा कमल लिएकी लक्ष्मी र वीणा धारण गरेकी पुष्टिदेवीको पनि प्रतिमा बनाउनुपर्छ। यिनको उचाइ उरुहरूको बराबर हुनुपर्छ। यसका अतिरिक्त प्रभामण्डलमा स्थिर मालाधर र विद्याधरहरूको विग्रह बनाउनुपर्छ। प्रभा हस्ती आदिले विभूषित हुन्छ। भगवान्का चरणका तल्लो भाग अर्थात् पादपृष्ठ कमलको आकारको बनाउनुपर्छ। यसै गरी देवप्रतिमाहरूमा उक्त लक्षणहरू समावेश गरिनुपर्छ।२५–४९।

४५. पञ्चचत्वारिंशोऽध्यायः

पिण्डिकालक्षण

भगवानुवाच

पिण्डिकालक्षणं वक्ष्ये दैर्घ्येण प्रतिमासमा ।
उच्छ्रायं प्रतिमार्द्धं तु चतुःषष्टिपुटां च ताम् ।१।
त्यक्त्वा पङ्क्तिद्वयं चाधस्तदूर्ध्वं यत्तु कोष्ठकम् ।
समन्तादुभयोः पार्श्वे अन्तस्थं परिमार्जयेत् ।२।
ऊर्ध्वं पङ्क्तिद्वयं त्यक्त्वा अधस्ताद्यत्तु कोष्ठकम् ।
अन्तःसम्मार्जयेद्यत्नात्पार्श्वयोरुभयोः समम् ।३।
तयोर्मध्यगतौ तत्र चतुष्कौ मार्जयेत्ततः ।
चतुर्द्धा भाजयित्वा तु ऊर्ध्वपङ्क्तिद्वयं बुधः ।४।
मेखला भागमात्रा स्यात्खातं तस्यार्द्धमानतः ।
भागं भागं परित्यज्य पार्श्वयोरुभयोः समम् ।५।
दत्त्वा चैकं पदं बाह्ये प्रमाणं कारयेद्बुधः ।
त्रिभागेण च भागस्याग्रे स्यात्तोयविनिर्गमः ।६।
नानाप्रकारभेदेन भद्रेयं पिण्डिका शुभा ।
अष्टताला तु कर्त्तव्या देवी लक्ष्मीस्तथा स्त्रियः ।७।
भ्रुवौ यवाधिके कार्य्ये यवहीना तु नासिका ।
गोलकेनाधिकं वक्त्रमूर्ध्वं तिर्य्यग्विवर्जितम् ।८।
आयते नयने कार्य्ये त्रिभागोनैर्यवैस्त्रिभिः ।
तदर्द्धेन तु वैपुल्यं नेत्रयोः परिकल्पयेत् ।९।
कर्णपाशोऽधिकः कार्य्यः सृक्कणी समसूत्रतः ।
नम्रं कलाविहीनं तु कुर्य्यादंशद्वयं तथा ।१०।
ग्रीवा सार्द्धकला कार्य्या तद्विस्तारोपशोभिता ।
नेत्रं विना तु विस्तारौ ऊरू जानू च पिण्डिका ।११।

भगवान्ले भने— हे ब्रह्मन् ! अब म पिण्डिकाको लक्षण बताउँछु । पिण्डिका लम्बाइमा प्रतिमाजत्रै हुन्छ तर त्यसको उचाइ प्रतिमाको आधा हुन्छ। पिण्डिकालाई चौसठ्ठी कोष्ठकले युक्त गराएर तलका दुई पङ्क्ति छोड्नुपर्छ र त्यसका माथिल्लो जुन कोष्ठक हुन्छ, त्यसलाई चारैतिर दुवै पार्श्वमा भित्रबाट मेटाउनुपर्छ। यसै गरी माथिका दुई पङ्क्तिहरूलाई छोडेर त्यसका तल जुन एक कोष्ठ या पङ्क्ति हुन्छ, त्यसलाई भित्रतर्फबाट यत्नपूर्वक मेटाउनुपर्छ। दुवै पार्श्वमा समान रूपले यो क्रिया गर्नुपर्छ । दुवै पार्श्वका माझमा जुन दुई चोकहरू हुन्छन्, तिनलाई पनि मेटाउनुपर्छ । त्यसपछि तिनलाई चार भागमा बाँटेर विद्वान् पुरुषले माथिका दुई पङ्क्तिलाई मेखला मान्नुपर्छ । मेखला भागको मात्रा जस्तो हुन्छ, त्यसको आधा मानअनुसार त्यसमा खाडल खन्न लगाउनुपर्छ। त्यसपछि दुवै पार्श्वभागमा समान रूपले एकएक भागलाई त्यागेर बाहिरतिर एक पद विद्वान् पुरुषले नाली बनाउनका लागि राख्नुपर्छ। त्यसपछि तीन भागमा जुन एक भाग हुन्छ, त्यसका अगाडि जल निस्कने बाटो राख्नुपर्छ । नाना प्रकारका भेदले यस्तो शुभ पिण्डिकालाई भद्रा भनिएको छ। लक्ष्मी देवीको प्रतिमा हत्केला वा तालको मापअनुसार आठ हत्केलाको बनाउनुपर्छ। अन्य देवीहरूकै प्रतिमा पनि यस्तै हुनुपर्छ । दुवै भौँहरूको माप नासिकाको अपेक्षा एकएक जौजति बढी बनाउनुपर्छ र नासिकलाई भौँको अपेक्षा एक जौजति कम। मुखको गोलाइ नेत्रगोलकभन्दा ठूलो हुनुपर्छ । त्यो अग्लो र बाङ्गोटिङ्गो हुनुहुँदैन । आँखा ठूल्ठूला बनाउनुपर्छ । तिनको माप सवा जौको जत्ति नै हुनुपर्छ । नेत्रको चौडाई तिनको लम्बाइको अपेक्षा आधा बनाउनुपर्छ । मुखको एक कुनादेखि अर्को कुनासम्मको लम्बाइ जति छ, त्यसकै बराबरको धागोले नापेर कर्णपाश बनाउनुपर्छ। त्यसको लम्बाइ उक्त धागोभन्दा केही लामो हुनुपर्छ । दुवै काँधहरू केही झुकेका जस्ता र एक कलाभन्दा अलिक कम बनाउनुपर्छ । गलाको लम्बाइ डेढ कला राख्नुपर्छ । त्यति नै चौडा हुँदा पनि त्यो सुहाउँदो नै हुनुपर्छ। दुवै उरुहरूको विस्तार ग्रीवाको तुलनामा एक नेत्र परिमाणमा कम हुनुपर्छ। घुँडा, पिँडुला, गोडा, पिठ्युँ, नितम्ब र कम्मरको भागहरूलाई यथायोग्य कल्पना गर्नुपर्छ। हातका औँलाहरू ठूला हुनुपर्छ । तिनीहरू आपसमा अल्झिएका

अङ्घ्रिपृष्ठौ स्फिचौ कट्यां यथायोगं प्रकल्पयेत् ।
सप्तांशोनास्तथाङ्गुल्यो दीर्घविष्कम्भनाहतम् ।१२।
नेत्रैकवर्जितायामा जङ्घोरूश्च तथा कटिः ।
मध्यपार्श्वं तु यद्वृत्तं घनं पीनं कुचद्वयम् ।१३।
तालमात्रौ स्तनौ कार्य्यौ कटिः सार्द्धकलाधिका ।
लक्ष्म शेषं पुरावत्स्यादक्षिणे चाम्बुजं करे ।१४।
वामे बिल्वं स्त्रियौ पार्श्वे शुभे चामरहस्तके ।
दीर्घघोणस्तु गरुडश्चक्राङ्काद्यानथो वदे ।१५।

हुनुहुँदैन । ठूला औँलाहरूका तुलनामा साना औँलाहरू सातौँ अंशभन्दा कम हुनुपर्छ। पिँडुला, तिघ्रा र कम्मरको लम्बाइमा क्रमशः एकएक नेत्र घटेको हुनुपर्छ । शरीरको मध्यभागका आसपासका अङ्गहरू गोला हुनुपर्छ । दुवै कुच एकापसमा जोडिएका र उचालिएका हुनुपर्छ । स्तनको माप हत्केलाको बराबर हुनुपर्छ। कम्मर तिनको अपेक्षा डेढ कला ठूलो हुनुपर्छ। बाँकी चिह्न पूर्ववत् रहून् । लक्ष्मीको दाहिने हातमा कमल र बायाँ हातमा बेलको फल हुनुपर्छ। उनका पार्श्वभागमा हातमा चँवर लिएका दुई सुन्दर स्त्री उभिएका हुनुपर्छ। अगाडि ठूलो नाक भएका गरुडको स्थापना गर्नुपर्छ। अब म चक्राङ्कित मूर्ति आदिको वर्णन गर्नेछु ।१-१५।

४६. षड्चत्वारिंशोऽध्यायः

शालग्राममूर्तिलक्षण

भगवानुवाच

शालग्रामादिमूर्त्तीश्च वक्ष्येऽहं भुक्तिमुक्तिदाः ।
वासुदेवोऽसितो द्वारि शिलालग्नद्विचक्रकः ।१।
ज्ञेयः सङ्कर्षणो लग्नद्विचक्रो रक्त उत्तमः ।
सूक्ष्मचक्रो बहुच्छिद्रः प्रद्युम्नो नीलदीर्घकः ।२।
पीतोऽनिरुद्धः पद्माङ्को वर्त्तुलो द्वित्रिरेखवान् ।
कृष्णो नारायणो नाभ्युन्नतः शुषिरदीर्घवान् ।३।
परमेष्ठी साब्जचक्रः पृष्ठच्छिद्रश्च विन्दुमान् ।
स्थूलचक्रोऽसितो विष्णुर्मध्ये रेखा गदाकृतिः ।४।
नृसिंहः कपिलः स्थूलचक्रः स्यात्पञ्चविन्दुकः ।
वराहः शक्तिलिङ्गः स्यात्तच्चक्रौ विषमौ स्मृतौ ।५।
इन्द्रनीलनिभः स्थूलस्त्रिरेखालाञ्छितः शुभः ।
कूर्मस्तथोन्नतः पृष्ठे वर्त्तुलावर्त्तकोऽसितः ।६।

हयग्रीवले भने— हे ब्रह्मन् ! अब म शालग्रामगत भगवन्मूर्तिका विषयमा बताउन थाल्छु जसले भोग र मोक्ष प्रदान गर्दछ । जुन शालग्राम शिलाका द्वारमा दुई चक्रका चिह्न हुन्छन् र जसको वर्ण सेतो हुन्छ त्यसको नाम वासुदेव हो । जुन उत्तम शिलाको रङ्ग रातो हुन्छ र जसमा दुईवटा चक्रका चिह्न हुन्छन्, त्यसलाई भगवान् सङ्कर्षणको मूर्ति हो भन्न मान्नुपर्छ। जसमा चक्रको सूक्ष्म चिह्न छ अनेकौँ छिद्रहरू छन्, नीलो वर्णको हुन्छ र आकृति ठूलो देखिन्छ त्यो प्रद्युम्नको मूर्ति हो । जहाँ कमलको चिह्न हुन्छ, जसको आकृति गोलो र रङ्ग पहेँलो हुन्छ तथा जसमा दुई वा तीनवटा रेखा सजिएका हुन्छन् त्यो अनिरुद्धको श्रीअङ्ग हो । जसको कान्छि कालो, नाभी उचालिएको र जसमा ठूलाठूला छिद्र हुन्छन् त्यसलाई नारायणको स्वरूप मान्नुपर्छ। जसमा कमल र चक्रका चिह्न हुन्छन्, पृष्ठभागमा छिद्र हुन्छन् र जो विन्दुहरूले युक्त छ, त्यस खालको शालग्राम परमेष्ठी नामले प्रसिद्ध हुन्छ। जसमा चक्रको स्थूल चिह्न छ, जसको कान्ति श्याम छ र मध्यभागमा गदाजस्तो रेखा छन्, त्यस शालग्रामको विष्णु नाम हो। नृसिंह विग्रहमा चक्रको स्थूले चिह्न हुने गर्छ। त्यसको कान्ति कपिल वर्णको हुन्छ र त्यसमा पाँच विन्दु हुन्छन् । वाराह विग्रहमा शक्ति नामका अस्त्रको चिह्न हुन्छ। त्यसमा दुई चक्र हुन्छन् जो परस्पर विषम हुन्छन् । त्यसको कान्ति इन्द्रनील मणिको जस्तै नीलो हुन्छन। त्यो तीन स्थूल रेखाहरूका चिह्न भएको र शुभसूचक हुन्छ। जसको पृष्ठभाग उच्च छ, जो गोलाकार आवर्त चिह्नले युक्त एवं श्याम वर्णको हुन्छ, त्यस शालग्रामको कूर्म नाम हो। जो अङ्कुशका रेखाले सुशोभित, नीलो वर्णको

हयग्रीवोऽङ्कुशाकार रेखो नीलःसविन्दुकः ।
वैकुण्ठ एकचक्रोऽब्जी मणिभःपुच्छरेखकः ।७।
मत्स्यो दीर्घस्त्रिविन्दुः स्यात्कांचवर्णस्तु पूरितः ।
श्रीधरो वनमालाङ्कः पञ्चरेखस्तु वर्त्तुलः ।८।
वामनो वर्त्तुलश्चातिह्रस्वो नीलः सविन्दुकः ।
श्यामस्त्रिविक्रमो दक्ष रेखो वामेन विन्दुकः ।९।
अनन्तो नागभोगाङ्गो नैकाभो नैकमूर्तिमान् ।
स्थूलो दामोदरो मध्यचक्रः द्वाःसूक्ष्मविन्दुकः ।१०।
सुदर्शनस्त्वेकचक्रो लक्ष्मीनारायणो द्वयात् ।
चित्रचक्रश्चाच्युतो देवस्त्रिचक्रो वा त्रिविक्रमः ।११।
जनार्दनश्चतुश्चक्रो वासुदेवश्च पञ्चभिः ।
षट् चक्रश्चैव प्रद्युम्नः सङ्कर्षणश्च सप्तभिः ।१२।
पुरुषोत्तमोऽष्टचक्रो नवव्यूहो नवाङ्कितः ।
दशावतारो दशभिर्दशैकेनानिरुद्धकः ।
द्वादशात्मा द्वादशभिः अतऊर्ध्वमनन्तकः ।१३।

र विन्दुयुक्त हुन्छ त्यस शालग्राम शिलालाई हयग्रीव भन्दछन्। जसमा एक चक्र र कमलको चिह्न हुन्छ र मणिको जत्तिकै प्रकाश तथा पुच्छरको आकृतिका रेखाले सुशोभित हुन्छ त्यो शालग्राम वैकुण्ठ हो भनी बुझ्नुपर्दछ। जसको आकृति ठूलो हुन्छ, जसमा तीन सुन्दर विन्दु हुन्छन्, जो काँचजस्तै सेतो र भरिलो–खँदिलो हुन्छ त्यस्तो शालग्राम शिला मत्स्यावतारी भगवान्को मूर्ति हो भन्ने मानिन्छ। जसमा वनमालाको चिह्न र पाँच रेखाहरू हुन्छन् त्यस्तो गोलाकार शालग्राम शिलालाई श्रीधर भन्दछन्। गोलाकार अत्यन्त साना, नीला र विन्दुयुक्त शालग्राम शिलालाई वामन भनिएको छ। जसको कान्ति श्याम छ, दक्षिण भागमा हारको रेखा र बायाँ भागमा विन्दुको चिह्न हुन्छ त्यस्ता शालग्रामलाई त्रिविक्रम भनिन्छ। जसमा सर्पका शरीरको चिह्न हुन्छ, अनेकौं प्रकारका आभाहरू देखिन्छन् र अनेकौं मूर्तिहरू मण्डित भएका हुन्छन् त्यस्तो शालग्राम शिलालाई अनन्त भनिन्छ। जो स्थूल छ, जसका मध्यभागमा चक्रको चिह्न हुन्छ र अधोभागमा सूक्ष्म विन्दूले शोभा पाएका हुन्छन् त्यस्तो शालग्रामलाई दामोदर संज्ञा दिइएको छ। एक चक्र भएका शालग्रामलाई सुदर्शन भन्दछन्। दुई चक्र हुँदा त्यसैलाई लक्ष्मीनारायण संज्ञा दिइएको छ। जसमा तीन चक्र छन्, त्यस शिलालाई भगवान् अच्युत अथवा त्रिविक्रम भन्नुपर्छ। चार चक्रले युक्त शालग्रामलाई जनार्दन, पाँच चक्र भएकालाई वासुदेव, छ चक्र हुनेलाई प्रद्युम्न तथा सात चक्र हुनेलाई सङ्कर्षण भन्दछन्। आठ चक्र भएका शालग्रामको पुरुषोत्तम संज्ञा हो। नौ चक्र भएको नवव्यूह हो। दस चक्रले युक्त भएको शिलालाई दस अवतारको संज्ञा दिइएको छ। एघार चक्रले युक्त हुँदा त्यसलाई अनिरुद्ध, बाह्र चक्रले चिनिएको भए द्वादशात्मा र त्यसभन्दा धेरै चक्रले युक्त भएमा त्यसलाई अनन्त भन्दछन्।१–१३।

४७. सप्तचत्वारिंशोऽध्यायः

शालग्रामापूजाकथन

भगवानुवाच
शालग्रामदिचक्राङ्कपूजाः सिद्ध्यै वदामि ते ।
त्रिविधा स्याद्धरेः पूजा काम्याकाम्योभयात्मिका ।१।
मीनादीनां तु पञ्चानां काम्याथोवोभयात्मिका ।
वराहस्य नृसिंहस्य वामनस्य च मुक्तये ।२।
चक्रादीनां त्रयाणां तु शालग्रामार्च्चनं शृणु ।
उत्तमा निष्फला पूजा कनिष्ठा सफलार्च्चना ।३।

भगवान्ले भने— हे ब्रह्मन् ! अब म सिद्धि प्रदान गर्ने पूर्वोक्त चक्राङ्कित शालग्राम विग्रहको पूजा गर्ने विधान तिम्रा सामु वर्णन गर्दछु। श्रीहरिको पूजा तीन किसिमले हुने गर्दछ— काम्या, अकाम्या र उभयात्मिका। मत्स्य आदि पाँच विग्रहको पूजा काम्या अथवा उभयात्मिका हुन सक्छ। पूर्वोक्त चक्रादिले सुशोभित वराह, नृसिंह र वामन यी तीनको पूजा मुक्तिका लागि गर्नुपर्छ। अब शालग्रामपूजनका विषयमा सुन, यो पनि तीन किसिमको नै हुन्छ। यिनमा निष्कला पूजा

मध्यमा मूर्तिपूजा स्याच्चक्राब्जे चतुरस्त्रके ।
प्रणवं हृदि विन्यस्य षडङ्गं करदेहयोः ।४।
कृतमुद्रात्रयश्चक्राद्बहिः पूर्वे गुरुं यजेत् ।
आप्ये गणं वायवे च धातारं नैर्ऋते यजेत् ।५।
विधातारं च कर्त्तारं हर्त्तारं दक्षसौम्ययोः ।
विष्वक्सेनं यजेदीशे आग्नेये क्षेत्रपालकम् ।६।
ऋगादिवेदान्प्रागादौ आधारानन्तकं भुवम् ।
पीठं पद्मं चार्कचन्द्रवौह्न्याख्यं मण्डलत्रयम् ।७।
आसनं द्वादशार्णेन तत्र स्थाप्य शिलां यजेत् ।
व्यस्तेन च समस्तेनः स्वबीजेन यजेत्क्रमात् ।८।
पूर्वादावथ वेदाद्यैर्गायत्रीभ्यां जितादिना ।
प्रणवेनार्चयेत्पश्चान्मुद्रास्तिस्रः प्रदर्शयेत् ।९।
विष्वक्सेनस्य चक्रस्य क्षेत्रपालस्य दर्शयेत् ।
शालग्रामस्य प्रथमा पूजाथो निष्फलोच्यते ।१०।
पूर्ववत्षोडशारं च सपद्मं मण्डलं लिखेत् ।
शङ्खचक्रगदाखड्गैर्गुर्वाद्यं पूर्ववद्यजेत् ।११।
पूर्वे सौम्ये धनुर्बाणान्वेदाद्यैरासनं ददेत् ।
शिलां न्यसेद्द्वादशार्णैस्तृतीयं पूजनं शृणु ।१२।
अष्टारमब्जं विलिखेद्गुर्वाद्यं पूर्ववद्यजेत् ।
अष्टार्णेनासनं दत्त्वा तेनैव च शिलां न्यसेत् ।
पूजयेद्दशधा तेन गायत्रीभ्यां जितं तथा ।१३।

उत्तम, सकला पूजा कनिष्ठ र मूर्तिपूजालाई मध्यम मानिएको छ । चौकोर मण्डलमा रहेका कमलमा पूजाको विधि यस किसिमको छ– हृदयमा प्रणवको न्यास गर्दै षडङ्गन्यास गर्नुपर्छ र व्यापक न्यास गरेर तीन मुद्राहरूको प्रदर्शन गर्नुपर्छ। त्यसपछि चक्रको बाह्यभागमा पूर्व दिशातर्फ गुरुदेवको पूजा गर्नुपर्छ । पश्चिम दिशामा गणको, वायव्य कोणमा धाताको र नैर्ऋत्य कोणमा विधाताको पूजा गर्नुपर्छ । दक्षिण र उत्तर दिशामा क्रमशः कर्ता र हर्ताको पूजा गर्नुपर्छ। यसै गरी ईशान कोणमा विष्वक्सेन र अग्नि कोणमा क्षेत्रपालको पूजा गर्नुपर्छ। त्यसपछि पूर्व आदि दिशाहरूमा ऋग्वेद आदि चारै वेदको पूजा गरेर आधारशक्ति, अनन्त, पृथिवी, योगपीठ, पद्म तथा सूर्य, चन्द्र र ब्रह्मात्मक अग्नि यी तीनैका मण्डलको पूजा गर्नुपर्छ। त्यसपछि द्वादशाक्षर मन्त्रले आसनमा शिलाको स्थापना गरेर पूजन गर्नुपर्छ। त्यसपछि मूल मन्त्रलाई विभाग गरेर र सम्पूर्ण मन्त्रले नै पनि क्रमपूर्वक पूजन गर्नुपर्छ। त्यसपछि प्रणवले पूजा गरिसकेपछि तीन मुद्राहरूको प्रदर्शन गर्नुपर्छ। यस किसिमले गरिएका शालग्रामको प्रथम पूजालाई निष्कला भनिएको छ । पूर्ववत् षोडशदल कलमले युक्त मण्डलको स्थापना गर्नुपर्छ। त्यसमा शङ्ख, चक्र, गदा, खड्ग यी आयुधहरू र गुरु आदिको पहिलेको जस्तै गरी पूजा गर्नुपर्छ। पूर्व र उत्तर दिशामा क्रमशः धनुष र बाणको पूजा गर्नुपर्छ। प्रणवमन्त्रले आसन समर्पण गर्नुपर्छ र द्वादशाक्षर मन्त्रले शिलाको स्थापना गर्नुपर्छ। अब तेस्रो किसिमको कनिष्ठ पूजाको वर्णन गर्दछु, सुन। अष्टदल कमल अङ्कित गरेर त्यसमाथि पहिलेकै जस्तो गुरु आदिको पूजा गर्नुपर्छ। त्यसपछि अष्टाक्षर मन्त्रले आसन दिएर त्यसैले शिलाको न्यास गर्नुपर्छ ।१–१३।

४८. अष्टचत्वारिंशोऽध्यायः

चतुर्विंशतिमूर्तिस्तुति

भगवानुवाच
ओं रूपः केशवः पद्मशङ्खचक्रगदाधरः ।
नारायणः शङ्खपद्मगदाचक्री प्रदक्षिणम् ।१।
ततो गदी माधवोऽरिशङ्खपद्मी नामामि तम् ।
चक्रकौमोदकीपद्मशङ्खी गोविन्द ऊर्जितः ।२।
मोक्षदः श्रीगदी पद्मी शङ्खी विष्णुश्च चक्रधृक् ।
शङ्खचक्राब्जगदिनं मधुसूदनमानमे ।३।
भक्त्या त्रिविक्रमः पद्मगदी चक्री च शङ्ख्यपि ।

भगवान्ले भने– हे ब्रह्मन् ! ओङ्कारस्वरूप केशवले आफ्ना हातमा पद्म, शङ्ख, चक्र र गदा धारण गर्दछन्। नारायण शङ्ख, पद्म, गदा र चक्र धारण गर्दछन्, म प्रदक्षिणापूर्वक उनका चरणमा नतमस्तक हुन्छु। माधव गदा, चक्र, शङ्ख र पद्म धारण गर्दछन्, म उनलाई नमस्कार गर्दछु। गोविन्दले आफ्ना हातमा क्रमशः चक्र, गदा, पद्म र शङ्ख धारण गर्ने बलशाली छन्। श्रीविष्णु गदा, पद्म, शङ्ख र चक्र धारण गर्दछन्, उनले मुक्ति प्रदान गर्दछन्। मधुसूदन शङ्ख, चक्र, पद्म र गदा धारण गर्दछन्। म उनका अगाडि भक्तिभावले

शङ्खचक्रगदापद्मी वामनः पातु मां सदा ।४।
गतिदः श्रीधरः पद्मी चक्रशार्ङ्गी च शङ्ख्यपि ।
हृषीकेशो गदी चक्री पद्मी शङ्खी च पातु नः ।५।
वरदः पद्मनाभस्तु शङ्खाब्जारिगदाधरः ।
दामोदरः पद्मशङ्खगदाचक्री नमामि तम् ।६।
तेने गदी शङ्खचक्री वासुदेवोऽब्जभृज्जगत् ।
सङ्कर्षणो गदी शङ्खी पद्मी चक्री च पातु वः ।७।
गदी चक्री शङ्खगदी प्रद्युम्नः पद्मभृत्प्रभुः ।
अनिरुद्धश्चक्रगदी शङ्खी पद्मी च पातु नः ।८।
सुरेशोऽर्यब्जशङ्खाढ्यः श्रीगदी पुरुषोत्तमः ।
अधोऽक्षजः पद्मगदी शङ्खी चक्री च पातु वः ।९।
देवो नृसिंहश्चक्राब्जगदा शङ्खी नमामि तम् ।
अच्युतः श्रीगदी पद्मी चक्री शङ्खी च पातु वः ।१०।
बालरूपी शङ्खगदी उपेन्द्रश्चक्र पद्म्यपि ।
जनार्दनः पद्मचक्री शङ्खधारी गदाधरः ।११।
शङ्खी पद्मी च चक्री च हरिः कौमोदकीधरः ।
कृष्णः शङ्खी गदी पद्मी चक्री मे भुक्तिमुक्तिदः ।१२।
आदिमूर्तिर्वासुदेवस्तस्मात्सङ्कर्षणोऽभवत् ।
सङ्कर्षणाच्च प्रद्युम्नः प्रद्युम्नादनिरुद्धकः ।१३।
केशवादिप्रभेदेन एकैकस्य त्रिधा क्रमात् ।
द्वादशाक्षरकं स्तोत्रं चतुर्विंशतिमूर्तिमत् ।
यः पठेच्छृणुवाद्वापि निर्मलः सर्वमाप्नुयात् ।१४।

नतमस्तक हुन्छु । त्रिविक्रम क्रमशः पद्म, गदा, चक्र र शङ्ख धारण गर्दछन् । भगवान् वामनका हातमा शङ्ख, चक्र, गदा र पद्मले शोभा पाएका छन्, उनले सधैँ मेरो रक्षा गरून् । श्रीधर कमल, चक्र, शार्ङ्ग धनुष, एवं शङ्ख धारण गर्दछन् । उनले सबैलाई सद्गति प्रदान गर्दछन् । हृषिकेशले गदा, चक्र, पद्म र शङ्ख धारण गरेका छन्, उनले हामी सबैलाई रक्षा गरून् । वरदायक भगवान् पद्मनाभले शङ्ख, पद्म र गदा धारण गर्दछन् । दामोदरका हातमा पद्म, शङ्ख, गदा र चक्रले शोभा पाएका छन्, म उनलाई प्रणाम गर्दछु । गदा, शङ्ख, चक्र र पद्म धारण गर्ने वासुदेवले नै सम्पूर्ण जगत्को विस्तार गरेका हुन् । गदा, शङ्ख, पद्म र चक्र धारण गर्ने सङ्कर्षणले हाम्रो रक्षा गरून् । युद्धकुशल भगवान् प्रद्युम्नले चक्र, शङ्ख, गदा र पद्म धारण गर्दछन् । अनिरुद्धले चक्र, गदा, शङ्ख र पद्म धारण गर्दछन्; उनले हामीलाई रक्षा गरून् । सुरेश्वर पुरुषोत्तमले चक्र, कमल, शङ्ख र गदा धारण गरेका छन्, भगवान् अधोक्षजले पद्म, गदा, शङ्ख र चक्र धारण गर्दछन् । उनले तपाईंहामी सबैको रक्षा गरून् । नृसिंहदेवताले चक्र, कमल, गदा र शङ्ख धारण गर्दछन्, म उनलाई नमस्कार गर्दछु । श्रीगदा, पद्म, चक्र र शङ्ख धारण गर्ने अच्युतले तिमीहरूको रक्षा गरून् । शङ्ख, गदा, चक्र र पद्म धारण गर्ने बालवटुरूपधारी वामन, पद्म, चक्र, शङ्ख र गदा धारण गर्ने, जनार्दन, शङ्ख, पद्म, चक्र र गदाधारी यज्ञस्वरूप श्रीहरि तथा शङ्ख, गदा, पद्म र चक्र धारण गर्ने श्रीकृष्णले मलाई भुक्ति र मुक्ति प्रदान गर्दछन् । आदिमूर्ति भगवान् वासुदेव हुन् । उनीबाट सङ्कर्षण प्रकट भए । सङ्कर्षणबाटै प्रद्युम्न र प्रद्युम्नबाट अनिरुद्धको उत्पत्ति भएको हो । यिनीहरूबाट केशव आदि एकएक मूर्तिहरूका भेदले तीनतीन रूपमा अभिव्यक्त भए । चौबीस मूर्तिको स्तुतिले युक्त यस द्वादशाक्षर स्तोत्रलाई जसले पाठ अथवा श्रवण गर्दछ, ऊ निर्मल भएर सम्पूर्ण मनोरथ प्राप्त गर्दछ ।१-१४।

४९. ऊनपञ्चाशोऽध्यायः

मत्स्यादिलक्षणवर्णन

भगवानुवाच
दशावतारं मत्स्यादिलक्षणं प्रवदामि ते ।
मत्स्याकारस्तु मत्स्यः स्यात्कूर्मः कूर्माकृतिर्भवेत् ।१।
नराङ्गो वाथ कर्त्तव्यौ भूवराहौ गदादिभृत् ।
दक्षिणे वामके शङ्खं लक्ष्मीर्वा पद्ममेव वा ।२।

भगवान्ले भने– हे ब्रह्मन् ! अब म दस अवतारका विग्रहका लक्षणको बयान गर्दछु । मत्स्य भगवान्को आकृति मत्स्यको जस्तै र कूर्म भगवान्को प्रतिमा कछुवाको जस्तै आकारको हुनुपर्छ । पृथ्वीलाई उद्धार गर्ने भगवान् वराहलाई मानिसको आकारमा बनाउनुपर्छ । उनले दाहिने हातमा गदा र चक्र धारण गर्दछन् र बायाँ हातमा शङ्ख र पद्मले शोभा पाइरहेका हुन्छन् । अथवा पद्मका स्थानमा बायाँ भागमा

श्रीर्वामकूर्परस्था तु क्ष्मानन्तौ चरणानुगौ ।
वराहस्थापनाद्राज्यं भवाब्धितरणं भवेत् ।३।
नरसिंहो विवृत्तास्यो वामोरुक्षतदानवः ।
तद्वक्षो दारयन्माली स्फुरच्चक्रगदाधरः ।४।
छत्री दण्डी वामनः स्यादथवा स्याच्चतुर्भुजः ।
रामश्चापेषुहस्तः स्यात्खड्गी परशुनान्वितः ।५।
रामश्चापी शरी खड्गी शङ्खी वा द्विभुजः स्मृतः ।
गदालाङ्गलधारी च रामो वाथ चतुर्भुजः ।६।
वामार्धे लाङ्गलन्दद्यादधः शङ्खं सुशोभनम् ।
मुसलं दक्षिणोर्द्धे तु चक्रं चाधः सुशोभनम् ।७।
शान्तात्मा लम्बकर्णश्च गौराङ्गश्चाम्बरावृतः ।
ऊर्ध्व पद्मस्थितो बुद्धो वरदाभयदायकः ।८।
धनुस्तूणान्वितः कल्की म्लेच्छोत्सादकरो द्विजः ।
अथवाश्वस्थितः खड्गी शङ्खचक्रशरान्वितः ।९।
लक्षणं वासुदेवादिनवकस्य वदामि ते ।
दक्षिणोर्ध्वे गदा वामे वामोर्ध्वे चक्रमुत्तमम् ।१०।
ब्रह्मेशौ पार्श्वगौ नित्यं वासुदेवोऽस्ति पूर्ववत् ।
शङ्खी सवरदोवाथ द्विभुजो वा चतुर्भुजः ।११।
लाङ्गली मुसली रामो गदापद्मधरः स्मृतः ।
प्रद्युम्नो दक्षिणे वज्रं शङ्खं वामे धनुः करे ।१२।
गदानाभ्यावृतः प्रीत्या प्रद्युम्नो वा धनुःशरी ।
चतुर्भुजोऽनिरुद्धः स्यात्तथा नारायणो विभुः ।१३।
चतुर्मुखश्चतुर्बाहुर्बृहज्जठरमण्डलः ।
लम्बकूर्च्चो जटायुक्तो ब्रह्मा हंसाग्रवाहनः ।१४।
दक्षिणे चाक्षसूत्रं च स्रुवो वामे तु कुण्डिका ।

पद्मादेवी सुशोभित हुन्छिन् । लक्ष्मीले उनका बायाँ कुहिनाको भरोसा लिएकी हुन्छिन् । पृथ्वी र अनन्त चरणमुनि हुन्छन् । भगवान् वराहको स्थापना गर्नाले राज्यको प्राप्ति हुन्छ र मानिस भवसागरबाट पार लाग्छ । नरसिंहको मुख खुला हुन्छ । उनले आफ्ना बायाँ जाँघमा दानव हिरण्यकशिपुलाई थिचेर राखेका हुन्छन् र त्यस दैत्यको छाती च्यातेको देखिएको हुन्छ । उनका गलामा माला हुन्छ र हातमा चक्र एवं गदा देखिने गर्दछन् । वामनको विग्रह छत्र एवं दण्डले सुशोभित हुन्छ अथवा उनको विग्रह चतुर्भुज पनि बनाउन सकिन्छ । परशुरामका हातमा धनुषबाण हुनुपर्छ । उनी खड्ग र परशुले सुशोभित हुन्छन् । श्रीरामचन्द्रको विग्रह धनुष, बाण, खड्ग र शङ्खले सुशोभित पार्नुपर्छ अथवा उनलाई दुई भुजाकै पनि मानिएको छ । बलरामले गदा र हलो बोकेका हुन्छन् अथवा उनलाई पनि चतुर्भुज नै बनाउनुपर्छ । उनका बायाँ भागका माथिल्लो हातमा हलो बोकाउनुपर्छ र तल्लो हातमा सुन्दर शोभासम्पन्न शङ्ख, दाहिने भागका माथिल्लो हातमा मुसल धारण गराउनुपर्छ र तल्लो हातमा शोभायमान सुदर्शन चक्र । बुद्धका प्रतिमाको पनि लक्षण यस्तै छ– बुद्ध पद्ममय उच्च आसनमा बसेका हुन्छन् । उनको एउटा हात वरद मुद्रामा हुन्छ भने अर्को अभय मुद्रामा हुन्छ । उनी शान्त स्वरूपका हुनछन् । उनका शरीरको रङ्ग गोरो र कान लामा हुन्छन् । उनले सुन्दर पीतवस्त्र ओढेका हुन्छन् । कल्की भगवान् धनुष र तूणीरले सुशोभित भएर म्लेच्छको संहारमा लाग्दछन् । अथवा उनको आकृति यस प्रकार बनाउनुपर्छ– उनी घोडाको पिठ्युँमा बसेका हुन्छन् र आफ्ना चार हातमा खड्ग, शङ्ख, चक्र र गदा लिएका हुन्छन् । हे ब्रह्मन् ! अब म तिमीलाई वासुदेव आदि नौ मूर्तिहरूको लक्षण बताउँछु । दाहिने भागका माथिल्ला हातमा उत्तम चक्र लिएको परिचय वासुदेवको हो । उनका एक पार्श्वमा ब्रह्मा र अर्का पार्श्वमा महादेव सधैँ विराजमान हुनछन् । वासुदेवका बाँकी कुरा सबै पूर्ववत् नै हुन्छन् । उनले शङ्ख अथवा वरद मुद्रा लिएका हुन्छन् । उनको स्वरूप दुई भुज अथवा चतुर्भुजको हुने गर्दछ । बलरामका चार भुजा हुन्छन् । उनले दाहिने हातमा हलो र मुसल तथा बायाँ हातमा गदा र पद्म धारण गर्दछन् । प्रद्युम्नका दाहिने हातमा चक्र र शङ्ख तथा बायाँ हातमा धनुषबाण धारण गरिएको हुन्छ । अथवा दुई भुजा भएका प्रद्युम्नका हातमा एक गदा र अर्का हातमा धनुष हुन्छ । उनले प्रसन्नतापूर्वक यी अस्त्र धारण गरेका हुन्छन् । अथवा उनका एक हातमा धनुष र अर्का हातमा बाण हुन्छ । अनिरुद्ध र भगवान् नारायणको विग्रह चतुर्भुज हुने गर्दछ ।१-१३।

ब्रह्माजी हंसमाथि आरूढ हुन्छन् । उनका चार मुख र चार भुजा छन् । उदरमण्डल विशाल छ । लामा दाह्री र शिरमा

आज्यस्थाली सरस्वती सावित्री वामदक्षिणे ।१५।
विष्णुरष्टभुजस्तार्क्ष्ये करे खड्गस्तु दक्षिणे ।
गदाशरश्च वरदो वामे कार्मुकखेटके ।१६।
चक्रशङ्खौ चतुर्बाहुर्नरसिंहश्चतुर्भुजः ।
शङ्खचक्रधरो वापि विदारितमहासुरः ।१७।
चतुर्बाहुर्वराहस्तु शेषः पाणितले धृतः ।
धारयन्बाहुना पृथ्वीं वामेन कमलाधरः ।१८।
पादलग्ना धरा कार्य्या पदा लक्ष्मीर्व्यवस्थिता ।
त्रैलोक्यमोहनस्तार्क्ष्ये अष्टबाहुस्तु दक्षिणे ।१९।
चक्रं खड्गं च मुसलमङ्कुशं वामके करे ।
शङ्खशार्ङ्गगदापाशान्पद्मवीणासमन्विते ।२०।
लक्ष्मीसरस्वती कार्ये विश्वरूपोऽथ दक्षिणे ।
मुद्गरं च तथा पाशं शक्तिशूलं शरं करे ।२१।
वामे शङ्खं च शार्ङ्गं च गदां पाशं च तोमरम् ।
लाङ्गलं परशुं दण्डं छुरिकां चर्मक्षेपणम् ।२२।
विंशद्बाहुश्चतुर्वक्त्रो दक्षिणस्थोऽथ वामके ।
त्रिनेत्रो वामपार्श्वेनशयितो जलशाय्यपि ।२३।
श्रिया धृतैकचरणो विमलाद्याभिरीडितः ।
नाभिपद्मचतुर्वक्रो हरिशङ्करको हरिः ।२४।
शूलर्ष्टिधारी दक्षे च गदाचक्रधरोऽपदे ।
रुद्रकेशवलक्ष्माङ्गो गौरीलक्ष्मीसमन्वितः ।२५।
शङ्खचक्रगदावेदपाणिश्चाश्वशिरा हरिः ।
वामपादो धृतः शेषे दक्षिणः कूर्मपृष्ठगः ।२६।
दत्तात्रेयो द्विबाहुः स्याद्वामोत्सङ्गे श्रिया सह ।
विष्कक्सेनश्चक्रगदी हली शङ्खी हरेर्गणः ।२७।

जटा भएको नै उनका प्रतिमाको लक्षण हो । उनका चार मुख र चार भुजा हुन्छन् । उदरमण्डल विशाल हुन्छ । लामा दाह्रीका साथै शिरमा जटा हुन्छन्, उनका प्रतिमाको लक्षण यस्तै हो । उनले दाहिने हातमा कक्षसूत्र र स्रुवा एवं बायाँ हातमा कुण्डिका र आज्यस्थाली लिएका हुन्छन् । उनका वाम भागमा सरस्वती र दाहिने भागमा सावित्री हुन्छन् । विष्णुका आठ भुजा हुन्छन् । उनी गरुडमा आरुढ छन् । उनका दाहिने हातमा खड्ग, गदा, बाण र वरदमुद्रा हुन्छ । बायाँ हातमा धनुष, खेट, चक्र र शङ्ख हुन्छ । अथवा उनको विग्रह चतुर्भुज पनि हुन्छ । नृसिंहका चार भुजा हुन्छन् । उनका दुई भुजाहरूमा शङ्ख र चक्र हुन्छन् तथा दुई भुजाले हिरण्यकशिपु नामका महासुरको वक्ष विदीर्ण गर्दै हुन्छन् । वराहका चार भुजा छन् । उनले शेषनागलाई आफ्ना करतलमा धारण गरिरहेका छन् । उनले बायाँ हातले पृथ्वीलाई र वामभागमा लक्ष्मीलाई धारण गरेका छन् । जब लक्ष्मी उनका साथमा हुन्छिन्, त्यस बेला पृथ्वीलाई उनका चरणमा संलग्न गराउनुपर्छ । त्रैलोक्यमोहनमूर्ति श्रीहरि गरुडमाथि सवार भएका हुन्छन् । उनका आठ भुजाहरू हुन्छन् । उनले दाहिने हातमा चक्र, शङ्ख, मुसल र अङ्कुश धारण गरेका हुन्छन् । उनका बायाँ हातहरूमा शङ्ख, शार्ङ्गधनुष, गदा र पाश शोभित भएका हुन्छन् । वाम भागमा कमलधारिणी कमला र दक्षिण भागमा वीणाधारिणी सरस्वतीका प्रतिमा बनाउनुपर्छ । भगवान् विश्वरूपको विग्रह बीस भुजाले सुशोभित हुन्छ । उनले दाहिने हातमा क्रमशः चक्र, खड्ग, मुसल, अङ्कुश, पट्टिश, मुद्गर, पाश, शक्ति, शूल, तथा बाण धारण गर्दछन् । बायाँ हातमा शङ्ख, शार्ङ्गधनुष, गदा, पाश, तोमर, हल, फरसा, दण्ड, छुरी र उत्तम ढाल लिएका हुनछन् । उनका दाहिने भागमा चतुर्भुज ब्रह्मा तथा बायाँ भागमा त्रिनेत्रधारी महादेव विराजमान हुन्छन् । जलशायी जलमा शयन गर्दछन् । यिनको मूर्ति शेषशय्यामा सुतेको बनाउनुपर्छ । भगवती लक्ष्मीले उनको एउटा चरणको सेवा गरेको हुनुपर्छ । विमला आदि शक्तिहरूले उनको स्तुति गर्दछन् । ती श्रीहरिका नाभीकमलमा चतुर्भुज ब्रह्मा विराजमान रहेका हुन्छन् । हरिहरको मूर्ति यसरी बनाउनुपर्छ— उसले दाहिने हातमा शूल र ऋष्टि लिएको हुन्छ र बायाँ हातमा गदा एवं चक्र धारण गरेको हुन्छ । शरीरका दाहिने भागमा रुद्रको चिह्न हुन्छ र बायाँ भागमा केशवको । दाहिने पार्श्वमा गौरी र वाम पार्श्वमा लक्ष्मी विराजमान हुन्छन् । भगवान् हयग्रीवका चार हातमा क्रमशः शङ्ख, चक्र, गदा र वेद शोभित भएका हुन्छन् । उनले आफ्नो बायाँ गोडा शेषनागमा र दाहिने गोडा कछुवाको पिठ्युँमा राखेर उभिएका हुन्छन् । दत्तात्रेयका दुई बाहु छन् । उनका बायाँ अङ्कमा लक्ष्मी शोभित भएकी हुन्छिन् । भगवान्का पार्षद विष्वक्सेन आफ्ना चार हातमा क्रमशः चक्र, गदा, हलो र शङ्ख धारण गर्दछन् ।१४–२७।

५०. पञ्चाशोऽध्यायः

देवीप्रतिमालक्षण

भगवानुवाच

चण्डी विंशतिबाहुः स्याद्बिभ्रती दक्षिणैः करः।
शूलासिशक्तिचक्राणि पाशङ्खेटायुधाभयम् ।१।
डमरुं शक्तिकां वामैर्नागपाशं च खेटकम्।
कुठाराङ्कुशपाशांश्च घण्टाध्वजगदास्तथा ।२।
आदर्शमुद्गारान् हस्तैश्चण्डी वा दशबाहुका।
तदधो महिषश्छिन्नमूर्द्धा पातितमस्तकः ।३।
शस्त्रोद्यतकरः क्रुद्धस्तद् ग्रीवासम्भवः पुमान्।
शूलहस्तो वमद्रक्तो रक्तस्रङ्मूर्द्धजेक्षणः ।४।
सिंहेनास्वाद्यमानस्तु पाशबद्धो गले भृशम्।
याम्यांघ्र्याक्रान्तसिंहा च सव्याङ्घ्रिर्नीचगासुरे ।५।
चण्डिकेयं त्रिनेत्रा च सशस्त्रा रिपुमर्दिनी।
नवपद्मात्मके स्थाने पूज्या दुर्गा स्वमूर्तितः ।६।
आदौ मध्ये तथेन्द्रादौ नवतत्त्वात्मभिः क्रमात्।
अष्टादशभुजैका तु दक्षे मुण्डं च खेटकम् ।७।
आदर्श तर्जनीं चापं ध्वजं डमरुकं तथा।
पाशं वामे बिभ्रती च शक्तिमुद्गरशूलकम् ।८।
वज्रखड्गाङ्कुशशरान् चक्रं देवी शलाकया।
एतैरेवायुधैर्युक्ताः शेषाः षोडशबाहुकाः ।९।
डमरुं तर्जनी त्यक्त्वा रुद्रचण्डादयो नव।
रुद्रचण्डा प्रचण्डा च चण्डोग्रा चण्डनायिका ।१०।
चण्डा चण्डवती चैव चण्डरूपातिचण्डिका।
उग्रचण्डा च मध्यस्था रोचनाभाऽरुणाऽसिता ।११।

भगवान्ले भने— चण्डी बीस भुजाहरूले विभूषित हुन्छिन्। उनले आफ्ना दाहिने हातहरूमा शूल, खड्ग, शक्ति, पाश, खेट, आयुध, अभय, डमरु र शक्ति धारण गर्दछिन्। बायाँ हातहरूमा नागपाश, खेटक, कुठार, अङ्कुश, पाश, घण्टा, आयुध, गदा, दर्पण र मुद्गर लिएकी हुन्छिन्। अथवा चण्डीको प्रतिमा दस भुजाले युक्त हुनुपर्छ। त्यस प्रतिमाका चरणमुनि टाउको काटिएको राँगो हुनुपर्छ। त्यसको टाउको अलग्गै खसेको हुनुपर्छ। उसले हातमा शस्त्र उठाएको हुनुपर्छ र त्यसका काटिएका गर्धनबाट एउटा अत्यन्त क्रुद्ध पुरुष प्रकट भएको हुनुपर्छ। त्यसका हातमा शूल हुन्छ र उसले मुखबाट रगत ओकल्दै हुन्छ। उसका गलाको माला, शिरको केश र दुवै आँखा राता देखिनुपर्छ। देवीको वाहन सिंहले उसका रक्तको स्वाद लिइरहेको हुन्छ। त्यस महिषासुरका गलामा अत्यन्त कसेर पाश बाँधिएको हुनुपर्छ। देवीको दाहिने गोडो सिंहमाथि र बायाँ तल महिषासुरका शरीरमा हुनुपर्छ। यी चण्डीदेवी त्रिनेत्रधारिणी छन् र शस्त्रले सम्पन्न रहेर शत्रुलाई मर्दन गर्दछिन्। नवकमलात्मक पीठमा दुर्गाको प्रतिमामा उनको पूजा गर्नुपर्छ। पहिले कमलका नौ दलमा तथा मध्यवर्तिनी कर्णिकामा इन्द्र आदि दिक्पालहरूको र नौ तत्त्वात्मिका शक्तिका साथै दुर्गाको पूजा गर्नुपर्छ। दुर्गाको एउटा प्रतिमा अठार भुजाको पनि हुन्छ। त्यसका दाहिनेतर्फका हातहरूमा मुण्ड, खेटक, दर्पण, तर्जनी, धनुष, ध्वज, डमरु, ढाल र पाश धारण गरेको हुन्छ। त्यसै गरी बायाँतर्फका हातहरूमा शक्ति, मुद्गर, शूल, वज्र, खड्ग, अङ्कुश, बाण, चक्र र शलाका लिइराखेको हुन्छ। सोह्र भुजा भएका दुर्गाका प्रतिमामा पनि यिनै आयुधहरू रहेका हुन्छन्। अठार भुजामा भएका डमरु र तर्जनीबाहेक सोह्र हातहरू पूर्वोक्त आयुधहरूले नै सम्पन्न रहेका हुन्छन्। रुद्रचण्डा आदि नौ दुर्गाहरू यस प्रकार छन्— रुद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, चण्डरूपा र अतिचण्डा। यी पूर्व आदि आठ दिशामा पूजित हुन्छन् र नवौँ उग्रचण्डा मध्यभागमा स्थापित एवं पूजित हुन्छिन्। रुद्रचण्डा आदि आठ देवीको अङ्गकान्ति क्रमशः गोरोचनकै जस्तो पहेँलो, अरुणवर्णा, कालो, नीलो, शुक्लवर्णा, धूम्रवर्णा, पीतवर्णा र श्वेतवर्णा हुन्छ। यी सबै नै महिषवाहिनी हुन्। महिषासुरका कण्ठबाट प्रकट भएको जुन पुरुष छ, त्यो शस्त्रधारी हुन्छ र यी पूर्वोक्त देवीहरूले आफ्ना मुठीमा उसको केश समातेका हुन्छन्। यी नौ दुर्गाहरू आलिढा

नीला शुक्ला धूम्रिका च पीता श्वेता च सिंहगा ।
महिषोऽथ पुमाञ्छस्त्री तत्कचग्रहमुष्टिका ।१२।
आलीढा नवदुर्गाः स्युः स्थाप्याः पुत्रादिवृद्धये ।
तथा गौरी चण्डिकाद्या कुण्ड्यक्षररदाग्निधृक् ।१३।
सैव रम्भा वने सिद्धाऽग्निहीना ललिता तथा ।
स्कन्धमूर्द्धकरा वामे द्वितीये धृतदर्पणा ।१४।
याम्ये फलाञ्जलिहस्ता सौभाग्या तत्र चोर्ध्विका ।
लक्ष्मीर्याम्यकराम्भोजा वामे श्रीफलसंयुता ।१५।
पुस्ताक्षमालिकाहस्ता वीणाहस्ता सरस्वती ।
कुम्भाब्जहस्ता श्वेताभा मकरोपरि जाह्नवी ।१६।
कूर्म्मगा यमुना कुम्भकरा श्यामा च पूज्यते ।
सवीणस्तुम्बुरुः शुक्लः शूली मात्रग्रतो वृषे ।१७।
गौरी चतुर्मुखी ब्राह्मी अक्षमालासुरान्विता ।
कुण्डाक्षपात्रिणी वामे हंसगा शाङ्करी सिता ।१८।
शरचापौ दक्षिणेऽस्या वामे चक्रं धनुर्वृषे ।
कौमारी शिखिगा रक्ता शक्तिहस्ताद्विबाहुका ।१९।
चक्रशङ्खधरा सव्ये वामे लक्ष्मीर्गदाब्जधृक् ।
दण्डशङ्खासिगदया वाराही महिषस्थिता ।२०।
ऐन्द्री वामे वज्रहस्ता सहस्राक्षी तु सिद्धये ।
चामुण्डा कोटराक्षी स्यान्निर्मांसा तु त्रिलोचना ।२१।
निर्मांसा अस्थिसारा वा ऊर्ध्वकेशी कृशोदरी ।
द्वीपिचर्मधरा वामे कपालं पट्टिशं करे ।२२।
शूलं कर्त्री दक्षिणेऽस्याः शवारूढास्थिभूषणा ।
विनायको नराकारो बृहत्कुक्षिर्गजाननः ।२३।
बृहच्छुण्डो ह्युपवीती मुखं सप्तकलं भवेत् ।
विस्ताराद्दैर्घ्यतश्चैव शुण्डं षट्त्रिंशदङ्गुलम् ।२४।

आकृतिका हुनुपर्छ। पुत्रपौत्र आदिको वृद्धिका लागि यिनको स्थापना गरेर पूजा गर्नुपर्छ। गौरी नै चण्डिका आदि देवीहरूका रूपमा पूजित हुन्छन्। उनीहरूले नै हातमा कुण्डी, अक्षमाला, गदा र अग्नि धारण गर्दा रम्भा भनिएका हुन्छन्। उनीहरू नै वनमा सिद्धा भनिन्छन्। सिद्धावस्थामा उनीहरू अग्निरहित हुन्छन्। ललिता पनि उनै हुन्। उनको परिचय यस किसिमको छ कि– उनका बायाँतर्फको एउटा हातमा गर्धनसहितको मुण्ड छ र अर्कोमा दर्पण। दाहिने हातमा फलाञ्जली छ र त्यसभन्दा माथिल्लो हात सौभाग्य मुद्रामा हुन्छ। लक्ष्मीका दायाँ हातमा कमल र बायाँ हातमा श्रीफल हुन्छ। सरस्वतीका दुई हातमा पुस्तक र अक्षमाला शोभायमान हुने गर्दछन्। शेष दुई हातमा उनले वीण धारण गर्दछिन्। गङ्गाको अङ्गकान्ति सेतो छ। उनी मकरमाथि आरूढ छिन्। उनका एउटा हातमा कलश छ र अर्का हातमा कमल। यमुदादेवी कछुवामाथि आरूढ टिन्। उनका दुवै हातमा कलश छ र उनी श्यामवर्णकी छिन्। यसै रूपमा यिनको पूजा हुने गर्दछ। तुम्बुरुको प्रतिमा वीणासहित हुनुपर्छ। उनको अङ्गकान्ति सफा छ। शूलपाणि शङ्कर वृषमाथि आरूढ भएर मातृकाहरूका अघि लागेका हुन्छन्। ब्रह्माकी प्रिया सावित्री गौरवर्णा एवं चतुर्मुखी छन्। उनका दाहिने हातमा अक्षमाला र स्रुक्‌ले शोभा पाएको हुन्छ र बायाँ हातमा उनले कुण्ड एवं अक्षपात्र लिएका हुन्छन्। उनको वाहन हंस हो। शङ्करप्रिया पार्वती वृषभमाथि आरूढ हुन्छिन्। उनका दाहिने हातमा धनुषबाण र बायाँ हातमा चक्रधनुषले शोभा पाएका हुन्छन्। कौमारी शक्ति मयूरमाथि आरूढ भएकी हुन्छिन्। उनको अङ्गकान्ति रातो हुन्छ। उनका दुई हात छन् र उनले आफ्ना हातमा शक्ति धारण गरेकी हुन्छिन्। लक्ष्मीले आफ्ना दायाँ हातहरूमा चक्र र शङ्ख धारण गर्दछिन् तथा बायाँ हातहरूमा गदा एवं कमल लिन्छिन्। वाराही शक्ति राँगामा आरूढ हुन्छिन्। उनका हात दण्ड, शङ्ख, चक्र र गदाले सुशोभित हुन्छन्। ऐन्द्री शक्ति ऐरावत हात्तीमाथि आरूढ हुन्छिन्। उनका सहस्र नेत्र हुन्छन् र उनका हातमा वज्र सजिएको हुन्छ। ऐन्द्री देवीलाई पूजा गरेपछि सिद्धि प्रदान गर्छिन्। चामुण्डाका तीन आँखा रुखको टोड्कोजस्तै गहिरा खोक्रा हुन्छन्। उनको शरीर मांसरहित कङ्काल मात्रै देखिन्छ ।१–२१।

मांसहीन शरीरको सार नै अस्थि हो। केश मास्तिर ठडिएका हुन्छन्। भुँडी भित्र पसेको हुन्छ। उनले हात्तीको छाला ओढेकी हुन्छिन्। उनका बायाँ हातमा शूल र कटार हुन्छ। उनी शवमाथि आरूढ हुन्छिन् र हड्डीका गहनाले आफ्नो शरीर सिँगारेकी हुन्छिन्। विनायकको आकृति मानिसकै जस्तो हुन्छ तर उनको पेट ज्यादै ठूलो छ। मुख हात्तीको जस्तै हुन्छ

कला द्वादश नाडी तु ग्रीवा सार्द्धकलोच्छ्रिता ।
षट्त्रिंशदङ्गुलं कण्ठं गुह्यमध्यर्द्धमङ्गुलम् ।२५।
नाभिरूरू द्वादशं च जङ्घे पादे तु दक्षिणे ।
स्वदन्तं परशुं वामे लड्डुकं चोत्पलं शये ।२६।
सुमुखी च विडालाक्षी पार्श्वे स्कन्दो मयूरगः ।
स्वामी शाखो विशाखश्च द्विभुजो बालरूपधृक् ।२७।
दक्षे शक्तिः कुक्कुटोऽथ एकवक्त्रोऽथ षण्मुखः ।
षड्भुजो वा द्वादशभिर्ग्रामेऽरण्ये द्विबाहुकः ।२८।
शक्तिषुपाशनिस्त्रिंशतोत्रदोस्तर्जनीयुतः ।
शक्त्या दक्षिणहस्तेषु षट्सु वामे करे तथा ।२९।
शिखिपिच्छन्धनुः खेटं पताकाभयकुक्कुटे ।
कपालकर्त्तरीशूलपाशभृद्यास्यसौम्ययोः ।३०।
गजचर्मभृदूर्ध्वास्यपादा स्याद् रुद्रचर्चिका ।
सैव चाष्टभुजा देवी शिरो डमरुकान्विता ।३१।
तेन सा रुद्रचामुण्डा नाटेश्वर्य्यथ नृत्यती ।
इयमेव महालक्ष्मीरूपविष्टा चतुर्मुखी ।३२।
नृवाजिमहिषेभांश्च खादन्ती च करे स्थितान् ।
दशबाहुस्त्रिनेत्रा च शस्त्रासिडमरूत्रिकम् ।३३।
बिभ्रती दक्षिणे हस्ते वामे घण्टां च खेटकम् ।
खट्वाङ्गं च त्रिशूलं च सिद्धचामुण्डिकाह्वया ।३४।
सिद्धयोगेश्वरी देवी सर्वसिद्धिप्रदायिका ।
एतद्रूपा भवेदन्या पाशाङ्कुशयुतारुणा ।३५।
भैरवी रूपविद्या तु भुजैर्द्वादशभिर्युता ।
एताः श्मशानजा रौद्रा अम्बाष्टकमिदं स्मृतम् ।३६।
क्षमा शिवावृता वृद्धा द्विभुजा विवृतानना ।
दन्तुरा क्षेमकारी स्याद्भूमौ जानुकरा स्थिता ।३७।

र सुँड लामो हुन्छ । उनले जनै लगाउँछन् । उनका मुखको चौडाइ सात कलाको हुन्छ र सुँडको लम्बाइ छत्तीस अङ्गुल हुन्छ । उनको नाडी बाह्र कला विस्तृत हुन्छ र गर्धन अग्लो हुन्छ । उनका कण्ठभागको लम्बाइ छत्तीस अङ्गुल हुन्छ र गुह्यभागको घेरो डेढ अङ्गुल हुन्छ । नाभी र उरुको विस्तार बाह्र अङ्गुल हुन्छ । जाँघ र गोडाको पनि माप यस्तै हो । उनले दाहिने हातमा गजदन्त र फर्सा लिएका हुन्छन् र बायाँ हातमा लड्डु एवं उत्पल लिएका हुन्छन् । स्कन्द स्वामी मयूरमाथि आरूढ हुन्छन् । यउनका दुवै पार्श्वमा सुमुखी र विडालाक्षी मातृका तथा शाख र विशाख अनुज उभिएका हुन्छन । उनका भुजा दुई छन् । उनी बालकको रूप धारण गरेका हुन्छन् । उनका दाहिने हातमा शक्ति शोभायमान भएको हुन्छ र बायाँ हातमा कुखुरो हुन्छ । उनको एउटा वा छवटा मुख बनाउनुपर्छ । गाउँमा उनको पूजा गरिने विग्रहलाई छ अथवा बाह्र भुजाको बनाउनुपर्छ तर वनमा यदि उनको मूर्ति स्थापित गर्नुपरेको हो भने उनका दुई नै भुजा बनाउनुपर्छ । कौमारी शक्तिका छवटा दाहिने भुजाहरूमा शक्ति, बाण, पाश, खड्ग, गदा र तर्जनी मुद्रा तथा यी अस्त्र हुनुपर्छ र बायाँतिरका छवटा हातमा मयूरको पङ्ख, धनुष, खेट, पताका, अभय मुद्रा र कुक्कुट हुनुपर्छ । रुद्रचर्चिका देवी हात्तीको चर्म धारण गरेकी हुन्छिन् । उनको मुख र एक गोडा माथितिर उठेको हुन्छ । उनले बायाँदायाँ हातमा क्रमशः कपाल, कर्तरी, शूल र पाश धारण गर्दछिन् । उनै देवी नै अष्टभुजका रूपमा पनि पूजित हुन्छिन् । मुण्डमाला र डमरुले युक्त भएकाले उनलाई नै रुद्रचामुण्डा भनिन्छ । उनले नृत्य गर्दछिन्, त्यसैले उनलाई नाट्येश्वरी/भनिएको । यिनैलाई आसनमा बसेकी चतुर्मुखी महालक्ष्मी भनिएको छ र उनले आफ्ना हातमा फेला परेका मानिस, घोडा, भैंसी र हतियारहरू खाइरहेकी हुन्छिन् । सिद्धचामुण्डा देवीका दस भुजा र तीन नेत्र छन् । यिनले दाहिने भागका पाँच हातहरूमा शस्त्र, खड्ग तथा तीन डमरु धारण गरेकी हुन्छिन् र बायाँतर्फका हातहरूमा घण्टा, खेटक, खट्वाङ्ग, त्रिशूल र ढाल धारण गर्दछिन् । सिद्धयोगेश्वरी देवीले सम्पूर्ण सिद्धि प्रदान गर्दछिन् । यिनै देवीस्वरूपा अर्की एक शक्ति छिन्, उनको अङ्गकान्ति अरुण छ । यिनले आफ्ना दुई हातमा पाश र अङ्कुश धारण गर्दछिन्, उनी भैरवी नामले प्रसिद्ध छन् । रूपविद्या देवी बाह्र भुजाले युक्त छन् भनिएको छ । यी सबै नै श्मशानभूमिमा प्रकट हुने र भयङ्कर हुन्छन् । यी आठै देवीहरूलाई अम्बाष्टक भनिएको छ । क्षमादेवी शिवा नामका स्याल्नीहरूले आवृत हुन्छिन् । उनी एउटी बुढी स्त्रीका रूपमा स्थित छन् । उनका दुई भुजाहरू हुन्छन् । मुख खुला हुन्छ । दाँत निस्केका हुन्छन् र धर्तीमा हात र घुँडाको सहारा लिएर बसेकी हुन्छिन् । उनीबाट उपासकहरूको

यक्षिण्यस्तब्धदीर्घाक्ष्याः शाकिन्यो वक्रदृष्टयः ।
पिङ्गाक्ष्याः स्युमर्हारम्या रूपिण्योऽप्सरसः सदा ।३८।
साक्षमाली त्रिशूली च नन्दीशो द्वारपालकः ।
महाकालोऽसिमुण्डी स्याच्छूलखेटकवांस्तथा ।३९।
कृशो भृङ्गी च नृत्यन्वै कूष्माण्डस्थूलखर्ववान् ।
गजगोकर्णवक्राद्या वीरभद्रादयो गणाः ।४०।
घण्टाकर्णोऽष्टदशदो पापरोगं विदारयन् ।
वज्रासिदण्ड चक्रेषुमुसलाङ्कुशमुद्‌गरान् ।४१।
दक्षिणे तर्जनीं खेटं शक्तिं मुण्डं च पाशकम् ।
चापं घण्टां कुठारं च द्वाभ्यां चैव त्रिशूलकम् ।
घण्टामालाकुलो देवो विस्फोटकविमर्दनः ।४२।

कल्याण हुन्छन् । यक्षिणीहरूका आँखा स्तब्ध र ठूला हुन्छन् । शाकिनीहरू वक्रदृष्टिले हेर्ने गर्दछन् । अप्सराहरू सधैं नै अत्यन्त रमणीय एवं सुन्दर रूप भएका हुन्छन् । यिनीहरूका आँखा खैरा हुने गर्दछन् । भगवान् शङ्करका द्वारापाल नन्दीश्वर एक हातमा अक्षमाला र अर्को हातमा त्रिशूल लिएका हुन्छन् । महाकालका एक हातमा तरबार, अर्को हातमा काटिएको शिर, तेस्रोमा शूल र चौथोमा खेट हुनुपर्छ । भृङ्गीका शरीर ख्याउटे हुन्छ । उनी नृत्यका मुद्रामा देखा पर्दछन् । उनको मस्तक कूष्माण्डजस्तै स्थूल र मुडुलो हुन्छ । वीरभद्र आदि गणहरू हात्ती अथवा गाईका जस्ता कान र मुख भएका हुने गर्दछन् । घण्टाकर्णका अठारवटा भुजा हुन्छन् । उनले पाप र रोगको विनाश गर्दछन् । उनले बायाँ भागका आठ हातमा वज्र, खड्ग, दण्ड, चक्र, बाण, मुसल, अङ्कुश र मुद्‌गर तथा दायाँतिरका आठ हातमा तर्जनी, खेट, शक्ति, मुण्ड, पाश, धनुष, घण्टा र कुठार धारण गर्दछन् । शेष दुई हातमा त्रिशूल लिएका हुन्छन् । घण्टाको मालाले अलङ्कृत देवता घण्टाकर्णले घाउखटिरा निवारण गर्दछन् ।२२-४२।

५१. एकपञ्चाशोऽध्यायः

सूर्य्यादिप्रतिमालक्षण

भगवानुवाच

ससप्ताश्वे सैकचक्रे रथे सूर्य्यो द्विपद्मधृक् ।
मसीभाजनलेखन्यौ बिभ्रत् कुण्डी तु दक्षिणे ।१।
वामे तु पिङ्गलो द्वारि दण्डभृत्स रवेर्गणः ।
बालव्यजनधारिण्यौ पार्श्वे राज्ञी च निष्प्रभा ।२।
अथवाऽश्वसमारूढः कार्य्य एकस्तु भास्करः ।
वरदा द्व्यब्जिनः सर्वे दिक्पालास्त्रकराः क्रमात् ।३।
मुद्‌गरः शूलचक्राब्जभृतोऽग्न्यादिविदिक् स्थिताः ।
सूर्य्यार्य्यमादिरक्षोऽन्ताश्चतुर्हस्ता द्विषड्दले ।४।
वरुणः सूर्य्यनामा च सहस्रांशुस्तथा परः ।
धाता तपनसंज्ञश्च सविताथ गभस्तिकः ।५।
रविश्चैवाथ पर्जन्यस्त्वष्टा मित्रोऽथ विष्णुकः ।

भगवान्‌ले भने— हे ब्रह्मन् ! सात अश्वले युक्त भएको एक पाङ्ग्राको रथमा विराजमान सूर्यदेवताको प्रतिमा स्थापित गर्नुपर्छ । भगवान् सूर्यले आफ्ना दुवै हातमा दुईवटा कमल धारण गर्दछन् । उनका दाहिने भागमा मसीदानी र कलम लिएर दण्डी उभिएका हुन्छन् र बायाँ भागतिर हातमा दण्ड लिएका पिङ्गल ढोकामा उभिएका हुन्छन् । यी दुवै सूर्यदेवताका पार्षद हुन् । भगवान् सूर्यदेवका दुवै पार्श्वमा चवँर लिएर राज्ञी र निष्प्रभा उभिएका हुन्छन् । अथवा घोडामा चढेका एकमात्र सूर्यको नै प्रतिमा बनाउनुपर्छ । समस्त दिक्पालहरू हातमा वरद मुद्रा, दुईदुई कमल र शस्त्र लिएर क्रमशः पूर्व आदि दिशाहरूमा स्थित देखा पर्दछन् । बाह्र दलको कमलचक्र बनाउनुपर्छ । त्यसमा सूर्य, अर्यमा आदि नामका बाह्र आदित्यलाई क्रमशः बाह्र दलमा स्थापना गर्नुपर्छ । यस्तो स्थापना वरुण दिशा एवं वायव्य कोणबाट आरम्भ गरेर नैर्ऋत्य कोणको अन्त्यसम्मका दलहरूमा हुनुपर्छ । उक्त आदित्यगण चारचार हातका हुनुपर्छ र ती हातहरूमा मुद्‌गर, शूल, चक्र एवं कमल धारण गरेको हुनुपर्छ । अग्निकोणबाट लिएर नैर्ऋत्यसम्म, नैर्ऋत्यबाट वायव्यसम्म, वायव्यबाट ईशानसम्म र त्यहाँबाट अग्नि कोणसम्म दलहरूलाई उक्त आदित्यको स्थिति जान्नुपर्छ । बाह्र आदित्यहरूको नाम यस किसिमको छ— वरुण, सूर्य,

मेषादिराशिसंस्थाश्च मार्गादिकार्तिकान्तकाः ।६।
कृष्णो रक्तोः मनाग्रक्तः पीतः पाण्डुरकः सितः ।
कपिलः पीतवर्णश्च शुकाभो धवलस्तथा ।७।
धूम्रो नीलः क्रमाद्वर्णाः शक्तयः केसराग्रगाः ।
इडा सुषुम्णा विश्वार्च्चिरिन्दुसंज्ञा प्रमर्दिनी ।८।
प्रहर्षिणी महाकाली कपिला च प्रबोधिनी ।
नीलाम्बरघनान्तस्था अमृताख्या च शक्तयः ।९।
वरुणादेश्च तद्वर्णाः केसराग्नेषु विन्यसेत् ।
तेजश्चण्डो महावक्त्रो द्विभुजः पद्मखड्गभृत् ।१०।
कुण्डिकाजप्यमालीन्दुः कुजः शक्त्यक्षमालिकः ।
बुधश्चापाक्षपाणिः स्याज्जीवः कुण्ड्यक्षमालिकः ।११।
शुक्रः कुण्ड्यक्षमाली स्यात्किङ्किणीसूत्रवाञ्छनिः ।
अर्द्धचन्द्रधरो राहुः केतुः खड्गी च दीपभृत् ।१२।
अनन्तस्तक्षकः कर्क्कः पद्मो महाब्जः शङ्खकः ।
कुलिकः सूत्रिणः सर्वे फणवक्त्रा महाप्रभाः ।१३।
इन्द्रो वज्री गजारूढश्लागगोग्निश्च शक्तिमान् ।
यमो दण्डी च महिषे नैर्ऋतः खड्गवान् करे ।१४।
मकरे वरुणः पाशी वायुर्ध्वजधरो मृगे ।
गदी कुबेरो मेषस्थ ईशानश्च जटीवृषे ।१५।
द्विबाहवो लोकपाला विश्वकर्माक्षसूत्रभृत् ।
हनुमान्वज्रहस्तः स्यात्पद्भ्यां सम्पीडिताश्रयः ।१६।
वीणाहस्ताः किन्नराः स्युर्माला विद्याधराश्च खे ।
दुर्बलाङ्गाः पिशाचाः स्युर्वेताला विकृताननाः ।
क्षेत्रपालाः शूलवन्तः प्रेता महोदराः कृशाः ।१७।

सहस्रांशु, धाता, तपन, सविता, गभस्तिक, रवि, पर्जन्य, त्वष्टा, मित्र र विष्णु। यी मेष आदि बाह्र राशिमा स्थित भएर जगत्लाई ताप र प्रकाश प्रदान गर्दछन्। यी वरुण आदि आदित्य क्रमशः मार्गशीर्ष महिनाको वृश्चिक राशिबाट सुरु भई कार्तिक मास वा तुला राशिसम्मका महिनाहरूमा स्थित हुन्छन् र आफ्नो कार्य सम्पन्न गर्दछन्। यिनको अङ्गकान्ति क्रमशः कालो, रातो, केही रातो, पहेँलो, बेसारे रङ्ग, सेतो, कैलो, पहेँलो, सुगारङ्गी, धवल, धूम्रवर्ण र नीलो हुन्छ। यिनको शक्ति द्वादशदल कमलका केशरको अग्रभागमा स्थित हुन्छ। तिनीहरूको नाम— इडा, सुषुम्ना, विश्वर्चि, इन्दु, प्रमर्दिनी, प्रहर्षिणी, महाकाली, कपिला, प्रबोधिनी, नीलाम्बरा, वनान्तस्था र अमृताख्या हो। वरुण आदिको अङ्गकान्ति जस्तो छ, यी शक्तिहरूको पनि उस्तै हुन्छ। केशरको अग्रभागमा यिनलाई स्थापना गर्नुपर्छ। सूर्यदेवताको तेज प्रचण्ड र मुख विशाल छ। उनका दुई भुजा हुन्छन्। उनले आफ्ना हातमा कमल र खड्ग धारण गर्दछन्। चन्द्रमा, कुण्डिका तथा जपमाला धारण गर्दछन्। मङ्गलका हातमा शक्ति र अक्षमाला शोभित हुन्छन्। बुधका हातमा धनुष र अक्षमालाले शोभा दिएका हुन्छन्। बृहस्पति कुण्डिका र अक्षमाला धारण गर्दछन्। शुक्रको पनि स्वरूप यस्तै छ। अर्थात् उनका हातमा पनि कुण्डिका र अक्षमाला नै सुहाउँदो लाग्दछन्। शनिले किङ्किणी र सूत्र धारण गरेका हुन्छन्। राहु अर्द्धचन्द्रधारी छन् तर केतुका हातमा खड्ग र दीपकले शोभा पाएका हुन्छन्। अनन्त, तक्षक, कर्कोटक, पद्म, महापद्म, शङ्ख र कुलिक आदि सबै मुख्य नागहरू सूत्रधारी हुन्छन्। फणा नै यिनीहरूको मुख हो। यिनीहरू सबै नै महान् प्रकाशपुञ्जले उद्भासित भएका हुन्छन्। इन्द्र वज्रधारी हुन्छन्। उनी हात्तीमाथि आरूढ हुन्छन्। अग्निको वाहन बोको हो। अग्निदेवताले शक्ति धारण गरेका हुन्छन्। यमले दण्ड धारण गरेका हुन्छन् र राँगामाथि चढेका हुन्छन्। निर्ऋति खड्गधारी हुन्छन् र मानिस उनको वाहन हो। वरुण गोहीमाथि आरूढ हुन्छन् र पाश लिएका हुन्छन्। वायुदेव वज्रधारी हुन् र मृग उनको वाहन हो। कुबेर भेडामा चढ्छन् र गदा धारण गर्दछन्। ईशान जटाधारी छन् र साँढे उनको वाहन हो। लोकपालहरू सबै नै द्विभुज हुन्छन्। विश्वकर्माले अक्षसूत्र धारण गरेका छन्। हनुमानका हातमा वज्र हुन्छ। उनका दुवै गोडाले एउटा असुरलाई थिचेका हुन्छन्। किन्नरका मूर्तिहरू हातमा वीण लिएका हुन्छन् र विद्याधरहरूले माला लाएर आकाशमा रहेका देखिन्छन्। पिशाचको शरीर कङ्काल मात्र भएको दुब्लो हुन्छ। वेतालहरूको मुख विकराल हुन्छ। क्षेत्रपालहरू शूल धारण गरेका हुन्छन्। प्रेतहरूको पेट लामो र शरीर ख्याउटे हुन्छ।१–१७।

५२. द्विपञ्चाशोऽध्यायः

चतुःषष्टियोगिनी

भगवानुवाच

योगिन्यष्टाष्टकं वक्ष्ये ऐन्द्रादीशानतः क्रमात् ।
अक्षोभ्या रूक्षकर्णी च राक्षसी कृपणा क्षया ।१।
पिङ्गाक्षी चाक्षया क्षेमा इला नीलालया तथा ।
लोलाऽलक्ता बलाकेशी लालसा विमला पुनः ।२।
हुताशा च विशालाक्षी हुङ्कारा बडवामुखी ।
महाक्रूरा क्रोधना तु भयङ्करी महानना ।३।
सर्वज्ञा तरला तारा ऋग्वेदा तु हयानना ।
साराख्या रुद्रसङ्ग्राही शम्बरा तालजङ्घिका ।४।
रक्ताक्षी सुप्रसिद्धा तु विद्युज्जिह्वा करङ्किणी ।
मेघनादा प्रचण्डोग्रा कालकर्णी वरप्रदा ।५।
चन्द्रा चन्द्रावली चैव प्रपञ्चा प्रलयान्तिका ।
शिशुवक्त्रा पिशाची च पिशिताशा च लोलुपा ।६।
धमनी तापनी चैव रागिणी विकृतानना ।
वायुवेगा बृहत्कुक्षिर्विकृता विश्वरूपिका ।७।
यमजिह्वा जयन्ती च दुर्जया च जयन्तिका ।
विडाली रेवती चैव पूतना विजयान्तिका ।८।
अष्टहस्ताश्चतुर्हस्ता इच्छास्त्राः सर्वसिद्धिदाः ।
भैरवश्चार्कहस्तः स्यात्कूर्परास्यो जटेन्दुभृत् ।९।
खड्गाङ्कुशकुठारेषुविश्वाभयभृदेकतः ।
चापत्रिशूलखट्वाङ्गपाशकार्द्धवरोद्यतः ।१०।
गजचर्मधरो द्वाभ्यां कृत्तिवासोऽहिभूषितः ।
प्रेताशनो मातृमध्ये पूज्यः पञ्चाननोऽथवा ।११।
अविलोमाग्निपर्यन्तं दीर्घाष्टकैकभेदितम् ।
तत्षडङ्गानिजात्यन्तैरन्वितं च क्रमाद्यजेत् ।१२।

भगवान्ले भने– हे ब्रह्मन् ! अब म चौसट्ठी योगिनीको वर्णन गर्दछु । यिनीहरूको स्थान क्रमशः पूर्व दिशाबाट लिएर ईशानसम्म हुन्छ । यिनको नाम यस किसिमको छ– अक्षोभ्या, रूक्षकर्णी, राक्षसी, क्षपणा, क्षमा, पिङ्गाक्षी, अक्षया, क्षेमा, इला, नीलालया, लोला, रक्ता, बलाकेशी, लालसा, विमला, दुर्गा, विशालाक्षी, ह्रींकारा, वडवामुखी, महाक्रूरा, क्रोधना, भयङ्करी, महानना, सर्वज्ञा, तरला, तारा, ऋग्वेदा, हयानना, सारा, रससङ्ग्राही, शबरा, तालजङ्घिका, रक्ताक्षी, सुप्रसिद्धा, विद्युज्जिह्वा, करङ्किणी, मेघनादा, प्रचण्डा, उग्रा, कालकर्णी, वरप्रदा, चण्डा, चण्डवती, प्रपञ्चा, प्रलयान्तिका, शिशुवक्त्रा, पिशाची, पिशितासवलोलुपा, धमनी, तपनी, रागिणी, विकृतानना, वायुवेगा, बृहत्कुक्षि, विकृता, विश्वरूपिका, यमजिह्वा, जयन्ती, दुर्जया, जयन्तिका, विडाली, रेवती, पूतना, विजयान्तिका । योगिनीहरू आठ अथवा चार हातले युक्त हुन्छन् । इच्छाअनुसारका शस्त्र धारण गर्दछन् र उपासकहरूलाई सम्पूर्ण सिद्धि प्रदान गर्दछन् । भैरवका बाह्र हात हुन्छन् । उनका मुखमा ठाडा दाँत हुन्छन् र शिरमा जटा एवं चन्द्रमा धारण गरेका हुन्छन् । उनले एकतिरका पाँच हातमा क्रमशः खड्ग, अङ्कुश, कुठार, बाण र जगत्लाई अभय प्रदान गर्ने मुद्रा धारण गरेका हुन्छन् । उनका अर्कोतिरका पाँच हात धनुष, त्रिशूल, खट्वाङ्ग, पाशकार्द्ध, एवं वरको मुद्राले सुशोभित हुन्छन् । बाँकी दुई हातमा उनले गजचर्म लिएका हुन्छन् । हात्तीको छाला नै उनको वस्त्र हो र सर्पमय आभूषणले उनी विभूषित हुन्छन् । प्रेतमाथि आसन लगाएका मातृकाहरूका मध्यभागमा विराजमान हुन्छन् । यसै रूपमा उनको प्रतिमा बनाएर पूजा गर्नुपर्छ । भैरवको एक या पाँच मुख बनाउनुपर्छ । पूर्व दिशादेखि सुरु गरेर अग्नि कोणसम्म विलोम क्रममा प्रत्येक दिशामा भैरवलाई स्थापित गरेर क्रमशः पूजा गर्नुपर्छ । बीजमन्त्रलाई आठ दीर्घ स्वरमा एकएक गरी भेदिन एवं अनुस्वारयुक्त गरेर उसै दिशाअनुसार भैरवका साथै संयुक्त गर्नुपर्छ र ती सबैमा नमः पद जोड्नुपर्छ। यसरी यी मन्त्रहरूले क्रमशः उनै दिशामा भैरवको पूजा गर्नुपर्छ। यिनीहरूमध्येबाटै छ बीजमन्त्रले षडङ्ग न्यास एवं ती अङ्गहरूको पूजन पनि गर्नुपर्छ। उनको ध्यान यस किसिमले गर्नुपर्छ– भैरवजी मन्दिर अथवा मण्डलका आग्नेयदलमा विराजमान, सुवर्णमयी रसनाले युक्त, नाद, विन्दु, एवं इन्दुले

मन्दिराग्निदलारूढं सुवर्णरसकान्वितम् ।
नादबिन्द्विन्दुसंयुक्तं मातृनाथाङ्गदीपितम् ।१३।
वीरभद्रो वृषारूढो मात्रग्ने स चतुर्मुखः ।
गौरी तु द्विभुजा त्र्यक्षा शूलिनी दर्पणान्विता ।१४।
शूलं गलन्तिका कुण्डी वरदा च चतुर्भुजा ।
अब्जस्था ललिता स्कन्दगणादर्शशलाकया ।१५।
चण्डिका दशहस्ता स्यात्खड्गशूलारिशक्तिधृक् ।
दक्षे वामे नागपाशं चर्माङ्कुशकुठारकम् ।
धनुः सिंहे च महिषः शूलेन प्रहतोग्रतः ।१६।

सुशोभित तथा मातृकाधिपतिका अङ्गले प्रकाशित छन् । वीरभद्र वृषभमा आरूढ छन् । उनी मातृकाहरूका मण्डलमा विराजमान र चार भुजाधारी छन् । गौरी दुई भुजाले युक्त र त्रिनेत्रधारिणी छन् । उनका एक हातमा शूल र अर्कामा दर्पण छ । ललितादेवी कमलमा विराजमान छन् । उनका चार भुजाहरू छन् । उनले आफ्ना हातमा त्रिशूल, कमण्डलु, कुण्डी र वरदानको मुद्रा लिएकी हुन्छिन् । स्कन्दकी अनुचरी मातृकागणका हातमा दर्पण र शलाका हुनुपर्छ । चण्डिका देवीका दस हात छन् । उनले आफ्ना दाहिनेतिरका हातहरूमा बाण, खड्ग, शूल, चक्र र शक्ति धारण गरेकी छन् र बायाँ हातहरूमा नागपाश, ढाल, अङ्कुश, कुठार र धनुष लिएकी हुन्छिन् । उनी सिंहमाथि सवार छिन् र उनका अगाडि शूलले मारिएका महिषासुरको शव हुन्छ ।१–१६।

५३. त्रिपञ्चाशोऽध्यायः

लिङ्गादिलक्षण

भगवानुवाच
लिङ्गादिलक्षणंवक्ष्ये कमलोद्भव तच्छृणु ।
दैर्घ्यार्द्धं वसुभिर्भक्ता त्यक्ता भागत्रयं ततः ।१।
विष्कम्भं भूतभागैस्तु चतुरस्रं तु कारयेत् ।
आयामं मूर्तिभिर्भक्त्वा एकद्वित्रिक्रमात् न्यसेत् ।२।
ब्रह्मविष्णुशिवांशेषु वर्द्धमानोऽयमुच्यते ।
चतुरस्रेऽस्य वर्णार्द्धं गुह्यकोणेषु लाञ्छयेत् ।३।
अष्टास्नं वैष्णवं भागं सिध्यत्येव न संशयः ।
षोडशास्त्रं ततः कुर्य्याद्वात्रिंशास्रं ततः पुनः ।४।
चतुःषष्ट्यस्रकं कृत्वा वर्तुलं साधयेत्ततः ।
कर्त्तयेदथ लिङ्गस्य शिरो वै देशिकोत्तमः ।५।
विस्तारमथ लिङ्गस्य अष्टधा संविधाजयेत् ।
भागार्द्धार्द्ध तु सन्त्यज्य छत्राकारं शिरो भवेत् ।६।
त्रिषु भागेषु सदृश आयामो यस्य विस्तरः ।
तद्विभागसमं लिङ्गं सर्वकामफलप्रदम् ।७।
दैर्घ्यस्य तु चतुर्थेन विष्कम्भं देवपूजिते ।

भगवान्ले भने– हे कमलोद्भव ! अब म लिङ्ग आदिको वर्णन गर्दछु, सुन । लम्बाइको आधामा आठले भाग गरेर आठ भागमध्ये तीन भागलाई त्याग्नुपर्छ र शेष पाँच भागमध्ये चार कुने विष्कम्भकको निर्माण गर्नुपर्छ । त्यसपछि लम्बाइलाई छ भाग गरेर ती सबैलाई एक, दुई र तीनका क्रममा अलग राख्नुपर्छ । यिनीहरूमा पहिलो भाग ब्रह्माको, दोस्रो विष्णुको र तेस्रो शिवको हो । ती भागहरूलाई वर्द्धमान भाग भनिन्छ । चार कुने मण्डलमा कोणसूत्रको आधा माप लिएर त्यसलाई सबै कोणमा चिह्न लगाउनुपर्छ । यसो गर्नाले आठ कोणको वैष्णव भाग सिद्ध हुन्छ भन्ने कुरामा संशय छैन । त्यसपछि त्यसलाई सोह्र कोण बनाउनुपर्छ र फेरि बत्तीस कोणले युक्त गराउनुपर्छ । त्यसपछि चौसठ्ठी कोणले युक्त गराएर त्यस ठाउँमा गोल रेखा बनाउनुपर्छ । त्यसो भइसकेपछि श्रेष्ठ आचार्यले लिङ्गको शिरोभाग कर्तन गर्नुपर्छ । त्यसपछि लिङ्गको विस्तारलाई आठ भागमा विभाजित गर्नुपर्छ । त्यसैमध्येबाट एक भागको चौथो अंशलाई छोडिदिनाले छत्राकार शिरको निर्माण हुन्छ र त्यसको लम्बाइचौडाइ तीनै भागमा समान हुन्छ, त्यस्तै समभागको लिङ्गले नै सम्पूर्ण मनोवाञ्छित फल प्रदान गर्छ । देवपूजित लिङ्गमा लम्बाइको चौथो भागबाट विष्कम्भक बन्दछ । अब तिमी सबै खालका

सर्वेषामेव लिङ्गानां लक्षणं शृणु साम्प्रतम् ।८।
मध्यसूत्रं समासाद्य ब्रह्मरुद्रान्तिकं बुधः ।
षोडशाङ्गुललिङ्गस्य षड्भागैर्भाजितो यथा ।९।
तद्वैयमनसूत्राभ्यां मानमन्तरमुच्यते ।
यवाष्टमुत्तरे कार्यं शेषाणां यवहानितः ।१०।
अधोभागं त्रिधा कृत्वा त्वर्द्धमेकं परित्यजेत् ।
अष्टधा तद्द्वयं कृत्वा ऊर्ध्वभागत्रयं त्यजेत् ।११।
ऊर्ध्वं च पञ्चमाद्भागादभ्राम्य रेखां प्रलम्बयेत् ।
भागमेकं परित्यज्य सङ्गमङ्कारयेत्तयोः ।१२।
एतत्साधारणं प्रोक्तं लिङ्गानां लक्षणं मया ।
सर्वसाधारणं वक्ष्ये पिण्डिकां तान्निबोध मे ।१३।
ब्रह्मभागप्रवेशं च ज्ञात्वा लिङ्गस्य चोच्छ्रयम् ।
न्यसेद् ब्रह्मशिलां विद्वान्सम्यक्कर्मशिलोपरि ।१४।
तथा समुच्छ्रयं ज्ञात्वा पिण्डिकां प्रविभाजयेत् ।
द्विभागमुच्छ्रितं पीठं विस्तारे लिङ्गसम्मितम् ।१५।
त्रिभागं मध्यतः खातं कृत्वा पीठं विभाजयेत् ।
स्वमानार्द्धत्रिभागेण बाहुल्यं परिकल्पयेत् ।१६।
बाहुल्यस्य त्रिभागेण मेखलामथ कल्पयेत् ।
खातं स्यान्मेखलातुल्यं क्रमान्निम्नं तु कारयेत् ।१७।
मेखलाषोडशांशेन खातं वा तत्प्रमाणतः ।
उच्छ्रायं तस्य पीठस्य विकाराङ्गं तु कारयेत् ।१८।
भूमौ प्रविष्टमेकं तु भागेनैकेन पिण्डिका ।
कण्ठं भागैस्त्रिभिः कार्यं भागेनैकेन पट्टिका ।१९।
द्व्यंशेन चोर्ध्वपट्टं तु एकांशाः शेषपट्टिकाः ।
भागं भागं प्रविष्टं तु यावत्कण्ठं ततः पुनः ।२०।
निर्गमं भागमेकं तु यावद्वै शेषपट्टिका ।
प्रणालस्य त्रिभागेण निर्गमस्तु त्रिभागतः ।२१।
मूलेऽङ्कुल्यग्रविस्तारमग्ने त्र्यंशेन चार्द्धतः ।
ईषन्निम्नं तु कुर्वीत खातं तच्चोत्तरेण वै ।
पिण्डिकासहितं लिङ्गमेतत्साधारणं स्मृतम् ।२२।

लिङ्गको लक्षण सुन । विद्वान् पुरुषले सोह्र अङ्गुलका लिङ्गका मध्यवर्ती सूत्रलाई, जो ब्रह्म र रुद्र भागका निकट हुन्छ, लिएर छ भागमा विभाजित गर्नुपर्छ । वैयमन सूत्रद्वारा निश्चित मापलाई अन्तर भनिन्छ। सबैभन्दा उत्तरवर्ती लिङ्गलाई आठ जौ जति ठूलो बनाउनुपर्छ र शेष लिङ्गहरू एकएक जौ साना बनाउनुपर्छ । उपर्युक्त लिङ्गको तल्लो भागलाई तीन भागमा विभक्त गरेर माथिको एक भाग छोड्नुपर्छ । शेष दुई भागलाई आठ भागमा विभक्त गरेर माथिका तीन भाग छोड्नुपर्छ। पाँचौं भागका माथिबाट घुमाउरो किसिमले एउटा लामो रेखा बनाउनुपर्छ र एक भाग छोडेर बीचमा ती दुई रेखालाई जोडाउनुपर्छ। यो लिङ्गको साधारण नियम बताइएको हो । अब पिण्डिकाको सर्वसाधारण लक्षण बताउँछु, मबाट सुन। ब्रह्म भागमा प्रवेश तथा लिङ्गको उचाइ जानेपछि विद्वान् पुरुषले ब्रह्मशिलाको स्थापना गर्नुपर्छ र त्यस शिलामाथि नै उत्तम रीतिले कर्म सम्पादन गर्नुपर्छ। पिण्डिकाको उचाइ थाहा पाएर त्यसलाई विभाजन गर्नुपर्छ। दुई भागको उचाइलाई पिठ मान्नुपर्छ। चौडाइमा त्यो लिङ्गजत्ति नै हुनुपर्छ। पीठको मध्य भागलाई खाडल बनाएर त्यसलाई तीन भागमा विभाजित गर्नुपर्छ । आफ्ना अनुमानले आधाको तीन भागलाई बाहुल्य भन्ने कल्पना गर्नुपर्छ । बाहुल्यको तृतीय भागलाई मेखला बनाउनुपर्छ र मेखलाको जत्ति नै खाडल तयार गर्नुपर्छ । त्यसलाई क्रमशः उँधोतिर झुकेको पार्नुपर्छ। मेखलाको सोह्रौं अंशबाट खात निर्माण गर्नुपर्छ र त्यसकै मापनअनुसार त्यसका पिठमा विकाराङ्ग नामको उचाइ तयार गर्नुपर्छ। प्रस्तरको एक भाग भूमिमा प्रविष्ट भएको हुनुपर्छ र एक भागले पिण्डिका बनाउनुपर्छ । तीन भागले कण्ठको निर्माण गराउनुपर्छ र एक भागले पट्टिका बनाउनुपर्छ। दुई भागले माथिल्लो पट्टा बनाउनुपर्छ, एक भागले शेष पट्टिका बनाउनुपर्छ। कण्ठपर्यन्त एकएक भाग प्रविष्ट भएको हुनुपर्छ । त्यसपछि पुनः एक भागले निर्गम बनाउनुपर्छ । यो शेष पट्टिकासम्म रहन्छ । प्रणालको तृतीय भागले नै निर्गम बनाउनुपर्छ। तृतीय भागका मूलमा बुढीऔंठोजत्रै फराकिलो खात बनाउनुपर्छ। त्यो खात उत्तरतर्फ जानुपर्छ। यही नै पिण्डिकासहित साधारण लिङ्गको वर्णन गरियो ।१–२२।

५४. चतुष्पञ्चाशत्तमोऽध्यायः

नानालिङ्गमानादिलक्षण

भगवानुवाच

वक्ष्याम्यन्यप्रकारेण लिङ्गमानादिकं शृणु ।
वक्ष्ये लवणजं लिङ्गं घृतजं बुद्धिवर्द्धनम् ।१।
भूतये वस्त्रलिङ्गं तु लिङ्गं तात्कालिकं विदुः ।
पक्वापक्वं मृण्मयं स्यादपक्कात्पकजं वरम् ।२।
ततो दारुमयं पुण्यं दारुजाच्छैलजं वरम् ।
शैलाद्वरं तु मुक्ताजं ततो लौहं सुवर्णजम् ।३।
राजतं कीर्त्तितं ताम्रं पैत्तलं भुक्तिमुक्तिदम् ।
रङ्गजं रसलिङ्गं च भुक्तिमुक्तिप्रदं वरम् ।४।
रसजं रसलोहादिरत्नगर्भं तु वर्धयेत् ।
मानादि नेष्टं सिद्धादिस्थापितेऽथ स्वयम्भुवि ।५।
वामे च स्वेच्छया तेषां पीठप्रासादकल्पना ।
पूजयेत्सूर्यबिम्बस्थं दर्पणे प्रतिबिम्बितम् ।६।
पूज्यो हरस्तु सर्वत्र लिङ्गे पूर्णार्चनं भवेत् ।
हस्तोत्तरविधं शैलं दारुजं तद्वदेव हि ।७।
चलमङ्गुलमानेन द्वारगर्भकरैः स्थितम् ।
अङ्गुलादगृहलिङ्गं स्याद्यावत्पञ्चदशाङ्गुलम् ।८।
द्वारमानात्रिसङ्ख्याकं नवधा गर्भमानतः ।
नवधा गर्भमानेन लिङ्गं धाम्नि च पूजयेत् ।९।
एवं लिङ्गानि षट्त्रिंशज्ज्ञेयानि ज्येष्ठमानतः ।
मध्यमानेन षट्त्रिंशत्षट्त्रिंशदधमेन च ।१०।
इत्थमैक्येन लिङ्गानां शतमष्टोत्तरं भवेत् ।

भगवान्ले भने— हे ब्रह्मन् ! अब म अर्का किसिमका लिङ्ग आदिको वर्णन गर्दछु, सुन । नुन र घिउले बनाइएका शिवलिङ्गले बुद्धि बढाउँछ । वस्त्रमय लिङ्ग ऐश्वर्यप्रदायक हुन्छ । त्यसलाई तात्कालिक लिङ्ग मानिएको छ । माटाले दुई प्रकारका शिवलिङ्ग बनिएका हुन्छन्— पक्व र अपक्व । अपक्वभन्दा पक्वलाई श्रेष्ठ मानिएको छ । त्यसभन्दा पनि काठले बनाइएको शिवलिङ्ग अधिक पवित्र एवं पुण्यदायक हुन्छ। काठको शिवलिङ्गभन्दा ढुङ्गाको शिवलिङ्ग श्रेष्ठ हुन्छ। ढुङ्गाको भन्दा मोतीको र मोतीको भन्दा सुवर्णले बनेको 'लौहलिङ्ग' अधिक उत्तम मानिएको छ। चाँदी, ताँबा, पित्तल, रत्न तथा पारद आदि रसले बनेको शिवलिङ्ग भोग र मोक्ष प्रदान गर्ने एवं श्रेष्ठ हुन्छ । रसले बनेका लिङ्गलाई राङ, फलाम, सुन, ताँबा आदि तथा रत्नका भित्र जडाउ गरेर स्थापित गर्नुपर्छ। सिद्ध आदिले स्थापना गरेको स्वयम्भू लिङ्ग आदिको मापन गर्नु अभीष्ट छैन । बाणलिङ्ग नर्मदेश्वरका लागि पनि कुरो यस्तै हो, त्यसमा पनि नापजोखको आवश्यकता छैन । त्यस्ता शिवलिङ्गका लागि इच्छाअनुसारको पीठ र प्रासाद निर्माण गर्नुपर्छ। सूर्यमण्डलमा रहेका शिवलिङ्गलाई दर्पणमा प्रतिबिम्बित गरेर त्यसको पूजन गर्नुपर्छ । त्यसो त भगवान् शङ्कर सर्वत्र नै पूजनीय छन्, तापनि शिवलिङ्गमै उनको अर्चन पूर्ण हुने गर्दछ । प्रस्तरको शिवलिङ्ग एक हातभन्दा अधिक उच्च हुनुपर्छ। काष्ठमय लिङ्गको मान पनि यस्तै नै भनिएको छ। चल शिवलिङ्गको स्वरूप अङ्गुलमा मानका अनुसार निश्चित गर्नुपर्छ र स्थिर लिङ्गको द्वारमान, गर्भमान एवं हस्तमान अनुसार हुनुपर्छ। गृहमा पूजित हुने चललिङ्ग एक अङ्गुलदेखि पन्ध्र अङ्गुलसम्मको हुन सक्छ। द्वारमानका आधारमा लिङ्ग तीन भेदका हुन्छन् । यिनीहरू प्रत्येकको गर्भमानअनुसार नौनौ भेद हुन्छ। करमानका आधारमा अरू नौ लिङ्ग हुन्छन्। यिनीहरूको पूजा देवालयमा गरिन्छ। यसरी सबैलाई एकैमा जोड्नाले जम्मा छत्तीस लिङ्ग हुन्छन् भनी जान्नुपर्छ। यो ज्येष्ठमानअनुसार हो। मध्यमान र कनिष्ठमानका आधारमा पनि शिवलिङ्ग छत्तीसछत्तीसै हुन्छन् भनी जान्नुपर्छ। यसरी समस्त शिवलिङ्गलाई एकत्र गर्दा एक सय आठ हुन्छ। एकदेखि पाँच अङ्गुलसम्मका चल शिवलिङ्गलाई कनिष्ठ भनिएको छ र छदेखि दस अङ्गुलसम्मका चल लिङ्गलाई मध्यम भनिन्छ । एघारदेखि पन्ध्रसम्मका चल शिवलिङ्ग

एकाङ्गुलादिपञ्चान्तं कन्यसञ्चलमुच्यते ।११।
षडादिदशपर्यन्तं चलं लिङ्गञ्च मध्यमम् ।
एकादशाङ्गुलादि स्याज्ज्येष्ठं पञ्चदशान्तकम् ।१२।
षडङ्गुलं महारत्नै रत्नैरन्यैर्नवाङ्गुलम् ।
रविभिर्हेमभारोत्थं लिङ्गं शेषैस्त्रिपञ्चभिः ।१३।
षोडशांशे च वेदांशे युगं लुप्त्वोर्ध्वदिशतः ।
द्वात्रिंशत्षोडशांशांश्च कोणयोस्तु विलोपयेत् ।१४।
चतुर्निवेशनात्कंठो विंशतिस्त्रियुगैस्तथा ।
पार्श्वाभ्यां तु विलुप्ताभ्यां चललिङ्गं भवेद्वरम् ।१५।
धाम्नो युगर्तुनागांशैर्द्वारं हीनादितः क्रमात् ।
लिङ्गद्वारोच्छ्रयादर्वाग्भवेत्पादोनतः क्रमात् ।१६।
गर्भार्द्धेनाधमं लिङ्गं भूतांशैस्यात् स्त्रिभिर्वरम् ।
तयोर्मध्ये च सूत्राणि सप्त सम्पातयेत्समम् ।१७।
एवं स्युर्नव सूत्राणि भूतसूत्रैश्च मध्यमम् ।
द्व्यन्तरो वामभागश्च लिङ्गानां दीर्घता नव ।१८।
हस्ताद्विवर्द्धते हस्तो यावत्स्युर्नव पाणयः ।
हीनमध्योत्तमं लिङ्गं त्रिविधं त्रिविधात्मकम् ।१९।
एकैकलिङ्गमध्येषु त्रीणित्रीणि च पादशः ।
लिङ्गानि घटयेद्धीमान्षट्सु चाष्टोत्तरेषु च ।२०।
स्थिरदीर्घप्रमेयात्तु द्वारगर्भकरात्मिका ।
भागेशं चाप्यमीशं च देवेज्यन्तुल्यसंज्ञितम् ।२१।
चत्वारि लिङ्गरूपाणि विष्कम्भेण तु लक्षयेत् ।
दीर्घमायान्वितं कृत्वा लिङ्गं कुर्य्यात्रिरूपकम् ।२२।
चतुरष्टाष्टवृत्तं च तत्त्वत्रयगुणात्मकम् ।
लिङ्गानामीप्सितं दैर्घ्यं तेन कृत्वाङ्गुलानि वै ।२३।

ज्येष्ठ हुन् भनी जान्नु योग्य हुन्छ । महामूल्यवान् रत्नले बनेका शिवलिङ्ग छ अङ्गुलको, सुवर्णभारले बनेका बाह्र अङ्गुलको र शेष वस्तुले बनेको शिवलिङ्ग पन्ध्र अङ्गुलको हुनुपर्छ ।१-१३।

लिङ्गशिलालाई सोह्र अंश गरेर त्यसमाथिका चार अंशमध्ये पार्श्ववर्ती दुई भाग निकालिदिनुपर्छ । त्यसपछि बत्तीस अंश गरेर त्यसका दुवै कोणवर्ती सोह्र अंश मेटाउनुपर्छ। त्यसपछिका चार अंश मिसाउँदा कण्ठ हुन्छ । तात्पर्य यसो हो कि बीस अंशको कण्ठ हुन्छ र दुवै पार्श्वका तीन गुणे चार बराबर बाह्र अंश मेटाउँदा ज्येष्ठ चल लिङ्गको निर्माण हुन्छ । प्रासादको उचाइको मानलाई सोह्र अंशमा विभक्त गरेर त्यसमा चार, छ र आठ अंशले क्रमशः हीन, मध्यम र ज्येष्ठ द्वार निर्माण हुन्छ। द्वारको उचाइको एक चौथाइ कम गरियो भने त्यो लिङ्गको उचाइको मान हुन्छ। लिङ्गशिलाको गर्भको आधा भागसम्मको उचाइ भएको शिवलिङ्गलाई ज्येष्ठ भनिएको छ। यी दुवैका बीचमा बराबरको उचाइमाथि सात ठाउँमा सूत्रले रेखा बनाउनुपर्छ। यसो गर्दा नौ सूत्रका रेखा हुन्छन्। यी नौ सूत्रमध्ये पाँचको उचाइ मापन गरिएको शिवलिङ्ग मध्यम हो। लिङ्गको लम्बाइ वा उचाइमा क्रमशः दुईदुई अंशको अन्तर हुन्छ। यस किसिमले लिङ्गको दीर्घता बढ्दै जान्छ र नौ लिङ्ग निर्मित हुन्छन्। यदि हातको मापबाट नौ लिङ्ग निर्माण गरिन्छ भने पहिलो लिङ्ग एक हातको हुन्छ र त्यसपछि अर्काको माप पहिलेको भन्दा एक हात बढ्छ। यसरी नै जबसम्म नौ हातको लम्बाइ पूरा हुँदैन शिला या काठको मापन एकएक हात गरी बढिरहन्छ। माथि नै हीन, मध्यम र उत्तम गरी तीन किसिमका लिङ्ग बताइएको छ, तिनीहरू प्रत्येकका तीनतीन भेद छन् । बुद्धिमान् पुरुषले एकएक लिङ्गमा विभागपूर्वक तीनतीन लिङ्ग निर्माण गराउनुपर्छ। छ अङ्गुल र नौ अङ्गुलका शिवलिङ्गमा पनि तीनतीन लिङ्ग नै निर्माण गराउनुपर्छ। स्थिर लिङ्ग द्वारमान, गर्भमान र हस्तमान यी दीर्घ प्रमाणका अनुसार बनाउनुपर्छ। उक्त तीन मापनकै अनुसार भगेश, जलेश र देवेश गरी त्यसका तीन संज्ञा हुन्छन्। विस्तारका अनुसार लिङ्गको चार रूप लक्षित गर्नुपर्छ। दीर्घ प्रमाणका अनुसार सम्पादित हुने तीन रूपमा निर्दिष्ट लिङ्गलाई शुभ, आय आदिले युक्त गरेर निर्मित गर्नुपर्छ। ती त्रिविध लिङ्गको लम्बाइ चार या आठ हातको हुनु अभीष्ट हुन्छ। यिनीहरू क्रमशः त्रितत्त्वरूप वा त्रिगुणरूप हुन्। जुन लिङ्ग जति हातको हुन्छ, त्यसै अनुसार अङ्गुल बनाउनु आय सङ्ख्या हो। आय सङ्ख्या आठ हुन्छ भने स्वर सङ्ख्या सात हुन्छ। भूत सङ्ख्या पाँच र अग्नि सङ्ख्या तीन हो। यी

ध्वजाद्यायैः सुरैर्भूतैः शिखिभिर्वा हरेत्कृतिम् ।
तान्यङ्गुलानि यच्छेषं लक्षयेच्च शुभाशुभम् ।२४।
ध्वजाद्या ध्वजसिंहेभवृषाः श्रेष्ठाः परे शुभाः ।
खरेषु षट्जगान्धारपञ्चमाः शुभदायकाः ।२५।
भूतेषु च शुभा भूः स्यादग्निष्वाहवनीयकः ।
उक्तायामस्य चार्द्धांशे नागांशैर्भाजिते क्रमात् ।२६।
रसभूतांशषष्ठांशत्र्यंशाधिकशरैर्भवेत् ।
आढ्यानाढ्यसुरेज्यार्कतुल्यानां चतुरस्रता ।२७।
पञ्चमं वर्द्धमानाख्यं व्यासानाहप्रवृद्धितः ।
द्विधा भेदा बहुन्यत्र वक्ष्यन्ते विश्वकर्मतः ।२८।
आढ्यादीनां त्रिधा स्थौल्याद्यवधूतं तदष्टधा ।
त्रिधा हस्ताज्जिनाख्यं च युक्तं सर्वसमेन च ।२९।
पञ्चविंशति लिङ्गानि नाद्ये देवार्च्चिते तथा ।
पञ्चसप्तभिरेकत्वाज्जिनैर्भक्तैर्भवन्ति हि ।३०।
चतुर्दशसहस्राणि चतुर्दशशतानि च ।
एवमष्टाङ्गुलविस्तारो नवैककरगर्भतः ।३१।
तेषां कोणार्द्धकोणस्थैश्चिन्त्यात्कोणानि सूत्रकैः ।
विस्तारं मध्यतः कृत्वा स्थाप्यं वा मध्यतस्त्रयम् ।३२।
विभागादूर्ध्वमष्टास्रो द्व्यष्टास्रः स्याच्छिवांशकः ।
पादाज्जान्वन्तको ब्रह्मा नाभ्यन्तो विष्णुरित्यतः ।३३।
मूर्द्धान्तो भूतभागेशो व्यक्तेऽव्यक्ते च तद्वति ।
पञ्चलिङ्गव्यवस्थायां शिरो वर्तुलमुच्यते ।३४।
छत्राभं कुक्कुटाभं वा बालेन्दुप्रतिमाकृतिः ।
एकैकस्य चतुर्भेदैः काम्यभेदात्फलं वदे ।३५।
लिङ्गमस्तकविस्तारं वसुभक्तं तु कारयेत् ।

सङ्ख्याहरूले पृथक्पृथक् भाग लगाउनुपर्छ र शेष जे बचेको हुन्छ, त्यसै अनुसार शुभाशुभ फल जान्नुपर्छ। ध्वज आदिका आयहरूमा ध्वज, सिंह, गज र वृषभ यी श्रेष्ठ हुन्। अन्य चार आय अशुभ हुन् । स्वरहरूमा षड्ज, गान्धार र पञ्चम यी शुभदायक हुन् । भूतहरूमा पृथ्वी नै उत्तम हो । अग्निहरूमा आहवनीय अग्निलाई शुभ भनिन्छ । उक्त लिङ्गको लम्बाइ आधा गरेर त्यसमा आठले भाग लगाउँदा शेष यदि सातभन्दा धेरै भयो भने त्यस्तो लिङ्गलाई आढ्य भनिन्छ। यदि पाँचभन्दा बढी शेष रह्यो भने त्यो अनाढ्य हो। यदि छभन्दा बढी अंश शेष रहेको छ भने त्यो लिङ्ग देवेज्य हो र यदि तीन अंशभन्दा अधिक शेष छ भने त्यस लिङ्गलाई अर्कतुल्य मानिएको छ। यी चारै किसिमका लिङ्गहरू चतुष्कोण हुन्छन्। पाँचौं वर्धमान संज्ञक लिङ्ग हुन्छ । त्यसमा व्यासभन्दा नाह ठूलो हुन्छ । व्यासजत्रै नाह र व्यासभन्दा ठूलो नाहका हिसाबले पनि लिङ्ग दुई किसिमका हुन्छन् । विश्वकर्म शास्त्रअनुसार यी सबैका धेरै खालका भेद भएको बताइएको छ। आढ्य आदि लिङ्ग स्थूलता आदिका कारण तीन भेदका हुन्छन् । तिनीहरूमा एकएक यवको वृद्धि गर्दा ती सबै नै आठ प्रकारका लिङ्ग हुन्छन् । त्यसै गरी हस्तमानका आधारमा जिन संज्ञक लिङ्ग हुन्छ र त्यसका पनि तीन भेद छन्। त्यसलाई सर्वसम लिङ्गमा नै गणना गरिनेछ।१४-२९।

अनाढ्य, देवार्चित र अर्कतुल्यमा पनि पाँचपाँच भेद नै हुने भएकाले यी पच्चीस हुन्छन्। यी सबै एक, जिन र भक्त नामका भेदले पचहत्तर पुग्दछन् । सबैको आकलन गर्दा पन्ध्र हजार चार सय शिवलिङ्ग हुन सक्छन् । यसै गरी आठ अङ्गुलको विस्तार भएका लिङ्ग पनि एकाङ्गुल मान, हस्तमान र गर्भमानका अनुसार नौ भेद भएका हुन्छन् । यी सबैलाई कोण तथा अर्द्धकोणस्थ सूत्रले विभाजन गर्नुपर्छ । लिङ्गका मध्यभागको विस्तारलाई नै प्रत्येक विभागको विस्तार मानेर त्यसैअनुसार नै मध्य, ऊर्ध्व र अधः यी विभागको स्थापना गर्नुपर्छ । मध्यम विभागले माथिका अष्टकोण या षोडश कोण भएका शिवका अंश हुन् । पाद मूलभावले घुँडासम्मका लिङ्ग अधोभाग हुन्, यी ब्रह्माका अंश हुन् । त्यसपछि नाभीपर्यन्त लिङ्गको मध्यभाग हो, यो भगवान् विष्णुको अंश हो। मूर्धान्ति भाग भूतभागेश्वरको हो। व्यक्त-अव्यक्त सबै लिङ्गका लागि यस्तै कुरो बताइएको छ। जुन शिवलिङ्गमा पाँच लिङ्गको व्यवस्था छ, त्यहाँ शिरोभाग गोलाकार हुनुपर्छ भनिएको छ। त्यो गोलाइ छत्राकार हुनुपर्छ, कुखुराको फुल आकारको हुनुपर्छ, नवोदित चन्द्रजस्तो हुनुपर्छ अथवा पुरुषका आकारको वा त्रपुष आकारको हुनुपर्छ ।

आद्यभागं चतुर्द्धा तु विस्तारोच्छ्रायतो भजेत् ।३६।
चत्वारि तत्र सूत्राणि भागभागानुपातनात् ।
पुण्डरीकं तु भागेन विशालाख्यं विलोपनात् ।३७।
त्रिशातनात्तु श्रीवत्सं शत्रुकृद्वेदलोपनात् ।
शिरः सर्वसमे श्रेष्ठं कुक्कुटाभं सुराह्वये ।३८।
चतुर्भागात्मके लिङ्गे त्रपुषं द्वयलोपनात् ।
अनाद्यस्य शिरः प्रोक्तमर्द्धचन्द्रं शिरः शृणु ।३९।
अंशात्प्रान्ते युगांशैश्च द्व्येकहान्याऽमृताक्षकम् ।
पूर्णबालेन्दुकुमुदं द्वित्रिवेदक्षयात्क्रमात् ।४०।
चतुस्त्रिरेखं वदनं मुखलिङ्गमतः शृणु ।
पूजाभागः प्रकर्तव्यं मूर्त्यग्निपदकल्पितम् ।४१।
अर्कांशं पूर्ववत्त्यक्त्वा षट् स्थानानि विवर्त्तयेत् ।
शिरोन्नतिः प्रकर्त्तव्या ललाटं नासिका ततः ।४२।
वदनं चिवुकं ग्रीवा युगभागैर्भुजाक्षिभिः ।
कराभ्यां मुकुलीकृत्य प्रतिमायाः प्रमाणतः ।४३।
मुखं प्रति समः कार्यो विस्तारादष्टमांशतः ।
चतुर्मुखं मया प्रोक्तं त्रिमुखं चोच्यते शृणु ।४४।
कर्णपादाधिकास्तस्य ललाटादीनि निर्दिशेत् ।
भुजौ चतुर्भिर्भागैस्तु कर्त्तव्यौ पश्चिमोर्जितम् ।४५।
विस्तारादष्टमांशेन मुखानां प्रति निर्गमः ।
एकवक्त्रं तथा कार्यं पूर्वस्यां सौम्यलोचनम् ।४६।
ललाटनासिकावक्त्रग्रीवायां च विवर्त्तयेत् ।
भुजाच्च पञ्चमांशेन भुजहीनं विवर्त्तयेत् ।४७।
विस्तारस्य षडंशेन मुखैर्निर्गमनं हितम् ।
सर्वेषां मुखलिङ्गानां त्रपुषं वाथ कुक्कुटम् ।४८।

यसै गरी यी सबैको एकएक भेद भएकाले चार भेद हुन्छ । कामनाहरूका भेदले यिनको फलमा पनि भेद नै हुन्छ, त्यो बताउनेछु। लिङ्गका मस्तक भागको विस्तार जति अङ्गुलको हुन्छ, उति सङ्ख्यालाई आठले भाग गर्नुपर्छ । यसै गरी मस्तकलाई आठ भागमा विभक्त गरेपछि आदि चार भाग जुन छन् उनको विस्तार र उचाइ अनुसार ग्रहण गर्नुपर्छ। एक भाग छाँटिदिंदा पुण्डरीक नामको लिङ्ग हुन्छ, दुई भाग लुप्त गर्दा विशाल नामको लिङ्ग हुन्छ, तीन भाग उच्छेद गर्दा त्यसको श्रीवत्स संज्ञा हुन्छ र चार भाग लोप हुँदा त्यस लिङ्गलाई शत्रुकार भनिएको छ । शिरोभाग सबैतिरबाट समान छ भने श्रेष्ठ मानिएको छ । देवपूज्य लिङ्गमा मस्तकभाग कुखुराको फुलजस्तै गोलो हुनुपर्छ। चतुर्भागात्मक लिङ्गबाट माथिका दुई भाग मिटाइदिंदा त्रपुष नामको लिङ्ग हुन्छ। यो अनाद्य नामक शिवलिङ्गको शिर मानिएको छ। अब अर्द्धचन्द्राकार शिरका विषयमा सुन। शिवलिङ्गका प्रान्तभागमा एक अंशलाई चार भाग गरेर एक अंशलाई छोडिदिइयो भने त्यो अमृताक्ष नाम भएको हुन्छ। दोस्रो, तेस्रो र चौथो अंश लोप गर्नाले क्रमशः त्यस्ता शिवलिङ्गलाई पूर्णेन्दु, बालेन्दु र कुमुद भनिन्छ । यिनीहरू क्रमशः चतुर्मुख, त्रिमुख र एकमुख हुन्छन् । यी तीनैलाई मुखलिङ्ग पनि भनिन्छ। अब मुखलिङ्गका विषयमा सुन, पूजाभागलाई मूर्तिपूजा, अग्निपूजा र पदपूजा गरी त्रिविध कल्पना गर्नुपर्छ । पहिलेको जस्तै द्वादशांलाई त्याग गरेर छ भागले छ स्थानको अभिव्यक्ति गर्नुपर्छ। शिरलाई उच्च गर्नुपर्छ र ललाट, नासिका, मुख, चिबुक एवं ग्रीवा भागलाई पनि स्पष्टतया व्यक्त गर्नुपर्छ। चार भागले दुई भुजा तथा नेत्र प्रकट गर्नुपर्छ। प्रतिमाको परिमाणअनुसार मुकुलआकारमा हात बनाए विस्तारका आठौँ अंशले चार मुखको निर्माण गर्नुपर्छ। प्रत्येक मुख सबैतिरबाट समान हुनुपर्छ। मैले यो चतुर्मुख लिङ्गका विषयमा बताएको हुँ, अब त्रिमुखलिङ्गका विषयमा भन्छु, सुन। त्रिमुखलिङ्गमा चतुर्मुखको अपेक्षा कान र गोडा अधिक हुन्छन्। ललाट आदि अङ्गको पूर्ववत् निर्देश नै गर्नुपर्छ। चार अंशबाट दुई भुजाको निर्माण गर्नुपर्छ र तिनको पछिल्लो भाग सुदृढ र सुपुष्ट हुनुपर्छ। विस्तारको आठौँ अंशले तीनवटा मुख प्रकट गराउनुपर्छ। एकमुख लिङ्ग पूर्व दिशामा बनाउनुपर्छ। उसका दुई नेत्रमा सौम्यभाव रहनुपर्छ। ललाट, नासिका, मुख र ग्रीवामा विवर्तन हुनुपर्छ। बाहु विस्तारको पाँचौँ अंशले पूर्वोक्त अङ्गहरूको निर्माण हुनुपर्छ । एकमुखलिङ्गलाई बाहुरहित बनाउनुपर्छ। एकमुखलिङ्गमा विस्तारको छैटौँ अंशले मुखको निर्गमन हुनु हितकर हुन्छ भनिएको छ। मुखयुक्त लिङ्ग जति भए पनि ती सबैको शिरोभाग त्रपुषाकार या कुक्कुटाण्डजस्तै गोलाकार हुनुपर्छ।३०–४८।

५५. पञ्चपञ्चाशत्तमोऽध्यायः

पिण्डिकालक्षण

भगवानुवाच

अतः परं प्रवक्ष्यामि प्रतिमानां तु पिण्डिकाम् ।
दैर्घ्येण प्रतिमातुल्या तदर्धेन तु विस्तृता ।१।
उच्छ्रितायामतोऽर्द्धेन सुविस्तारार्द्धभागतः ।
तृतीयेन तु वा तुल्यां तत्रिभागेण मेखला ।२।
खातं च तत्प्रमाणं तु किञ्चिदुत्तरतो नतम् ।
विस्तारस्य चतुर्थेन प्रणालस्य विनिर्गमः ।३।
सम मूलस्य विस्तारमग्रे कुर्यात्तदर्द्धतः ।
विस्तारस्य तृतीयेन तोयमार्ग तु कारयेत् ।४।
पिण्डिकार्द्धेन वा तुल्यं दैर्घ्यमीशस्य कीर्तितम् ।
ईशं वा तुल्यदीर्घं च ज्ञात्वा सूत्रं प्रकल्पयेत् ।५।
उच्छ्रायं पूर्ववत्कुर्याद्भागषोडशसङ्ख्यया ।
अधःषट्कं द्विभागं तु कण्ठं कुर्यात्त्रिभागकम् ।६।
शेषास्त्वेकैकशः कार्याः प्रतिष्ठानिर्गमास्तथा ।
पट्टिका पिण्डिका चेयं सामान्यप्रतिमासु च ।७।
प्रासादद्वारमानेन प्रतिमाद्वारमुच्यते ।
गजव्यालकसंयुक्ता प्रभा स्यात्प्रतिमासु च ।८।
पिण्डिकापि यथाशोभं कर्त्तव्या सततं हरेः ।
सर्वेषामेव देवानां विष्णूक्तं मानमुच्यते ।
देवीनामपि सर्वासां लक्ष्म्युक्तं मानमुच्यते ।९।

भगवान्ले भने— हे ब्रह्मन् ! अब म प्रतिमाका पिण्डिकाहरूको लक्षण भन्दै छु । लम्बाइका हिसाबले पिण्डिका प्रतिमा जत्रै हुनुपर्छ र चौडाइमा त्यसको आधा हुन्छ। त्यसको उचाइ पनि प्रतिमाको उचाइभन्दा आधा हुनुपर्छ र त्यस अर्द्धभागको बराबर नै सुविस्तृत पनि हुनुपर्छ। अथवा त्यसको विस्तार लम्बाइको तृतीयांश जस्तै हुनुपर्छ। त्यसको एक तिहाइ भागलाई लिएर मेखला बनाउनुपर्छ पानी बग्नका लागि जुन खात हुन्छ त्यसको मापन पनि मेखलाकै जस्तो हुनुपर्छ । त्यो खोल्सो उत्तर दिशातिर केही होचो हुनुपर्छ । पिण्डिकाका विस्तारको एक चौथाइ भागले पानी निस्कने मार्ग वा प्रणाल बनाउनुपर्छ । मूल भागमा त्यसको विस्तार मूलकै बराबर हुन्छ तर अगाडि जाँदै गर्दा साँघुरिँदै आधा हुनुपर्छ । पिण्डिकाको विस्तारको एक तिहाइ भाग अथवा पिण्डिकाको आधा भागबराबर त्यो जलमार्ग हुनुपर्छ । त्यसको लम्बाइ प्रतिमाको लम्बाइकै तुल्य बताइएको छ अथवा प्रतिमा नै त्यसको लम्बाइको तुल्य हुनुपर्छ । यस कुरालाई राम्ररी बुझेर त्यसको सूत्रपात गर्नुपर्छ। प्रतिमाको उचाइ पूर्ववत् सोह्र भागको सङ्ख्याअनुसार नै गर्नुपर्छ। छ र दुई अर्थात् आठ भागलाई तल्लो आधा अङ्कका निमित्त बनाउनुपर्छ । इसभन्दा माथिका तीन भाग लिएर कण्ठ निर्माण गर्नुपर्छ । शेष भागलाई एकएक गरेर प्रतिष्ठा, निर्गम तथा पट्टिका आदिमा विभाजन गर्नुपर्छ। यो सामान्य प्रतिमामा पिण्डिकाको लक्षण बताइएको हो । प्रासादको द्वारको लम्बाइचौडाइअनुसार प्रतिमागृहलाई पनि द्वार भनिन्छ। प्रतिमाहरूमा हात्ती र सर्प, बाघ आदिका मूर्तिले युक्त तत्तत् देवताविषयक शोभाको रचना गर्नुपर्छ। श्रीहरिको पिण्डिका पनि सधैँ यथोचित शोभाले सम्पन्न बनाउनुपर्छ। सबै देवताहरूको प्रतिमाका लागि यस्तै मानिएको छ, जस्तो विष्णुको प्रतिमाका लागि भनियो र देवीहरूका लागि पनि त्यही परिमाण बताइएको छ, जुन लक्ष्मीका प्रतिमाका लागि भनियो ।१-९।

५६. षट्पञ्चाशत्तमोऽध्यायः

दिक्पालयागकथन

भगवानुवाच

प्रतिष्ठापञ्चकं वक्ष्ये प्रतिमात्मा तु पूरुषः ।
प्रकृतिः पिण्डिका लक्ष्मीः प्रतिष्ठा योगकस्तयोः ।१।
इच्छाफलार्थिभिस्तस्मात्प्रतिष्ठा क्रियते नरैः ।
गर्भसूत्रं तु निःसार्य्य प्रासादस्याग्रतो गुरुः ।२।
अष्टषोडशविंशान्तं मण्डपं चाधमादिकम् ।
स्नानार्थं कलशार्थं च यागद्रव्यार्थमर्द्धतः ।३।
त्रिभागेणार्द्धभागेन वेदिं कुर्यात्तु शोभनाम् ।
कलशैर्घटिकाभिश्च वितानाद्यैश्च भूषयेत् ।४।
पञ्चगव्येन सम्प्रोक्ष्य सर्वद्रव्याणि धारयेत् ।
अलङ्कृतो गुरुर्विष्णुं ध्यात्वात्मानं प्रपूजयेत् ।५।
अङ्गुलीयप्रभृतिभिर्मूर्तिपान्वलयादिभिः ।
कुण्डेकुण्डे स्थापयेच्च मूर्तिपांस्तत्रपारगान् ।६।
चतुष्कोणे चार्धकोणे वर्तुले पद्मसन्निभे ।
पूर्वादौ तोरणार्थं तु पिप्पलोदुम्बरो वटः ।७।
प्लक्षः सुशोभनं पूर्वं सुभद्रं दक्षतोरणम् ।
सुकर्म च सुहोत्रं च आप्ये सौम्ये समुच्छ्र्यम् ।८।
पञ्चहस्तं तु संस्थाप्य स्योनापृथ्वीति पूजयेत् ।
तोरणस्तम्भमूले तु कलशान्मङ्गलाङ्कुरान् ।९।
प्रदद्यादुपरिष्टाच्च कुर्य्याच्चक्रं सुदर्शनम् ।
पञ्चहस्तप्रमाणं तु ध्वजं कुर्य्याद्विचक्षणः ।१०।
वैपुल्यं चास्य कुर्वीत षोडशाङ्गुलसम्मितम् ।
सप्तहस्तोच्छ्रितं चास्य कुर्य्याद्दण्डं सुरोत्तम ।११।
अरुणोऽग्निनिभश्चैव कृष्णः शुक्लोऽथ पीतकः ।

भगवान् भने— हे ब्रह्मन् ! अब म प्रतिष्ठाका पाँच अङ्गको वर्णन गर्दछु । प्रतिमा पुरुषको प्रतीक हो भने पिण्डिका प्रकृतिको । अथवा प्रतिमा नारायणको प्रतीक हो भने पिण्डिका लक्ष्मीको । ती दुवैको योगलाई नै प्रतिष्ठा भनिन्छ । त्यसैले इच्छानुरूप फल खोज्ने मानिसले इष्टदेवताको प्रतिष्ठा गर्दछन् । आचार्यले मन्दिरका अगाडिं गर्भसूत्र निकालेर आठ, सोह्र, अथवा बीस हातको मण्डप तयार गर्नुपर्छ । तिनमा आठ हातको मण्डप निम्न, सोह्र हातको मध्यम र बीस हातको उत्तम मानिएको छ । मण्डपमा देवताको स्नानका लागि कलश स्थापना गर्न र यागसम्बन्धी द्रव्यहरू राख्नका लागि आधा स्थान सुरक्षित गर्नुपर्छ । त्यसपछि मण्डपका आधा वा एकतिहाइ भागमा सुन्दर वेदी बनाउनुपर्छ । त्यसलाई ठूल्ठूला कलश, साना घडा र चँदुवा आदिले सजाउनुपर्छ । पञ्चगव्यले मण्डपको भित्री स्थान चोख्याएर सबै सामग्री त्यहाँ राख्नुपर्छ । त्यसपछि गुरुले वस्त्रअलङ्कार आदिले विभूषित भई भगवान् विष्णुको ध्यान गर्दै पूजा गर्नुपर्छ । औँठी आदि भूषण र प्रार्थना आदिले मूर्तिपालकले विद्वान्हरूलाई सत्कार गर्दै कुण्डकुण्डमा तिनलाई बसाउनुपर्छ । उनीहरू वेदमा पारङ्गत हुनुपर्छ । चारकुने, अर्धचन्द्र, गोलाकार वा कमलजस्तो आकारका कुण्डहरूमा ती विद्वान्हरूलाई विराजमान गर्नुपर्छ । पूर्व आदि दिशाहरूमा तोरणका लागि पिपल, डुमरी, वर र प्लक्ष वृक्षका काठ उपयोग गर्नुपर्छ । पूर्व दिशाको द्वार सुशोभन नामले प्रसिद्ध हुन्छ । दक्षिणको दिशाको द्वार सुभद्र हो, पश्चिमको द्वार सुकर्मा र उत्तरको सुहोत्र नामले प्रसिद्ध हुन्छ । यी सबै तोरण स्तम्भ पाँच हात अग्ला हुनुपर्छ । यिनीहरूलाई स्थापना गरेर स्योना पृथिवि नो भन्ने मन्त्रले पूजा गर्नुपर्छ । तोरणस्तम्भका मूल भागमा मङ्गल अङ्कुरले युक्त कलश स्थापित गर्नुपर्छ । तोरणस्तम्भका माथिल्ला भागमा सुदर्शनचक्र स्थापना गर्नुपर्छ । यसका अतिरिक्त विद्वान् मानिसले त्यस ठाउँमा पाँच हातको ध्वजा स्थापित गर्नुपर्छ । त्यस ध्वजको चौडाइ सोह्र अङ्गुल हुनुपर्छ । हे सुरश्रेष्ठ ! त्यस ध्वजको दण्ड सात हात अग्लो हुनुपर्छ । अरुणवर्ण, अग्निवर्ण, कृष्ण, शुक्ल, पीत, रक्त तथा श्वेत यी वर्ण क्रमशः पूर्व आदि दिशाहरूमा ध्वजमा हुनुपर्छ । कुमुद, कुमुदाक्ष, पुण्डरीक, वामन, शङ्कुकर्ण, सर्वनेत्र, सुमुख र सुप्रतिष्ठित यी क्रमशः पूर्व आदिमा रहने

रक्तवर्णस्तथा श्वेतश्चैवं वर्णादिकं क्रमात् ।१२।
कुमुदः कुमुदाक्षश्चपुण्डरीकोऽथ वामनः ।
शङ्कुकर्णः सर्वनेत्रः सुमुखः सुप्रतिष्ठितः ।१३।
पूज्याः कोटिगुणैर्युक्ताः पूर्वाद्या ध्वजदेवताः ।
जलाढकसुपूरास्तु पक्वबिम्बोपमा घटाः ।१४।
अष्टाविंशाधिकशतं कालमण्डनवर्जिताः ।
सहिरण्या वस्त्रकण्ठाः सोदकास्तोरणाद्बहिः ।१५।
घटाः स्थाप्याश्च पूर्वादौ वेदिकायाश्च कोणगान् ।
चतुरः स्थापयेत्कुम्भानाजिघ्रेति च मन्त्रतः ।१६।
कुम्भेष्वावाह्य शक्रादीन् पूर्वादौ पूजयेत्क्रमात् ।
इन्द्रागच्छ देवराज वज्रहस्त गजस्थित ।१७।
पूर्वद्वारं च मे रक्ष देवैः सह नमोऽस्तु ते ।
त्रातारमिन्द्रमन्त्रेण अर्चयित्वा यजेद्बुधः ।१८।
आगच्छाग्ने शक्तियुत छागस्थ बलसंयुत ।
रक्षाग्नेयीं दिशं देवैः पूजां गृह्णनमोऽस्तु ते ।१९।
अग्निर्मूर्धेतिमन्त्रेण यजेद्वा अग्नये नमः ।
महिषस्थ यमागच्छ दण्डहस्त महाबल ।२०।
रक्ष त्वं दक्षिणद्वारं वैवस्वत नमोस्तु ते ।
वैवस्वतं सङ्गमनभित्यनेन यजेद्यमम् ।२१।
नैर्ऋतागच्छ खड्गाढ्य बलवाहनसंयुत ।
इदमर्घ्यमिदम्पाद्यं रक्षत्वं नैर्ऋतीं दिशम् ।२२।
एष ते नैर्ऋते मन्त्रेण यजेदर्घ्यादिभिर्नरः ।
मकरारूढ वरुण पाशहस्त महाबल ।२३।
आगच्छ पश्चिमद्वारं रक्षरक्ष नमोऽस्तु ते ।
उरुं हि राजा वरुणं यजेदर्घ्यादिभिर्गुरुः ।२४।
आगच्छ वायो सबल ध्वजहस्त सवाहन ।
वायव्यं रक्ष देवैस्त्वं समरुद्भिर्नमोऽस्तु ते ।२५।

ध्वजाका पूजनीय देवता हुन् । यिनमा करोडौं दिव्य गुण विद्यमान हुन्छन् । कलश पनि अत्यन्त पाकेको बिम्बफलजस्तै रातो देखिने गरी राम्रोसित पाकेको हुनुपर्छ । ती सबै एकएक गरी जलले भरिपूर्ण हुनुपर्छ । तिनीहरूको सङ्ख्या एक सय अठ्ठाईस हुनुपर्छ । तिनको स्थापना कालदण्ड नामको योग जहिले हुँदैन त्यस्तै समयमा गर्नुपर्छ । ती सबै कलशहरूमा सुवर्ण हालिएको हुनुपर्छ । तिनका कण्ठभागमा वस्त्र बेरेको हुनुपर्छ । ती जलपूर्ण कलशहरूलाई तोरणभन्दा बाहिर स्थापित गर्नुपर्छ ।१-१५।

वेदीका पूर्व आदि दिशा तथा कोणहरूमा पनि कलश स्थापित गर्नुपर्छ । पहिले पूर्व आदि चारै दिशामा चार कलश स्थापित गर्नुपर्छ । त्यस बेला आजिघ्र कलशम् आदि मन्त्रको पाठ गर्नुपर्छ । ती कलशहरूमा पूर्व आदि दिशाहरूका क्रमले इन्द्र आदि दिक्पालहरूको आह्वान गरेर पूजा गर्नुपर्छ । इन्द्रको आह्वान गर्दा— ऐरावत हातीमा बसेका, हातमा वज्र धारण गरेका हे देवताका राजा इन्द्र यहाँ आऊ र अन्य देवताहरूका साथमा मेरो पूर्व ढोकाको रक्षा गर, सबै देवताहरूका साथै तिमीलाई म नमस्कार गर्दछु भनेर गर्नुपर्छ । त्रातारमिन्द्र भन्ने मन्त्रले उनको अर्चना र आराधना गर्नुपर्छ । त्यसपछि निम्नाङ्कित रूपमा अग्निदेवतालाई— बोकामाथि चढेका, शक्ति धारण गरेका बलशाली, हे अग्निदेवता ! आऊ र देवताहरूका साथमा अग्निकोणको रक्षा गर । यो पूजा ग्रहण गर । तिमीलाई नमस्कार गर्दछु भनी आह्वान गर्नुपर्छ । त्यसपछि अग्निमूर्द्धा इत्यादि मन्त्रले अथवा अग्नये नमः भनेर अग्निको पूजा गर्नुपर्छ । यमराजको आह्वान— राँगामाथि चढेका दण्ड लिएका, महाबली, सूर्यपुत्र हे यम ! तिमी यहाँ आऊ र दक्षिण द्वारको रक्षा गर । तिमीलाई नमस्कार गर्दछु भन्दै गरेर वैवस्वतं सङ्गमनम् इत्यादि मन्त्रले यमराजको पूजा गर्नुपर्छ । निर्ऋतिको आह्वान— बल र वाहनले सम्पन्न हे खड्गधारी निर्ऋति ! आऊ, यो अर्घ्य-पाद्य तिमीलाई अर्पित छ । तिमी निर्ऋति दिशाको रक्षा गर भन्नुपर्छ । त्यसरी आह्वान गरेर एष ते निर्ऋते इत्यादि मन्त्र प्रदान गरी मानिसले निर्ऋतिको पूजा गर्नुपर्छ । वरुणको आह्वान गर्दा— गोहीमाथि आरूढ पाशधारी महाबली वरुणदेव ! आऊ र पश्चिम द्वारको रक्षा गर । तिमीलाई नमस्कार छ भन्नुपर्छ । यसरी आह्वान गरेपछि उरुं हि राजा वरुणः इत्यादि मन्त्रले आचार्यले वरुणदेवतालाई अर्घ्य आदिले पूजा गर्नुपर्छ । वायुदेवताको आह्वान गर्दा— आफ्नै वाहनमा आरूढ भएका ध्वजधारी हे महाबली वायुदेवता ! आऊ र देवताहरू तथा मरुद्गणका साथमा वायव्य कोणको रक्षा गर,

वात इत्यादिभिश्चार्चेदोन्नमो वायवेऽपि वा।
आगच्छ सोम सबल गदाहस्त सवाहन।२६।
रक्ष त्वमुत्तरद्वारं सकुबेर नमोस्तु ते।
सोमं राजानमिति वा यजेत्सोमाय वै नमः।२७।
आगच्छेशान सबल शूलहस्त वृषस्थित।
यज्ञमण्डपस्यैशानीं दिशं रक्ष नमोऽस्तु ते।२८।
ईशानमस्येति यजेदीशानाय नमोपि वा।
ब्रह्मन्नागच्छ हंसस्य स्रुक्स्रुवव्यग्रहस्तक।२९।
सलोकोर्ध्वा दिशं रक्ष यज्ञस्याज नमोऽस्तु ते।
हिरण्यगर्भेति यजेन्नमस्ते ब्रह्मणेऽपि वा।३०।
अनन्तागच्छ चक्राढ्य कूर्मस्थाहिगणेश्वर।
अधोदिशं रक्षरक्ष अनन्तेश नमोऽस्तु ते।
नमोऽस्तु सर्पेति यजेदनन्ताय नमोऽपि वा।३१।

तिमीलाई नमस्कार छ, भन्नुपर्छ। वात आवातु इत्यादि मन्त्रले अथवा ओं नमो वायवे भन्ने मन्त्रले वायुको पूजा गर्नुपर्छ। सोमको आह्वान गर्दा— बल र वाहनले सम्पन्न गदाधारी हे सोम ! तिमी यहाँ आऊ र उत्तर द्वारको रक्षा गर। कुबेरसहित तिमीलाई नमस्कार छ। भन्दै आह्वान गरेर सोमं राजानं इत्यादि मन्त्रले अथवा सोमाय नमः भन्ने मन्त्रले सोमको पूजा गर्नुपर्छ। ईशानको आह्वान गर्दा— वृषभमा आरूढ भएका महाबलशाली शूलधारी हे ईशान ! आऊ र यज्ञमण्डपको ईशान दिशालाई संरक्षण गर, तिमीलाई नमस्कार छ भन्नुपर्छ। यसै गरी आह्वान गरेर ईशानमस्य इत्यादि मन्त्रले अथवा ईशानाय नमः भनेर ईशानदेवताको पूजा गर्नुपर्छ। ब्रह्माको आह्वान गर्दा— हातका टुप्पामा स्रुक् र स्रुवा लिएर हाँसमाथि आरूढ भएका हे अजन्मा ब्रह्मा ! आऊ र लोकसहित यज्ञमण्डपलाई ऊर्ध्व दिशाबाट रक्षा गर, तिमीलाई नमस्कार छ भन्नुपर्छ। यसरी आह्वान गरेपछि हिरण्यगर्भ समवर्तताग्रे इत्यादि मन्त्रले अथवा नमस्ते ब्रह्मणे भन्ने मन्त्रले ब्रह्माको पूजा गर्नुपर्छ। अनन्तको आह्वान— कछुवाको पीठमा विराजमान, नागहरूका अधिपति, चक्रधारी हे अनन्त ! आऊ र अधो दिशाबाट रक्षा गर। हे अनन्तेश्वर तिमीलाई नमस्कार छ भन्दै आह्वान गरेर नमोऽस्तु सर्पेभ्यः इत्यादि मन्त्रले अथवा अनन्ताय नमः भनेर भगवान् अनन्तको पूजा गर्नुपर्छ।१६–३१।

५७. सप्तपञ्चाशत्तमोऽध्यायः

कुम्भाधिवासविधि

भगवानुवाच
भूमेः परिग्रहं कुर्य्यात्क्षिपेद्व्रीहींश्च सर्षपान्।
नारसिंहेन रक्षोघ्नान्प्रोक्षयेत्पञ्चगव्यतः।१।
भूमिं घटे तु सम्पूज्य सरत्ने साङ्गकं हरिम्।
अस्त्रमन्त्रेण करकं तत्र चाष्टशतं यजेत्।२।
अच्छिन्नधारया सिञ्चन्व्रीहीन्संस्कृत्य धारयेत्।
प्रदक्षिणं परिभ्राम्य कलशं विकिरोपरि।३।
सवस्त्रे कलशे भूयः पूजयेदच्युतं श्रियम्।
योगे योगेतिमन्त्रेण न्यसेच्छय्यां तु मण्डले।४।
कुशोपरि तूलिका च शय्यायां दिग्विदिक्षु च।
विद्याधिपान्यजेद्विष्णुं मधुघातं त्रिविक्रमम्।५।
वामनं दिक्षु वाय्वादौ श्रीधरं च हृषीकपम्।

भगवान्ले भने— हे ब्रह्मन् ! प्रतिष्ठाका लागि अथवा देवपूजनका लागि जुन भूमिलाई ग्रहण गरिन्छ, त्यहाँ नारसिंह मन्त्र पाठ गर्दै राक्षसहरूलाई पन्छाउने अक्षता र सर्स्युँ छरेर पञ्चगव्यले त्यस भूमिलाई चोख्याउनुपर्छ। रत्नयुक्त कलशमा अङ्ग देवताहरूसहित श्रीहरिको पूजन गरेर अस्त्रमन्त्रले एक सय आठ कमण्डलुको पूजा गर्नुपर्छ। अविच्छिन्न धाराले वेदीलाई सेचन गरी त्यहाँ धान, जौ आदि बीज संस्कारपूर्वक छरेर कलशलाई प्रदक्षिणाक्रमले घुमाउँदै त्यही अन्न छरेका ठाउँमा स्थापित गर्नुपर्छ। वस्त्रवेष्टित कलशमा पुनः भगवान् विष्णु र लक्ष्मीको पूजा गर्नुपर्छ। त्यसपछि योगे योगे इत्यादि मन्त्रले मण्डलमा शय्या र शय्यामाथि डसना बिछाएर दिशा, उपदिशा र विद्याधिपतिहरूको पूजा गर्नुपर्छ। पूर्व आदि दिशामा क्रमशः विष्णु, मधुसूदन, त्रिविक्रम र वामनको र अग्नि आदि कोणमा क्रमशः श्रीधर, हृषिकेश, पद्मनाभ एवं

पद्मनाभं दामोदरमैशान्यां स्नानमण्डपे ।६।
अभ्यर्च्य पश्चादैशान्यां चतुष्कुम्भे सवेदिके ।
स्नानमण्डपके सर्वद्रव्याण्यानीय निक्षिपेत् ।७।
स्नानकुम्भेषु कुम्भांस्तांश्चतुर्दिक्ष्वधिवासयेत् ।
कलशाः स्थापनीयास्तु अभिषेकार्थमादरात् ।८।
वटोदुम्बरकाश्वत्थांश्चम्पकाशोकश्रीद्रुमान् ।
पलाशार्जुनप्लुक्षांस्तु कदम्बवकुलाम्रकान् ।९।
पल्लवांस्तु समानीय पूर्वकुम्भे विनिक्षिपेत् ।
पद्मकं रोचनां दूर्वा दर्भपिञ्जलमेव च ।१०।
जातीपुष्पं कुन्दपुष्पं चन्दनं रक्तचन्दनम् ।
सिद्धार्थे तगरं चैव तण्डुलं दक्षिणे न्यसेत् ।११।
सुवर्णं रजतं चैव कूलद्वयमृदं तथा ।
नद्याः समुद्रगामिन्या विशेषाज्जाह्नवीमृदम् ।१२।
गोमयं च यवान् शालींस्तिलांश्चैवापरेन्यसेत् ।
विष्णुपर्णी श्यामलतां भृङ्गराजं शतावरीम् ।१३।
सहदेवीं महादेवीं बलां व्याघ्रीं सलक्षणाम् ।
ऐशान्यामपरे कुम्भे मङ्गलान्विनिवेशयेत् ।१४।
वल्मीकमृत्तिकां सप्तस्थानोत्थामपरे न्यसेत् ।
जाह्नवीबालुकाँ तोयं विन्यसेदपरे घटे ।१५।
वराहवृषनागेन्द्रविषाणोद्धृतमृत्तिकाम् ।
मृत्तिकां पद्ममूलस्य कुशस्य त्वपरे न्यसेत् ।१६।
तीर्थपर्वतमृद्भिश्च युक्तमप्यपरे न्यसेत् ।
नागकेशरपुष्पं च काश्मीरमपरे न्यसेत् ।१७।
चन्दनागुरुकर्पूरैः पुष्पं चैवापरे न्यसेत् ।
वैदूर्यं विद्रुमं मुक्तां स्फटिकं वज्रमेव च ।१८।
एतान्येकत्र निक्षिप्य स्थापयेद्देवसत्तमम् ।
नदीनदतडागानां सलिलैरपरे न्यसेत् ।१९।
एकाशीतिपदे धान्यान्मण्डपे कलशान् न्यसेत् ।
गन्धोदकाद्यैः सम्पूर्णाञ्छ्रीसूक्तेनाभिमन्त्रयेत् ।२०।
यवान्सिद्धार्थकं गन्धं कुशाग्रं चाक्षतं तथा ।
तिलान्फलं तथा पुष्पमर्घ्यार्थं पूर्वतो न्यसेत् ।२१।
पद्मं श्यामलतां दूर्वां विष्णुपर्णीं कुशांस्तथा ।

दामोदरको पूजा गर्नुपर्छ । दामोदरको पूजा ईशानकोणमा हुनुपर्छ । यसरी पूजा गरिसकेपछि स्नानमण्डपभन्दा भित्र ईशानकोणमा रहको र वेदीमा विभूषित गराइएका कलशमा स्नानोपयोगी सबै द्रव्यहरू ल्याएर राख्नुपर्छ। ती कशलहरूलाई चारै दिशामा विराजमान गराउनुपर्छ। भगवान्को अभिषेकका लागि सञ्चित गरिएका ती कलशहरू अति आदरका साथ राख्न योग्य हुन्छन्। पूर्व दिशाका कलशमा बर, डुम्री, चम्पा, अशोक, बेल, पलाश, अर्जुन, पाखी, कदम, मौलश्री र आँपका पल्लवहरू ल्याएर हाल्नुपर्छ । दक्षिणका कलशमा कमल, रोचन, दुबो, कुशको मुठो, जातीपुष्प, कुन्द, श्वेतचन्दन, रक्तचन्दन, सस्र्युं, तगर र अक्षत हाल्नुपर्छ। पश्चिमका कलशमा सुन, चाँदी, समुद्रगामिनी नदीका दुवै तटको माटो, विशेष गरी गङ्गाको माटो, गोबर, जौ, मंसिरे धनको चामल र तिल छर्नुपर्छ । उत्तरका कलशमा विष्णुपर्णी अर्थात् भुईं अमला, शालपर्णी, भृङ्गराज, शतवरी, सहदेवी, बोजो, सिंही, बला, व्याघ्री, र लक्ष्मणा यी औषधिहरू हाल्नुपर्छ। ईशानकोणका अन्य कलशमा माङ्गलिक वस्तुहरू हाल्नुपर्छ।१-१४।

अग्निकोणका अर्का कलशमा बाँबी आदि सात स्थानको माटो हाल्नुपर्छ । नैर्ऋत्यकोणमा भएका कलशमा गङ्गाको बालुवा र जल हाल्नुपर्छ र वायव्यकोणका कलशमा सुँगुर, साँढे र हात्तीको दाँत वा सिङले कोरेको माटो, कलमको जरानजिकको माटो हाल्नुपर्छ भने अन्य कलशहरूमा कुशका फेदको माटो हाल्नुपर्छ। यसै गरी कुनै कलशमा तीर्थ र पर्वतको माटो मिसिएको जल हाल्नुपर्छ, कुनैमा नागकेसरको फूल र केसर हाल्नुपर्छ, कुनै कलशमा चन्दन, अगुरु र कपुर हालेर कुनै कलश भर्नुपर्छ र तिनमा वैदूर्य, विद्रुम, मुक्ता, स्फटिका तथा हीरा यी पाँच रत्न पनि हाल्नुपर्छ । यी सबैलाई एकै कलशमा हालेर त्यसैमाथि इष्टदेवतालाई स्थापना गर्नुपर्छ । अन्य कलशमा नदी, पोखरी तलाउ आदिका जलले भर्नुपर्छ। एकासी पद भएका वास्तुमण्डलमा अन्यान्य कलशहरूलाई स्थापना गर्नुपर्छ। यी कलशहरू गन्धोदक आदिले पूरा गरेको हुनुपर्छ । ती सबैलाई श्रीसूक्तले अभिमन्त्रित गर्नुपर्छ । जौ, सस्र्युं, गन्ध, कुशाग्र, अक्षता, तिल, फल र पुष्प यी सबैलाई अर्घ्यका लागि पात्रविशेषमा सञ्चित गरेर पूर्व दिशातर्फ राख्नुपर्छ। कमल, श्यामलता, दूर्वादल, विष्णुक्रान्ता र कुश यी सबैलाई पाद्य निवेदनका लागि दक्षिण भागमा स्थापित गर्नुपर्छ। मधुपर्क पश्चिम दिशामा राख्नुपर्छ। कङ्कोल, लवङ्ग र

पाद्यार्थं दक्षिणे भागे मधुपर्कं तु पश्चिमे ।२२।
कक्कोलकं लवङ्गं च तथा जातीफलं शुभम् ।
उत्तरेह्याचमनाय अग्नौ दूर्वाक्षतान्वितम् ।२३।
पात्रं नीराजनार्थं च तथोद्वर्त्तनमानिले ।
गन्धपुष्पान्वितं पात्रमैशान्यां पात्रके न्यसेत् ।२४।
मुरामांसीं चामलकं सहदेवीं निशादिकम् ।
पुष्टिदीपान् न्यसेदष्टौ न्यसेन्नीराजनाय च ।२५।
शङ्खं चक्रं च श्रीवत्सं कुलिशं पङ्कजादिकम् ।
हेमादिपात्रे कृत्वा तु नानावर्णादिपुष्पकम् ।२६।

सुन्दर जायफल आदिलाई आचमनका उपयोगका लागि उत्तर दिशामा राख्नुपर्छ । अग्निकोणमा दूर्वा र अक्षतले युक्त एक पात्र नीराजनका लागि राख्नुपर्छ । वायव्यकोणमा उद्वर्तनपात्र तथा ईशानकोणमा गन्धपिष्टले युक्त पात्र राख्नुपर्छ। कलशमा जटामसी, अमला, काँचो बेसार आदि हाल्नुपर्छ । आरतीका लागि तयार गरिने नीराजनका लागि अडसट्ठीवटा दीपक स्थापना गर्नुपर्छ। शङ्ख तथा धातुनिर्मित चक्र, श्रीवत्स, वज्र एवं कमलपुष्प आदि रङ्गीबिरङ्गी पुष्प सुवर्ण आदिलाई पनि पात्रमा सजाएर राख्नुपर्छ ।१५-२६।

५८. अष्टपञ्चाशत्तमोऽध्यायः

स्नानानादिविधि

भगवानुवाच

ऐशान्यां जनयेत्कुण्डं गुरुर्वह्निं च वैष्णवम् ।
गायत्र्याष्टशतं हुत्वा सम्पातविधिना घटान् ।१।
प्रोक्षयेत्कारुशालायां शिल्पिभिर्मूर्त्तिपैर्व्रजेत् ।
तूर्य्यशब्दैः कौतुकं च बन्धयेद्दक्षिणे करे ।२।
विष्णवे शिपिविष्टेति ऊर्णासूत्रेण सर्षपैः ।
पट्टवस्त्रेण कर्तव्यं देशिकस्यापि कौतुकम् ।३।
मण्डपे प्रतिमां स्थाप्य सवस्त्रां पूजितां स्तुवन् ।
नमस्तेऽर्च्ये सुरेशानि प्रणीते विश्वकर्मणा ।४।
प्रभाविताशेषजगद्धात्रि तुभ्यं नमो नमः ।
त्वयि सम्पूजयामीशे नारायणमनामयम् ।५।
रहिता शिल्पिदोषैस्त्वमृद्धियुक्ता सदा भव ।
एवं विज्ञाप्य प्रतिमां नयेत्तां स्नानमण्डपम् ।६।
शिल्पिनं तोषयेद्द्रव्यैर्गुरवे गां प्रदापयेत् ।
चित्रं देवेतिमन्त्रेण नेत्रे चोन्मीलयेत्ततः ।७।
अग्निर्ज्योतीति दृष्टिं च दद्याद्वै भद्रपीठके ।
ततः शुक्लानि पुष्पाणि घृतं सिद्धार्थकं तथा ।८।

भगवान् हयग्रीवले भने– हे ब्रह्मन् ! आचार्यले ईशानकोणमा एउटा अग्निकुण्ड तयार गर्नुपर्छ र त्यसमा वैष्णव अग्निलाई स्थापना गर्नुपर्छ। त्यसपछि गायत्री मन्त्रले एक सय आठ आहुति दिएर सम्पातविधिले कलशहरूलाई प्रोक्षण गर्नुपर्छ। त्यसपछि मूर्तिपालक विद्वान् र शिल्पिहरूका साथमा यजमान बाजागाजाका साथ कारुशाला जानुपर्छ । त्यहाँ प्रतिमाका रूपमा तयार राखिएका इष्टदेवताका दाहिने हातमा कौतुकसूत्र बाँध्नुपर्छ । त्यसरी बाँध्दा विष्णवे शिपिविष्टाय नमः भन्ने मन्त्रको पाठ गर्नुपर्छ । त्यस बेला आचार्यका हातमा पनि ऊनीको धागो, सर्स्युं र रेसमी वस्त्रले कौतुक बाँध्नुपर्छ। मण्डलमा वस्त्रसहितका प्रतिमाको स्थापना र पूजा गरेर त्यसको स्तुति गर्दै– विश्वकर्माले बनाएका हे देवेश्वरी प्रतिमा ! तिमीलाई नमस्कार छ। हे सम्पूर्ण जगत्लाई नै प्रभावित गर्ने प्रतिमा तिमीलाई बारम्बार मेरो नमस्कार छ। हे ईश्वरी ! म तिमीभित्र निरामय नारायणदेवताको पूजा गर्दछु । तिमी शिल्पसम्बन्धी दोषले रहित रहेर मेरा निम्ति सधैँ समृद्धिशालिनी बन भन्नुपर्छ । यसरी प्रार्थना गरेर प्रतिमालाई स्नानमण्डपमा लैजानुपर्छ । शिल्पीलाई मनग्गे द्रव्य दिएर सन्तुष्ट गराउनू, गुरुलाई गोदान गर्नू। चित्रं देवानां इत्यादि मन्त्रले प्रतिमाका आँखा बन्द गरिदिनु, अग्निर्ज्योतिः इत्यादि मन्त्रले दृष्टि सञ्चार गराउनू । त्यसपछि भद्रपीठमा प्रतिमालाई स्थापना गर्नू। त्यसपछि आचार्यले श्वेतपुष्प, घिउ, सर्स्युं, दूर्वादल, कुशाग्र आदि इष्टदेवका शिरमा चढाउनुपर्छ।

दूर्वा कुशाग्रं देवस्य दद्याच्छिरसि देशिकः ।
मधुवातेति मन्त्रेण नेत्रे चाभ्यञ्जयेद्गुरुः ।९।
हिरण्यगर्भमन्त्रेण इमं मेति च कीर्त्तयेत् ।
घृतेनाभ्यञ्जयेत्पश्चात्पठन्घृतवती पुनः ।१०।
मसुरपिष्टेनोद्वर्त्य अतो देवेति कीर्तयेत् ।
क्षालयेदुष्णतोयेन सप्त तेऽग्नेति देशिकः ।११।
द्रुपदादिवेत्यनुलिम्पेदापोहिष्टेति सेचयेत् ।
नदीजैस्तीर्थजैः स्नानं पावमानीति रत्नजैः ।१२।
समुद्रं गच्छ चन्दनैस्तीर्थमृत्कलशेन च ।
शन्नो देवीः स्नापयेच्च गायत्र्याप्युष्णवारिणा ।१३।
पञ्चमृद्भिर्हिरण्येति स्नापयेत्परमेश्वरम् ।
सिकताद्भिरिमं मेति वल्मीकोदघटेन च ।१४।
तद्विष्णोरिति ओषध्यद्भिर्या ओषधीति मन्त्रतः ।
यज्ञायज्ञेति काषायैः पञ्चभिर्गव्यकैस्ततः ।१५।
पयः पृथिव्यां मन्त्रेण याः फलीति फलाम्बुभिः ।
विश्वतश्चक्षुः सौम्येन पूर्वेण कलशेन च ।१६।
सोमं राजानमित्येवं विष्णो रराटं दक्षतः ।
हंसः शुचिः पश्चिमेन कुर्य्यादुद्वर्त्तनं हरेः ।१७।
मूर्द्धानमितिमन्त्रेण धात्रीमांस्युदकेन च ।
मानस्तोकेति मन्त्रेण गन्धद्वारेति गन्धकैः ।१८।
इदमापेति च घटैरेकाशीतिपदस्थितैः ।
एह्येहि भगवन्विष्णो लोकानुग्रहकारक ।१९।
यज्ञभागं गृहाणेमं वासुदेव नमोऽस्तु ते ।
अनेनावाह्य देवेशं कुर्यात्कौतुकमोचनम् ।२०।
मुञ्चामि त्वेतिसूक्तेन देशिकस्यापि मोचयेत् ।
हिरण्मयेन पाद्यं दद्यादतो देवेति चार्घ्यकम् ।२१।

त्यसपछि मधु वाता इत्यादि मन्त्रले गुरुले प्रतिमाका आँखामा अञ्जन गराउनुपर्छ । त्यस बेलामा हिरण्यगर्भः इत्यादि र इमं वरुण आदि यजुर्वेदका मन्त्रले कीर्तन गर्नुपर्छ । त्यसपछि पुनः घृतवती ऋचालाई पाठ गर्दै घिउले अभ्यङ्ग गर्नुपर्छ । त्यसपछि मसुरोका पिठोले बुकुवा गराउँदै अतो देवाः इत्यादि मन्त्रको कीर्तन गर्नुपर्छ । त्यसपछि सप्त ते अग्ने इत्यादि मन्त्र पढेर गुरुले तातो पानीले प्रतिमालाई पखाल्नुपर्छ । त्यसपछि द्रुपदादिव इत्यादि मन्त्र पढ्दै सिँगार्नुपर्छ र आपो हि ष्ठा इत्यादि मन्त्रले अभिषेक गर्नुपर्छ । अभिषेक गरिसकेपछि नदी एवं तीर्थका पानीले स्नान गराएर पावमानी ऋचाको पाठ गर्दै रत्न स्पर्श गराएको जलले स्नान गराउनुपर्छ । समुद्रं गच्छ स्वाहा इत्यादि मन्त्र पढेर तीर्थको माटो र कलशका जलले स्नान गराउनुपर्छ । शं नो देवीः इत्यादि तथा गायत्री मन्त्र पाठ गर्दै तातो पानीले इष्टदेवताको प्रतिमालाई नुहाइदिनुपर्छ । हिरण्यगर्भः इत्यादि मन्त्रले पाँच किसिमका मृत्तिकाहरूद्वारा परमेश्वरलाई स्नान गराउनुपर्छ । त्यसपछि इमं मे गङ्गे यमुने इत्यादि मन्त्रले बालुवामिश्रित जलले तथा तद् विष्णोः इत्यादि मन्त्रले माटोमिश्रित जलले पूर्ण घट भरेर भगवान्लाई स्नान गराउनुपर्छ । या ओषधीः इत्यादि मन्त्रले ओषधिमिश्रित जलले यज्ञा यज्ञा इत्यादि मन्त्रले अमला आदि टर्रा पदार्थमिश्रित जलले पयः पृथिव्याम् इत्यादि मन्त्रले पञ्चगव्यले या फलिनीः इत्यादि मन्त्रले फलमिश्रित जलले भगवान्लाई नुहाइदिनुपर्छ । विश्वतश्चक्षुः इत्यादि मन्त्रले उत्तरवर्ती कलशद्वारा सोमं राजानम् यस मन्त्रले पूर्ववर्ती कलशद्वारा विष्णो रराटमसि इत्यादि मन्त्रले दक्षिणवर्ती कलशद्वारा हंस शुचिषद् इत्यादि मन्त्रले पश्चिमवर्ती कलशद्वारा भगवान्लाई उद्वर्तन स्नान गराउनुपर्छ ।१-१७।

मूर्द्धानं दिवो इत्यादि मन्त्रले अमला मिसाएका जलले, मा नस्तोके इत्यादि मन्त्रले जटामसीमिश्रित जलले गन्धद्वारम् इत्यादि मन्त्रले गन्धमिश्रित जलले एकासी पद भएका वास्तुमण्डलमा राखिएका कलशले भगवान्लाई नुहाइदिनुपर्छ । यस किसिमको स्नान गराइसकेपछि भगवान्लाई सम्बोधित गर्दै– हे भगवान् ! हे समस्त लोकमा अनुग्रह गर्ने सर्वव्यापी वासुदेव ! आऊ, आऊ यो यज्ञभाग ग्रहण गर, तिमीलाई नमस्कार छ भन्नुपर्छ । यस किसिले देवेश्वरलाई आह्वान गरेर उनका हातमा बाँधिएको मङ्गलसूत्र खोलिदिनुपर्छ । त्यसलाई खोल्दा मुञ्चामि त्वा भन्ने मन्त्रको पाठ गर्नुपर्छ । यसै मन्त्रले आचार्यको कौतुकसूत्र

मधुवाता मधुपर्क्कं मयि गृह्णामि चाचमेत् ।
अक्षन्नमीमदन्तेति किरेद् दूर्वाक्षतं बुधः ।२२।
काण्डान्निर्मन्छनं कुर्याद् गन्धं गन्धवतीति च ।
उन्नयामीति माल्यं च इदं विष्णुः पवित्रकम् ।२३।
बृहस्पते वस्त्रयुग्मं वेदाहमित्युत्तरीयकम् ।
महाव्रतेन सकली पुष्पं चौषधयःक्षिपेत् ।२४।
धूपं दद्याधूरसीति विभ्राट्सूक्तेन चाञ्जनम् ।
युञ्जन्तीति च तिलकं दीर्घायुष्ट्वेति माल्यकम् ।२५।
इन्द्रच्छत्रेति छत्रं तु आदर्शं तु विराजतः ।
चामरं तु विकर्णेन भूषां रथन्तरेण च ।२६।
व्यजनं वायुदेवत्यैर्मुञ्चामित्वेति पुष्पकम् ।
वेदाद्यैः संस्तुति कुर्य्याद्धरेः पुरुषसूक्ततः ।२७।
सर्वमेतत्समं कुर्यात्पिण्डिकादौ हरादिके ।
देवस्योत्थानसमये सौपर्णं सूक्तमुच्चरेत् ।२८।
उत्तिष्ठेति समुत्थाप्य शय्याया मण्डपे नयेत् ।
शाकुनेनैव सूक्तेन देवं ब्रह्मरथादिना ।२९।
अतो देवेति सूक्तेन प्रतिमाँ पिण्डिकाँ तथा ।
श्रीसूक्तेन च शय्यायाँ विष्णोस्तु सकलीकृतिः ।३०।
मृगराजं वृषं नागं व्यजनं कलशं तथा ।
वैजयन्तीं तथा भेरीं दीपमित्यष्टमङ्गलम् ।३१।
दर्शयेदश्वसूक्तेन पाददेशे त्रिपादिति ।
उखां पिधानकं पात्रमम्बिकां दर्विकां ददेत् ।३२।
मुसलोलूखलं दद्याच्छिलां सम्मार्जनीं तथा ।
तथा भोजनभाण्डानि गृहोपकरणानि च ।३३।
शिरोदेशे च निद्राख्यं वस्त्ररत्नयुतं घटम् ।
खण्डखाद्यैः पूरयित्वा स्नपनस्य विधिः स्मृतः ।३४।

पनि खोल्नुपर्छ। त्यसपछि हिरण्मयेन इत्यादि मन्त्रले पाद्य र अतो देवाः इत्यादि मन्त्रले अर्घ्य चढाउनुपर्छ। त्यसपछि मधु वाताः भन्ने मन्त्रले मधुपर्क दिएर मयि गृह्णामि इत्यादि मन्त्रले आचमन गराउनुपर्छ। त्यसपछि विद्वान् पुरुषले अक्षन्नमीमदन्त इत्यादि मन्त्र पढेर भगवान् अङ्गहरूमा दूर्वा एवं अक्षत छर्नुपर्छ। काण्डात् इत्यादि मन्त्रले निर्मञ्छन गरेर गन्धवती इत्यादि मन्त्रले गन्ध अर्पित गर्नुपर्छ। उन्नयामि भन्ने मन्त्रले फूलमाला र इदं विष्णु भन्ने मन्त्रले पवित्रक अर्पित गर्नुपर्छ। बृहस्पते इत्यादि मन्त्र पढेर एक जोडा वस्त्र चढाउनुपर्छ। वेदाहमेतम् इत्यादि मन्त्रले उत्तरीय वस्त्र अर्पित गर्नुपर्छ। महाव्रतेन भन्ने मन्त्रले फूल र औषधि आदि चढाउनुपर्छ। त्यसपछि धूरसि भन्ने मन्त्रले धुप चढाउनुपर्छ। विभ्राट् सूक्तले अञ्जन अर्पित गर्नुपर्छ। युञ्जन्ति इत्यादि मन्त्रले तिलक लगाउनुपर्छ र दीर्घत्वाय भन्ने मन्त्रले फूलमाला चढाउनुपर्छ। इन्द्र क्षत्रमभि इत्यादि मन्त्रले छत्र, विराट् भन्ने मन्त्रले दर्पण, विकर्ण मन्त्रले चँवर तथा रथन्तर साम मन्त्रले आभूषण निवेदित गर्नुपर्छ। वायुदेवतासम्बन्धी मन्त्रले व्यजन, मुञ्चामि त्वा भन्ने मन्त्रले फूल र पुरुषसूक्तका मन्त्रले श्रीहरिलाई स्तुति गर्नुपर्छ। यी सबै वस्तुहरू पिण्डिका आदिमा र शिव आदि देवताहरूमा पनि यसै गरी चढाउनुपर्छ। भगवान्लाई उठाउँदा सौपर्ण सूक्तको पाठ गर्नुपर्छ। हे प्रभो ! उठ भन्दै भगवान्लाई उठाएर मण्डपको शय्यामा लानुपर्छ। त्यस बेलामा शकुनि सूक्तको पाठ गर्नुपर्छ। ब्रह्मरथ एवं पालकी आदिले भगवान्लाई शय्यामा लैजानुपर्छ। अतो देवाः भन्ने सूक्तले र श्रीश्च ते लक्ष्मीश्च भन्ने मन्त्रले प्रतिमा र पिण्डिकालाई शय्यामा विराजमान गराउनुपर्छ। त्यसपछि भगवान् विष्णुका लागि निष्कलीकरण क्रिया सम्पादित गर्नुपर्छ। सिंह, वृषभ, हात्ती, व्यजन, कलश, वैजयन्ती, भेरी र दीपक यी आठ वस्तु मङ्गलसूचक हुन्। यी सबै वस्तुलाई अश्वसूक्तको पाठ गर्दै भगवान्लाई देखाउनुपर्छ। त्रिपात् भन्ने मन्त्रले भगवान्का चरणमा उखा नामको पात्र, त्यसको ढक्कन, कराही, डाडु, भाँडा, ओखल, मुसल, सिलौटो, झाडु, भोजनपात्र आदि सबै घरायसी सामान राख्नुपर्छ। उनका शिरतर्फ वस्त्र र रत्नले युक्त एउटा कलश स्थापित गर्नुपर्छ। त्यो चिनी र अन्य खाद्यपदार्थले भरिएको हुनुपर्छ। त्यस घटको नाम निद्रा हो। यसै गरी भगवान्का शयनको विधि बताइएको छ ।१८-३४।

५९. ऊनषष्टितमोऽध्यायः

अधिवासनकथन

भगवानुवाच

हरेः सान्निध्यकरणमधिवासनमुच्यते ।
सर्वज्ञं सर्वगं ध्यात्वा आत्मानं पुरुषोत्तमम् ।१।
ओङ्कारेण समायोज्य चिच्छक्तिमभिमानिनीम् ।
निःसार्य्यात्मैकतां कृत्वा स्वस्मिन्सर्वगते विभौ ।२।
योजयेन्मरुता पृथ्वीं वह्निबीजेन दीपयेत् ।
संहरेद्वायुना चाग्निं वायुमाकाशतो नयेत् ।३।
अधिभूताधिदेवैस्तु साध्याख्यैर्विभवैः सह ।
तन्मात्रपातकान्कृत्वा संहरेत्तत् क्रमाद् बुधः ।४।
आकाशं मनसाहृत्य मनोऽहङ्करणे कुरु ।
अहङ्कारं च महति तं चाप्यव्याकृते नयेत् ।५।
अव्याकृतं ज्ञानरूपे वासुदेवः स ईरितः ।
स तामव्याकृतां मायामवष्टभ्य सिसृक्षया ।६।
सङ्कर्षणं स शब्दात्मा स्पर्शाख्यमसृजत्प्रभुः ।
क्षोभ्य मायां स प्रद्युम्नं तेजोरूपं स चासृजात् ।७।
अनिरुद्धं रसमात्रं ब्रह्माणं गन्धरूपकम् ।
अनिरुद्धः स च ब्रह्मा अप आदौ ससर्ज ह ।८।
तस्मिन् हिरण्मयं चाण्डं सोऽसृजत्पञ्चभूतवत् ।
तस्मिन्सङ्क्रमिते जीवे शक्तिरात्मोपसंहृता ।९।
प्राणो जीवेन संयुक्तो वृत्तिमानिति शब्द्यते ।
जीवो व्याहृतिसंज्ञस्तु प्राणेष्वाध्यात्मिकः स्मृतः ।१०।
प्राणैयुक्ता ततोबुद्धिः सञ्जाता चाष्टमूर्तिको ।
अहङ्कारस्ततो जज्ञे मनस्तस्मादजायत ।११।
अर्थाः प्रजज्ञिरे पञ्च सङ्कल्पादियुतास्ततः ।
शब्दः स्पर्शश्च रूपं च रसो गन्ध इति स्मृताः ।१२।
ज्ञानशक्तियुतान्येतैरारब्धानीन्द्रियाणि तु ।
त्वक्छ्रोत्रघ्राणचक्षूंषि जिह्वाबुद्धीन्द्रियाणि तु ।१३।

भगवान्ले भने— हे ब्रह्मन् ! श्रीहरिको सान्निध्यकरण वा अधिवासन भन्दछु । साधकले म अथवा मेरो आत्मा सर्वज्ञ सर्वव्यापी पुरुषोत्तम नै हो भन्ने मान्नुपर्छ । यस किसिमको भावना लिएर आत्मालाई ओं नामले प्रतिपादित हुने परमात्मासित एकत्व गराउनुपर्छ । त्यसपछि चैतन्याभिमानिनी जीवशक्तिलाई पृथक् गरेर आत्मासित त्यसको एकता गराउनुपर्छ । यसो गरेर स्वात्मरूप सर्वव्यापी परमेश्वरमा त्यसलाई जोडिदिनुपर्छ । त्यसपछि प्राणवायुद्वारा लं बीजरूपी पृथ्वीमा रं बीजरूपी अग्निलाई चिन्तन गर्दै ज्वलित अग्नि प्रकट गर्नुपर्छ र अग्निमा पृथ्वीको लय भयो भन्ने भावना गराउनुपर्छ । त्यसपछि वायुमा अग्निलाई विलीन गर्नुपर्छ र आकाशमा वायुलाई विलीन गर्नुपर्छ । अधिभूत, अधिदैव तथा अध्यात्म वैभवका साथै समस्त भूतलाई तन्मात्रामा विलीन गरेर विद्वान् पुरुषले आकाशमा ती सबैलाई क्रमशः संहार गर्नुपर्छ । त्यसपछि आकाशलाई मनमा, मनलाई अहङ्कारमा, अहङ्कारलाई महतत्त्वमा र महतत्त्वलाई अव्याकृत प्रकृतिमा लय गर्नुपर्छ । अव्याकृत प्रकृति अथवा मायालाई ज्ञानस्वरूप परमात्मामा विलीन गर्नुपर्छ । उनै परमात्मालाई वासुदेव भनिएको छ । उनै शब्दस्वरूप भगवान् वासुदेवले सृष्टि गर्ने इच्छाले त्यस अव्याकृत मायाको आश्रय लिएर स्पर्शसंज्ञक सङ्कर्षण प्रकट गरे । सङ्कर्षणले मायालाई क्षुब्ध गराएर तेजोरूप प्रद्युम्नलाई सृष्टि गरे । प्रद्युम्नले रसरूप अनिरुद्धलाई र अनिरुद्धले गन्धरूप ब्रह्मालाई जन्माए । ब्रह्माले सबैभन्दा पहिले जलको सृष्टि गरे । त्यस जलमा उनले पाँचवटा भूतले युक्त भएको हिरण्मय अण्ड उत्पन्न गरे । त्यस अण्डमा जीवशक्तिको सञ्चार भयो । यस जीवशक्तिको आत्माका विषयमा पहिले नै उपसंहार बताइएको छ । जीवका साथमा प्राणको संयोग हुँदा त्यसलाई वृत्तिमान् भनिएको छ । व्याहृति नामको जीव प्राणमा स्थित भएपछि त्यसलाई आध्यात्मिक पुरुष भनिएको छ । त्यसबाट प्राणयुक्त बुद्धि उत्पन्न भयो र त्यसलाई आठ वृत्तिले सम्पन्न छ भनिन्छ । त्यस बुद्धिबाट अहङ्कार र अहङ्कारबाट मन प्रादुर्भाव भयो । मनबाट सङ्कल्प आदिले युक्त पाँच विषयहरू प्रकट भए, तिनको नाम शब्द,

पादौ पायुस्तथा पाणी वागुपस्थश्च पञ्चमः ।
कर्मेन्द्रियाणि चैतानि पञ्चभूतान्यतः श्रृणु ।१४।
आकाशवायुतेजांसि सलिलं पृथिवी तथा ।
स्थूलमेभिः शरीरं तु सर्वाधारं प्रजायते ।१५।
एतेषां वाचथा मन्त्रा न्यासायोच्यन्त उत्तमाः ।
जीवभूतं मकारं तु देवस्य व्यापकं न्यसेत् ।१६।
प्राणतत्त्वं भकारं तु जीवोपाधिगतं न्यसेत् ।
हृदयस्थं बकारं तु बुद्धितत्त्वं नयसेद् बुधः ।१७।
फकारमपि तत्रैव अहङ्कारमयं न्यसेत् ।
मनस्तत्त्वं पकारं तु न्यसेत्सङ्कल्पसम्भवम् ।१८।
शब्दतन्मात्रतत्त्वं तु नकारं मस्तके न्यसेत् ।
स्पर्शात्मकं धकारं तु वक्त्रदेशे तु विन्यसेत् ।१९।
दकारं रूपतत्त्वं तु हृद्देशे विनिवेशयेत् ।
थकारं वस्तिदेशे तु रसतन्मात्रकं न्यसेत् ।२०।
तकारं गन्धतन्मात्रं जङ्घयोर्विनिवेशयेत् ।
णकारं श्रोत्रयोर्न्यस्य ढकारं विन्यसेत्त्वचि ।२१।
डकारं नेत्रयुग्मे तु रसनायां ठकारकम् ।
टकारं नासिकायां तु ञकारं वाचि विन्यसेत् ।२२।
झकारं करयोर्न्यस्य पाणितत्त्वं विचक्षणः ।
जकारं पादयोर्न्सस्य छं पायौ चमुपस्थके ।२३।
विन्यसेत्पृथिवीतत्त्वं ङकारं पादयुग्मके ।
वस्तौ घकारं गन्तत्वं तैजसं हृदि विन्यसेत् ।२४।
खकारं वायुतत्त्वं च नासिकायां निवेशयेत् ।
ककारं विन्यसेन्नित्यं खतत्त्वं मस्तके बुधः ।२५।
हृत्पुण्डरीके विन्यस्य यकारं सूर्य्यदैवतम् ।
द्वासप्ततिसहस्राणि हृदयादभिनिःसृताः ।२६।
कलाषोडशसंयुक्तं सकारं तत्र विन्यसेत् ।
तन्मध्ये चिन्तयेन्मन्त्री विन्दुवह्नेस्तु मण्डलम् ।२७।
हकारं विन्यसेत्तत्र प्रणवेन सुरोत्तम ।
ओं आं परमेष्ठ्यात्मने आं नमः पुरुषात्मने ।२८।

स्पर्श, रूप, रस र गन्ध हो । यी सबैले ज्ञानशाक्तिले सम्पन्न पाँच इन्द्रियहरूलाई प्रकट गरे, तिनको नाम त्वक्, श्रोत्र, घ्राण, नेत्र र जिह्वा हुन् । यतिलाई ज्ञानेन्द्रिय भनिएको छ । दुई खुट्टा, गुदा, दुई हात, वाक् र उपस्थ यी पाँच कर्मेन्द्रिय हुन् । अब पञ्चभूतहरूको नाम सुन । आकाश, वायु, तेज, जल र पृथ्वी यी पाँच भूत हुन् । सबैको आधारभूत स्थूल शरीर यिनीहरूकै कारणले बनेको हुन्छ । यी तत्त्वहरूको वाचक उत्तम बीजमन्त्रहरू छन् । तिनको न्यासका लागि यहाँ वर्णन गरिएको छ । मं यो बीजमन्त्र जीवस्वरूप हो । त्यो सम्पूर्ण शरीरमा व्यापक छ भन्ने भावनाले उक्त बीजको सम्पूर्ण देहमा व्यापक न्यास गर्नुपर्छ । भं यो प्राणतत्त्वको प्रतीक हो । यो जीवको उपाधिमा स्थित छ । अतः यसको न्यास त्यहीं गर्नुपर्छ । विद्वान् पुरुषले बुद्धितत्त्वको बोधक बकार अथवा बं बीजलाई हृदयमा न्यास गर्नुपर्छ । फं अहङ्कारको स्वरूप हो । अतः त्यसको न्यास पनि हृदयमै गर्नुपर्छ । सङ्कल्पको कारणभूत मनस्तत्त्वको स्वरूप पं हो । यसको न्यास पनि त्यहीं गर्नुपर्छ । शब्दतन्मात्रा तत्त्वको बोधक नं लाई मस्तकमा र स्पर्श रूप धं लाई मुखप्रदेशमा न्यास गर्नुपर्छ ।१-१९।

रूप तत्त्वको वाचक दं लाई नेत्रप्रान्तमा र रसतन्मात्राको बोधक थं लाई मूत्राशयमा न्यास गर्नुपर्छ । गन्ध तन्मात्राको स्वरूप तं हो र यसलाई पिँडुलामा न्यास गर्नुपर्छ । णं लाई दुवै कानमा न्यास गर्नुपर्छ, ढं लाई त्वचामा न्यास गर्नुपर्छ । डं लाई दुवै नेत्रमा, ठं लाई रसनामा, टं लाई नासिकामा र ञं लाई वाक् इन्द्रियमा न्यास गर्नुपर्छ । विद्वान् पुरुषले पाणितत्त्वका रूपमा झं लाई दुवै हातमा न्यास गर्नुपर्छ, जं लाई दुवै गोडामा, छं लाई पायुमा, चं लाई उपस्थमा न्यास गर्नुपर्छ । ङं पृथ्वीतत्त्वको प्रतीक हो र त्यसको न्यास चरणयुगलमा हुनुपर्छ, घं वस्तिमा र तेजस्वरूप गं लाई हृदयमा न्यास गर्नुपर्छ । खं वायुतत्त्वको प्रतीक हो र त्यसलाई नासिकामा न्यास गर्नुपर्छ । आकाश तत्त्वका रूपमा कं लाई विद्वान् पुरुषले सधैं मस्तिष्कमा न्यास गर्नुपर्छ । हृदयकमलमा सूर्यदेवता सम्बन्धी यं बीजको न्यास गरेर हृदयबाट निस्केका बहत्तर हजार नाडीहरू छन्, तिनीहरूमै षोडश कलाले युक्तहरूलाई सं लाई न्यास गर्नुपर्छ । त्यसैका मध्यभागमा मन्त्रज्ञ पुरुषले विन्दुस्वरूप वह्निमण्डलको चिन्तन गर्नुपर्छ । हे सुरश्रेष्ठ ! त्यसमा

ओं वां मनोनिवृत्त्यात्मने नां च विश्वात्मने नमः ।
ओं वं नमः सर्वात्मने इत्युक्ताः पञ्च शक्तयः ।२९।
स्थाने तु प्रथमा योज्या द्वितीया आसने मता ।
तृतीया शयने तद्वच्चतुर्थी पानकर्म्मणि ।३०।
प्रत्यर्च्चायां पञ्चमी स्यात्पञ्चोपनिषदः स्मृताः ।
हुङ्कारं विन्यसेन्मध्ये ध्यात्वा मन्त्रमयं हरिम् ।३१।
यां मूर्त्तिं स्थापयेत्तस्मात् मूलमन्त्रं न्यसेत्ततः ।
ओं नमो भगवते वासुदेवाय मूलकम् ।३२।
शिरोघ्राणललाटेषु मुखे कण्ठे हृदि क्रमात् ।
भुजयोर्जङ्घयोरङ्घ्र्योः केशवं शिरसि न्यसेत् ।३३।
नारायणं न्यसेद्वक्त्रेगीवायां माधवं न्यसेत् ।
गोविन्दं भुजयोर्न्यस्य विष्णुं च हृदये न्यसेत् ।३४।
मधुसूदनकं पृष्ठे वामनं जठरे न्यसेत् ।
कट्यां त्रिविक्रमं न्यस्य जङ्घायां श्रीधरं न्यसेत् ।३५।
हृषीकेशं दक्षिणायां पद्मनाभं तु गुल्फके ।
दामोदरं पादयोश्च हृदयादि षडङ्गकम् ।३६।
एतत्साधारणं प्रोक्तमादिमूर्त्तेस्तु सत्तम ।
अथवा यस्य देवस्य प्रारब्धं स्थापनं भवेत् ।३७।
तस्यैव मूलमन्त्रेण सजीवकरणं भवेत् ।
यस्या मूर्त्तेस्तु यन्नाम तस्याद्यं चाक्षरं च यत् ।३८।
तत्स्वरैर्द्वादशैर्भेद्यं ह्यङ्गानि परिकल्पयेत् ।
हृदयादीनि देवेश मूलं च दशमाक्षरम् ।३९।
यथा देवे तथा देहे तत्त्वानि विनियोजयेत् ।
चक्राब्जमण्डले विष्णुं यजेद्गन्धादिना तथा ।४०।
पूर्ववच्चासनं ध्यायेत्सगात्रं सपरिच्छदम् ।
शुभं चक्रं द्वादशारं ह्युपरिष्टाद्विचिन्तयेत् ।४१।
त्रिनाभि चक्रं द्विनेमि स्वरैस्तच्च समन्वितम् ।
पृष्ठदेशे ततः प्राज्ञः प्रकृत्यादीन् निवेशयेत् ।४२।
पूजयेदारकाग्रेषु सूर्यं द्वादशधा पुनः ।
कलाषोडशसंयुक्तं सोमं तत्र विचिन्तयेत् ।४३।

प्रणवसहित हं को न्यास गर्नुपर्छ। ओं आं नमः परमेष्ठ्यात्मने, ओं आं नमः पुरुषात्मने, ओं वां नमो नित्यात्मने, ओं नां नमो विश्वात्मने, ओं वं नमः सर्वात्मने। यी पाँचलाई शक्तिहरू हुन् भनिएको छ। स्नानकर्ममा सबैभन्दा प्रथमा शक्तिको योजना गर्नुपर्छ, आसनकर्ममा द्वितीया, शयनमा तृतीया, यानकर्ममा चतुर्थी र अर्चनाकाममा पञ्चमी शक्तिको प्रयोग गर्नुपर्छ। यी पाँच उपनिषद् हुन्। यिनकै मध्यबाट मन्त्रमय श्रीहरिको ध्यान गरेर क्षं को न्यास गर्नुपर्छ। त्यसपछि जुन मूर्तिको स्थापना गरिन्छ, त्यसैका मूल मन्त्रको न्यास गर्नुपर्छ। भगवान् विष्णुको स्थापनामा ओं नमो भगवते वासुदेवाय यो मूल मन्त्र हो। मस्तक, नासिका, ललाट, मुख, कण्ठ, हृदय, दुई भुजा, दुई पिँडुला र दुई चरणमा क्रमशः उक्त मूल मन्त्रलाई एकएक अक्षरले न्यास गर्नुपर्छ। त्यसपछि केशवको न्यास मस्तकमा गर्नुपर्छ। नारायणको मुखमा, माधवको ग्रीवामा र गोविन्दको दुई भुजामा न्यास गरिसकेर विष्णुको न्यास हृदयमा गर्नुपर्छ। पृष्ठभागमा मधुसूदनको, जठरमा वामनको र कटिमा त्रिविक्रमको न्यास गरेर जङ्घामा श्रीधरको न्यास गर्नुपर्छ। दक्षिण भागमा हृषिकेशको, गुल्फमा पद्मनाभको र दुवै गोडामा दामोदरको न्यास गरिसकेर हृदय आदिको षडङ्गन्यास गर्नुपर्छ। हे सत्पुरुषमध्येका श्रेष्ठ ब्रह्माजी ! आदिमूर्तिका लागि न्यासको साधारण क्रम यहाँ बताइयो। अथवा जुन देवताको स्थापनाको आरम्भ हुन्छ, उसैको मूल मन्त्रले मूर्तिलाई संजीवीकरण क्रिया गरेको हुनुपर्छ। जुन मूर्तिको नाम जे हो, त्यसको आदि अक्षरलाई बाह्र स्वरले भेदन गरेर अङ्गन्यासको कल्पना गर्नुपर्छ। हे देवेश्वर ! हृदय आदि अङ्गहरूलाई दश अक्षरलाई मूल मन्त्रको र तत्त्वहरूको न्यास जसरी देवताका विग्रहमा गरिन्छ, उसरी नै आफ्ना शरीरमा पनि गर्नुपर्छ। त्यसपछि चक्राकार पद्ममण्डलमा भगवान् विष्णुलाई गन्ध आदिले पूजन गर्नुपर्छ।२०-४०।

पूर्ववत् शरीर र वस्त्राभूषणसहित भगवान्का आसनको ध्यान गर्नुपर्छ। माथिल्लो भागमा बाह्र अर भएका सुदर्शन चक्रको चिन्तन गर्नुपर्छ। त्यो चक्र तीन नाभी र दुई नाभीले युक्त हुनुपर्छ। साथै बाह्र स्वरले सम्पन्न पनि हुनुपर्छ। यस किसिमका चक्रको चिन्तन गरिसकेपछि विद्वान् पुरुषले पृष्ठदेशमा प्रकृति आदिलाई निवेश गर्नुपर्छ। त्यसपछि अरहरूका अग्रभागमा बाह्र सूर्यको पूजा गर्नुपर्छ। त्यसपछि

सबलं त्रितये नाभौ चिन्तयेद्देशिकोत्तमः ।
पद्मं च द्वादशदलं पद्ममध्ये विचिन्तयेत् ।४४।
तन्मध्ये पौरुषीं शक्तिं ध्यात्वाभ्यर्च्य च देशिकः ।
प्रतिमायां हरिं न्यस्य तत्र तं पूजयेत्सुरान् ।४५।
गन्धपुष्पादिभिः सम्यक् साङ्गं सावरणं क्रमात् ।
द्वादशाक्षरबीजैस्तु केशवादीन्समर्चयेत् ।४६।
द्वादशारे मण्डले तु लोकपालादिकं क्रमात् ।
प्रतिमामर्च्चयेत्पश्चाद् गन्धपुष्पादिभिर्द्विजः ।४७।
पौरुषेण तु सूक्तेन श्रियाः सूक्तेन पिण्डिकाम् ।
जननादिक्रमात्पश्चाज्जनयेद्वैष्णवानलम् ।४८।
हुत्वाग्निं वैष्णवैर्मन्त्रैः कुर्य्याच्छान्त्युदकं बुधः ।
तत्सिक्ता प्रतिमामूर्ध्नि वह्निप्रणयनं चरेत् ।४९।
दक्षिणेऽग्निं हुतमिति कुण्डेऽग्निं प्रणयेद् बुधः ।
अग्निमग्नीति पूर्वे तु कुण्डेऽग्निं प्रणयेद् बुधः ।५०।
उत्तरे प्रणयेदग्निमग्निमग्नी हवामहे ।
अग्निप्रणयने मन्त्रस्त्वमग्ने ह्यग्निरुच्यते ।५१।
पलाशसमिधां तत्र अष्टोत्तरसहस्रकम् ।
कुण्डे कुण्डे होमयेच्च व्रीहीन्वेदादिकैस्तथा ।५२।
साज्यांस्तिलान्व्याहृतिभिर्मूलमन्त्रेण वै घृतम् ।
कुर्य्यात्ततः शान्तिहोमं मधुरत्रितयेन च ।५३।
द्वादशार्णैः स्पृशेत्पादौ नाभिं हृन्मस्तकं ततः ।
घृतं दधि पयो हुत्वा स्पृशेन्मूर्द्धन्यथो बुधः ।५४।
स्पृष्ट्वा शिरोनाभिपादांश्चतस्रः स्थापयेन्नदीः ।
गङ्गा च यमुना गोदा क्रमान्नाम्ना सरस्वती ।५५।
दहेत्तु विष्णुगायत्र्या गायत्र्या श्रपयेच्चरुम् ।
होमयेच्च बलिं दद्यादुत्तरे भोजयेद्द्विजान् ।५६।
सामाधिपानां तुष्ट्यर्थं हेम गां गुरवे ददेत् ।
दिक्पतिभ्यो बलिं दत्त्वा रात्रौ कुर्य्याच्च जागरम् ।
ब्रह्मगीतादिशब्देन सर्वभागधिवासनात् ।५७।

त्यहाँ सोह्र कलायुक्त सोमको ध्यान गर्नुपर्छ। चक्रका नाभीमा तीन वस्त्रको चिन्तन गर्नुपर्छ । त्यसपछि श्रेष्ठ आचार्यले पद्मका भित्रपट्टि द्वादशदल पद्मको चिन्तन गर्नुपर्छ । त्यस पद्ममा पुरुषशक्तिको ध्यान गरेर श्रीहरिको न्यास गरी पूजा गर्नुपर्छ। त्यसपछि प्रतिमामा श्रीहरिको न्यास गरेर गुरुले त्यहाँ श्रीहरि तथा अन्य देवताको पूजा गर्नुपर्छ। गन्ध, पुष्प आदि उपचारहरूले अङ्ग एवं अन्य आवरणहरू लिई इष्टदेवताको पूजा उचित किसिमले गर्नुपर्छ। द्वादशाक्षर मन्त्रका एकएक अक्षरलाई बीजरूपमा परिवर्तित गरेर उनैले केशव आदि भगवद्विग्रहको क्रमशः पूजा गर्नुपर्छ। द्वादश अरहरूले युक्त मण्डलमा लोकपाल आदिको पनि क्रमैसँग अर्चना गर्नुपर्छ। त्यसपछि द्विजले गन्ध, पुष्प आदि उपचारले पुरुषसूक्तको पाठ गर्दै प्रतिमाको पूजा गर्नुपर्छ र श्रीसूक्तले पिण्डिकाको पूजा गर्नुपर्छ। त्यसपछि जनन आदिका क्रमले वैष्णव अग्नि प्रकट गर्नुपर्छ । त्यसपछि विष्णुदेवतासम्बन्धी मन्त्रद्वारा अग्निमा आहुति दिएर विद्वान् पुरुषले शान्ति जल तयार गर्नुपर्छ र त्यो जल प्रतिमाका मस्तकमा छर्केर अग्निको प्रणयन गर्नुपर्छ। विद्वान् पुरुषले अग्नि दूतम् इत्यादि मन्त्रले दक्षिण कुण्डमा अग्नि प्रणयन गर्नुपर्छ । पूर्वकुण्डमा अग्निमग्निम इत्यादि मन्त्रले र उत्तर कुण्डमा अग्निमग्निं हवीभिः इत्यादि मन्त्रले अग्नि प्रणयन गर्नुपर्छ। अग्नि प्रणयन कालमा त्वमग्ने द्युभिः इत्यादि मन्त्रको पाठ गर्नुपर्छ। प्रत्येक कुण्डमा प्रणव उच्चारण गर्दै पलाशका एक हजार आठ समिधा र जौ आदिको पनि होम गर्नुपर्छ । व्याहृतिमन्त्रले घिउमिश्रित तिलको र मूल मन्त्रले घिउको हवन गर्नुपर्छ। त्यसपछि मधुरत्रयले शान्ति होम गर्नुपर्छ। द्वादशाक्षर मन्त्रले दुवै गोडा, नाभी, हृदय र मस्तक स्पर्श गर्नुपर्छ । त्यसपछि मस्तक, नाभी र चरण स्पर्श गरेर क्रमशः गङ्गा, यमुना, गोदावरी र सरस्वती यी चार नदीहरूको स्थापना गर्नुपर्छ। विष्णु गायत्रीले अग्नि प्रज्वलित गर्नुपर्छ र गायत्री मन्त्रले त्यस अग्निमा चरु पकाउनुपर्छ। गायत्री मन्त्रले नै होम र बलि दिनुपर्छ। त्यसपछि ब्राह्मणलाई भोजन गराउनुपर्छ। मासाधिपति बाह्र आदित्यको तुष्टिका लागि आचार्यलाई सुवर्ण र गाई दक्षिणामा दिनुपर्छ। दिक्पालहरूलाई बलि दिएर रातमा जागरण गर्नुपर्छ। त्यस बेलामा वेदपाठ र गीत, कीर्तन आदि गरिरहनुपर्छ । यसै गरी अधिवासन कर्म सम्पादन गरेपछि मानिस सबै खालका फलको भागी हुन्छ।४१-५७।

६०. षष्टितमोऽध्यायः

वासुदेवप्रतिष्ठाविधि

भगवानुवाच

पिण्डिकास्थापनार्थं तु गर्भागारं तु सप्तधा ।
विभजेद् ब्रह्मभागे तु प्रतिमां स्थापयेद् बुधः ।१।
देवमानुषपैशाचभागेषु न कदाचन ।
ब्रह्मभागं परित्यज्य किञ्चिदाश्रित्य चाण्डज ।२।
देवमानुषभागाभ्यां स्थाप्या यत्नात्तु पिण्डिका ।
नपुंसकशिलायां तु रत्नन्यासं समाचरेत् ।३।
नारसिंहेन हुत्वाथ रत्नन्यासं च तेन वै ।
व्रीहीन् रत्नानि धातूंश्च लोहादींश्चन्दनादिकान् ।४।
पूर्वादिनवगर्त्तेषु न्यसेन्मध्ये यथारुचि ।
अथ चेन्द्रादिमन्त्रैश्च गर्त्ता गुग्गुलुनावृतः ।५।
रत्नन्यासविधिं कृत्वा प्रतिमामालभेद्गुरुः ।
सशलाकैर्दर्भपुञ्जैः सहदेवैः समन्वितैः ।६।
सबाह्यान्तैश्च संस्कृत्य पञ्चगव्येन शोधयेत् ।
प्रोक्षयेद्दर्भतोयेन नदीतीर्थोदकेन च ।७।
होमार्थे स्थण्डिलं कुर्य्यात्सिकताभिः समन्ततः ।
सार्द्धहस्तप्रमाणं तु चतुरस्रं सुशोभनम् ।८।
अष्टदिक्षु यथान्यासं कलशानपि विन्यसेत् ।
पूर्वाद्यानष्टवर्णेन अग्निमानीय संस्कृतम् ।९।
त्वमग्नेद्युभिरिति च गायत्र्या समिधो हुनेत् ।
अष्टार्णेनाष्टशतकमाज्यं पूर्णां प्रदापयेत् ।१०।
शान्त्युदकमाम्रपत्रैर्मूलेन शतमन्त्रितम् ।
सिञ्चेद्देवस्य तन्मूर्ध्नि श्रीश्चते ह्यनया ऋचा ।११।
ब्रह्मयानेन चोद्धृत्य उत्तिष्ठ ब्रह्मणस्पते ।
तद्विष्णोरितिमन्त्रेण प्रासादाभिमुखं नयेत् ।१२।

भगवान् भने– हे ब्रह्मन् ! पिण्डिका स्थापना गर्नका लागि विद्वान् पुरुषले मन्दिरको गर्भगृहलाई सात भागमा विभक्त गर्नुपर्छ र ब्रह्मभागमा प्रतिमा स्थापना गर्नुपर्छ। देव, मनुष्य र पिशाच भागमा कदापि त्यसको स्थापना गर्नु हुँदैन। हे ब्रह्मन् ! ब्रह्मभागको केही अंशलाई छोडेर तथा देवभाग र मनुष्यभागबाट केही अंश लिएर त्यस भूमिमा यत्नपूर्वक पिण्डिका स्थापित गर्नुपर्छ । नपुंसक शिलामा रत्नन्यास गर्नुपर्छ । नृसिंह मन्त्रले हवन गरेर त्यसैले रत्नन्यास पनि गर्नुपर्छ। धान, रत्न, फलाम, धातु र चन्दन आदि पदार्थलाई पूर्व आदि दिशामा र मध्यभागमा बनेका नौ कुण्डहरूमा आफ्नो रुचिअनुसार छोड्नुपर्छ । त्यसपछि इन्द्र आदिका मन्त्रले पूर्व आदि दिशाका गर्तहरूलाई गुग्गुलले आवृत्त गरेर रत्नन्यास विधि सम्पन्न गरेपछि गुरुले शलाकासहित कुशसमूह र सहदेव नामको औषधिले प्रतिमालाई राम्ररी माझेर पुछपाछ गर्नुपर्छ। बाहिरभित्र सफा पारेर पञ्चगव्यले त्यसलाई चोख्याउनुपर्छ। त्यसपछि कुशको पानी, नदी एवं तीर्थको जलले त्यस प्रतिमालाई पखाल्नुपर्छ। होमका लागि बालुवाको एउटा वेदी बनाउनुपर्छ र त्यो जतासुकैबाट डेढ हात लम्बाइचौडाइको हुनुपर्छ। त्यो वेदी चौकोर र सुन्दर शोभायुक्त हुनुपर्छ । आठ दिशाहरूका यथास्थानमा कलश स्थापित गर्नुपर्छ। ती पूर्व आदि कलशहरूलाई आठ किसिमका रङ्गले सजाउनुपर्छ। त्यसपछि अग्नि ल्याएर वेदीमा स्थापना गर्नुपर्छ र कुशकण्डिकाद्वारा संस्कार गर्दै त्यस अग्निमा त्वमग्ने द्युभिः इत्यादि मन्त्रले र गायत्री मन्त्रले समिधाहरूको हवन गर्नुपर्छ। अष्टाक्षर मन्त्रले घिउको आहुति अष्टोत्तरशत दिनुपर्छ पूर्णाहुति दिनुपर्छ । त्यसपछि मूल मन्त्रले सयपटक अभिमन्त्रित गरिएका शान्तिजललाई आम्रपल्लवले इष्टदेवताको मस्तकमा अभिषेक गर्नुपर्छ। अभिषेककालमा श्रीश्चते लक्ष्मीश्च इत्यादि ऋचाको पाठ गरिरहनुपर्छ। उत्तिष्ठ ब्रह्मणस्पते मन्त्रले प्रतिमा उठाएर ब्रह्मरथमा राख्नुपर्छ र तद् विष्णो इत्यादि मन्त्रले उक्त रथद्वारा उसलाई मन्दिरतर्फ लैजानुपर्छ। त्यहाँ श्रीहरिका त्यस प्रतिमालाई पालकीमा राखेर नगर आदिमा घुमाउनुपर्छ र गीत, वाद्य एवं वेदमन्त्रको ध्वनिका साथ त्यसलाई पुनः ल्याएर मन्दिरका द्वारमा विराजमान गराउनुपर्छ । त्यसपछि गुरुले

शिबिकायां हरिं स्थाप्य भ्रामयति पुरादिकम् ।
गीतवेदादिशब्दैश्च प्रासादद्वारि धारयेत् ।१३।
स्त्रीभिर्विप्रैर्मङ्गलाष्टघटैः संस्नापयेद्धरिम् ।
ततो गन्धादिनाभ्यर्च्य मूलमन्त्रेण देशिकः ।१४।
अतो देवेति वस्त्राद्यमष्टाङ्गार्घ्यं निवेद्य च ।
स्थिरे लग्ने पिण्डिकायां देवस्य त्वेति धारयेत् ।१५।
ओं त्रैलोक्यविक्रान्ताय नमस्तेऽस्तु त्रिविक्रम ।
संस्थाप्य पिण्डिकायां तु स्थिरं कुर्य्याद्विचक्षणः ।१६।
ध्रुवा द्यौरिति मन्त्रेण विश्वतश्चक्षुरित्यपि ।
पञ्चगव्येन संस्नाप्य क्षाल्य गन्धोदकेन च ।१७।
पूजयेत्सकलीकृत्य साङ्गं सावरणं हरिम् ।
ध्यायेत्खं तस्य मूर्तिं तु पृथिवी तस्य पीठिका ।१८।
कल्पयेद्विग्रहं तस्य तैजसैः परमाणुभिः ।
जीवमावाहयिष्यामि पञ्चविंशतितत्त्वगम् ।१९।
चैतन्यं परमानन्दं जाग्रत्स्वप्नविवर्जितम् ।
देहेन्द्रियमनोबुद्धिप्राणाहङ्कारवर्जितम् ।२०।
ब्रह्मादिस्तम्बपर्य्यन्तं हृदयेषु व्यवस्थितम् ।
हृदयात्प्रतिमाबिम्बे स्थिरो भव परेश्वर ।२१।
सजीवं कुरु बिम्बं त्वं सबाह्याभ्यन्तरस्थितः ।
अङ्गुष्ठमात्रः पुरुषो देहोपाधिषु संस्थितः ।२२।
ज्योतिर्ज्ञानं परं ब्रह्म एकमेवाद्वितीयकम् ।
सजीवीकरणं कृत्वा प्रणवेन निबोधयेत् ।२३।
सान्निध्यकरणं नाम हृदयं स्पृश्य वै जपेत् ।
सूक्तं तु पौरुषं ध्यायन्निदं गुह्यमनुं जपेत् ।२४।
नमस्तेऽस्तु सुरेशाय सन्तोषविभवात्मने ।
ज्ञानविज्ञानरूपाय ब्रह्मतेजोऽनुयायिने ।२५।
गुणातिक्रान्तदेशाय पुरुषाय महात्मने ।
अक्षयाय पुराणाय विष्णो सन्निहितो भव ।२६।

सौभाग्यवती स्त्री र ब्राह्मणद्वारा आठ मङ्गलकलशका जलले श्रीहरिलाई स्नान गराउनुपर्छ र गन्ध आदि उपचारले मूल मन्त्रद्वारा पूजन गरिसकेर अतो देवाः इत्यादि मन्त्रले वस्त्र आदि अष्टाङ्ग अर्घ्य निवेदन गर्नुपर्छ। त्यसपछि स्थिर लग्नमा पिण्डिकामाथि देवस्य त्वा इत्यादि मन्त्रले इष्टदेवताका त्यही अर्चाविग्रह स्थापित गर्नुपर्छ। स्थापनापछि– हे सच्चिदानन्द स्वरूप त्रिविक्रम ! तिमीले तीन पाइलाले सम्पूर्ण त्रिलोकलाई नै आक्रान्त गरेका थियौ । तिमीलाई नमस्कार छ भन्नुपर्छ। त्यस किसिमले पिण्डिकामाथि प्रतिमा स्थापित गरेर विद्वान् पुरुषले त्यसलाई स्थिर गराउनुपर्छ । प्रतिमा स्थिरीकरणका समयमा ध्रुवाद्यौः र विश्वतश्चक्षुरुः इत्यादि मन्त्रहरू पाठ गर्नुपर्छ। पञ्चगव्यले स्नान गराएर गन्धोदकले प्रतिमा पखाल्नुपर्छ। १४-१७।

सकलीकरण गरिसकेर श्रीहरिलाई साङ्गोपाङ्ग साधारण पूजा गर्नुपर्छ । त्यस बेलामा आकाश भगवान् विष्णुको विग्रह हो र पृथ्वी उनको पीठिका हो भनी ध्यान गर्नुपर्छ। त्यसपछि तैजस् परमाणुहरूले भगवान्का विग्रहको कल्पना गर्दै म पच्चीस तत्त्वमा व्यापक जीवलाई आह्वान गर्दछु भन्नुपर्छ। त्यो जीव चैतन्यमय, परमानन्द स्वरूप तथा जाग्रत्, स्वप्न, सुषुप्ति यी तीनै अवस्थारहित छ। देह, इन्द्रिय, मन, बुद्धि, प्राण तथा अहङ्कारले शून्य छ। त्यो ब्रह्मा आदिदेखि लिएर कीटपर्यन्त समस्त जगत्मा व्याप्त र सबैका हृदयमा विराजमान छ । परमेश्वर ! तिमी नै जीव चैतन्य हौ, तिमी हृदयदेखि नै प्रतिमाबिम्बमा आएर स्थिर होऊ । तिमी यस प्रतिमा बिम्बलाई यसको बाहिर र भित्र स्थित भएर सजीव गराऊ । अङ्गुष्ठ मात्र पुरुष परमात्मा जीवरूपले सम्पूर्ण देहको उपाधिधारीहरूमा स्थित छन् । उनै ज्योतिस्वरूप, ज्ञानस्वरूप, एकमात्र अद्वितीय परब्रह्म हुन् । यस किसिमले सजीवीकरण गरेर प्रणवद्वारा भगवान्लाई जगाउनुपर्छ । त्यसपछि भगवान्को हृदय स्पर्श गरी पुरुषसूक्तको जप गर्नुपर्छ । यसलाई सान्निध्यकरणको कर्म भन्ने नामकरण गरिएको छ। यसका लागि भगवान्को ध्यान गर्दै निम्नाङ्कित गुह्य मन्त्रको जप गर्नुपर्छ। हे प्रभु ! तिमी देवताहरूका स्वामी हौ, सन्तोष-वैभव-रूप हौ, तिमीलाई नमस्कार छ । ज्ञान र विज्ञान तिम्रा रूप हुन्, ब्रह्मतेज तिम्रो अनुगामी हुन्छ । तिम्रो स्वरूप गुणातीत छ । तिमी अन्तर्यामी पुरुष र परमात्मा हौ, अक्षय पुराणपुरुष हौ, तिमीलाई नमस्कार छ। हे विष्णु ! तिमी यहाँ सन्निहित होऊ। तिम्रो जुन परमतत्त्व छ, जो ज्ञानमय शरीर

यच्च ते परमं तत्त्वं यच्च ज्ञानमयं वपुः ।
तत्सर्वमेकतो लीनमस्मिन्देहे विबुध्यताम् ।२७।
आत्मानं सन्निधीकृत्य ब्रह्मादिपरिवारकान् ।
स्वनाम्ना स्थापयेदन्यानायुधादीन् स्वमुद्रया ।२८।
यात्रावर्षादिकं दृट्वा ज्ञेयः संनिहितो हरिः ।
नत्वा स्तुत्वा स्तवाद्यैश्च जप्त्वा चाष्टाक्षरादिकम् ।२९।
चण्डप्रचण्डौ द्वारस्था निर्गत्याभ्यर्चयेद् गुरुः ।
अग्नि मण्डपमासाद्य गरुडं स्थाप्य पूजयेत् ।३०।
दिगीशान्दिशि देवांश्च स्थाप्य सम्पूज्य देशिकः ।
विष्वक्सेनं तु संस्थाप्य शङ्खचक्रादि पूजयेत् ।३१।
सर्वपार्षदकेभ्यश्च बलिं भूतेभ्य अर्पयेत् ।
ग्रामवस्त्रसुवर्णादि गुरवे दक्षिणां ददेत् ।३२।
यागोपयोगिद्रव्याद्यमाचार्य्याय नरोऽर्पयेत् ।
आचार्य्यदक्षिणार्द्धं तु ऋत्विग्भ्यो दक्षिणां ददेत् ।३३।
अन्येभ्यो दक्षिणां दद्याद्भोजयेद् ब्राह्मणांस्ततः ।
अवारितान्फलान्दद्याद्यजमानाय वै गुरुः ।३४।
विष्णुं नयेत्प्रतिष्ठाता चात्मना सकलं कुलम् ।
सर्वेषामेव देवानामेष साधारणो विधिः ।
मूलमन्त्राः पृथक् तेषां शेषं कार्य्यं समानकम् ।३५।

छ, त्यो सबै एकत्र होस्, यस अर्चाविग्रहमा जागृत भएर उठ। यस किसिमले परमात्मा श्रीहरिलाई सान्निध्यकरण गरेर ब्रह्मा आदि परिवारको नामसहित उनको स्थापना गर्नुपर्छ। उनका जेजति आयुधहरू छन्, तिनलाई पनि मुद्रासहित स्थापना गर्नुपर्छ। यात्रासम्बन्धी उत्सव तथा वार्षिक आदि उत्सवको पनि योजना गरेर र ती उत्सवहरूको दर्शन गरेर श्रीहरिलाई आफ्नै सन्निहित रहेका छन् भनी जान्नुपर्छ। भगवान्लाई नमस्कार, स्तोत्र आदिले स्तुति गरेर र अष्टाक्षर आदि मन्त्रको जाप गर्दाको समयमा पनि भगवान्लाई आफ्नै निकट उपस्थित छन् भनी जान्नुपर्छ। त्यसपछि आचार्यले मन्दिरबाट निस्केर द्वारवर्ती द्वारपाल चण्ड र प्रचण्डको पूजा गर्नुपर्छ। त्यसपछि मण्डपमा आएर गरुडको स्थापना एवं पूजा गर्नुपर्छ। प्रत्येक दिशामा दिक्पालहरू र अन्य देवताको स्थापन एवंपूजन गरेर गुरुले विष्वक्सेनको स्थापना गरी शङ्ख, चक्र आदिको पूजा गर्नुपर्छ। सम्पूर्ण पार्षद र भूतहरूलाई बलि अर्पित गर्नुपर्छ। आचार्यलाई दक्षिणाका रूपमा ग्राम, वस्त्र एवं सुवर्ण आदि दान दिनुपर्छ। यज्ञोपयोगी द्रव्य आदि आचार्यलाई अर्पित गर्नुपर्छ। आचार्यको भन्दा आधा दक्षिण ऋत्विज्हरूलाई दिनुपर्छ। त्यसपछि अन्य ब्राह्मणहरूलाई पनि दक्षिणा दिनुपर्छ र भोजन गराउनुपर्छ। त्यहाँ कुनै ब्राह्मणलाई आउनमा रोक लगाउनु हुँदैन, सबैलाई सत्कार नै गर्नुपर्छ। त्यसपछि गुरुले यजमानलाई फल दिनुपर्छ। भगवद्विग्रहलाई स्थापना गर्ने पुरुषले आफूसँगै सम्पूर्ण कुललाई भगवान् विष्णुका समीप लैजान्छ। सबै देवताहरूका लागि यो साधारण विधि हो तर मूल मन्त्र भने भिन्नाभिन्नै हुन्छन्, बाँकी सबै कार्य समान हुन्छन् ।१८-३५।

६१. एकषष्टितमोऽध्यायः
द्वारप्रतिष्ठाध्वजारोहण

भगवानुवाच
वक्ष्ये चावभृथस्नानं विष्णोर्नत्वेति होमयेत् ।
एकाशीतिपदे कुम्भान्स्थाप्य संस्थापयेद्धरिम् ।१।
पूजयेद् गन्धपुष्पाद्यैर्बलिं दत्त्वा गुरुं यजेत् ।
द्वारेप्रतिष्ठां वक्ष्यामि द्वाराधो हेम वै ददेत् ।२।
अष्टभिः कलशैः स्थाप्य शाखोदुम्बरकौ गुरुः ।
गन्धादिभिः समभ्यर्च्य मन्त्रैर्वेदादिभिर्गुरुः ।३।

भगवान्ले भने— हे ब्रह्मन् ! अब म अवभृथ स्नानका विषयमा वर्णन गर्दछु। विष्णोर्नु कं वीर्याणि इत्यादि मन्त्रले हवन गर्नुपर्छ। एकासी पद भएका वास्तुमण्डलमा कलश स्थापित गरेर तिनका जलले श्रीहरिलाई स्नान गराउनुपर्छ। स्नानपछि गन्ध, पुष्प आदिले भगवान्को पूजा गर्नुपर्छ र बलि अर्पित गरेर गुरुको पूजन गर्नुपर्छ। मुख्य द्वारका निम्नभागमा सुवर्ण राख्नुपर्छ र आठ कलशसँगै डुम्रीका दुई हाँगा पनि राख्नुपर्छ। त्यसपछि गन्ध आदि उपचार र वैदिक मन्त्रले सम्यक् पूजन गरेर कुण्डहरूमा स्थापित अग्निमा समिधा,

कुण्डेषु होमयेद्वह्निं समिल्लाजातिलादिभिः ।
दत्त्वा शय्यादिकं चाधो दद्यादाधारशक्तिकाम् ।४।
शाखयोर्विन्यसेन्मूले देवौ चण्डप्रचण्डकौ ।
ऊर्ध्वोदुम्बरके देवीं लक्ष्मीं सुरगणार्चिताम् ।५।
न्यस्याभ्यर्च्य यथान्यायं श्रीसूक्तेन चतुर्मुखम् ।
दत्त्वा तु श्रीफलादीनि आचार्यादिस्तु दक्षिणाम् ।६।
प्रतिष्ठासिद्धद्वारस्य त्वाचार्यः स्थापयेद्धरिम् ।
प्रासादस्य प्रतिष्ठां तु हृत्प्रतिष्ठेति तां शृणु ।७।
समाप्तौ शुकनासाया वेद्याः प्राग्गर्भमस्तके ।
सौवर्णं राजतं कुम्भमथवा शुक्लनिर्मितम् ।८।
अष्टरत्नौषधीधातुबीजलौहान्वितं शुभम् ।
सवस्त्रं पूरितं चाद्भिर्मण्डले चाधिवासयेत् ।९।
सपल्लवं नृसिंहेन हुत्वा सम्पातसञ्चितम् ।
नारायणाख्यतत्त्वेन प्राणभूतं न्यसेत्ततः ।१०।
वैराजभूतं तं ध्यायेत्प्रासादस्य सुरेश्वर ।
ततः पुरुषवत्सर्वं प्रासादं चिन्तयेद् बुधः ।११।
अधो दत्त्वा सुवर्णं तु तद्वद्भूतं घटं न्यसेत् ।
गुर्वादौ दक्षिणां दद्याद् ब्राह्मणादेश्च भोजनम् ।१२।
ततः पश्चाद्वेदिबन्धं तदूर्ध्वं कण्ठबन्धनम् ।
कण्ठोपरिष्टात्कर्त्तव्यं विमलामलसारकम् ।१३।
तदूर्ध्वं वृकलं कुर्याच्चक्रं चाद्यं सुदर्शनम् ।
मूर्त्तिं श्रीवासुदेवस्य ग्रहगुप्तां निवेदयेत् ।१४।
कलशं वाथं कुर्वीत तदूर्ध्वं चक्रमुत्तमम् ।
वेद्याश्च परितः स्थाप्या अष्टौ विघ्नेश्वरास्त्वज ।१५।
चत्वारो वा चतुर्दिक्षु स्थापनीया गरुत्मतः ।
ध्वजारोहं च वक्ष्यामि येन भूतादि नश्यति ।१६।
प्रासादबिम्बद्रव्याणां यावन्तः परमाणवः ।
तावद्वर्षसहस्राणि तत्कर्त्ता विष्णुलोकभाक् ।१७।
कुम्भाण्डवेदिबिम्बानां भ्रमणाद्वायुनानघ ।

घिउ र तेल आदिको आहुति दिनुपर्छ। त्यसपछि शय्या आदि दान दिएर आधार शक्तिको स्थापना गर्नुपर्छ। दुवै हाँगाका मूल भागमा चण्ड र प्रचण्ड नामका देवताहरूलाई स्थापना गर्नुपर्छ। डुम्रीका शाखाका माथिल्ला भागमा देववृन्दपूजित लक्ष्मीलाई स्थापना गरेर श्रीसूक्तले तिनको पूजन गर्नुपर्छ । त्यसपछि ब्रह्माको पूजा गरेर आचार्य आदिलाई श्रीफल नरिवल आदि दक्षिणा दिनुपर्छ। प्रतिष्ठाले सिद्ध गरिएका द्वारमा आचार्यले श्रीहरिलाई स्थापना गरून् । मन्दिरको प्रतिष्ठा हृत्प्रतिष्ठा इत्यादि मन्त्रले गरिन्छ। त्यसको वर्णन सुन। वेदीका पहिलो गर्भगृहका शिरोभाग जहाँ शुकनासाको समाप्ति हुन्छ, त्यही ठाउँमा सुन अथवा चाँदीले बनेको श्वेत निर्मल कलश स्थापना गर्नुपर्छ। त्यसमा आठ प्रकारका रत्न, ओषधि, धातु, बीज र सुवर्ण हाल्नुपर्छ। त्यस सुन्दर कलशका कण्ठभागमा वस्त्रले सजाएर त्यसमा जल भर्नुपर्छ र मण्डलमा त्यसलाई अधिवासन गर्नुपर्छ। त्यसमा पल्लव हालिदिनू। त्यसपछि नृसिंह मन्त्रले अग्निमा घिउको धारा खसाउँदै होम गर्नुपर्छ नारायणतत्त्वले प्राणन्यास गर्नुपर्छ। हे सुरेश्वर ! प्रासादलाई त्यस कलशको वैराजका रूपमा चिन्तन गर्नुपर्छ। त्यसपछि विद्वान् पुरुषले सम्पूर्ण प्रसादलाई नै पुरुषको जस्तै चिन्तन गर्नुपर्छ। त्यसपछि तल सुवर्ण राखेर तत्त्वभूत कलशलाई स्थापना गर्नुपर्छ। गुरुलाई दक्षिणा दिई ब्राह्मणलाई भोजन गराउनुपर्छ। त्यसपछि वेदीका चारैतिर सूत या माला बेर्नुपर्छ। त्यसका माथिल्लो भागमा सबैतिर धागो वा बन्दनवार बाँध्नुपर्छ र त्यसभन्दा पनि माथि विमलामहसार नामको पुष्पको हार या बन्दनवार मन्दिरको चारैतिर बाँध्नुपर्छ। त्यसका माथि वृकल तथा त्यसभन्दा माथि सुदर्शन चक्र बनाउनुपर्छ। त्यहीँ नै भगवान् वासुदेवलाई ग्रहगुप्त मूर्ति निवेदित गर्नुपर्छ। अथवा पहिले पहिले कलश र त्यसका माथि उत्तम सुदर्शन चक्रको योजना गर्नुपर्छ। हे ब्रह्मन् ! वेदीका चारैतिर आठ विघ्नेश्वरहरूलाई स्थापन गर्नुपर्छ। अथवा चार दिशाहरूमा चारै विघ्नेश्वरहरूलाई स्थापित गर्नुपर्छ। अब गरुडध्वजारोपणको विधि बताउँछु, जसलाई पूर्ण गर्नाले भूत आदि नष्ट हुन्छन् ।१-१६।

प्रासादबिम्बका द्रव्यमा जति परमाणु हुन्छन्, उति नै सहस्र वर्षसम्म मन्दिरनिर्माता पुरुष विष्णुलोकमा निवास गर्दछ। हे निष्पाप ब्रह्मा ! जब वायुले ध्वज फर्फराउँछ र कलश, वेदी तथा प्रासादबिम्बका कण्ठलाई आवेष्टित गर्दछ, त्यस बेला प्रासादकर्तालाई ध्वजारोपणको अपेक्षा कैयौं गुणा अधिक फल प्राप्त हुन्छ भन्ने मान्नुपर्छ। पताकालाई प्रकृति

कण्ठस्यावेष्टनाज्ज्ञेयं फलं कोटिगुणं ध्वजात् ।१८।
पताकां प्रकृतिं विद्धि दण्डं पुरुषरूपिणम् ।
प्रासादं वासुदेवस्य मूर्तिभेदं निबोध मे ।१९।
धारणाद्धरणीं विद्धि आकाशं सुषिरात्मकम् ।
तेजस्तत्पावकं विद्धि वायुं स्पर्शगतं तथा ।२०।
पाषाणादिष्वेव जलं पार्थिवं पृथिवीगुणम् ।
प्रतिशब्दोद्भवं शब्दं स्पर्शं स्यात्कर्कशादिकम् ।२१।
शुक्लादिकं भवेद्रूपं रसमन्नादिदर्शनम् ।
धूपादिगन्धं गन्धन्तु वाग्भेर्य्यादिषु संस्थिता ।२२।
शुकनासाश्रृता नासा बाहू तद्रथकौ स्मृतौ ।
शिरस्त्वण्डं निगदितं कलशो मूर्द्धजं स्मृतम् ।२३।
कण्ठं कण्ठमिति ज्ञेयं स्कन्धो वेदी निगद्यते ।
वायूपस्थे प्रणाले तु त्वक्सुधा परिकीर्त्तिता ।२४।
मुखं द्वारं भवेदस्य प्रतिमा जीव उच्यते ।
तच्छक्तिं पिण्डिकां विद्धि प्रकृतिं च तदाकृतिम् ।२५।
निश्चलत्वं च गर्भोऽस्या अधिष्ठाता तु केशवः ।
एवमेष हरिः साक्षात्प्रासादत्वेन संस्थितः ।२६।
जङ्घा त्वस्य शिवो ज्ञेयः स्कन्धे धाता व्यवस्थितः ।
ऊर्ध्वभागे स्थितो विष्णुरेवं तस्य स्थितस्य हि ।२७।
प्रासादस्य प्रतिष्ठां तु ध्वजरूपेण मे श्रृणु ।
ध्वजं कृत्वा सुरैर्दैत्या जिताः शस्त्रादिचिह्नितम् ।२८।
अण्डोर्द्ध्वं कलशं न्यस्य तदूर्ध्वं विन्यसेद्ध्वजम् ।
बिम्बार्द्धमानं दण्डस्य त्रिभागेनाथ कारयेत् ।२९।
अष्टारं द्वादशारं वा मध्ये मूर्तिमतान्वितम् ।
नारसिंहेन ताक्ष्येण ध्वजदण्डस्तु निर्व्रणः ।३०।
प्रासादस्य तु विस्तारो मानं दण्डस्य कीर्त्तितम् ।
शिखरार्द्धेन वा कुर्य्यात्तृतीयार्द्धेन वा पुनः ।३१।
द्वारस्य दैर्घ्याद् द्विगुणं दण्डं वा परिकल्पयेत् ।
ध्वजयष्टिर्देवगृहे ऐशान्यां वायवेऽथवा ।३२।

जानौँ र दण्डलाई पुरुष । साथै मसित यो पनि बुझ कि प्रासाद भगवान् वासुदेवको मूर्ति हो । मन्दिरले भगवान्लाई धारण गरेको छ, यो नै उसको धरणीतत्त्व हो भनेर जान्नुपर्छ। मन्दिरको भित्र जुन शून्य अवकाश छ, त्यही नै त्यसमा रहेको आकाशतत्त्व हो । त्यसमा जुन तेज या प्रकाश छ, त्यो नै अग्नितत्त्व हो र त्यसको भित्र जुन हावाको स्पर्श हुन्छ, त्यो नै त्यसमा रेको वायुतत्त्व हो। पाषाण आदिमा जुन जल हुन्छ, त्यो पार्थिव जल हो। त्यसमा पृथ्वीको गुण गन्ध विद्यमान छ। प्रतिध्वनिले जुन शब्द प्रकट हुन्छ, त्यही नै त्यहाँको शब्द हो। छुँदा कठोरता आदिको जुन अनुभव हुन्छ, त्यही त्यहाँको स्पर्श हो। शुक्ल आदि वर्ण रूप हो। आह्लाद अनुभव गराउने रस नै त्यहाँको रस हो। धुप आदिको गन्ध नै त्यहाँको गन्ध हो। भेरी आदिमा जुन नाद प्रकट हुन्छ, त्यही नै मानौँ वागिन्द्रियको कार्य हो। त्यसैले वागिन्द्रियको स्थिति त्यहाँ छ। शुकनासामा नासिकाको स्थिति छ। भद्रात्मक भुजाहरू हुन् भनिएको छ। शिखरमा जुन अण्डझैँ बनेर रहेको हुन्छ, त्यसैलाई मस्तक भनिएको छ र कलशलाई केश भनिएको छ । प्रासादको कण्ठभाग नै त्यसको कण्ठ हो भनेर जान्नुपर्छ वेदीलाई कन्धा भनिएको छ। दुई नालीहरू नै गुदा र उपस्थ हुन् भनिएको छ। मन्दिरमा जुन चुना लगाइएको हुन्छ त्यसैलाई त्वचा भन्ने नाम दिइएको छ । द्वार त्यसको मुख हो र प्रतिमालाई मन्दिरको जीवात्मा भनिएको छ । पिण्डिकालाई जीवशक्ति हो भनेर मानौँ र त्यसको आकृतिलाई प्रकृति । निश्चलता त्यसको गर्भ हो र भगवान् केशव त्यसका अधिष्ठाता । यसै किसिमले यी भगवान् विष्णु नै साक्षात् मन्दिरका रूपमा खडा छन् । भगवान् शिव उनका जङ्घा हुन्, ब्रह्मा स्कन्धभागमा स्थित छन् र ऊर्ध्वभागमा स्वयं विष्णु विराजमान छन् । यस किसिमले स्थित भएर प्रासादको ध्वजका रूपमा जुन प्रतिष्ठा गरिएका छन्, उनलाई मसित सुन। शस्त्रादि चिह्नित ध्वजलाई आरोपण गरेर देवताहरूले दैत्यलाई जितेका थिए। अण्डमाथि कलश राखेर त्यसमाथि ध्वज स्थापना गर्नुपर्छ । ध्वजको मान बिम्बको मानभन्दा आधा हुनुपर्छ। ध्वजदण्डका लम्बाइको एकतिहाइ भागले चक्र चक्र निर्माण गर्नुपर्छ। त्यो चक्र आठ या बाह्र अरको हुनुपर्छ र त्यसका मध्यभागमा भगवान् नृसिंह अथवा गरुडको मूर्ति हुनुपर्छ। ध्वजदण्ड टुटफुट भएको वा प्वाल परेको हुनु हुँदैन। प्रासादको चौडाइ जति छ, त्यति नै त्यसका दण्डको लम्बाइको मान हो भनिएको छ। अथवा शिखरको आधा वा एक तिहाइ भागबाट त्यसका लम्बाइको

क्षौमाद्यैश्च ध्वजं कुर्य्याद्विचित्रं वैकवर्णकम् ।
घण्टाचामरकिङ्किण्या भूषितं पापनाशनम् ।३३।
दण्डाग्राद्धरणिं यावद्धस्तैकं विस्तरेण तु ।
महाध्वजः सर्वदः स्यात्तुर्य्याशाद्धीनतोऽर्चितः ।३४।
ध्वजे चार्द्धेन विज्ञेया पताका मानवर्जिता ।
विस्तारेण ध्वजः कार्य्यो विंशदङ्गुलसन्निभः ।३५।
अधिवासविधानेन चक्रं दण्डं ध्वजं तथा ।
देववत्सकलं कृत्वा मण्डपस्नपनादिकम् ।३६।
नेत्रोन्मीलनकं त्यक्त्वा पूर्वोक्तं सर्वमाचरेत् ।
अधिवासयेच्च विधिना शय्यायां स्थाप्य देशिकः ।३७।
ततः सहस्रशीर्षेति सूक्तं चक्रे न्यसेद् बुधः ।
तथा सुदर्शनं मन्त्रं मनस्तत्त्वं निवेशयेत् ।३८।
मनोरूपेण तस्यैव सजीवकरणं स्मृतम् ।
अरेषु मूर्त्तयो न्यस्याः केशवाद्याः सुरोत्तम ।३९।
नाभ्यब्जप्रतिनेमीषु न्यसेत्तत्त्वानि देशिकः ।
नृसिंहं विश्वरूपं वा अब्जमध्ये निवेशयेत् ।४०।
सकलं विन्यसेद्दण्डे सूत्रात्मानं सजीवकम् ।
निष्कलं परमात्मानं ध्वजे ध्यायन्न्यसेद्धरिम् ।४१।
तच्छक्तिं व्यापिनीं ध्यायेद् ध्वजरूपां बलाबलाम् ।
मण्डपे स्थाप्य चाभ्यर्च्य होमं कुण्डेषु कारयेत् ।४२।
कलशे स्वर्णशकलं न्यस्य रत्नानि पञ्च च ।
स्थापयेच्चक्रमन्त्रेण स्वर्णचक्रमधस्ततः ।४३।
पारदेन तु संप्लाव्य नेत्रपट्टेन छादयेत् ।
ततो निवेशयेच्चक्रं तन्मध्ये नृहरिं स्मरेत् ।४४।
ओं क्षौं नृसिंहाय नमः पूजयेत्स्थापयेद्धरिम् ।
ततो ध्वजं गृहीत्वा तु यजमानः सबान्धवः ।४५।
दधिभक्तयुते पात्रे ध्वजस्याग्रं निवेशयेत् ।
ध्रुवाद्येन फडन्तेन ध्वजं मन्त्रेण पूजयेत् ।४६।
शिरस्याधाय तत्पात्रं नारायणमनुस्मरन् ।

अनुमान गर्नुपर्छ । अथवा द्वारको लम्बाइको दोब्बर ठूलो दण्ड बनाउनुपर्छ । त्यस ध्वजदण्डलाई देवमन्दिरमा ईशान वा वायव्य कोणतर्फ स्थापित गर्नुपर्छ ।१७–३२।

त्यसको पताका रेसमी कपडाले विचित्र शोभायुक्त बनाइएको हुनुपर्छ। अथवा त्यसलाई एकै रङ्गको बनाउनुपर्छ। यदि त्यसलाई घन्टा, चँवर अथवा सानासाना घन्टीहरूले सजाययो भने पनि पाप नाश गर्ने हुन्छ। दण्डको अग्रभागबाट लिएर भूमिसम्म लामो जुन एउटा वस्त्र हुन्छ त्यसलाई महाध्वज भनिन्छ। त्यो सम्पूर्ण पूरा गराउने हुन्छ। जुन त्यसभन्दा एक चौथाइ सानो हुन्छ त्यो ध्वजा पूजित हुँदा सबै खालका मनोरथ पूरा गराउने हुन्छ । ध्वजभन्दा आधा परिमाणको कपडाले बनेका झन्डालाई पताका भनिन्छ अथवा पताकाको कुनै माप हुँदैन । ध्वजको विस्तार बीस अङ्गुलको बराबर हुनुपर्छ। चक्र, दण्ड र ध्वज यी सबैको अधिवासनको विधि देवताकै जस्तो सकलीकरण गरेर मण्डपस्नान आदि सबै कार्य गर्नुपर्छ । नेत्रोन्मीलन कार्यलाई छोडेर पूर्वोक्त सबै कार्यको अनुष्ठान गर्नुपर्छ । आचार्यले यी सबैलाई विधिवत् शय्यामा स्थापित गरेर यिनको अधिवासन गर्नुपर्छ । त्यसपछि विद्वान् पुरुषले सहस्रशीर्षा इत्यादि सूक्तलाई ध्वजाङ्कित चक्रमा न्यास गर्नुपर्छ र सुदर्शन मन्त्र एवं मनस्तत्त्वको न्यास गर्नुपर्छ । यो मनका रूपले त्यस चक्रकै सजीवीकरण गर्ने काम हो भनिएको छ। हे सुरश्रेष्ठ ! बाह्र अरमा क्रमशः केशव आदि मूर्तिहरूको न्यास गर्नुपर्छ । गुरु चक्रको नाभी, कमल एवं प्रतिनेमिहरूमा तत्त्वको न्यास गर्नुपर्छ। कमलमा नृसिंह अथवा विश्वरूपको निवेश गर्नुपर्छ । ध्वजमा श्रीहरिको ध्यान गर्दै निष्कल परमात्मालाई निवेश गर्नुपर्छ। उनलाई बलाबलारूपा व्यापिनी शक्तिको ध्वजका रूपमा ध्यान गर्नुपर्छ। मण्डपमा त्यसको स्थापना र पूजा गरेर कुण्डमा हवन गर्नुपर्छ। कलशमा सुनको टुक्रा र पञ्चरत्न हालेर अस्त्रमन्त्रले चक्र स्थापना गर्नुपर्छ। त्यसपछि स्वर्णचक्रलाई तलको पारोमा सम्प्लावित गरेर नेत्रपटले आच्छादित गर्नुपर्छ। त्यसपछि चक्रलाई निवेश गर्नुपर्छ र त्यसभित्र श्रीहरिको स्मरण गर्नुपर्छ। ओं क्षौं नृसिंहाय नमः भन्ने मन्त्रले श्रीहरिलाई स्थापना र पूजा गर्नुपर्छ। त्यसपछि बन्धुबान्धवहरूका साथमा यजमानले ध्वजा लिएर दहीभातले युक्त पात्रमा ध्वजाको अग्रभाग हाल्नुपर्छ। सुरुमा ओं र अन्त्यमा फट् लगाएर ओं फट् भन्ने मन्त्रले ध्वजको पूजन गर्नुपर्छ । त्यसपछि त्यस पात्रलाई शिरमा राखेर नारायणलाई बारम्बार स्मरण गर्दै वाद्यको ध्वनि र मङ्गलपाठका साथमा परिक्रमा

प्रदक्षिणं तु कुर्वीत तुर्य्यमङ्गलनिःस्वनैः ।४७।
ततो निवेशयेद्दण्डं मन्त्रेणाष्टाक्षरेण तु ।
मुञ्चामि त्वेतिसूक्तेन ध्वजं मुञ्चेद्विचक्षणः ।४८।
पात्रं ध्वजं कुञ्जरादि दद्यादाचार्यके द्विजः ।
एष साधारणः प्रोक्तो ध्वजस्यारोहणे विधिः ।४९।
यस्य देवस्य यच्चिह्नं तन्मन्त्रेण स्थिरं चरेत् ।
स्वर्गच्छेद् ध्वजदानात्तु भुवि राजा बली भवेत् ।५०।

गर्नुपर्छ । त्यसपछि अष्टाक्षर मन्त्रले ध्वजदण्डको स्थापना गर्नुपर्छ । विद्वान् पुरुषले मुञ्चामि त्वा भन्ने सूक्तद्वारा ध्वज फहराउनुपर्छ । द्विजले आचार्यलाई पात्र, ध्वज र हात्ती आदि दान गर्नुपर्छ । यो ध्वजारोपणको साधारण विधि बताइएको हो । जुन देवताको जे चिह्न छ, त्यसले युक्त ध्वजलाई उसै देवताका मन्त्रले स्थिरतापूर्वक स्थापित गर्नुपर्छ। मानिस ध्वज दानको पुण्यले स्वर्गलोक जान्छ र ऊ पृथ्वीमा पनि बलवान् राजा हुन्छ ।३३-५०।

६२. द्विषष्टितमोऽध्यायः

लक्ष्मीप्रतिष्ठाविधि

भगवानुवाच
समुदायेन देवादेः प्रतिष्ठां प्रवदामि ते ।
लक्ष्म्याः प्रतिष्ठां प्रथमं तथा देवीगणस्य च ।१।
पूर्ववत्सकलं कुर्य्यान्मण्डपस्नपनादिकम् ।
भद्रपीठे श्रियं न्यस्य स्थापयेदष्ट वै घटान् ।२।
घृतेनाभ्यज्य मूलेन स्नापयेत्पञ्चगव्यकैः ।
हिरण्यवर्णा हरिणीं नेत्रे चोन्मलियेच्छ्रियाः ।३।
तन्म आवह इत्येवं प्रदद्यान्मधुरत्रयम् ।
अश्वपूर्णेति पूर्वेण तां कुम्भेनाभिषेचयेत् ।४।
काँमोऽस्मितेति याम्येन पश्चिमेनाभिषेचयेत् ।
चन्द्रं प्रभासामुच्चार्यादित्यवर्णेति चोत्तरान् ।५।
उपैतु मेति चाग्नेयात्क्षुत्पिपासेति नैर्ऋतात् ।
गन्धद्वारेति वायव्यां मनसः काममाकृतिम् ।६।
ईशानकलशेनैव शिरः सौवर्णकर्दमात् ।
एकाशीतिघटैः स्नानं मन्त्रेणापः सृजन्क्षितिम् ।७।
आर्द्रां पुष्करिणीं गन्धैरार्द्रामित्यादिपुष्पकैः ।

भगवान्ले भने— हे ब्रह्मन् ! अब म सामूहिक रूपले देवता आदिको प्रतिष्ठा तिमीसित बयान गर्दछु। पहिले लक्ष्मीको र त्यसपछि अन्य देवीहरूका समुदायको स्थापनाको वर्णन गर्दछु। पूर्ववर्ती अध्यायहरूमा जसरी बताइएको छ, उसै अनुसार मण्डप-अभिषेक आदि सम्पूर्ण कार्यहरू गर्नुपर्छ । त्यसपछि भद्रपीठमा लक्ष्मीलाई स्थापना गरेर आठ दिशाहरूमा आठ कलश स्थापना गर्नुपर्छ । देवीका प्रतिमालाई घिउले अभ्यञ्जन गरेर मूल मन्त्रले पञ्चगव्य स्नान गराउनुपर्छ । त्यसपछि हिरण्यवर्णांहरिणीम् इत्यादि मन्त्रले लक्ष्मीलाई दुवै नेत्रको उन्मीलन गराउनुपर्छ। तां म आ वह इत्यादि मन्त्र पढ्दै देवीका लागि मधु, घिउ र चिनी अर्पित गर्नुपर्छ । त्यसपछि अश्वपूर्वाम् इत्यादि मन्त्रले पूर्ववर्ती कलशका जलद्वारा श्रीदेवीलाई अभिषेक गर्नुपर्छ । कां सोऽस्मिताम् भन्ने मन्त्र पढेर दक्षिण कलशले चन्द्रां प्रभासाम् इत्यादि मन्त्र उच्चारण गर्दै पश्चिम कलशले र आदित्यवर्णे इत्यादि मन्त्र उच्चारण गरेर उत्तरवर्ती कलशले देवीलाई अभिषेक गर्नुपर्छ । उपैतु माम् इत्यादि मन्त्र उच्चारण गरेर आग्नेय कोणको कलशले, क्षुत्पिपासामलाम इत्यादि मन्त्र उच्चारण गरेर नैर्ऋत्य कोणका कलशले गन्धद्वारा दुराधर्षाम् इत्यादि मन्त्र पढेर वायव्य कोणका कलशले र मनसः काममाकूतिम् इत्यादि मन्त्र भनेर ईशान कोणका कलशले लक्ष्मीदेवीलाई अभिषेक गर्नुपर्छ । कर्दमेन प्रजा भूता इत्यादि मन्त्रले सुवर्णमय कलशका जलले देवीको मस्तकलाई अभिषेक गर्नुपर्छ। त्यसपछि आपः सृजन्तु इत्यादि मन्त्रले एकासी कलशद्वारा श्रीदेवीको प्रतिमालाई स्नान गराउनुपर्छ । त्यसपछि पुछपाछ गरी लुगा फेराइसकेर आर्द्रां पुष्करिणीम् इत्यादि मन्त्रले गन्ध अर्पित गर्नुपर्छ। आर्द्रां यः

तन्मयावह मन्त्रेण य आनन्द ऋचाखिलम् ।८।
श्रायन्ती येन शय्यायां श्रीसूक्तेन च सन्निधिम् ।
लक्ष्मीबीजेन चिच्छक्तिं विन्यस्याभ्यर्चयेत्पुनः ।९।
श्रीसूक्तेन मण्डपेऽथ कुण्डेष्वब्जानि होमयेत् ।
करवीराणि वा हत्वा सहस्रं शतमेव वा ।१०।
गृहोपकरणान्तादि श्रीसूक्तेनैव चार्पयेत् ।
ततः प्रासादसंस्कारं सर्वं कृत्वा तु पूर्ववत् ।११।
मन्त्रेण पिण्डिकाँ कृत्वा प्रतिष्ठानं ततः श्रियः ।
श्रीसूक्तेन च सान्निध्यं पूर्ववत्प्रत्यृचं जपेत् ।१२।
चिच्छक्तिं बोधयित्वा तु मूलात्सान्निध्यकं चरेत् ।
भूस्वर्णवस्त्रगोऽन्नादि गुरवे ब्रह्मणेऽर्पयेत् ।
एवं देव्योऽखिलाः स्थाप्य राज्यस्वर्गादिभाग्भवेत् ।१३।

करिणीम् इत्यादि मन्त्रले पुष्प र माला चढाएर पूजा गर्नुपर्छ। त्यसपछि तां म आ वह जातवेदो इत्यादि मन्त्रले र आनन्द इत्यादि श्लोकले अखिल उपचार अर्पित गर्नुपर्छ। श्रायन्ती इत्यादि मन्त्रले श्रीप्रतिमालाई शय्यामा शयन गराउनुपर्छ। त्यसपछि श्रीसूक्तले सन्निधीकरण गर्नुपर्छ र लक्ष्मीको श्रीबीज श्रींले चित् शक्ति विन्यास गर्दै पुनः अर्चना गर्नुपर्छ। त्यसपछि श्रीसूक्तले मण्डपमा रहेका कुण्डमा कमल अथवा करवीरका पुष्प हवन गर्नुपर्छ। होमसङ्ख्या एक हजार या एक सय हुनुपर्छ। गृहोपकरण आदि समस्त पूजन सामग्री आदितः श्रीसूक्तका मन्त्रले नै समर्पित गर्नुपर्छ। त्यसपछि पूर्ववत् पूर्ण रूपले प्रासाद संस्कार सम्पन्न गरेर माता लक्ष्मीका लागि पिण्डिका निर्माण गर्नुपर्छ। त्यसपछि त्यस पिण्डिकामा लक्ष्मीलाई प्रतिष्ठा गरेर श्रीसूक्तले सन्निधीकरण गर्दै पूर्ववत् त्यसका प्रत्येक ऋचाहरूको जप गर्नुपर्छ। मूल मन्त्रले चित् शक्तिलाई जाग्रत गरेर पुनः सन्निधीकरण गर्नुपर्छ। त्यसपछि आचार्य र अरू ब्रह्मा तथा ऋत्विज् ब्राह्मणहरूलाई भूमि, सुवर्ण, वस्त्र, गौ एवं अन्न आदि दान गर्नुपर्छ। यस किसिमले सबै देवीहरूलाई स्थापना गरेर मानिसले राज्य र स्वर्ग आदिको भाग प्राप्त गर्दछ ।१-१३।

६३. त्रिषष्टितमोऽध्यायः

सुदर्शनचक्रादिप्रतिष्ठा

भगवानुवाच
एवं तार्क्ष्यस्य चक्रस्य ब्रह्मणो नृहरेस्तथा ।
प्रतिष्ठा विष्णुवत्कार्या स्वस्वमन्त्रेण तां शृणु ।१।
सुदर्शन महाचक्र शान्त दुष्टभयङ्कर छिन्धिछिन्धि भिन्धिभिन्धि विदारयविदारय परमन्त्रान्ग्रसग्रस भक्षयभक्षय भूतान् त्रासयत्रासय हुं फट् सुदर्शनाय नमः
अभ्यर्च्य चक्रं चानेन रणे दारयते रिपून् ।२।
ओं क्षौं नरसिंह उग्ररूप ज्वलज्वल प्रज्वलप्रज्वल स्वाहा नरसिंहस्य मन्त्रोऽयं पातालाख्यस्य वच्मि ते ओं क्षौं नमो भगवते नरसिंहाय प्रदीप्तसूर्यकोटिसहस्रसमतेजसे वज्रनखदंष्ट्रायुधाय स्फुटविकटविकीर्णकेसरसटाप्रक्षुभित महार्णवाम्भोददुन्दुभिनिर्घोषाय सर्वमन्त्रोत्तारणाय एह्येहि भगवन्नरसिंह पुरुष परापर ब्रह्म सत्येन स्फुरस्फुर विजृम्भविजृम्भ आक्रमआक्रम गर्जगर्ज मुञ्चमुञ्च सिंहनादान् विदारयविदारय विद्रावयविद्रावय

भगवान्‌ले भने— यस किसिमले विनतानन्दन गरुड, सुदर्शनचक्र, ब्रह्मा र भगवान् नृसिंहको प्रतिष्ठा पनि उनका आआफ्ना मन्त्रले श्रीविष्णुकै सरह गर्नुपर्छ, त्यसलाई सुन। सुदर्शन महाचक्र... भन्ने मन्त्रले चक्रको पूजन गरेर वीर पुरुष युद्धक्षेत्रमा शत्रुलाई विदीर्ण गर्दछ। ओं क्षौं नरसिंह उग्ररूप ज्वलज्वल प्रज्वलप्रज्वल स्वाहायो नरसिंह भगवान्‌को मन्त्र हो। अब म तिमीलाई पाताल नृसिंह मन्त्रको उपदेश गर्दछु। ओं क्षौं नमो भगवते नरसिंहाय... । यस किसिमका श्रीहरिस्वरूपिणी नृसिंह विद्याले अर्थसिद्धि प्रदान गर्दछ। त्रैलोक्यमोहन श्रीविष्णुको त्रैलोक्यमोहन मन्त्रसमूहले प्रतिष्ठा गर्नुपर्छ। उनका द्विभुज विग्रहका वाम हातमा गदा र दक्षिण हातमा अभय मुद्रा हुनुपर्छ। यदि चतुर्भुज रूपको प्रतिष्ठा गरिन्छ भने दाहिनेतिरको माथिल्लो हातमा चक्र र बायाँतिरको

आविशआविश सर्वमन्त्ररूपाणि सर्वमन्त्रजातयश्च हनहन छिन्दछिन्द सङ्क्षिपसङ्क्षिप सरसर दारयदारय स्फुटस्फुट स्फोटयस्फोटय ज्वालामालासङ्घातमय सर्वतोऽनन्तज्वालावज्राशनिचक्रेण सर्वपातालान् उत्सादयउत्सादय सर्वतोऽनन्तज्वाल वज्रशरपञ्जरेण सर्वपातालान् परिवारयपरिवारय सर्वपातालासुरवासिनां हृदयान्याकर्षयाकर्षय शीघ्रं दहदह पचपच मथमथ शोषयशोषय निकृन्तयनिकृन्तय तावद्यावन्मे वशमागताः पातालेभ्यः फट् असुरेभ्य फट् मन्त्ररूपेभ्यः फट् मन्त्रजातिभ्यः फट् संशयान्मां भगवन्नरसिंहरूप विष्णो सर्वापद्भ्यः सर्वमन्त्ररूपेभ्यो रक्षरक्ष हुं फट् नमो नमस्ते नरसिंहस्य विद्येयं हरिरूपार्थसिद्धिदा ।३।

त्रैलोक्यमोहनैर्मन्त्रैः स्थाप्यस्त्रैलोक्यमोहनः ।
गदी दक्षे शान्तिकरो द्विभुजो वा चतुर्भुजः ।४।
वामोर्द्धे कारयेच्चक्रं पाञ्चजन्यमथो ह्यधः ।
श्रीपुष्टिसंयुतं कुर्य्याद्बलेन सह भद्रया ।५।
प्रासादे स्थापयेद्विष्णुं गृहे वा मण्डपेऽपि वा ।
वामनं चैव वैकुण्ठं हयास्यमनिरुद्धकम् ।६।
स्थापयेज्जलशय्यास्थं मत्स्यादीं श्चावतारकान् ।
सङ्कर्षणं विश्वरूपं लिङ्गं वै रुद्रमूर्तिकम् ।७।
अर्द्धनारीश्वरं तद्वद्धरिशङ्करमातृकाः ।
भैरवं च तथा सूर्यं ग्रहांस्तद्वद्विनायकम् ।८।
गौरीमिन्द्रादिभिः सेव्यां चित्रजां च बलाबलाम् ।
पुस्तकानां प्रतिष्ठां च वक्ष्ये लिखनतद्विधिम् ।९।
स्वस्तिके मण्डलेऽभ्यर्च्य शरपत्रासने स्थिरम् ।
लेख्यं च लिखितं पुस्तं गुरुंविद्या हरिं यजेत् ।१०।
जमानो गुरुं विद्यां हरिं लिपिकृतं नरम् ।
प्राङ्मुखः पद्मिनीं ध्यायेल्लिखित्वा श्लोकपञ्चकम् ।११।
रौप्यस्थमष्या हैम्या च लेखन्या नागराक्षरम् ।
ब्राह्मणान्भोजयेच्छक्त्या शक्त्या दद्याच्च दक्षिणाम् ।
गुरुं विद्यां हरिं प्राच्र्य पुराणादि लिखेन्नरः ।
पूर्ववन्मण्डलाद्यैश्च ऐशान्यां भद्रपीठके ।१३।
दर्पणे पुस्तकं दृष्ट्वा सेचयेत्पूर्ववद् घटैः ।
नेत्रोन्मीलनकं कृत्वा शय्यायां तु न्यसेन्नरः ।१४।
न्यसेत्तु पौरुषं सूक्तं वेदाद्यं तत्र पुस्तके ।
कृत्वा सजीवीकरणं प्राच्र्य हुत्वा चरुं ततः ।१५।

माथिललो हातमा पाञ्चजन्य शङ्ख हुनुपर्छ । उनीसँगै श्री एवं पुष्टि अथवा बलराम, सुभद्रलाई पनि स्थापना गर्नुपर्छ । श्रीविष्णु, वामन, वैकुण्ठ, हयग्रीव र अनिरुद्धलाई प्रासादमा, घरमा अथवा मण्डपमा स्थापना गर्नुपर्छ। मत्स्यादि अवतारहरूलाई जलशय्यामा स्थापित गरेर शयन गराउनुपर्छ। सङ्कर्षण, विश्वरूप, रुद्रमूर्तिलिङ्ग, अर्धनारीश्वर, हरिहर, मातृकागण, भैरव, सूर्य, ग्रह, विनायक तथा इन्द्र आदिले सेवा गरिएका गौरी, चित्रजा एवं बलाबला विद्यालाई पनि उसै किसिमले स्थापना गर्नुपर्छ। अब म ग्रन्थको प्रतिष्ठा र त्यसको लेखनविधिको वर्णन गर्दछु। आचार्यले स्वस्तिक मण्डलमा शरयन्त्रका आसनमा बसेर लेख्य, लिखित पुस्तक, विद्या एवं श्रीहरिको यजन गर्नुपर्छ। त्यसपछि यजमान, गुरु, विद्या एवं भगवान् विष्णु र लिपिक पुरुषको अर्चना गर्नुपर्छ। त्यसपछि पूर्वाभिमुख भएर पद्मिनीको ध्यान गर्नुपर्छ र चाँदीको मसीदानीमा राखिएको मसी र सुनको कलमले देवनागरी अक्षरमा पाँच श्लोक लेख्नुपर्छ । त्यसपछि ब्राह्मणहरूलाई यथाशक्ति भोजन गराउनुपर्छ र आफ्नो सामर्थ्यअनुसारको दक्षिणा दिनुपर्छ । आचार्य, विद्या र श्रीविष्णुको पूजा गरेर लेखकले पुराण आदिको लेखन प्रारम्भ गर्नुपर्छ। पूर्ववत् मण्डल आदिद्वारा ईशान कोणमा भद्रपीठमा दर्पणमाथि पुस्तक राखेर पहिलेकै जस्तो गरी कलशले सेचन गर्नुपर्छ। त्यसपछि यजमानले नेत्रोन्मीलन गरेर शय्यामा त्यस पुस्तकलाई स्थापन गर्नुपर्छ। त्यसपछि पुस्तकमाथि पुरुषसूक्त तथा वेद आदिको न्यास गर्नुपर्छ। त्यसपछि प्राणप्रतिष्ठा, पूजन एवं चरुहोम गरेर पूजन गरिसकेपछि दक्षिणा आदिले आचार्यलाई सत्कार गर्नुपर्छ र ब्राह्मणलाई भोजन गराउनुपर्छ। त्यस ग्रन्थलाई रथ या हात्तीमा राखेर जनसमाजका साथै नगरमा घुमाउनुपर्छ। अन्त्यमा गृह या देवालयमा त्यसलाई स्थापित गरेर त्यसको पूजा गर्नुपर्छ। ग्रन्थलाई वस्त्रले आवेष्टित गरेर पाठका आदि र अन्त्यमा त्यसको पूजा गर्नुपर्छ। पुस्तक पढ्नेले विश्वशान्तिको सङ्कल्प गरेर एक अध्याय पाठ गर्नुपर्छ। त्यसपछि गुरुले कुम्भजलले यजमान आदिलाई

सम्प्राश्य दक्षिणाभिस्तु गुर्वादीन्भोजयेद् द्विजान् ।
रथेन हस्तिना वापि भ्रामयेत्पुस्तकं नरैः ।१६।
गृहे देवालयादौ तु पुस्तकं स्थाप्य पूजयेत् ।
वस्त्रादिवेष्टितं पाठादादावन्ते समर्च्चयेत् ।१७।
जगच्छान्तिं चावधार्य्य पुस्तकं वाचयेन्नरः ।
अध्यायमेकं कुम्भाद्भिर्यजमानादि सेचयेत् ।१८।
द्विजाय पुस्तकं दत्त्वा फलस्यान्तो न विद्यते ।
त्रीण्याहुरतिदानानि गावः पृथ्वी सरस्वती ।१९।
विद्यादानफलं दत्त्वा मस्यान्तं पत्रसञ्चयम् ।
यावत्त पत्रसङ्ख्यानमक्षराणां तथाऽनघ ।२०।
तावद्वर्षसहस्राणि विष्णुलोके महियते ।
पञ्चरात्रं पुराणादि भारतादि ददन्नरः ।
कुलैकविंशमुद्धृत्य परे तत्त्वे तु लीयते ।२१।

अभिषेक गर्नुपर्छ। ब्राह्मणलाई पुस्तक दान गर्नाले अनन्त फल प्राप्त हुन्छ। गोदान, भूमिदान र विद्यादान यी तीन अतिदान हुन् भनिएको छ। यिनलाई क्रमशः दोहन, वपन र पाठ मात्र गर्नाले पनि नरकबाट उद्धार होइन्छ। मसीले लेखेको पुस्तक गर्दा विद्यादानको फल प्राप्त हुन्छ र ती पत्रका अक्षरहरूको सङ्ख्या जति हजार वर्ष नै दाता पुरुष विष्णुलोकमा पूजित भइरहन्छ। पुराण र महाभारत दान गर्ने मानिसले आफ्ना एक्काईस पुस्ता उद्धार गरेर आफू परम तत्त्वमा विलीन हुन्छ ।१-२१।

६४. चतुःष्टितमोऽध्यायः

कूपादिप्रतिष्ठा

भगवानुवाच

कूपवापीतडागानां प्रतिष्ठां वच्मि तां शृणु ।
जलरूपेण हि हरिः सोमो वरुण उत्तमः ।१।
अग्नीषोममयं विश्वं विष्णुरापस्तु कारणम् ।
हैमं रोप्यं रत्नजं वा वरुणं कारयेन्नरः ।२।
द्विभूजं हंसपृष्ठस्थं दक्षिणेनाभयप्रदम् ।
वामेन नागपाशं तु नदीनागादिसंयुतम् ।३।
यागमण्डपमध्ये स्याद्वेदिका कुण्डमण्डिता ।
तोरणं वारुणं कुम्भं न्यसेच्च करकान्वितम् ।४।
भद्रके चार्द्धचन्द्रे वा स्वस्तिके द्वारि कुम्भकान् ।
अग्न्याधानं चाप्यकुण्डे कृत्वा पूर्णां प्रदापयेत् ।५।
वरुणं स्नानपीठे तु ये ते शतेति संस्पृशेत् ।
घृतेनाभ्यञ्जयेत्पश्चान्मूलमन्त्रेण देशिकः ।६।
शन्नो देवीति प्रक्षाल्य शुद्धवत्या शिवोदकैः ।
अधिवासयेदष्टकुम्भान्सामुद्रं पूर्वकुम्भके ।७।

श्रीभगवान्‌ले भने— हे ब्रह्मन् ! अब म कुवा, तलाउ, पोखरी, ताल आदिको प्रतिष्ठाको विधि वर्णन गर्दछु, त्यो सुन। भगवान् श्रीहरि नै जलरूपमा देवश्रेष्ठ सोम र वरुण हुन् । सम्पूर्ण विश्व नै अग्निषोममय छ । जलरूप नारायण त्यसका कारण हुन् । मानिसले वरुणका स्वर्ण, रौप्य या रत्नमयी प्रतिमाको निर्माण गराउनुपर्छ । वरुणदेव द्विभुज, हंसारूढ र नदी एवं नालाहरूले युक्त छन् । उनका दाहिने हातमा अभयमुद्रा छ र वाम हात नागपाशले सुशोभित हुन्छ। यज्ञमण्डपका मध्यभागमा कुण्डले सुशोभित वेदी हुनुपर्छ र त्यसको तोरणमा कमण्डलुसहितको वरुणकलश स्थापना गर्नुपर्छ। यसै गरी भद्रक, अर्द्धचन्द्र तथा स्वस्तिकमा पनि वरुणकलशको स्थापना गर्नु आवश्यक हुन्छ । कुण्डमा अग्निको आधान गरेर पूर्णाहुति प्रदान गर्नुपर्छ । ये ते शतं वरुण आदि मन्त्रले स्नानपीठमा वरुणलाई स्थापना गर्नुपर्छ। त्यसपछि आचार्यले मूल मन्त्र उच्चारण गरेर वरुण देवताका प्रतिमालाई त्यहीं राखेर घिउको अभ्यङ्ग गर्नुपर्छ। त्यसपछि शं नो देवी इत्यादि मन्त्रले त्यसलाई सफा गरी पखाल्दै शुद्धबालः, सर्वशुद्धबालो इत्यादि मन्त्रहरूले पवित्र जलद्वारा त्यसलाई स्नान गराउनुपर्छ। त्यसपछि स्नानपीठका पूर्व आदि दिशाहरूमा आठ कलशहरू स्थापना गर्नुपर्छ । यिनीहरूमा

गाङ्गमग्नौ वर्षतोयं दक्षे रक्षस्तु नैर्झरम् ।
नदीतोयं पश्चिमे तु वायव्ये तु नदोदकम् ।८।
औद्भिज्जं चोत्तरे स्थाप्यमैशान्यां तीर्थसम्भवम् ।
अलाभे तु नदीतोयं यासां राजेति मन्त्रयेत् ।९।
देवं निर्माज्य निर्मञ्छ्य दुर्भित्र्येति विचक्षणः ।
नेत्रे चोन्मीलयेच्चित्रं तच्चक्षुर्मधुरत्रयैः ।१०।
ज्योतिः सम्पूरयेद्धैम्यां गुरवे गामथार्प्पयेत् ।
समुद्रज्येष्ठेत्यभिषिञ्चेद्वरुणं पूर्वकुम्भतः ।११।
समुद्रं गच्छ गाङ्गेयात् सोमो धेन्विति वर्षकात् ।
देवीरापो निर्झराद्भिर्नदाद्भिः पञ्चनद्यतः ।१२।
उद्भिदद्भ्यश्चोद्भिदेन पावमान्याऽथ तीर्थकैः ।
आपो हि ष्ठा पञ्चगव्याद्धिरण्यवर्णेति स्वर्णजात् ।१३।
आपो अस्मेति वर्षोत्थैर्व्याहृत्या कूपसम्भवैः ।
वरुणं च तडागोत्थैर्वरुणाद्भिस्तु वश्यतः ।१४।
आपो देवीति गिरिजैरेकाशीतिघटैस्ततः ।
स्नापयेद्वरुणस्येति त्वन्नो वरुण चार्घकम् ।१५।
व्याहृत्या मधुपर्कं तु बृहस्पतेति वस्त्रकम् ।
वरुणेति पवित्रं तु प्रणवेनोत्तरीयकम् ।१६।
यद्वारण्येन पुष्पादि प्रदद्याद्वरुणाय तु ।
चामरं दर्पणं छत्रं व्यजनं वैजयन्तिकाम् ।१७।
मूलेनोत्तिष्ठेत्युत्थाप्य तां रात्रिमधिवासयेत् ।
वरुणं चेति सान्निध्यं यद्वारण्येन पूजयेत् ।१८।
सजीवीकरणं मूलात्पुनर्गन्धादिना यजेत् ।
मण्डपे पूर्ववत्प्रार्च्य कुण्डेषु समिदादिकम् ।१९।
वेदादिमन्त्रैर्गन्धाद्याश्चतस्रो धेनवो दुहेत् ।
दिक्ष्वयो वै यवचरुं ततः संस्थाप्य होमयेत् ।२०।
व्याहृत्या वाथ गायत्र्या मूलेनामन्त्रयेत्तथा ।

पूर्ववर्ती कलशमा समुद्रको जल, आग्नेय कोणवर्ती कुम्भमा गङ्गाजल, दक्षिणको कलशमा वर्षाको जल, नैर्ऋत्य कोणको कुम्भमा झर्नाको जल, पश्चिमको कलशमा नदीको जल, वायव्य कोणमा खोलाको जल, उत्तरका कुम्भवमा औद्भिज्ज सोताहरूको जल एवं ईशानवर्ती कलशमा तीर्थको जल भर्नुपर्छ। उपर्युक्त विविध जल प्राप्त नभएको सबै कलशमा नदीको जल नै हाले पनि हुन्छ। उक्त सबै कलशहरूलाई यासां राजा आदि मन्त्रले अभिमन्त्रित गर्नुपर्छ। विद्वान् पुरोहितले वरुणदेवलाई सुमित्रिया आदि मन्त्रले मार्जन र निर्मञ्छन गरेर चित्रं देवाना तथा तच्चक्षुर्देवहितं आदि मन्त्रले मधुरत्रयद्वारा वरुणदेवताका नेत्र उन्मीलन गर्नुपर्छ। त्यसपछि वरुणको त्यस सुवर्णमयी प्रतिमामा ज्योतिको पूजन गर्नुपर्छ र आचार्यलाई गोदान दिनुपर्छ । त्यसपछि समुद्रज्येष्ठाः आदि मन्त्रले वरुणदेवतालाई पूर्व कलशको जलले अभिषेक गर्नुपर्छ। समुद्रं गच्छ इत्यादि मन्त्रले अग्नि कोणवर्ती कलशका गङ्गाजलले, सोमो धेनुं इत्यादि मन्त्रले दक्षिणका कलशका वर्षाका जलले, देवीरापो इत्यादि मन्त्रद्वारा नैर्ऋत्य कोणवर्ती कलशका निर्झरका जलले, पञ्चनद्यः आदि मन्त्रले पश्चिम कलशका नदीका जलले, उद्भिद्भ्यः इत्यादि मन्त्रले उत्तरवर्ती कलशका उद्भिज्ज जलले र पावमानी ऋचाद्वारा ईशान कोणवर्ती कलशका तीर्थ जलले वरुणको अभिषेक गर्नुपर्छ। त्यसपछि यजमान मौन रहेर आपो हि ष्ठा इत्यादि मन्त्रद्वारा पञ्चगव्यले हिरण्यवर्णां इत्यादि श्रीसूक्तद्वारा स्वर्ण जलले आपो अस्मान् इत्यादि मन्त्रद्वारा वर्षाका जलले, व्याहृतिहरूको उच्चारण गर्दै कुवाका जलले र आपो देवी मन्त्रद्वारा तलाउका जलले एवं तोरणवर्ती वरुणकलशका जलले समेत वरुण देवतालाई स्नान गराउनुपर्छ। वरुणस्योत्तम्भनमसि इत्यादि मन्त्रले पर्वतीय जलले भरिएका एकासी कलशहरूले स्नान गराउनुपर्छ । त्यसपछि त्वं नो अग्ने वरुणस्य इत्यादि मन्त्रले अर्घ्य प्रदान गर्नुपर्छ। व्याहृतिहरूको उच्चारण गरेर मधुपर्क, बृहस्पते अति यदर्यो इत्यादि मन्त्रले वस्त्र, इमं मे वरुणः इत्यादि मन्त्रले पवित्रक र प्रणवले उत्तरीय वस्त्र समर्पित गर्नुपर्छ।१-१६।

वारुणसूक्तले वरुणदेवतालाई पुष्प, चँवर, दर्पण, छत्र र पताका निवेदन गर्नुपर्छ। मूल मन्त्रले उत्तिष्ठ भनेर उत्थापन गर्नुपर्छ। त्यस रातमा नै अधिवासन गर्नुपर्छ। वरुणं वा भन्ने मन्त्रले सन्निधीकरण गरेर वरुणसूक्तले उनलाई पूजन गर्नुपर्छ । त्यसपछि मूल मन्त्रले सजीवीकरण गरेर चन्दन आदिले पूजा गर्नुपर्छ। मण्डलमा पूर्ववत् अर्चना गर्नुपर्छ।

सूर्याय प्रजापतये द्यौः स्वाहा चान्तरिक्षकः ।२१।
तस्यै पृथिव्यै देहधृत्यै इह स्वधृतये ततः ।
इह रत्यै चेह रमत्या उग्रो भीमश्च रौद्रकः ।२२।
विष्णुश्च वरुणो धाता रायस्पोषो महेन्द्रकः ।
अग्निर्यमोनैर्ऋतोऽच वरुणो वायुरेव च ।२३।
कुबेर ईशोऽनन्तोऽथ ब्रह्मा राजा जलेश्वरः ।
तस्मै स्वाहेदं विष्णुश्च तद्विप्रासेति होमयेत् ।२४।
सोमो धेन्विति षड् हुत्वा इमं मेति च होमयेत् ।
आपोहिष्ठेति तिसृभिरिमा रुद्रेति होमयेत् ।२५।
दशदिक्षु बलिं दद्याद् गन्धपुष्पादिनाऽर्चयेत् ।
प्रतिमां तु समुत्थाप्य मण्डले विन्यसेद् बुधः ।२६।
पूजयेद् गन्धपुष्पाद्यैर्हेमपुष्पादिभिः क्रमात् ।
जलाशयांस्तु दिग्भागे वितस्तिद्वयसम्मितान् ।२७।
कृत्वाऽष्टौ स्थण्डिलान् रम्यान्सैकतान्देशिकोत्तमः ।
वरुणस्येति मन्त्रेण साज्यमष्टशतं ततः ।२८।
चरुं यवमयं हुत्वा शान्तितोयं समाचरेत् ।
सेचयेन्मूर्ध्नि देवं तु सजीवकरणं चरेत् ।२९।
ध्यायेत्तु वरुणं युक्तं गौर्या नदनदीगणैः ।
ओं वरुणाय नमोऽभ्यर्च्य ततः सान्निध्यमाचरेत् ।३०।
उत्थाप्य नागपृष्ठाद्यैर्भ्रामयेत्तैः समङ्गलैः ।
आपोहिष्ठेति च क्षिपेत् त्रिमध्वाक्ते घटे जले ।३१।
जलाशये मध्यगतं सुगुप्तं विनिवेशयेत् ।
स्नात्वा ध्यायेच्च वरुणं सृष्टिं ब्रह्माण्डसंज्ञिकाम् ।३२।
अग्निबीजेन सन्दग्ध्य तद्भस्म प्लावयेद्धराम् ।
सर्वमापोमयं लोकं ध्यायेत्तत्र जलेश्वरम् ।३३।
तोयमध्यस्थितं देवं ततो यूपं निवेशयेत् ।
चतुरस्रमथाष्टास्रं वर्त्तुलं वा प्रवर्तितम् ।३४।

अग्निकुण्डमा समिधाहरूको हवन गर्नुपर्छ । वैदिक मन्त्रले गङ्गा आदि चारै गौहरूलाई दोहन गर्नुपर्छ । त्यसपछि सम्पूर्ण दिशाहरूमा यवनिर्मित चरु स्थापना गरी होम गर्नुपर्छ । चरुलाई व्याहृति, गायत्री या मूल मन्त्रले अभिमन्त्रित गरेर सूर्य, प्रजापति, दिव, अन्तक निग्रह, पृथ्वी, देहधृति, स्वधृति, रति, रमती, उग्र, भीम, रौद्र, विष्णु, वरुण, धाता, रायस्पोष, महेन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर, ईश, अनन्त, ब्रह्मा, राजा, जलेश्वर यी नामलाई चतुर्थी विभक्तिको अन्तिम रूप बोलेर अन्त्यमा स्वाहा लगाएर बलि समर्पित गर्नुपर्छ। इदं विष्णु र तद् विप्रासो इत्यादि मन्त्रले आहुति दिनुपर्छ । सोमो धेनुम् मन्त्रले छ आहुति दिएर इमं मे वरुणः मन्त्रले एक आहुति दिनुपर्छ । आपो हि ष्ठा आदि तीन ऋचाहरूले र इमा रुद्र इत्यादि मन्त्रले पनि आहुति दिनुपर्छ । त्यसपछि दसै दिशामा बलि समर्पित गरेर गन्धपुष्प आदिले पूजा गर्नुपर्छ । त्यसपछि विद्वान् पुरुषले प्रतिमालाई उठाएर मण्डलमा स्थापित गर्नुपर्छ र गन्धपुष्प आदि एवं स्वर्ण पुष्प आदिले क्रमशः त्यसको पूजा गर्नुपर्छ । त्यसपछि श्रेष्ठ आचार्यले आठै दिशामा दुई भित्ताबराबरका जलाशय र आठवटा बालुवाका सुरम्य वेदी बनाउनुपर्छ । वरुणस्य इत्यादि मन्त्रले घिउ एवं यवनिर्मित चरु पृथक्पृथक् गरी एकसय आठका आहुति दिएर शान्ति जल ल्याउनुपर्छ र त्यस जलले वरुणदेवताका शिरमा अभिषेक गरी सजीवीकरण गर्नुपर्छ । वरुणदेवता आफ्नी धर्मपत्नी गौरीदेवीका साथमा विराजमान भएर नदीले घेरिएका छन् भन्ने विचार गरी उनको ध्यान गर्नुपर्छ । ओं वरुणाय नमः भन्ने मन्त्रले पूजा गरेर सान्निध्यकरण गर्नुपर्छ । त्यसपछि वरुणदेवतालाई उठाएर गजराजका पिठ्युँमा सवार गराई मङ्गल द्रव्यहरूका साथै राखेर नगरमा भ्रमण गराउनुपर्छ । त्यसपछि त्यस वरुणमूर्तिलाई आपो हि ष्ठा इत्यादि मन्त्र उच्चारण गर्दै त्रिमधुयुक्त कलशजलमा राख्नुपर्छ ।१७-३१।

कलशसहित वरुणलाई जलाशयका मध्यभागमा सुरक्षित रूपमा स्थापित गरिदिनुपर्छ । त्यसपछि यजमानले स्नान गरेर वरुणलाई ध्यान गर्नुपर्छ। त्यसपछि ब्रह्माण्ड नामका सृष्टिलाई अग्निबीज रं ले दग्ध गरेर त्यसको भस्मराशिलाई जलमा बगाएको कल्पना गर्नुपर्छ । समस्त लोक नै जलमय भएको छ भन्ने भावना गर्दै त्यस जलमा जलेश्वर वरुणलाई ध्यान गर्नुपर्छ । यस किसिमले जलका मध्यभागमा वरुणदेवताको चिन्तन गरेर त्यहाँ यूपको स्थापना गर्नुपर्छ । यूप चतुष्कोण, अष्टकोण या गोलाकार भयो भने उत्तम मानिन्छ । त्यसको

आराध्य देवतालिङ्गं दशहस्तं तु कूपके ।
यूपं यज्ञीयवृक्षोत्थं मूले हैमं फलं न्यसेत् ।३५।
वाप्यां पञ्चदशकरं पुष्करिण्यां तु विंशकम् ।
तडागे पञ्चविंशाख्यं जलमध्ये निवेशयेत् ।३६।
यागमण्डपाङ्गणे वा यूपव्रस्केति मन्त्रतः ।
स्थाप्य तद्वेष्टयेद्वस्त्रैर्यूपोपरि पताकिकाम् ।३७।
तदभ्यर्च्य च गन्धाद्यैर्जगच्छान्तिं समाचरेत् ।
दक्षिणां गुरवे दद्याद्भूगोहेमाम्बुपात्रकम् ।३८।
द्विजेभ्यो दक्षिणा देया आगतान्भोजयेत्तथा ।
आब्रह्मनस्तम्बपर्य्यन्ता ये केचित्सलिलार्थिनः ।३९।
ते तृप्तिमुपगच्छन्तु तडागस्थेन वारिणा ।
तोयमुत्सर्जयेदेवं पञ्चगव्यं विनिक्षिपेत् ।४०।
आपोहिष्ठेति तिसृभिः शान्तितोयं द्विजैः कृतम् ।
तीर्थतोयं क्षिपेत्पुण्यं गोकुलं चार्पयेद् द्विजान् ।४१।
अनिवारितमन्नाद्यं सर्वजन्यं च कारयेत् ।
अश्वमेधसहस्राणां सहस्रं यः समाचरेत् ।४२।
एकाहं स्थापयेत्तोयं तत्पुण्यमयुतायुतम् ।
विमाने मोदते स्वर्गे नरकं न स गच्छति ।४३।
गवादि पिबते यस्मात्तस्मात्कर्त्तुर्न पातकम् ।
तोयदानात्सर्वदानफलं प्राप्य दिवं व्रजेत् ।४४।

लम्बाइ दस हातको हुनुपर्छ । त्यसमा उपास्यदेवताको चिह्न हुनुपर्छ । त्यसको निर्माण कुनै यज्ञसम्बन्धी वृक्षका काठले भएको हुनुपर्छ। यस्तै खालको यूप कूपका लागि पनि उपयोगी हुन्छ । त्यसका मूल भागमा हेममय फलका न्यास गर्नुपर्छ। वापीमा पन्ध्र हातको पुष्करिणीमा बीस हातको र पोखरीमा पच्चीस हातको यूपकाष्ठ जलभित्र निवेशित गरेको हुनुपर्छ। यज्ञमण्डपका प्रसङ्गमा यूप ब्रह्म आदि मन्त्रले यूपको स्थापना गरेर त्यसलाई वस्त्रले आवेष्टित गर्नुपर्छ र यूपका माथिल्ला भागमा पताका लगाउनुपर्छ । त्यसलाई गन्ध आदिले पूजन गरेर जगत्का लागि शान्तिकर्म गर्नुपर्छ। आचार्यलाई भूमि, गौ, सुवर्ण तथा जलपात्र आदि दक्षिणा दिनुपर्छ। अन्य ब्राह्मणलाई पनि दक्षिणा दिनुपर्छ र सहभागी हुन आउने जनहरूलाई पनि भोजन गराउनुपर्छ । ब्रह्मादेखि तृणपर्यन्तका जेजति जलको तिर्खाले सताइएका छन्, ती सबैले यस तलाउमा रहेका पानीले सन्तुष्ट हुने गरी तिर्खा मेटून् भन्ने श्लोक पाठ गर्दै जल उत्सर्ग गर्नुपर्छ र जलाशयमा पञ्चगव्य हाल्नुपर्छ । त्यसपछि आपो हि ष्ठा इत्यादि तीन ऋचाहरूले ब्राह्मणद्वारा सम्पादित शान्ति जल तथा पवित्र तीर्थको जल निक्षेप गरी ब्राह्मणलाई गाई दान गर्नुपर्छ । सर्वसाधारणका लागि बेरोकटोक अन्न वितरणको प्रबन्ध गराउनुपर्छ। जुन मानिसले एक लाख अश्वमेध यज्ञको अनुष्ठान गर्दछ र जसले एकपटक मात्रै जलाशयको प्रतिष्ठा गर्दछ, त्यसको पुण्य ती यज्ञको तुलनामा हजारौँ गुणा अधिक नै हुन्छ। ऊ स्वर्गलोकमा पुगेर विमानमा रमाउँछ र नरकमा कहिल्यै पुग्दैन। जलाशयमा गाई आदि पशुले पानी खान्छन्। त्यसो भएपछि कर्ता पापमुक्त हुन्छ, मानिसले जलदानबाट सबै खालका दानको फल प्राप्त गरेर स्वर्गलोक जान्छ।३२-४४।

६५. पञ्चषष्टितमोऽध्यायः

सभादिस्थापन

भगवानुवाच
सभादिस्थापनं वक्ष्ये तथैतेषां प्रवर्त्तनम् ।
भूमौ परीक्षितायां च वास्तुयागं समाचरेत् ।१।
स्वेच्छया तु सभां कृत्वा स्वेच्छया स्थापयेत्सुरान् ।
चतुष्पथे च ग्रामादौ न शून्ये कारयेत्सभाम् ।२।
निर्मलः कुलमुद्धृत्य कर्त्ता स्वर्गे विमोदते ।

श्रीभगवान्ले भने— अब म सभा आदि देवमन्दिरको स्थापनाका विषयमा कुरो गर्दछु र यी सबैका प्रवृत्तिका विषयमा पनि केही भन्दछु। भूमिको परीक्षा गरेर त्यहाँ वास्तुदेवताको पूजा गर्नुपर्छ । आफ्नो इच्छाअनुसार देवसभा वा मन्दिरको निर्माण गरेर आफ्नै रुचिअनुकूल देवताहरूलाई स्थापना गर्नुपर्छ । नगरका चौबाटामा अथवा गाउँ आदिमा सभा निर्माण गराउनुपर्छ, सुनसान ठाउँमा होइन। देवसभाको निर्माण एवं स्थापना गर्ने व्यक्ति पापरहित

अनेन विधिना कुर्य्यात्सप्तभौमं हरेर्गृहम् ।३।
यथा राज्ञान्तथाऽन्येषां पूर्वाद्याश्च ध्वजादयः ।
कोणभुजान् वर्जयित्वा चतुःशालं तु वर्त्तयेत् ।४।
त्रिशालं वा द्विशालं वा एकशालमथापि वा ।
व्ययाधिकं न कुर्वीत व्ययदोषकरं हि तत् ।५।
आयाधिके भवेत्पीडा तस्मात्कुर्य्यात्समं द्वयम् ।
करराशिं समस्तं तु कुर्य्याद्वसुगुणं गुरुः ।६।
सप्तार्च्चिषा हृते भागे गर्गविद्याविचक्षणः ।
अष्टधा भाजिते तस्मिन्यच्छेषं स व्ययो गतः ।७।
अथवा करराशिं तु हन्यात्सप्तार्च्चिषा बुधः ।
वसुभिः संहते भागे पृथ्व्यादि परिकल्पयेत् ।८।
ध्वजो धूम्रस्तथा सिंहः श्वा वृषस्तु खरो गजः ।
तथा ध्वाङ्क्षस्तु पूर्वादावुद्भवन्ति विकल्पयेत् ।९।
त्रिशालकत्रयं शस्तमुदक्पूर्वविवर्जितम् ।
याम्याँ परगृहोपेतं द्विशालं लभ्यते सदा ।१०।
याम्ये शालैकशालं तु प्रत्यक्शालमथापि वा ।
एकशालद्वयं शस्तं शेषास्त्वन्ये भयावहाः ।११।
चतुःशालं सदा शस्तं सर्व्वदोषविवर्जितम् ।
एकभौमादि कुर्वीत भवनं सप्त भौमकम् ।१२।
द्वारवेद्यादिरहितं पूरणेन विवर्जितम् ।
देवगृहं देवतायाः प्रतिष्ठाविधिना सदा ।१३।
संस्थाप्य मनुजानां च समुदायोक्तकर्मणा ।
प्रातः सर्वौषधीस्नानं कृत्वा शुचिरतन्द्रितः ।१४।
मधुरैस्तु द्विजान्भोज्य पूर्णकुम्भादिशोभितम् ।
सतोरणं स्वस्ति वाच्य द्विजान् गोपृष्ठहस्तकः ।१५।
गृही गृहं प्रविशेच्च दैवज्ञान्प्राच्र्य संविशेत् ।
गृहे पुष्टिकरं मन्त्रं पठेच्चेमं समाहितः ।१६।

निर्मल भएर आफ्ना समस्त कुलको उद्धार गरेर स्वर्गलोकमा आनन्दको अनुभव गर्दै रहन सक्ने हुन्छ। यस विधिले भगवान् श्रीहरिको साततल्ले मन्दिरको निर्माण गराउनुपर्छ, ठीक उसै गरी राजाका लागि महल बनाइन्छ। अन्य देवताहरूका लागि पनि कुरो यस्तै हो। पूर्व आदि दिशाहरूका क्रमले जता ध्वज आदिको आय हुन्छ, कोण दिशाहरूमा आय त्याग्नुपर्छ। चार, तीन, दुई अथवा एकशालाको गृह बनाउनुपर्छ। जहाँ व्यय हुन्छ अधिक हुन्छ त्यस्ता पदमा घर बनाउनु हुँदैन। किनभने त्यो व्ययरूपी दोष उत्पन्न गराउने हुन्छ। अधिक आय हुँदा पनि पीडाको सम्भावना रहन्छ, त्यसैले आयव्ययलाई समभावले सन्तुलित गरेर राख्नुपर्छ। घरको लम्बाइ र चौडाइ जति हातको हुन्छ, तिनलाई परस्परमा गुणन गर्दा जुन सङ्ख्या आउँछ, त्यसलाई करराशि भनिएको छ। त्यसलाई गर्गाचार्यले बताएको ज्योतिषविद्यामा प्रवीण गुरूपुरोहितले आठ गुणा गर्नुपर्छ। त्यसपछि सातले भाग लगाउँदा शेषको अनुसार वार निश्चय हुन्छ र आठले भाग लगाउँदा जुन शेष रहन्छ त्यसलाई व्यय मानिन्छ। अथवा विद्वान् पुरुषले करराशिमा सातले गुणन गर्नुपर्छ र त्यस गुणनफललाई आठले भाग लगाएर शेषकै अनुसार ध्वज आदि आयको कल्पना गर्नुपर्छ। ध्वज, धूम्र, सिंह, श्वान, वृषभ, खर, गज र ध्वाङ्क्ष यी क्रमशः आठ आय हुन् भनिएको छ र जो पूर्व आदिमा प्रकट हुन्छन् भन्ने किसिमले यिनको कल्पना गर्नुपर्छ। तीन शालाहरू भएको घरका अनेकौँ भेद हुन्छन् र ती भेदमध्ये प्रारम्भिक तीन भेदलाई उत्तम मानिएको छ। उत्तरपूर्व दिशामा यसको निर्माण गर्न वर्जित छ। दक्षिण दिशामा अन्य गृहहरूले युक्त दुई शाला भएको भवन सधैँ श्रेष्ठ मानिएको छ। दक्षिण दिशामा अनेकौँ या एक शाला भएको गृह पनि उत्तम नै हो। दक्षिणपश्चिममा पनि एक शाला भएको गृह श्रेष्ठ हुन्छ। एक शाला भएको गृहको ध्रुव र धान्य नामका जुन प्रथम दुई भेद छन् ती उत्तम मानिन्छन्। यसै किसिमले गृहका सोह्र भेद हुन्छन् र तिनीमध्ये अधिकांश भेद उत्तम हुन्छन् र शेष भेद भयावह हुन्छन्। चार शाला भएको गृह सधैँ उत्तम हुन्छ र त्यो सबै दोषबाट मुक्त हुन्छ। देवताका लागि एक तल्लादेखि लिएर सात तल्लासम्मका मन्दिर बनाउनुपर्छ, जो द्वारवेधादि दोष तथा पुराना सामानका हुनु हुँदैन। त्यसलाई सधैँ मानवसमुदायका लागि कथित कर्म एवं प्रतिष्ठाविधिका अनुसार स्थापित गर्नुपर्छ। गृहप्रवेश गर्ने गृहस्थ पुरुषले आलस्य छोडेर प्रातःकाल सर्वौषधि मिश्रित जलले स्नान गरी पवित्र भएर दैवज्ञ ब्राह्मणहरूको पूजा गर्नुपर्छ र मधुर अन्न भोजन गराउनुपर्छ। त्यसपछि ब्राह्मणहरूबाट स्वस्तिवाचन गराएर गाईका पिठ्युँमा हात राख्दै पूर्ण कलशले

ओं नन्दे नन्दय वासिष्ठे वसुभिः प्रजया सह ।
जये भार्गवदायादे प्रजानां विजयावहे ।१७।
पूर्णेऽङ्गिरसदायादे पूर्णकामं कुरुष्व माम् ।
भद्रे काश्यपदायादे कुरु भद्रां मतिं मम ।१८।
सर्वबीजौषधीयुक्ते सर्वरत्नौषधीवृते ।
रुचिरे नन्दने नन्दे वासिष्ठे रम्यतामिह ।१९।
प्रजापतिसुते देवि चतुरस्रे महीयसि ।
सुभगे सुव्रते देवि गृहे काश्यपि रम्यताम् ।२०।
पूजिते परमाचार्य्यैर्गन्धमाल्यैरलङ्कृते ।
भवभूतिकरे देवि गृहे भार्गवि रम्यताम् ।२१।
अव्यक्ते व्याकृते पूर्णे मुनेरङ्गिरसः सुते ।
इष्टके त्वं प्रयच्छेष्टं प्रतिष्ठां कारयाम्यहम् ।२२।
देशस्वामिपुरस्वामिगृहस्वामिपरिग्रहे ।
मनुष्यधनहस्त्यश्वपशुवृद्धिकरी भव ।२३।

सुशोभित तोरणयुक्त गृहमा प्रवेश गर्नुपर्छ । घरमा गएर एकाग्रचित्त भई गाईका सम्मुख हात जोडेर– ओं वसिष्ठले लालनपालन गरेकी हे नन्दिनी ! धन र सन्तान दिएर मेरो आनन्द बढाइदेऊ । हे प्रजालाई विजयी गराउने भार्गवनन्दिनी जया ! मलाई तिमी धन र सम्पत्तिले आनन्दित गराऊ । हे अङ्गिराकी पुत्री पूर्णा ! तिमी मेरो मनोरथ पूर्ण गर । मलाई चिताएको पूरा गर्ने बनाऊ । हे काश्यपकुमारी भद्रा ! तिमीले मेरो बुद्धि कल्याणमयी बनाइदेऊ । सबैलाई आनन्द प्रदान गर्ने वसिष्ठनन्दिनी हे नन्दिनी ! तिमी समस्त बीजहरूलाई र औषधिले युक्त तथा सम्पूर्ण रत्नौषधिले सम्पन्न भएर यस सुन्दर घरमा सधैँ आनन्दपूर्वक बस । हे कश्यप प्रजापतिकी पुत्री भद्रा ! तिमी सर्वथा सुन्दर छ्यौ, महती महत्ताले युक्त भएर सौभाग्यशालिनी एवं उत्तम व्रत पालन गर्ने होऊ । मेरा घरमा आनन्दपूर्वक निवास गर । हे देवी ! हे भार्गवी ! हे जया ! सर्वश्रेष्ठ आचार्य तिमीलाई पूजा गरेका छन्, तिमी चन्दन र पुष्पमालाले अलङ्कृत भएर संसारका समस्त ऐश्वर्य प्रदान गर । तिमी मेरा घरमा सुखपूर्वक विचरण गर । अङ्गिरा मुनिकी पुत्री हे पूर्णा ! तिमी अव्यक्त एवं अव्याकृत हौ, हे इष्टदेवी ! मलाई तिमी अभीष्ट वस्तु प्रदान गर । म तिम्रो प्रतिष्ठा यसै घरमा होस् भन्दछु । हे देवी ! तिमी देशका स्वामी राजा, गाउँ वा नगरका स्वामी तथा गृहका स्वामीमाथि अनुग्रह गर्दछ्यौ । मेरा घरमा जन, धन, हात्ती, घोडा र गाईभैँसी आदि पशुको वृद्धि गराइदेऊ भन्ने पुष्टिकारक मन्त्र पढ्नुपर्छ ।१–२३।

६६. षट्षष्टितमोऽध्यायः

साधारणप्रतिष्टाविधान

भगवानुवाच
समुदायप्रतिष्ठां च वक्ष्ये सा वासुदेववत् ।
आदित्या वसवो रुद्राः साध्या विश्वेऽश्विनौ तथा ।१।
ऋषयश्च तथा सर्वे वक्ष्ये तेषां विशेषकम् ।
यस्य देवस्य यन्नाम तस्याद्यं गृह्य चाक्षरम् ।२।
मात्राभिर्भेदयित्वा तु दीर्घाण्यङ्गानि भेदयेत् ।
प्रथमं कल्पयेद्बीजं सबिन्दुं प्रणवं नतिम् ।३।
सर्वेषां मूलमन्त्रेण पूजनं स्थापनं तथा ।
नियमव्रतकृच्छ्राणां मठसङ्क्रमवेश्मनाम् ।४।
मासोपवासद्वादश्यामित्यादिस्थापनं वदे ।
शिलां पूर्णघटं कांस्यं सम्भारं स्थापयेत्ततः ।५।

श्रीभगवान्ले भने– अब म देवसमुदायको प्रतिष्ठाका विषयमा विस्तारपूर्वक भन्दछु । यो पनि भगवान् वासुदेवको प्रतिष्ठा जस्तै नै हुन्छ । आदित्य, वसु, रुद्र, साध्य, विश्वेदेव, अश्विनीकुमार, ऋषि तथा अन्य देवगणहरूको यो समुदाय हो । यिनको स्थापनाका विषयमा जुन विशेषता रहेको हुन्छ, त्यो बताउँछु । जुन देवताको जे नाम छ, त्यसको प्रारम्भिक अक्षर ग्रहण गरेर त्यसलाई मात्राहरूले भेदन गर्नुपर्छ अर्थात् त्यसमा स्वरमात्रा लगाउनुपर्छ । त्यसपछि दीर्घ स्वरले युक्त तिनै बीजद्वारा अङ्गन्यास गर्नुपर्छ । त्यसै प्रथम अक्षरलाई विन्दु र प्रणवका संयोगमा राखेर बीज मान्नुपर्छ । समस्त देवताहरूको पूजा र स्थापना उनैको मूल मन्त्रले नै गर्नुपर्छ । त्यसबाहेक म अब नियम, व्रत, कृच्छ्र, मठ, सेतु, गृह, मासोपवास र द्वादशीव्रत आदिको स्थापनाका विषयमा

ब्रह्मकूर्चसमाहृत्यश्रपेद्यवमयं चरुम् ।
क्षीरेण कपिलायास्तु तद्विष्णोरिति साधकः ।६।
प्रणवेनाभिघार्य्यैव दर्व्या सङ्घट्टयेत्ततः ।
साधयित्वाऽवतार्य्याथ विष्णुमभ्यर्च्य होमयेत् ।७।
व्याहृत्या चैव गायत्र्या तद्विप्रासेति होमयेत् ।
विश्वतश्चक्षुर्वेदाद्यैर्भूरग्नये तथैव च ।८।
सूर्य्याय प्रजापतये अन्तरिक्षाय होमयेत् ।
द्यौः स्वाहा ब्रह्मणे स्वाहा पृथिवी महाराजकः ।९।
तस्मै सोमं च राजानमिन्द्राद्यैर्होममाचरेत् ।
एवं हुत्वा चरोर्भागान्दद्याद्दिग्बलिमादरात् ।१०।
समिधोऽष्टशतं हुत्वा पालाशांश्चाज्यहोमकम् ।
कुर्य्यात्पुरुषसूक्तेन इरावती तिलाष्टकम् ।११।
हुत्वा तु ब्रह्मविष्ण्वीशदेवानामनुयायिनाम् ।
ग्रहाणामाहुतीर्हुत्वा लोकेशानामथो पुनः ।१२।
पर्वतानां नदीनां च समुद्राणां तथाऽऽहुतीः ।
हुत्वा च व्याहृतीर्दद्यात्सुवपूर्णाहुतित्रयम् ।१३।
वौषडन्तेन मन्त्रेण वैष्णवेन पितामह ।
पञ्चगव्यं चरुं प्राश्य दत्त्वाऽचार्य्याय दक्षिणाम् ।१४।
तिलपात्रं हेमयुक्तं सवस्त्रं गामलङ्कृताम् ।
प्रीयतां भगवान्विष्णुरित्युत्सृजेद् व्रतं बुधः ।१५।
मासोपवासादेरन्यां प्रतिष्ठां वच्मि पूर्वतः ।
यज्ञेनाऽऽतोष्य देवेशं श्रपयेद्वैष्णवं चरुम् ।१६।
लिततण्डुलनीवारैः श्यामाकैरथवा यवैः ।
आज्येनाघार्य्य चोतार्य्य होमयेन्मूर्तिमन्त्रकैः ।१७।
विष्ण्वादीनां मासपानां तदन्ते होमयेत्पुनः ओं श्रीविष्णवे स्वाहा ओं विष्णवे विभूषणाय स्वाहा ओं विष्णवे शिपिविष्टाय स्वाहा ओं नरसिंहाय स्वाहा ओं पुरुषोत्तमाय स्वाहा द्वादशाश्वत्थसमिधो होमयेत् घृतसंप्लुताः ।१८।
विष्णोरराटमन्त्रेण ततो द्वादश चाहुतीः ।
इदं विष्णुरिरावती चरोर्द्वादश चाहुतीः ।१९।
हुत्वा चाज्याहुतीस्तद्वत्तद्विप्रासेति होमयेत् ।
शेषहोमं ततः कृत्वा दद्यात्पूर्णाहुतित्रयम् ।२०।

पनि भन्दछु । पहिले शिला, पूर्णकुम्भ र काँस्यपात्र ल्याएर राख्नुपर्छ। साधकले ब्रह्मकूर्च ल्याएर तद् विष्णोः परमम् भन्ने मन्त्रले कैलो गाईका दुधले जौको चरु मुछ्नुपर्छ। प्रणवद्वारा त्यसमा घिउ हालेर डाडुले चलाउनुपर्छ। यसरी चरु पाकेपछि झिक्नुपर्छ। त्यसपछि श्रीविष्णुको पूजा गरेर हवन गर्नुपर्छ। व्याहृति र गायत्रीले युक्त तद्विप्रासो आदि मन्त्रले चरु होम गर्नुपर्छ। विश्वतश्चक्षुरुत आदि वैदिक मन्त्रले भूमि, अग्नि, सूर्य, प्रजापति, अन्तरिक्ष, द्यौ, ब्रह्मा, पृथ्वी, कुबेर र राजा सोमलाई चतुर्थी विभक्ति अन्त्यमा लगाएर स्वाहा जोडेर यिनलाई उद्देश्य गरी आहुति प्रदान गर्नुपर्छ। इन्द्र आदि देवताहरूलाई इन्द्र आदिले नै सम्बन्धित मन्त्रले आहुति दिनुपर्छ । यसरी चरुभागको हवन गरेर आदरपूर्वक दिग्बलि समर्पित गर्नुपर्छ। त्यसपछि एकसय आठ पलासका समिधाले हवन गरेर पुरुषसूक्तले घिउको हवन गर्नुपर्छ । इरावती धेनुमती भन्ने मन्त्रले तिलाष्टकको होम गरेर ब्रह्मा, विष्णु र शिव यी तीन देवताहरूका पार्षद, ग्रह तथा लोकपालहरूका लागि पुनः आहुति दिनुपर्छ । पर्वत, नदी, समुद्र यी सबैलाई उद्देश्य बनाएर आहुतिको हवन गरी तीन महाव्याहृतिहरू उच्चारण गरी स्रुवाले तीन पूर्णाहुति प्रदान गर्नुपर्छ । पितामह वौषट् संयुक्त मन्त्रले पञ्चगव्य र चरुको प्राशन गरेर आचार्यलाई सुवर्णयुक्त तिलपात्र, वस्त्र र अलङ्कृत गाई दक्षिणामा दिनुपर्छ। विद्वान् पुरुषले भगवान् विष्णुः प्रियताम् भन्दै व्रतको विसर्जन गर्नुपर्छ।१-१५।

मासोपवास आदिको अर्को विधि म बताउँछु। पहिले देवाधिदेव श्रीहरिलाई यज्ञले सन्तुष्ट गर्नुपर्छ। तिल, चामल, नीवार, श्यामाक अथवा यवले वैष्णव चरु पकाउनुपर्छ । त्यसलाई घिउ मिसाएर झिक्नुपर्छ र मूर्ति मन्त्रले हवन गर्नुपर्छ । त्यसपछि मासाधिपति विष्णु आदि देवताहरूलाई उद्देश्य गरी पुनः होम गर्नुपर्छ। ओं विष्णवे स्वाहा। ओं विष्णवे विभूषणाय स्वाहा । ओं विष्णवे शिपिविष्टाय स्वाहा । ओं नरसिंहाय स्वाहा । ओं पुरुषोत्तमाय स्वाहा इत्यादि मन्त्रले घिउमा मुछेको अश्वत्थवृक्षका बाह्र समिधाहरूको हवन गर्नुपर्छ। विष्णो रराटमसि मन्त्रले पनि बाह्र आहुति दिनुपर्छ। त्यसपछि इदं विष्णु..., इरावती... इत्यादि मन्त्रले चरुको बाह्र हवन गर्नुपर्छ। तद्विप्रासो आदि मन्त्रले घृताहुति समर्पित गर्नुपर्छ। त्यसपछि शेष होम गरेर तीन पूर्णाहुति दिनुपर्छ। युञ्जते आदि अनुवाकहरूको जप गरेर मन्त्रका आदिमा स्वकर्तृक

युञ्जते त्वनुवाकं तु जप्त्वा प्राश्नीत वै चरुम् ।
प्रणवेन स्वशब्दान्ते कृत्वा पात्रे तु पैप्पले ।२१।
ततो मासाधिपानां तु विप्रान्द्वादश भोजयेत् ।
त्रयोदशो गुरुस्तत्र तेभ्यो दद्यात्रयोदश ।२२।
कुम्भान्स्वादम्बुसंयुक्तान्सच्छत्रोपानहान्वितान् ।
सवस्त्रहेमसाल्याढ्यान्व्रतपूर्त्यै त्रयोदश ।२३।
गावः प्रीतिं समायान्तु प्रचरन्तु प्रहर्षिताः ।
इति गोपथमुत्सृज्य यूपं तत्र निवेशयेत् ।२४।
दशहस्त प्रपाऽऽराममठसङ्क्रमणादिषु ।
गृहे च होममेवं तु कृत्वा सर्वं यथाविधि ।२५।
पूर्वोक्तेन विधानेन प्रविशेच्च गृहं गृही ।
अनिवारितमन्नाद्यं सर्वेष्वेतेषु कारयेत् ।२६।
द्विजेभ्यो दक्षिणा देया यथाशक्ति विचक्षणैः ।
आरामं कारयेद्यस्तु नन्दने स चिरं वसेत् ।२७।
मठप्रदानात्स्वर्लोके शक्रलोके वसेत्ततः ।
प्रपादानाद्वारुणेन सङ्क्रमेण वसेद्दिवि ।२८।
इष्टकासेतुकारी च गोलोके मार्गकृद्गवाम् ।
नियमव्रतकृद्विष्णुः कृच्छ्रकृत्सर्वपापहा ।२९।
गृहं दत्त्वा वसेत्स्वर्गे यावदाभूतसंप्लवम् ।
समुदायप्रतिष्ठेष्टा शिवादीनां गृहात्मनाम् ।३०।

मन्त्रोच्चारण गरिसकेर पीपलका पात आदिका पात्रमा राखेर चरु प्राशन गर्नुपर्छ । त्यसपछि मासाधिपतिहरूलाई उद्देश्य बनाएर बाह्र ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ । आचार्य तिनमा तेह्रौं हुनुपर्छ। उनलाई मधुर जल भरिएका तेह्र कलश, उत्तम छाता, पादुका, श्रेष्ठ वस्त्र, सुवर्ण तथा माला प्रदान गर्नुपर्छ । व्रतपूर्तिका लागि सबै वस्तुहरू तेह्रतेह्र हुनुपर्छ । गाईहरू प्रसन्न होऊन्, उनीहरू हर्षित भएर चरून् भन्दै गोठ, बगैँचा, मठ र सेतु आदिका समीपमा गाईको चरन छोड्नुपर्छ र दस हात अग्लो यूप पनि स्थापित गर्नुपर्छ। गृहस्थले घरमा होम तथा अन्य कार्य विधिवत् गरेर पूर्वोक्त विधिका अनुसार गृहमा प्रवेश गर्नुपर्छ। यी सबै कार्यमा जनसाधारणका लागि निर्बाध रूपमा अन्नको सत्र चलाउनुपर्छ । विद्वान् पुरुषले ब्राह्मणलाई यथाशक्ति दक्षिणा दिनुपर्छ। जुन मानिसले उद्यान निर्माण गराउँछ, ऊ चिरकालसम्म नन्दन वनमा निवास गर्दछ। मठ प्रदान गर्नाले स्वर्गलोक एवं इन्द्रलोक प्राप्त हुन्छ। पानीको पात्र दान गर्दा वरुणलोक प्राप्त हुन्छ र पुल निर्माण गराउँदा देवलोकमा निवास गर्दछ । इँटको सेतु बनाइदिनाले पनि स्वर्ग प्राप्त हुन्छ। गोरेटो बनाइदिंदा गोलोक प्राप्ति हुन्छ। नियम र व्रतलाई पालन गर्नेलाई विष्णुको सारुप्य प्राप्त हुन्छ। कृच्छ्रव्रत गर्नेका सबै पाप नाश हुन्छन् । गृहदान गरेर दाता प्रलयकालपर्यन्त स्वर्गमा निवास गर्दछ । गृहस्थ मानिसले शिव आदि देवताको समुदायको प्रतिष्ठा गर्नुपर्छ।१६–३०।

६७. सप्तषष्टितमोऽध्यायः

जीर्णोद्धारविधान

भगवानुवाच

जीर्णोद्धारविधिं वक्ष्ये भूषितां स्नपयेद् गुरुः ।
अचलां विन्यसेद्गेहे अतिजीर्णां परित्यजेत् ।१।
व्यङ्गां भग्नां च शैलाढ्यां न्यसेदन्यां च पूर्ववत् ।
संहारविधिना तत्र तत्त्वान्संहृत्य देशिकः ।२।
सहस्रं नारसिंहेन हुत्वा तामुद्धरेद् गुरुः ।
दारवीं दाहयेद्वह्नौ शैलजां प्रक्षिपेज्जले ।३।
धातुजां रत्नजां वापि अगाधे वा जलेऽम्बुधौ ।

श्रीभगवान्ले भने– हे ब्रह्मन् ! अब म जीर्णोद्धारको विधि बताउँछु । आचार्यले मूर्तिलाई विभूषित गरेर स्नान गराउनुपर्छ । अत्यन्त जीर्ण, अङ्गहीन, भग्न तथा शिलामात्र अवशेष रहेका प्रतिमालाई परित्याग नै गर्नुपर्छ । त्यसका स्थानमा पूर्ववत् देवगृहमा नवीन स्थिर मूर्तिलाई न्यास गर्नुपर्छ । आचार्यले त्यस ठाउँमा संहार विधिले सम्पूर्ण तत्त्वलाई संहार गर्नुपर्छ गुरु नृसिंह मन्त्रका सहस्र आहुति दिएर मूर्तिलाई उखेल्नुपर्छ । त्यसपछि काठको मूर्तिलाई अग्निमा जलाउनुपर्छ, ढुङ्गाको मूर्तिलाई पानीमा विसर्जन गर्नुपर्छ, धातुको मूर्ति या रत्नको मूर्ति भए त्यसलाई समुद्रको अगाध जलराशिमा विसर्जन गर्नुपर्छ । जीर्णाङ्ग प्रतिमालाई

यानमारोप्य जीर्णाङ्गं छाद्य वस्त्रादिना नयेत् ।४।
वादित्रैः प्रक्षिपेत्तोये गुरवे दक्षिणां ददेत् ।
यत्प्रमाणा च यद्रव्या तन्मानां स्थापयेद्दिने ।
कूपवापीतडागादेर्जीर्णोद्धारे महाफलम् ।५।

यानमा आरूढ गराएर वस्त्र आदिले छोपेर बाजागाजाका साथ लैजानुपर्छ र जलमा छोड्नुपर्छ। त्यसपछि आचार्यलाई दक्षिणा दिनुपर्छ। त्यसै दिन पहिलेका प्रतिमाबराबरकै मूर्ति स्थापित गर्नुपर्छ। यसै गरी कूप, वापी र तडाग आदिको जीर्णोद्धार गर्नाले महान् फल प्राप्त हुन्छ ।१-५।

६८. अष्टषष्टितमोऽध्यायः

यात्रोत्सवविधिकथन

भगवानुवाच
वक्ष्ये विधिं चोत्सवस्य स्थापिते तु सुरे चरेत् ।
तस्मिन्नब्दे चैकरात्रं त्रिरात्रं चाष्टरात्रकम् ।१।
उत्सवेन विना यस्मात्स्थापनं निष्फलं भवेत् ।
अयने विषुवे चापि शयनोपवने गृहे ।२।
कारकस्यानुकूले वा यात्रां देवस्य कारयेत् ।
मङ्गलाङ्कुररोपैस्तु गीतनृत्यादिवाद्यकैः ।३।
शरावघटिकापालीस्त्वङ्कुरारोहणे हिताः ।
यवाञ्च्छालींस्तिलान्मुद्गान्गोधूमान्सितसर्षपान् ।४।
कुलत्थमाषनिष्पावान्क्षालयित्वा तु वापयेत् ।
पूर्वादौ च बलिं दद्याद् भ्रमन्दीपैः पुरं निशि ।५।
इन्द्रादेः कुमुदादेश्च सर्वभूतेभ्य एव च ।
अनुगच्छन्ति ते तत्र प्रतिरूपधराः पुनः ।६।
पदेपदेऽश्वमेधस्य फलं तेषां न संशयः ।
आगत्य देवतागारं देवं विज्ञापयेद् गुरुः ।७।
तीर्थयात्रा तु या देव श्वः कर्त्तव्या सुरोत्तम् ।
तस्यारम्भमनुज्ञातुमर्हसे देव सर्वथा ।८।
देवमेवं तु विज्ञाप्य ततः कर्म्म समारभेत् ।
प्ररोहघटिकाभ्यां तु वेदिकां भूषितां व्रजेत् ।९।
चतुःस्तम्भां तु तन्मध्ये स्वस्तिके प्रतिमां न्यसेत् ।
काम्यार्थां लेख्यचित्रेषु स्थाप्य तत्राधिवासयेत् ।१०।
वैष्णवैः सह कुर्वीत घृताभ्यङ्गं तु मूलतः ।
घृतधाराभिषेकं वा सकलां शर्वरी बुधः ।११।
दर्पणं दर्श्य नीराजं गीतवाद्यैश्च मङ्गलम् ।

श्रीभगवान्ले भने— अब म उत्सवविधिका विषयमा बताउँछु। देवस्थापन भएपछि उसै वर्ष एकरात्र, त्रिरात्र या अष्ठरात्र उत्सव मनाउनुपर्छ। किनभने उत्सवबिना देवप्रतिष्ठा निष्फल हुन्छ। अयन या विषुव सङ्क्रान्तिका समयमा शयनोपवन या देवगृहमा अथवा कर्ताका जस्तो अनुकूल हुन्छ, भगवान्को नगरयात्रा गराउनुपर्छ। त्यस बेला मङ्गलाकुरको रोपण, नृत्य तथा बाजागाजाको प्रबन्ध गर्नुपर्छ। अङ्कुरहरू रोप्नका लागि माटाका हन्डीहरूलाई उत्तम मानिएको छ। जौ, शाली धान, तिल, मुगी, मकै, श्वेत सर्षप, कुलत्थ, माष र निष्पावलाई पखालेर छर्नुपर्छ। प्रदीपहरूका साथै रातमा नगरभ्रमण गर्दै इन्द्र आदि दिक्पाल, कुमुद आदि दिग्गज र सम्पूर्ण भूतप्राणीहरूलाई उद्देश्य गरी पूर्व आदि दिशाहरूमा बलि प्रदान गर्नुपर्छ। जुन मानिस देवबिम्ब वहन गर्दै देवयात्रा अनुगमन गर्छन्, उनलाई पाइलैपिच्छे अश्वमेध यज्ञको फल प्राप्त हुन्छ भन्ने कुरामा अलिकति पनि शङ्का छैन। आचार्यले पहिले दिन देवमन्दिरमा आएर देवतालाई— हे भगवन्! हे देवश्रेष्ठ! तिमीले भोलि तीर्थयात्रा गर्नुपर्नेछ। हे सर्वज्ञ! तिमी त्यो आरम्भ गर्नका लागि आज्ञा दिन समर्थ छौ भनी सूचित गर्नुपर्छ। देवताका सम्मुख यसरी निवेदन गरेर उत्सवकार्य आरम्भ गर्नुपर्छ। चार स्तम्भयुक्त मङ्गलाङ्कुरलाई घटिकासित समन्वित तथा विभूषित वेदिकानजिक जानुपर्छ। त्यसका मध्यभागको स्वस्तिकमा प्रतिमा न्यास गर्नुपर्छ। काम्य अर्थ लेखेर चित्रमा स्थापित गरेर अधिवासन गर्नुपर्छ। त्यसपछि विद्वान् पुरुषले वैष्णवहरूका साथ मूल मन्त्रले देवमूर्तिका अङ्गमा घिउको लेपन गरेर सारा रात घिउका धाराले अभिषेक गर्नुपर्छ। देवताहरूलाई दर्पण देखाएर आरती, गीत, वाद्य आदिका साथै मङ्गलकृत्य गर्नुपर्छ। व्यजन हल्लाउनुपर्छ र

व्यजनं पूजनं दीपं गन्धपुष्पादिभिर्यजेत् ।१२।
हरिद्रामुद्रकाश्मीरशुक्लचूर्णादि मूर्द्धनि ।
प्रतिमायाश्च भक्तानां सर्वतीर्थफलं धृते ।१३।
स्नापयित्वा समभ्यर्च्य यात्राबिम्बं रथे स्थितम् ।
नयेद् गुरुर्न्नदीनदिँश्छत्राद्यै राष्ट्रपालिकाम् ।१४।
निम्नगा योजनादर्व्वाक् तत्र वेदीन्तु कारयेत् ।
वाहनादवतार्य्यैनां तस्यां वेद्यां निवेशयेत् ।१५।
चरुं वै श्रपयेत्तत्र पायसं होमयत्ततः ।
अब्लिङ्गैर्वैदिकैर्मन्त्रैस्तीर्थानावाहयेत्ततः ।१६।
आपो हिष्ठोपनिषदैः पूजयेदर्घ्यमुख्यकैः ।
पनुर्देवं समादाय तोये कृत्वाऽघमर्षणम् ।१७।
स्नायान्महाजनैर्विप्रैर्वेद्यामुत्तार्य्य तं न्यसेत् ।
पूजयित्वा तदह्ना च प्रासादं तु नयेत्ततः ।
पूजयेत्पावकस्थं तु गुरुः स्याद्भुक्तिमुक्तिकृत् ।१८।

पूजा गर्नुपर्छ। त्यसपछि दीप, गन्ध र पुष्पादिले यजन गर्नुपर्छ। हरिद्रा, कर्पूर, केसर र श्वेतचन्दनचूर्ण देवमूर्ति तथा भक्तका शिरमा दल्नाले समस्त तीर्थको फल प्राप्ति हुन्छ। आचार्यले यात्राका लागि नियत देवमूर्तिलाई रथमा स्थापना र अर्चना गरेर छत्र, चँवर तथा शङ्खनाद आदिका साथै राष्ट्रलाई पालन गर्ने नदीका तटमा लैजानुपर्छ। नदीमा नुहाइदिनुभन्दा पहिले त्यहाँ तटमा वेदिका निर्माण गर्नुपर्छ। त्यसपछि मूर्तिलाई यानबाट ओरालेर उसै वेदिकामाथि विन्यस्त गर्नुपर्छ। त्यहाँ चरु निर्माण गरेर त्यसको आहुति दिएपछि पायसको होम गर्नुपर्छ। त्यसपछि वरुणदेवतासम्बन्धी मन्त्रले तीर्थलाई आह्वान गर्नुपर्छ। आपो हि ष्ठा आदि मन्त्रले उनलाई अर्घ्य दिएर पूजा गर्नुपर्छ। देवमूर्तिलाई लिएर जलमा अघमर्षण गरेर ब्राह्मण र महाजनहरूका साथ स्नान गर्नुपर्छ। स्नानभन्दा पछि मूर्ति ल्याएर वेदिकामाथि राख्नुपर्छ। त्यस दिन देवतालाई त्यहाँ पूजा गरेर देवप्रासादमा ल्याउनुपर्छ। आचार्यले अग्निमा रहेका देवताको पूजा गर्नुपर्छ। यो उत्सव भोग एवं मोक्ष प्रदान गर्ने हुन्छ ।१-१८।

६९. ऊनसप्ततितमोऽध्यायः

स्नानविधान

अग्निरुवाच
ब्रह्मन् शृणु प्रवक्ष्यामि स्नपनोत्सवविस्तरम् ।
प्रासादस्याग्रतः कुम्भान्मण्डपे मण्डले न्यसेत् ।१।
कुर्याद्ध्यानार्चनं होमं हरेरादौ च कर्मसु ।
सहस्रं वा शतं वापि होमयेत्पूर्णया सह ।२।
स्नानद्रव्याण्यथाहृत्य कलशांश्चापि विन्यसेत् ।
अधिवास्य सूत्रकण्ठान्धारयेन्मण्डले घटान् ।३।
चतुरस्रं पुरं कृत्वा रुद्रैस्तं प्रविभाजयेत् ।
मध्येन तु चरुं स्थाप्य पार्श्वे पङ्क्तिं प्रमार्जयेत् ।४।
शालिचूर्णादिनापूर्य पूर्व्वादिनवकेषु च ।
कुम्भमुद्रां ततो बद्ध्वा घटं तत्रानयेद् बुधः ।५।
पुण्डरीकाक्षमन्त्रेण दर्भांस्तांस्तु विसर्जयेत् ।
अद्भिः पूर्णं सर्वरत्नयुक्तं मध्ये न्यसेद् घटम् ।६।
यवव्रीहितिलांश्चैव नीवारश्यामकान् क्रमात् ।

अग्निदेवले भने– हे ब्रह्मन् ! अब म स्नपनोत्सवलाई विस्तारपूर्वक वर्णन गर्दछु। प्रासादका सम्मुखको मण्डपतलका मण्डलमा कलशहरू न्यास गर्नुपर्छ। प्रारम्भिक कालमा र सम्पूर्ण कर्म गर्दाका बखतमा भगवान् श्रीहरिलाई ध्यान, पूजन र हवन गर्नुपर्छ। पूर्णाहुतिका साथै हजार या सय आहुति दिनुपर्छ। त्यसपछि स्नानद्रव्य ल्याएर कलशलाई विन्यास गर्नुपर्छ। कण्ठसूत्र लगाइएका कुम्भहरू अधिवासन गरेर मण्डलमा राख्नुपर्छ। चारकुने मण्डल तयार गरेर त्यसलाई एघार रेखाले विभाजन गर्नुपर्छ। त्यसपछि पार्श्वभागको एक रेखा मेटाउनुपर्छ। यसो गर्दा मण्डलमा चारै दिशामा नौनौवटा कोष्ठक हुन्छन् र तिनमा पूर्व आदिका क्रमले शालिचूर्णले पूरित गर्नुपर्छ। त्यसपछि विद्वान् मानिसले कुम्भमुद्राको रचना गरेर पूर्व आदि दिशामा स्थित नवकमा कलश ल्याएर राख्नुपर्छ। पुण्डरीकाक्ष मन्त्रले तिनमा दर्भ भर्नुपर्छ। सर्वरत्नसमन्वित जलपूर्ण कुम्भलाई मध्यभागमा

कुलत्थमुद्गसिद्धार्थांस्तच्छुक्तानष्टदिक्षु च ।७।
ऐन्द्रे तु नवके मध्ये घृतपूर्णं घटं न्यसेत् ।
पलाशाश्वत्थन्यग्रोधबिल्वोदुम्बरशीरिषाम् ।८।
जम्बूशमीकपित्थानां त्वक्कषायैर्घटाष्टकम् ।
आग्नेयनवके मध्ये मधुपूर्णं घटं न्यसेत् ।९।
गोशृङ्गनगगङ्गाम्बुगजेन्द्रदर्शनेषु च ।
तीर्थक्षेत्रखलेष्वष्टौमृत्तिकाः स्युर्घटाष्टके ।१०।
याम्ये तु नवके मध्ये तिलतैलघटं न्यसेत् ।
नारङ्गमथ जम्बीरं खर्जूरं मृद्विकां क्रमात् ।११।
नारिकेलं न्यसेत्पूगं दाडिमं पनसं फलम् ।
नैर्ऋते नवके मध्ये क्षीरपूर्णं घटं न्यसेत् ।१२।
कुङ्कुमं नागपुष्पं च चम्पकं मालतीं क्रमात् ।
मल्लिकामथ पुन्नागं करवीरं महोत्पलम् ।१३।
पुष्पाणि चान्ये नवके मध्ये वै नारिकेलकम् ।
नादेयमथ सामुद्रं सारसं कौपमेव च ।१४।
वर्षजं हिमतोयं च नैर्झरं गाङ्गमेव च ।
उदकान्यथ वायव्ये नवके कदलीफलम् ।१५।
सहदेवीं कुमारीं च सिंहीं व्याघ्रीं तथाऽमृताम् ।
विष्णुपर्णीं शतशिवांवचां दिव्यौषधीर्न्यसेत् ।१६।
पूर्व्वादौ सौम्यनवके मध्येदधिघटं न्यसेत् ।
पत्रमेलां त्वचं कुष्ठं बालकं चन्दनद्वयम् ।१७।
लतां कस्तूरिकां चैव कृष्णागुरुमनुक्रमात् ।
सिद्धद्रव्याणि पूर्वादौ शान्तितोयमथैकतः ।१८।
चन्द्रतारं क्रमाच्छुक्लं गिरिसारं त्रपुं न्यसेत् ।
घनसारं तथा शीर्षं पूर्वादौ रत्नमेव च ।१९।
घृतेनाभ्यज्य चोद्वर्त्य स्नपयेन्मूलमन्त्रतः ।
गन्धाद्यैः पूजयेद्वह्नौ हुत्वा पूर्णाहुतिं चरेत् ।२०।
बलिं च सर्वभूतेभ्यो भोजयेद्दत्तदक्षिणः ।
देवैश्च मुनिभिर्भूपैर्देवं संस्थाप्य चेश्वराः ।२१।
बभूवुः स्थापयित्वेत्थं स्नपनोत्सवकं चरेत् ।
अष्टोत्तरसहस्रेण घटानां सर्वभाग्भवेत् ।२२।
यज्ञावभृथस्नानेन पूर्णसंस्नापनं कृतम् ।
गौरीलक्ष्मीविवाहादि चोत्सवं स्नानपूर्वकम् ।२३।

विन्यस्त गर्नुपर्छ । शेष आठ कुम्भहरूमा क्रमशः जौ, धान, तिल, नीवार, श्यामाक, कुलत्थ, मुद्ग र श्वेत सर्षप हालेर आठ दिशामा स्थापित गर्नुपर्छ। पूर्व दिशावर्ती नवकमा घृतको पूर्णकुम्भ राख्नुपर्छ । त्यसमा पलाश, अश्वत्थ, वट, बिल्व, उदुम्बर, प्लक्ष, जम्बू, शमी र कपित्थ वृक्षका बोक्राको चोप हाल्नुपर्छ । आग्नेय कोणवर्ती नवकमा मधुले पूर्ण भएको कुम्भ न्यास गर्नुपर्छ। यस कलशमा गोशृङ्ग, पर्वत, गङ्गाजल, गजशाला, तीर्थ, खेत र खलो गरी जम्मा यी आठ ठाउँको माटो हाल्नुपर्छ। दक्षिण दिशावर्ती नवकमा तिलको तेलले भरिएको घट स्थापित गर्नुपर्छ । त्यसमा क्रमशः भोगटे, ज्यामिर, कागती, खजुर, मृत्तिका (माटो वा फल विशेष ?), नरिवल, सुपारी, अनार र कटहरको फल हाल्नुपर्छ। नैर्ऋत्य कोणका नवकमा दुधले भरिएको कलश राख्नुपर्छ। त्यसमा कुङ्कुम, नागपुष्प, चम्पक, मालती, मल्लिका, पुन्नाग, करवीर र कमल कुसुमहरू हाल्नुपर्छ । पश्चिमतर्फका नवकमा नरिवलका पानीले भरिएको कलश राखेर नदी, समुद्र, सरोवर, कूप, वर्षा, हिम, निर्झर तथा देवनदीका जल हाल्नुपर्छ। वायव्य कोणमा रहेका नवकमा कदलीजलपूरित कुम्भ राख्नुपर्छ । त्यसमा सहदेवी, कुमारी, सिंही, व्याघ्री, अमृता, विष्णुपर्णी, दूर्वा, वच यी दिव्य ओषधिहरू हाल्नुपर्छ। पूर्वादि उत्तरवर्ती नवकमा दधिकलश विन्यास गर्नुपर्छ। त्यसमा क्रमशः पत्र, अलैंची, तज, कूट, सुगन्धवाला चन्दनद्वय, लता, कस्तुरी, कृष्णागुरु तथा सिद्ध द्रव्य हाल्नुपर्छ। ईशान कोणमा रहेका नवकमा शान्ति जलले भरिएको कुम्भ राख्नुपर्छ । त्यसमा क्रमशः शुभ्र, रजत, लौह, त्रपु, काँस्य, सिसा र रत्न राख्नुपर्छ। प्रतिमालाई घिउ दल्नुपर्छ र उद्वर्तन गरेर मूल मन्त्रले स्नान गराउनुपर्छ। त्यसपछि त्यसलाई गन्ध आदिले पूजा गर्नुपर्छ। अग्निमा होम गरेर पूर्णाहुति दिनुपर्छ। सम्पूर्ण भूतहरूलाई बलि प्रदान गर्नुपर्छ। ब्राह्मणलाई दक्षिणासहित भोजन गराउनुपर्छ। देवता र मुनि तथा धेरै ठूला भूपालले पनि भगवद्विग्रहलाई अभिषेक गरेर ईश्वरत्व प्राप्त गरेका छन् । यस किसिमले एक हजार आठ कलशले स्नपनोत्सवको अनुष्ठान गर्नुपर्छ। यसबाट मानिसले सबै कुरो प्राप्त गर्न सक्छ। यज्ञको अवभृथ स्नानमा पनि पूर्ण स्नान सम्पन्न हुन्छ। पार्वती तथा लक्ष्मीका विवाह आदिमा पनि स्नपनोत्सव गरिन्छ ।१-२३।

७०. सप्ततितमोऽध्यायः
वृक्षादिप्रतिष्ठा

भगवानुवाच
प्रतिष्ठां पादपानां च वक्ष्येऽहं भुक्तिमुक्तिदाम् ।
सर्वौषध्युदकैर्लिप्तान्पिष्टातकविभूषितान् ।१।
वृक्षान्माल्यरैलङ्कृत्य वासोभिरभिवेष्टयेत् ।
सूच्या सौवर्णया कार्य्यं सर्वेषां कर्णवेधनम् ।२।
हेमशलाकयाऽञ्जनं च वेद्यां तु फलसप्तकम् ।
अधिवासयेच्च प्रत्येकं घटान्बलिनिवेदनम् ।३।
इन्द्रादेरधिवासोऽथ होमः कार्य्यो वनस्पतेः ।
वृक्षमध्यादुत्सृजेद् गां ततोऽभिषेकमन्त्रतः ।४।
ऋग्यजुःसाममन्त्रैश्च वारुणैमङ्गलारवैः ।
वृक्षवेदिककुम्भैश्च स्नपनं द्विजपुङ्गवाः ।५।
तरुणां यजमानस्य कुर्युश्च यजमानकः ।
भूषितो दक्षिणां दद्याद् गोभूभूषणवस्त्रकम् ।६।
क्षीरेण भोजनं दद्याद्यावद्दिनचतुष्टयम् ।
होमस्तिलाद्यैः कार्य्यस्तु पलाशसमिधैस्तथा ।७।
आचार्य्ये द्विगुणं दद्यात्पूर्ववन्मण्डपादिकम् ।
पापनाशः परा सिद्धिर्वृक्षारामप्रतिष्ठया ।८।
स्कन्दायेशो यथा प्राह प्रतिष्ठाद्यं तथा शृणु ।
सूर्य्येशगणशक्त्यादेः परिवारस्य वै हरेः ।९।

श्रीभगवान्ले भने– हे ब्रह्मन् ! अब म वृक्षको प्रतिष्ठाका विषयमा वर्णन गर्दछु र यसले भोग एवं मोक्ष प्रदान गर्दछ । वृक्षलाई सर्वौषधिका जलले लिपेर सुगन्धित चूर्णले विभूषित तथा मालाले अलङ्कृत गरी वस्त्रले आवेष्टित गर्नुपर्छ । सबै वृक्षलाई सुवर्णमयी सूचीले कर्णवेधन तथा सुवर्णमयी शलाकाले अञ्जन गर्नुपर्छ । वेदिकामा सात फल राख्नुपर्छ । प्रत्येक वृक्षको अधिवासन गर्नुपर्छ र कुम्भ समर्पित गर्नुपर्छ । त्यसपछि इन्द्र आदि दिक्पालहरूलाई उद्देश्य गरी बलि प्रदान गर्नुपर्छ । वृक्षलाई अधिवासन गर्दाका समयमा ऋग्वेद, यजुर्वेद या सामवेदका मन्त्रले अथवा वरुणदेवतासम्बन्धी तथा मत्तभैरवसम्बन्धी मन्त्रले होम गर्नुपर्छ । श्रेष्ठ ब्राह्मणले वृक्षवेदीमा स्थित कलशद्वारा वृक्ष र यजमानलाई स्नान गराउनुपर्छ । यजमान अलङ्कृत भएर ब्राह्मणलाई गाई, जमिन, गहना र लुगाकपडा दक्षिणामा दिनुपर्छ र चार दिनसम्म क्षीरयुक्त भोजन गराउनुपर्छ । यस कर्ममा तिल, घिउ र पलाशका समिधाले हवन गर्नुपर्छ । आचार्यलाई दोब्बर दक्षिणा दिनुपर्छ। मण्डप आदिलाई पूर्ववत् निर्माण गर्नुपर्छ । वृक्ष तथा उद्यानको प्रतिष्ठाले पापहरूको नाश भएर परम सिद्धि प्राप्त हुन्छ। अब सूर्य, शिव, गणपति, शक्ति तथा श्रीहरिका परिवारको प्रतिष्ठाविधि सुन । यो भगवान् महेश्वरले कार्तिकेयलाई सुनाएका थिए ।१-९।

७१. एकसप्ततितमोऽध्यायः
गणेशपूजा

ईश्वर उवाच
गणपूजां प्रवक्ष्यामि निर्विघ्नामखिलार्थदाम् ।
गणाय स्वाहा हृदयमेकदंष्ट्राय वै शिरः ।१।
गजकर्णिने च शिखा गजवक्त्राय वर्म च ।
महोदराय स्वदन्तहस्तायाक्षि तथाऽस्त्रकम् ।२।
गणो गुरुः पादुका च शक्त्यनन्तौ च धर्मकः ।
मुख्यास्थिमण्डलं चाधश्चोर्ध्वच्छदनमर्चयेत् ।३।

ईश्वरले भने– हे कार्तिकेय ! विघ्नहरूको विनाशका लागि म गणपति पूजनको विधि बताउँछु र यसले सम्पूर्ण अभीष्ट अर्थहरूको सिद्धि गर्दछ । गणंजयाय स्वाहा हृदय, एकद्रंष्ट्राय हुं फट् सिर, अचलकर्णिने नमो नमः शिखा, गजवक्त्राय नमो नमः कवच, महोदराय चण्डाय नमः नेत्र एवं सुदण्डहस्ताय हुं फट् अस्त्र हुन् । यी मन्त्रहरूले अङ्गन्यास गर्नुपर्छ । गण, गुरु, गुरूपादुका, शक्ति, अनन्त र धर्म यिनलाई मुख्य कमलमण्डलको ऊर्ध्व तथा निम्न दलमा

पद्मकर्णिकबीजं च ज्वालिनीं नन्दयाऽर्चयेत् ।
सूर्य्येशा कामरूपा च उदया कामवर्तिनी ।४।
सत्या च विघ्ननाशा च आसनं गन्धमृत्तिका ।
यं शोषो रं च दहनं प्लवो वं तथाऽमृतम् ।५।
लम्बोदराय विद्महे महोदराय धीमहि तन्नो दन्तिः प्रचोदयात् ।
गणपतिर्गणाधिपो गणेशो गणनायकः । गणक्रीडो
वक्रतुण्ड एकदंष्ट्रो महोदरः ।६।
गजवक्त्रो लम्बकुक्षिर्विकटो विघ्ननाशनः ।
धूम्रवर्णो महेन्द्राद्याः पूज्या गणपतेः स्मृताः ।७।

पूजन गर्नुपर्छ र कमलकर्णिकामा बीजको अर्चना गर्नुपर्छ । तीव्रा, ज्वालिनी, नन्दा, भोगदा, कामरूपिणी, उग्रा, तेजोवती, सत्या एवं विघ्ननाशिनी यी नौ पीठशक्तिहरूको पनि पूजा गर्नुपर्छ। त्यसपछि चन्दनचूर्णको आसन समर्पित गर्नुपर्छ । यं शोषकवायु रं अग्नि, लं प्लव तथा वं अमृतको बीज मानिएको छ । ओं लम्बोदराय विद्महे महोदराय धीमहि तन्नो दन्ती प्रचोदयात् यो गणेश गायत्री मन्त्र हो । गणपति, गणाधिपति, गणेश, गणनायक, गणक्रीड, वक्रतुण्ड, एकदंष्ट्र, महोदर, गजवक्त्र, लम्बोदर विकट, विघ्ननाशन, धूम्रवर्ण तथा इन्द्र आदि दिक्पाल यी सबैलाई गणपतिका पूजामा अङ्गका रूपमा पूजा गर्नुपर्छ ।१–७।

७२. द्विसप्ततितमोऽध्यायः

स्नानविधिकथन

ईश्वर उवाच

वक्ष्यामि स्कन्द नित्याद्यं स्नानं पूजां प्रतिष्ठया ।
खात्वाऽसिना समुद्धृत्य मृदमष्टाङ्गुलां ततः ।१।
सर्वात्मना समुद्धृत्य पुनस्तेनैव पूरयेत् ।
शिरसा पयसस्तीरे निधायास्त्रेण शोधयेत् ।२।
तृणानिशिखयोद्धृत्य वर्म्मणा विभजेत्रिधा ।
एकया नाभिपादान्तं प्रक्षाल्य पुनरन्यया ।३।
अस्त्राभिलब्धयालभ्य दीप्तया सर्वविग्रहम् ।
निरुध्याक्षाणि पाणिभ्यां प्राणान्संयम्य वारिणि ।४।
निमज्यासीत हृद्यस्त्रं स्मरन्कालानलप्रभम् ।
मलस्नानं विधायेत्थं समुत्थाय जलान्तरात् ।५।
अस्त्रसन्ध्यामुपास्याथ विधिस्नानं सदाचरेत् ।
सारस्वतादितीर्थानामेकमङ्कुशमुद्रया ।६।
हृदाकृष्य तथा स्नाप्य पुनः संहारमुद्रया ।
शेषं मृद्भागमादाय प्रविश्यनाभि वारिणि ।७।

ईश्वरले भने– हे स्कन्द ! अब म नित्यनैमित्तिक आदि स्नान, सन्ध्या र प्रतिष्ठासहित पूजाको वर्णन गर्दछु । कुनै तलाउ या पोखरीबाट अस्त्रमन्त्रले फट् उच्चारण गर्दै आठ अङ्गुल गहिरो गरी माटो खनेर निकाल्नुपर्छ। त्यो सबै माटो ल्याएर उसै मन्त्रले त्यसको पूजा गर्नुपर्छ। त्यसपछि शिरोमन्त्र स्वाहा भन्दै त्यो माटो जलाशयका तटमा राखेर अस्त्रमन्त्रले त्यसको शोधन गर्नुपर्छ । त्यसपछि शिखामन्त्र वषट् भन्दै त्यसबाट झारपात केलाएर कवचमन्त्र हुम् भन्दै त्यो माटो तीन भाग लगाउनुपर्छ । पहिलो भागको जलमिश्रित माटो नाभीदेखि गोडासम्मका अङ्गहरूमा लगाउनुपर्छ । त्यसपछि त्यसलाई धोएर अस्त्रमन्त्रले अभिमन्त्रित भएको दोस्रो भागको सफा माटो शरीरका सम्पूर्ण अरू भागमा लिप्नुपर्छ । दुवै हातले नाक, कान आदि इन्द्रियका छिद्रहरू बन्द गरेर सास रोकेर मनमनै कालाग्नि समानको तेजोमय अस्त्रको चिन्तन गर्दै पानीमा डुबुल्की लगाएर स्नान गर्नुपर्छ । यो शारीरिक मन नाश गर्ने स्नान हो । यति गरिसकेर पानीबाट निस्केर आउनु र सन्ध्या गर्दै विधिपूर्वक स्नान गर्नुपर्छ। हृदयमन्त्र नमः उच्चारण गर्दै अङ्कुशमुद्राले सरस्वती आदि तीर्थहरूमध्ये कुनै एक तीर्थलाई सोच्दै आकर्षण गरी त्यसपछि संहारमुद्राले त्यसलाई आफ्ना नजिकैको जलाशयमा स्थापित गर्नुपर्छ । त्यसपछि बाँकी रहेको तेस्रो भागको माटो लिएर नाभीसम्म पानीभित्र पसेर उत्तराभिमुख हुँदै बायाँ हत्केलामा त्यो माटो तीन भाग गर्नुपर्छ । दक्षिण भागको माटो अङ्गन्याससम्बन्धी मन्त्रले अभिमन्त्रित गर्नुपर्छ। पूर्व भागको माटो अस्त्राय फट् भन्ने मन्त्रले सातपटक मन्त्रेर र उत्तर भागको माटो ओं नमः

वामपाणितलेकुर्य्याद्भागत्रयमुदङ्मुखः ।
अङ्गैर्दक्षिणमेकाद्यं पूर्वमन्त्रेण सप्तधा ।८।
शिवेन दशधा सौम्यं जपेद्भभागत्रयं क्रमात् ।
सर्वदिक्षु क्षिपेत्पूर्वं हुं फडन्तशरात्मना ।९।
कुर्य्याच्छिवेन सौम्येन शिवतीर्थं भुजक्रमात् ।
सर्वाङ्गमङ्गजप्तेन मूर्द्धादिचरणावधि ।१०।
दक्षिणेन समालभ्य पठन्नङ्गचतुष्टयम् ।
पिधाय खानि सर्वाणि सम्मुखीकरणेन च ।११।
शिवं स्मरन्निमज्जेत हरिं गङ्गेति वा स्मरन् ।
वौषडन्तषडङ्गेन के कुर्यादभिषेचनम् ।१२।
कुम्भपात्रेण रक्षार्थं पूर्वादौन्निक्षिपेज्जलम् ।
स्नात्वा राजोपचारेण सुगन्धामलकादिभिः ।१३।
स्नात्वा चोत्तीर्य तत्तीर्थं संहारिण्योपसंहरेत् ।
अथातो विधिशुद्धेन संहितामन्त्रितेन च ।१४।
निवृत्त्यादिविशुद्धेन भस्मना स्नानमाचरेत् ।
शिरस्तः पादपर्यन्तं हुं फडन्तशरात्मना ।१५।
तेन कृत्वा मलस्नानं विधिस्नानं समाचरेत् ।
ईशतत्पुरुषा घोर गुह्यकाजातसञ्चरैः ।१६।
क्रमेणोद्धूनयेन्मूर्ध्नि वक्त्रहृद्गुह्यविग्रहान् ।
सन्ध्यात्रये निशीथे च वर्षापूर्वावसानयोः ।१७।
सुप्त्वा भुक्त्वा पयः पीत्वा कृत्वा चावश्यकादिकम् ।
स्त्रिपुन्नपुंसकं शूद्रं बिडालशशमूषिकम् ।१८।
स्नानमाग्नेयकं स्पृष्ट्वाशुचावुद्धूलकं चरेत् ।
सूर्य्यांशुवर्षसम्पर्कैः प्राङ्मुङ्खेनोर्ध्वबाहुना ।१९।
माहेन्द्रं स्नानमैशेन कार्यं सप्तपदावधि ।

शिवाय मन्त्र दसपटक जप गर्दै मन्त्रनुपर्छ । यसरी पूर्वोक्त माटाको तीन भागलाई क्रमशः मन्त्रनुपर्छ । त्यसपछि त्यसै माटाबाट अलिअलि भाग झिकेर सबै दिशाहरूमा छर्नुपर्छ । छर्कंदा अस्त्राय हुं फट् भन्ने जप गरिरहनुपर्छ । त्यसपछि ओं नमः शिवाय भन्ने शिव मन्त्रको र ओं सोमाय स्वाहा भन्ने सोम मन्त्रको जप गरेर जलमा आफ्ना भुजाहरू घुमाउँदै त्यसलाई शिवतीर्थस्वरूप बनाउनुपर्छ र पूर्वोक्त अङ्गन्याससम्बन्धी मन्त्रलाई जप गर्दै त्यो सबै शिरदेखि पाउसम्मका सबै अङ्गमा लगाउनुपर्छ । त्यसपछि अङ्गन्याससम्बन्धी चार मन्त्रहरू पाठ गर्दै दाहिनेबाट आरम्भ गरी बायाँसम्मका हृदय, शिर, शिखा, दुवै भुजा स्पर्श गर्नुपर्छ र नाक, कान आदि सबै छिद्रहरू बन्द गरेर सम्मुखीकरण मुद्राले भगवान् शिव, विष्णु अथवा गङ्गाको स्मरण गर्दै जलमा डुबुल्की लगाउनुपर्छ । ओं हृदयाय नमः, शिरसे स्वाहा, शिखायै वषट्, कवचाय हुम्, नेत्रत्रयाय वौषट् र अस्त्राय फट् यी षडङ्गन्यास सम्बन्धी मन्त्रको उच्चारण गरेर जलमै रहेर बायाँ र दायाँ हात दुवै मिलाई कुम्भमुद्राले अभिषेक गर्नुपर्छ । त्यसपछि रक्षाका लागि पूर्व आदि दिशाहरूमा जल छोड्नुपर्छ । सुगन्ध र अमला आदिर राजोचित उपचारले स्नान गर्नुपर्छ । स्नान गरिसकेपछि जलबाट बाहिर निस्केर संहारिणी मुद्राले त्यस तीर्थको उपसंहार गर्नुपर्छ । त्यसपछि विधिविधानले शुद्ध, संहितामन्त्रले मन्त्रिएको र निवृत्ति आदिद्वारा शोधित भस्मले स्नान गर्नुपर्छ । ओं अस्त्राय हुं फट् भन्ने मन्त्र उच्चारण गरेर शिरदेखि गोडासम्म भस्मले मलस्नान गर्नुपर्छ र विधिपूर्वक शुद्ध स्नान गर्नुपर्छ । ईशान, तत्पुरुष, अघोर, गुह्यक या वामदेव तथा सद्योजातसम्बन्धी मन्त्रले क्रमशः मस्तक, मुख, हृदय, गुह्याङ्ग र शरीरका अन्य अवयवहरूमा लेप लगाउनुपर्छ । तीनवटै सन्ध्याकालमा, निशीथकालमा, वर्षाभन्दा पहिले र पछि, सुतेर, खाएर, पानी पिएर र अन्य आवश्यक काम गरेर आग्नेय स्नान गर्नुपर्छ । स्त्री, नपुंसक, शूद्र, बिरालो, शव र मुसो छोइयो भने पनि आग्नेय स्नान गर्ने विधान छ । अँजुलीभरि पानी पिउनु नै आग्नेय स्नान हो ।१-१८।

सूर्यको किरण देखिँदै गर्दा यदि आकाशबाट जलको वर्षा भइरह्यो भने पूर्वतिर फर्केर दुवै भुजा माथि उठाएर ईशान मन्त्र उच्चारण गर्दै सात पाइला हिंडेर त्यस वर्षाका पानीले स्नान गर्नुपर्छ । यसलाई माहेन्द्र स्नान भनिन्छ । गाईका बथानभित्र रहँदा तिनका खुरले खनेर माथि उडाएको धुलोले इष्टदेवसम्बन्धी मूल मन्त्र जप गर्दै अथवा कवच मन्त्र हुम् भन्ने जप गर्दै जुन स्नान गरिन्छ त्यसलाई पावनस्नान भन्दछन् । सद्योजात आदि मन्त्र उच्चारण गर्दै

गोसङ्गमध्यगः कुर्यात्खुरोत्खातकरेणुभिः ।२०।
पावनं नवमन्त्रेण स्नानं तद्वर्मणाऽथवा ।
सद्योजातादिभिर्मन्त्रैरम्भोभिरभिषेचनम् ।२१।
मन्त्रस्नानं भवेदेवं वारुणाग्नेययोरपि ।
मनसा मूलमन्त्रेण प्राणायामपुरःसरम् ।२२।
कुर्वीत मानसं स्नानं सर्वत्र विहितं च यत् ।
वैष्णवादौ च तन्मन्त्रैरेवं स्नानादि कारयेत् ।२३।
सन्ध्याविधिं प्रवक्ष्यामि मन्त्रैर्भिन्नैः समं गुह ।
संवीक्ष्य त्रिः पिबेदम्बु ब्रह्मतीर्थेन शङ्करैः ।२४।
स्वधान्तैरात्मतत्त्वाद्यैस्ततः खानि स्पृशेन्मृदा ।
शकलीकरणं कृत्वा प्राणायामेन संस्थितः ।२५।
त्रिः समावर्तयेन्मन्त्री मनसा शिवसंहिताम् ।
आचम्य न्यस्य सन्ध्यां च ब्राह्मीं प्रातः स्मरेन्नरः ।२६।
हंसपद्मासनां रक्तां चतुर्वक्त्रां चतुर्भुजाम् ।
प्रस्कन्दमालिनीं दक्षे वामे दण्डं कमण्डलुम् ।२७।
तार्क्ष्ये पद्मासनां ध्यायेन्मध्याह्ने वैष्णवीं सिताम् ।
शङ्खचक्रधरां वामे दक्षिणे सगदाभयाम् ।२८।
रौद्रीं ध्यायेद् वृषाब्जस्थां त्रिनेत्रां शशिभूषिताम् ।
त्रिशूलाक्षधरां दक्षे वामे साभयशक्तिकाम् ।२९।
साक्षिणीं कर्मणां सन्ध्यामात्मानं तत्प्रभानुगम् ।
चतुर्थीं ज्ञानिनः सन्ध्या निशीथादौ विभाव्यते ।३०।
हृद्विन्दु ब्रह्मरन्ध्रेषु अरूपा तु परे स्थिता ।
शिवबोधपरा या तु सा सन्ध्या परमोच्यते ।३१।
पैत्र्यं मूले प्रदेशिन्या कनिष्ठाया प्रजापतेः ।
ब्राह्ममङ्गुष्ठमूलस्थं तीर्थं दैवं कराग्रतः ।३२।

जलले जुन अभिषेक गरिन्छ, त्यसलाई मन्त्रस्नान भन्दछन् । यसै गरी वरुणदेवता र अग्निदेवतासम्बन्धी मन्त्रले पनि यो स्नानकर्म सम्पन्न गरिन्छ । मनमनै मूल मन्त्र उच्चारण गरेर प्राणायामपूर्वक मानसिक स्नान गर्नुपर्छ । त्यसको विधान सर्वत्र छ । विष्णुदेवता आदिसित सम्बन्धित कार्यमा उनै देवताका मन्त्रले स्नान गराउनुपर्छ । हे कार्तिकेय ! अब म विभिन्न मन्त्रले सन्ध्याविधिको उचित बयान गर्दछु । राम्रोसँग हेरविचार गरीकन ब्रह्मतीर्थका जलले तीनपटक आचमन गर्नुपर्छ । आचमन गर्दाका समयमा आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्व यी तीन शब्दका अन्त्यमा नमःसहित स्वाहा शब्द जोडेर मन्त्रपाठ गर्नुपर्छ। जस्तै— ओं आत्मतत्त्वाय नमः, स्वाहा, ओं विद्यातत्त्वाय नमः स्वाहा, ओं शिवतत्त्वाय नमः स्वाहा यी मन्त्रले आचमन गरिसकेपछि मुख, नाक, आँखा र कानलाई स्पर्श गर्नुपर्छ। त्यसपछि प्राणायामद्वारा सकलीकरणको क्रिया सम्पन्न गरेर स्थिरतापूर्वक बस्नुपर्छ । त्यसपछि मन्त्रसाधक पुरुषले मनमनै तीनपटक शिवसंहिताको आवृत्ति गर्नुपर्छ र आचमन एवं अङ्गन्यास गरेर बिहानै ब्राह्मी सन्ध्याका लागि यस किसिमले ध्यान गर्नुपर्छ । सन्ध्यादेवी प्रातःकालमा ब्रह्मशक्तिका रूपमा उपस्थित छन् । हंसमा आरूढ भएर कमलका आसनमा विराजमान छन् । उनको अङ्गकान्ति रातो छ। उनले चार मुख र चार भुजाहरू धारण गरेकी छन्। उनका दाहिने हातमा कमल र स्फटिकाक्षको माला तथा बायाँ हातमा दण्ड एवं कमण्डलु शोभायमान भएका छन्। मध्याह्नकालमा वैष्णवी शक्तिका रूपमा सन्ध्याको ध्यान गर्नुपर्छ । उनी गरुडका पिठ्युँमा बिछाइएका कमलका आसनमा विराजमान छिन्। उनको अङ्गकान्ति सेतो छ। उनले बायाँ हातमा शङ्ख र चक्र धारण गर्दछिन् तथा दायाँ हातमा गदा एवं अभयको मुद्राले शोभा पाएका छन् । सायंकालमा सन्ध्यादेवीलाई रुद्रशक्तिका रूपमा ध्यान गर्नुपर्छ । उनी वृषभका पिठ्युँमा बिछाइएका कमलका आसनमा बसेकी छिन् । उनका तीन नेत्र छन् । उनले मस्तकमा अर्धचन्द्रको मुकुटले विभूषित गराएको छ। दाहिने हातमा त्रिशूल र रुद्राक्ष धारण गर्दछिन् र बायाँ हात अभयमुद्रा एवं शक्तिले सुशोभित भएका छन्। यी सन्ध्याहरू कर्मका साक्षिणी हुन्। आआफ्ना प्रभावले उनीहरू अनुगत भएका छन् भन्ने बुझौँ। यी तीनका अतिरिक्त केवल ज्ञानीहरूका लागि अर्को चौथी सन्ध्या पनि छन्। आधारातका आरम्भमा बोधात्मक रूपले उनको साक्षात्कार हुन्छ। यी तीन सन्ध्याहरू क्रमशः हृदय, विन्दु र ब्रह्मरन्ध्रमा स्थित छन्। चौथी सन्ध्याको कुनै रूप छैन । उनी परमशिवमा विराजमान छन्, किनभने शिव सबैभन्दा पर छन् त्यसैले उनलाई परमा सन्ध्या

सव्यपाणितले बह्नेस्तीर्थं सोमस्य वामतः ।

ऋषीणां तु समग्रेषु अङ्गुलीपर्वसन्धिषु ।३३।

ततः शिवात्मकैर्मन्त्रैः कृत्वा तीर्थं शिवात्मकम् ।

मार्जनं संहितामन्त्रैस्तत्तोयेन समाचरेत् ।३४।

वामपाणिपतत्तोये योजनं सव्यपाणिना ।

उत्तमाङ्गे क्रमान्मन्त्रैर्मार्जनं समुदाहृतम् ।३५।

नीत्वा सदुपनासाग्रं दक्षपाणिपुटस्थितम् ।

बोधरूपं सितं तोयं वाममाकृष्य स्तम्भयेत् ।३६।

तत्पापं कज्जलाभासं पिङ्गयारिच्य मुष्टिना ।

क्षिपेद्वज्रशिलायां तु तद्भवेदघमर्षणम् ।३७।

स्वाहान्तशिवमन्त्रेण कुशपुष्पाक्षतान्वितम् ।

शिवायार्घ्याञ्जलिं दत्त्वा गायत्रीं शक्तितो जपेत् ।३८।

तर्पणं सम्प्रवक्ष्यामि देवतीर्थेन मन्त्रकात् ।

तर्पयेद्वै शिवायेति स्वाहान्यान्स्वाहया युतान् ।३९।

हां हृदयाय ह्रीं शिरसे हुं शिखायै हैं कवचाय ।

अस्त्रायाष्टौ देवगणान् हृदादित्येभ्य एव च ।४०।

हां वसुभ्योऽथ रुद्रेभ्यो विश्वभ्यश्चैव मरुद्भ्यः ।

भृगुभ्यो हामङ्गिरोभ्य ऋषीन्कण्ठोपवीत्यथ ।४१।

अत्रयेऽथ वसिष्ठाय नमश्चाथ पुलस्तये ।

क्रतवे भारद्वाजाय विश्वामित्राय वै नमः ।४२।

प्रचेतसे मनुष्याञ्श्च सनकाय वषट् तथा ।

हां सनन्दाय वषट् सनातनाय वै वषट् ।४३।

सनत्कुमाराय वषट् कपिलाय तथा वषट् ।

पञ्चशिखाय द्युभवे संलग्नकरमूलतः ।४४।

भनिएको छ । तर्जनी अङ्गुलीका मूल भागमा पितृहरूको, कनिष्ठाका मूल भागमा प्रजापतिको, अङ्गुष्ठका मूल भागमा ब्रह्माको र हातका अग्रभागमा देवताहरूको तीर्थ हुन्छ। दाहिने हातका हत्केलामा अग्निको र बायाँ हत्केलामा सोमको तथा सबै औँलाका सबै पर्व एवं सन्धिहरूमा ऋषिहरूको तीर्थ हुन्छ । सन्ध्याको ध्यान गरिसकेपछि शिवसम्बन्धी मन्त्रले तीर्थरूपी जलाशयलाई शिवस्वरूप बनाएर आपो हि ष्ठा इत्यादि संहिता मन्त्रले त्यसलाई मार्जन गर्नुपर्छ। बायाँ हातमा तीर्थको जल खसाएर त्यसलाई रोकिराख्नुपर्छ र दाहिने हातले मन्त्रपाठपूर्वक क्रमशः शिरलाई सेचन गर्नु नै मार्जन गर्नु भनिन्छ ।१९–३५।

त्यसपछि अघमर्षण गर्नुपर्छ । दाहिने हातका दुनामा राखिएका बोधरूप शिवमय जललाई नासिकानजिकै लगेर बायाँतर्फको इडा नाडीले सास तान्दै रोक्नुपर्छ र भित्रबाट कालो रङ्गका पापपुरुषलाई दाहिनेतर्फको पिङ्गला नाडीबाट बाहिर निकालेर स्थापित गर्नुपर्छ। त्यसपछि उसै पापयुक्त जललाई हत्केलाले वज्रमय शिलाको कल्पना गर्दै पछार्नुपर्छ। त्यसो गर्नाले नै अघमर्षण कर्म सम्पन्न हुन्छ। त्यसपछि कुश, पुष्प, अक्षता र जलले युक्त अर्घ्यको अँजुली लिएर ओं नमः शिवाय स्वाहा भन्ने मन्त्रले भगवान् शिवलाई त्यो समर्पित गर्नुपर्छ र यथाशक्ति गायत्रीमन्त्रको जप गर्नुपर्छ। अब म तर्पणविधिको बयान गर्दछु। देवताहरूका लागि देवतीर्थबाट उनकै नामको मन्त्र उच्चारण गर्दै तर्पण गर्नुपर्छ । ओं हूं शिवाय स्वाहा भन्दै शिवलाई तर्पण गर्नुपर्छ । यसै गरी अन्य देवताहरूका लागि पनि स्वाहायुक्त उनैको नाम लिएर जलले तृप्त गराउनुपर्छ। ओं हां हृदयाय नमः ओं ह्रीं शिरसे स्वाहा ओं हूं शिखायै वषट् ओं हैं कवचाय हुं ओं हौं नेत्रत्रयाय वौषट् ओं हः अस्त्राय फट् यी वाक्यहरूलाई क्रमशः पढेर हृदय, शिर, शिखा, कवच, नेत्र एवं अस्त्रविषयक न्यास गर्नुपर्छ। आठ देवगणलाई उनैका नामका अन्त्यमा नमः पद जोडेर तर्पणका लागि जल अर्पित गर्नुपर्छ। जस्तै– ओं हां आदितेभ्यो नमः ओं हां वसुभ्यो नमः ओं हां रुद्रेभ्यो नमः ओं हां विश्वेभ्यो देवेभ्यो नमः ओं हां मरुद्भ्यो नमः ओं हां भृगुभ्यो नमः ओं हां अङ्गिरोभ्य नमः। त्यसपछि जनैलाई कण्ठको माला बनाएर ऋषिहरूलाई तर्पण गर्नुपर्छ । ओं हां अत्रये नमः ओं हां वसिष्ठाय नमः ओं हां पुलस्तये नमः ओं हां क्रतवे नमः ओं हां भरद्वाजाय नमः ओं हां विश्वामित्राय नमः ओं हां प्रचेतसे नमः ओं हां मरीचये नमः भन्ने यी मन्त्रहरूलाई पढ्दै अत्रि आदि ऋषिहरूलाई ऋषितीर्थबाट एकएक अञ्जली जल दिनुपर्छ। त्यसपछि सनकादि मुनिहरूलाई दुईदुई अञ्जली जल दिँदै ओं हां सनकाय वषट् ओं हां सनन्दनाय वषट् ओं हां सनातनाय वषट् ओं हां सनत्कुमाराय वषट् ओं हां कपिलाय वषट् ओं हां पञ्चशिखाय वषट् ओं हां ऋभवे वषट् भन्ने मन्त्रवाक्य पढ्नुपर्छ र यिनै मन्त्रले जोडिएका हातका कान्छीऔँलाका मूल भागबाट जलको अँजुली

सर्वेभ्यो भूतेभ्यो वषड्भूतान्देवपितृनथ ।
दक्षस्कन्धोपवीती च कुशमूलाग्रतस्तिलैः ।४५।
कव्यबालानलायाथ सोमाय च यमाय च ।
अर्य्यम्णे चाग्निसोमाय बर्हिषद्भ्यः स्वधायुतान् ।४६।
आज्यपाय च सोमाय विशेषसुरवत् पितृन् ।
ओं हां ईशानाय पित्रे स्वधा दद्यात्पितामहे ।४७।
शान्तप्रपितामहाय तथा प्रेतपितृंस्तथा ।
पितृभ्यः पितामहेभ्यः स्वधाऽथ प्रपितामहे ।४८।
वृद्धप्रपितामहेभ्यो मातृभ्यश्च स्वधा तथा ।
हां मातामहेभ्यः स्वधा हां प्रमातामहेभ्यश्च ।४९।
वृद्धप्रमातामहेभ्यः सर्वेभ्यः पितृभ्यस्तथा ।
सर्वेभ्यः स्वधा ज्ञातिभ्यः सर्वाचार्येभ्य एव च ।
दिशां दिक्पतिसिद्धानां मातृणां ग्रहरक्षसाम् ।५०।

दिनुपर्छ । ओं हाँ सर्वेभ्यो भूतेभ्यो वषट् भन्ने मन्त्रले वषट्स्वरूप भूतगणलाई तर्पण गर्नुपर्छ। त्यसपछि यज्ञोपवीत दाहिने काँधमा पारेर दुई तिरबाट चुँडेका कुशका मूल र अग्रभागका साथ तिलसहित तलको तीनतीन अँजुली दिव्य पितृहरूका लागि अर्पित गर्नुपर्छ। ओं हां कव्यवाहनाय स्वधा ओं हां अनलाय स्वधा ओं हां सोमाय स्वधा ओं हां यमाय स्वधा ओं हां अर्यम्णे स्वधा ओं हां अग्निष्वात्तेभ्यः स्वधा ओं हां बर्हिषद्भ्यः स्वधा ओं हां आज्यपेभ्यः स्वधा ओं हां सोमपेभ्यः स्वधा इत्यादि मन्त्र उच्चारण गरेर विशिष्ट देवताहरूकै जस्तो गरी दिव्य पितृहरूलाई जलको अँजुली दिएर तृप्त गराउनुपर्छ । ओं हां ईशानाय पित्रे स्वधा भनेर पितालाई ओं हां पितामहाय स्वधा भनेर पितामहलाई र ओं हां शान्तप्रपितामहाय स्वधा भनेर प्रपितामहलाई पनि तृप्त गर्नुपर्छ। यसै गरी समस्त प्रेतपितृहरूलाई तर्पण गर्नुपर्छ। जस्तै– ओं हां पितृभ्यः स्वधा ओं हां पितामहेभ्यः स्वधा ओं हां प्रपितामहेभ्यः स्वधा ओं हां वृद्धप्रपितामहेभ्यः स्वधा ओं हां मातृभ्यः स्वधा ओं हां मातामहेभ्यः स्वधा ओं हां प्रमातामहेभ्यः स्वधा ओं हां वृद्धप्रमातामहेभ्यः स्वधा ओं हां सर्वेभ्यः पितृभ्यः स्वधा ओं हां सर्वेभ्यः ज्ञातिभ्यः स्वधा ओं हां सर्वाचार्येभ्यः स्वधा ओं हां दिग्भ्यः स्वधा ओं हां दिक्पतिभ्यः स्वधा ओं हां सिद्धेभ्यः स्वधा ओं हां मातृभ्यः स्वधा ओं हां ग्रहेभ्यः स्वधा ओं हां राक्षसेभ्यः स्वधा भन्ने यी वाक्यहरू पढ्दै क्रमशः पितर, पितामह, वृद्धप्रपितामह, माता, मातामह, प्रमातामह, वृद्धप्रमातामह, सबै पितृ, सबै ज्ञाति, सबै आचार्य, सबै दिशाहरू, दिक्पतिहरू, सिद्धहरू, मातृकाहरू, ग्रहहरू र राक्षसहरूलाई जलको अञ्जली दिनुपर्छ।३६–५०।

७३. त्रिसप्ततितमोऽध्यायः

सूर्यपूजाविधि

ईश्वर उवाच

वक्ष्ये सूर्य्यार्चनं स्कन्द कराङ्गन्यासपूर्वकम् ।
अहं तेजोमयः सूर्य इति ध्यात्वाऽर्घ्यमर्चयेत् ।१।
पूरयेद्रक्तवर्णेन ललाटाकृष्टविन्दुना ।
तं सम्पूज्य रवेरङ्गैः कृत्वा रक्षावगुण्ठनम् ।२।
सम्प्रोक्ष्य तज्जलैर्द्रव्यं पूर्वस्यां भानुमर्चयेत् ।
ओं अं हृद्बीजादि सर्वत्र पूजनं दण्डिपिङ्गलौ ।३।

ईश्वरले भने– हे स्कन्द ! अब म करन्यास र अङ्गन्यासपूर्वक सूर्यदेवताको पूजाविधि बताउँछु। म तेजोमय सूर्य हुँ भन्ने चिन्तन गर्दै अर्घ्यले पूजन गर्नुपर्छ। रातो चन्दन अथवा रातो रोली मिसिएको जल ललाटको निकटसम्म लगेर त्यसले अर्घ्यपात्रलाई भर्नुपर्छ । त्यसलाई गन्धादिले पूजा गरेर सूर्यको अङ्गका रूपमा रक्षावगुण्ठन गर्नुपर्छ। त्यसपछि पूजासामग्री धोएर पूर्वतिर फर्केर सूर्यदेवतालाई पूजा गर्नुपर्छ। ओं हृदयाय नमः भन्दै सुरुमा स्वर ध्वनिको बीज लगाएर शिर आदि सबै अङ्गको न्यास गर्नुपर्छ । पूजागृहका द्वारमा दक्षिणतर्फ दण्डी र वामतर्फ पिङ्गलको पूजा गर्नुपर्छ। ईशान कोणमा गं गणपतये नमः भन्ने मन्त्रले गणपतिको र आग्नेय कोणमा गुरुको पूजा गर्नुपर्छ। पीठको मध्य भागमा कमलाकार आसनको चिन्तन गरी पूजा गर्नुपर्छ। पीठका अगिन आदि चार कोणहरूमा क्रमशः विमल, सार, आराध्य र परमसुख एवं

द्वारि दक्षे वामपार्श्वे ईशाने अं गणाय च ।
अग्नौ गुरुं पीठमध्ये प्रभूतं चासनं यजेत् ।४।
अग्न्यादौ विमलं सारमाराध्यं परमं सुखम् ।
सितरक्तपीतनीलवर्णान् सिंहनिभान्यजेत् ।५।
पद्ममध्ये रां च दीप्तां रीं सूक्ष्मां रुं जयां क्रमात् ।
रूं भद्रां रें विभूतीश्च विमलां रैममोघया ।६।
रों रौं च विद्युतां शक्तिं पूर्वाद्याः सर्वतोमुखाः ।
रं मध्ये अर्कासनं स्यात्सूर्य्यमूर्त्तिं षडक्षरम् ।७।
ओं हं खं खोलकायेति यजेदावाह्य भास्करम् ।
ललाटाकृष्टमञ्जल्यां ध्वात्वा रक्तं न्यसेद्रविम् ।८।
ह्रां ह्रीं सः सूर्य्याय नमो मुद्रयावाहनादिकम् ।
विधाय प्रीतये बिम्बमुद्रां गन्धादिकं ददेत् ।९।
पद्ममुद्रां बिल्वमुद्रां प्रदर्श्याग्नौ हृदीरितम् ।
ओं आं हृदयाय नमः अर्काय शिरसे तथा ।१०।
भूर्भुवः स्वः सुरेशाय शिखायै नैर्ऋते यजेत् ।
हुं कवचाय वायव्ये हां नेत्रायति मध्यतः ।११।
वः अस्त्रायेति पूर्वादौ ततो मुद्राः प्रदर्शयेत् ।
धेनुमुद्रा हृदादीनां गोविषाणा च नेत्रयोः ।१२।
अस्त्रस्य त्रासनी योज्या ग्रहाणां च नमस्क्रिया ।
सों सोमं बुं बुधं बृं च जीवं भं भार्गवं यजेत् ।१३।
दले पूर्वादिकेऽग्न्यादौ अं भौमं शं शनैश्चरम् ।

मध्य भागमा प्रभूतासनको पूजा गर्नुपर्छ। माथि भनिएका यी विमल आदि चारको वर्ण क्रमशः सेतो, रातो पँहेलो र नीलो हुन्छ। उसै गरी तिनको आकृति सिंहको जस्तै हुन्छ भनेर पूजा गर्नुपर्छ। पीठमा रहेका कमलभित्र रां दीप्तायै नमः भन्ने मन्त्रले दीप्तालाई, रीं सूक्ष्मायै नमः भनी सूक्ष्मालाई, रूं जयायै नमः जयालाई, रें भद्रायै नमः भनी भद्रालाई, रैं विभूतये नमः भनी विभूतिलाई, रों विमलायै नमः भनी विमलालाई, रौं अमोघायै नमः भनी अमोघालाई, रं विद्युतायै नमः भनी विद्युतालाई पूर्व आदि आठ दिशामा पूजा गर्नुपर्छ र मध्य भागमा रः सर्वतोमुखायै नमः भन्ने मन्त्रले नवौँ पीठशक्ति सर्वतोमुखीलाई आराधना गर्नुपर्छ । त्यसपछि ओं ब्रह्मविष्णुशिवात्मकाय सौराय योगपीठात्मने नमः भन्ने मन्त्रले सूर्यदेवतालाई आसन बनाइएका पीठलाई पूजा गर्नुपर्छ। त्यसपछि खखोल्काय नमः भन्ने षडक्षर मन्त्रका आरम्भमा ओं हं खं जोडेर नौ अक्षर बनाई ओं हं खं खखोल्काय नमः भन्ने मन्त्रले सूर्यदेवताका विग्रहलाई आह्वान गर्नुपर्छ । यसरी नै आहवान गर्दै सूर्यको पूजा गर्नुपर्छ। अँजुलीमा लिएको जल निधारका नजिकै लगेर रक्तवर्णका सूर्यको ध्यान गर्नुपर्छ र भावनाद्वारा उनलाई मनमा स्थापना गर्नुपर्छ। त्यसपछि ह्रां ह्रीं सः सूर्याय नमः भन्दै उक्त जलले सूर्यदेवतालाई अर्घ्य दिनुपर्छ । त्यसपछि बिम्बमुद्रा देखाउँदै आवाहन आदि उपचार अर्पित गर्नुपर्छ । त्यसभन्दा पछि सूर्यदेवताको प्रीतिका निम्ति गन्धचन्दन आदि समर्पित गर्नुपर्छ। त्यसपछि पद्ममुद्रा र बिम्बमुद्रा देखाएर अग्नि आदि कोणमा हृदय आदि अङ्गको न्यास गर्नुपर्छ । अग्निकोणमा ओं आं हृदयाय नमः भन्ने मन्त्रले हृदयलाई, नैर्ऋत्य कोणमा ओं भूः अर्काय शिरसे स्वाहाले शिरलाई, वायव्य कोणमा ओं भुवः सुरेशाय शिखायै वषट्ले शिखालाई, ईशान कोणमा ओं स्व कवचाय हुम्ले कवचलाई, इष्टदेव र उपासकका बीचमा ओं नेत्रत्रयाय वौषट्ले नेत्रलाई तथा देवताका पश्चिम भागमा वः अस्त्राय फट् मन्त्रले अस्त्रको पूजा गर्नुपर्छ। त्यसपछि पूर्व आदि दिशामा मुद्रा प्रदर्शन गर्नुपर्छ । हृदय, शिर, शिखा र कवच यिनीहरूका लागि पूर्व आदि दिशामा धेनुमुद्रा प्रदर्शन गर्नुपर्छ। नेत्रहरूका लागि गोशृङ्गमुद्रा देखाउनुपर्छ। अस्त्रका लागि त्रासनीमुद्रा प्रदर्शन गर्नुपर्छ । त्यसपछि ग्रहहरूलाई नमस्कार र पूजा गर्नुपर्छ। ओं सों सोमाय नमः भन्ने मन्त्रले सोमलाई पूर्वमा, ओं बुं बुधाय नमः मन्त्रले दक्षिणमा बुधलाई, ओं बृं बृहस्पतये नमः भन्ने मन्त्रले पश्चिममा बृहस्पतिलाई र ओं भं भार्गवाय नमः भन्ने मन्त्रले उत्तरमा शुक्रलाई पूजा गर्नुपर्छ। यसरी पूर्व आदि दिशाहरूमा चन्द्रमा आदि ग्रहको पूजा गरेर अग्नि आदि कोणमा शेष ग्रहहरूको पूजा गर्नुपर्छ। जस्तै— ओं भौं भौमाय नमः भन्ने मन्त्रले अग्निकोणमा मङ्गललाई, ओं शं

रं राहुं कें केतवे च गन्धाद्यैश्च खखोल्कया ।१४।
मूलं जप्त्वार्घ्यपात्राम्बु दत्त्वा सूर्य्याय संस्तुतिः ।
नत्वा पराङ्मुखं चार्कं क्षमस्वेति ततो वदेत् ।१५।
शराणुना फडन्तेन समाहृत्याणुसंहृतिम् ।
हृत्पद्मे शिवसूर्येति संहारिण्योपसंस्कृतिम् ।१६।
योजयेत्तेजश्चण्डाय रविनिर्म्माल्यमर्प्पयेत् ।
अभ्यर्च्यैशे जपाद्ध्यानाद्धोमात्सर्वं रवेर्भवेत् ।१७।

शनिश्चराय नमः भन्ने मन्त्रले नैर्ऋत्यकोणमा शनिश्चरलाई, ओं रां राहवे नमः भन्ने मन्त्रले वायव्य कोणमा राहुलाई र ओं कें केतवे नमः भन्ने मन्त्रले नैर्ऋत्य कोणमा केतुलाई गन्ध आदि उपचारले पूजा गर्नुपर्छ। खखोल्की भगवान् सूर्यका साथै यी सबै ग्रहको पूजा गर्नुपर्छ। मूलमन्त्रको जप गरेर अर्घ्यपात्रमा जल लिई सूर्यलाई समर्पित गरिसकेपछि स्तुति गर्नुपर्छ। यसरी स्तुति गरिसकेपछि अघिल्तिर फर्किएर उभिई सूर्यदेवतालाई नमस्कार गर्दै— हे प्रभो ! मेरा अपराध र त्रुटिहरू तिमीले क्षमा गर भन्नुपर्छ। त्यसपछि अस्त्राय फट् भन्ने मन्त्रले अणुसंहारलाई समाहरण गर्नका लागि कल्याणकारी सूर्यदेवतालाई— हे शिव ! हे सूर्य ! भन्दै शक्ति या मुद्राले सूर्यदेवतका उपसंहृत तेजलाई आफ्नै हृदयकमलमा स्थापित गर्नुपर्छ र सूर्यदेवताको निर्माल्य उनकै पार्षद चण्डलाई अर्पित गर्नुपर्छ। यस किसिमले जगदीश्वर सूर्यको पूजा गरेर उनकै जप, ध्यान र होम गर्नाले साधकको मनोरथ सिद्ध हुन्छ ।१–१७।

७४. चतुःसप्ततितमोऽध्यायः

शिवपूजाविधि

ईश्वर उवाच
शिवपूजां प्रवक्ष्यामि आचम्य प्रणवार्घ्यवान् ।
द्वारमस्त्राम्बुना प्रोक्ष्य होमादिद्वारपान्यजेत् ।१।
गणं सरस्वतीं लक्ष्मीं मूर्द्ध्वोदुम्बरके यजेत् ।
नन्दिगङ्गे दक्षिणेऽथ स्थिते वामगते यजेत् ।२।
महाकालं च यमुनां दिव्यदृष्टिनिपातितः ।
उत्सार्य दिव्यान्विघ्नांश्च पुष्पक्षेपान्तरिक्षगान् ।३।
दक्षपार्ष्णित्रिभिर्घातैर्भूमिष्टान्यागमन्दिरम् ।
देहलीं लङ्घयेद्वामशाखामाश्रित्य वै विशेत् ।४।
प्रविश्य दक्षपादेन विन्यस्यास्त्रमुदुम्बरे ।
ओं हाँ वास्त्वधिपतये ब्रह्मणे मध्यतो यजेत् ।५।
निरीक्षणादिभिः शस्त्रैः शुद्धानादाय गड्डुकान् ।

ईश्वरले भने— हे स्कन्द ! अब म शिवपूजाको विधि बताउँछु। आचमन गरेपछि प्रणवको जप गर्दै सूर्यदेवतालाई अर्घ्य दिनुपर्छ। त्यसपछि पूजामण्डपको द्वारमा फट् भन्ने मन्त्रका साथ जल सेचन गरी आदिमा हां बीजसहित नन्दी आदि द्वारपालहरूको पूजा गर्नुपर्छ। द्वारमा उदुम्बर वृक्ष स्थापना गरी वा त्यसको भावना गर्दै वृक्षका माथिल्ला भागमा गणपति, सरस्वती र लक्ष्मीको पूजा गर्नुपर्छ। वृक्षको दाहिने शाखामा या द्वारको दाहिने भागमा नन्दी र गङ्गाको पूजा गर्नुपर्छ र बायाँ शाखा वा ढोकाको बायाँ भागमा महाकाल एवं यमुनाको पूजा गर्नुपर्छ। त्यसपछि आफ्ना दिव्यदृष्टिले दिव्य विघ्नहरू निवारण गर्नुपर्छ। त्यसै उद्देश्यले तिनीहरूमाथि फूल छर्दै— आकाशमा विचरण गर्ने सबै विघ्नहरू पर हट्दै छन् भन्ने भावना बनाउनुपर्छ। त्यसका साथै दाहिने खुट्टाको कुर्कुच्चाले तीनपटक भूमिमा हान्दै यसो गर्दा भूतलमा रहेका सबै विघ्नहरू निवारण भएका छन् भन्ने भावना बनाउनुपर्छ। त्यसपछि यज्ञमण्डपको ढोका कट्नुपर्छ। बायाँ शाखाको आश्रय लिएर भित्र प्रवेश गर्नुपर्छ र त्यसै उदुम्बर वृक्षमा अस्त्रको न्यास गर्नुपर्छ। उसै गरी मण्डपको मध्य भाग एवं पीठको आधारभूमिमा ओं हां वास्त्वधिपतये ब्रह्मणे नमः भन्ने मन्त्रले वास्तुदेवताको पूजा गर्नुपर्छ। निरीक्षण आदि शस्त्रले शुद्ध गरिएको जलपात्र हातमा लिएर भावनात्मक रूपले भगवान् शिवको आज्ञा प्राप्त गरी साधक मौन भावमा रहेर

लब्धानुज्ञः शिवान्मौनी गङ्गादिकमनुव्रजेत् ।६।
पवित्राङ्गः प्रजप्तेन वस्त्रपूतेन वारिणा ।
पूरयेदम्बुधौ तांस्तान्नगायत्र्या हृदयेन वा ।७।
गन्धकाक्षतपुष्पादिसर्व्वद्रव्यसमुच्चयम् ।
सन्निधीकृत्य पूजार्थं भूतशुद्ध्यादि कारयेत् ।८।
देवदक्षे ततो न्यस्य सौम्यास्यश्च शरीरतः ।
संहारमुद्रयादाय मूर्ध्नि मन्त्रेण धारयेत् ।९।
भोग्यकर्म्मोपभोगार्थं पाणिकच्छपिकाख्यया ।
हृदम्बुजे निजात्मानं द्वादशान्तपदेऽथवा ।१०।
शोधयेत्पञ्चभूतानि सञ्चिन्त्य सुषिरं तनौ ।
चरणाङ्गुष्ठयोर्युन्मान्सुषिरान्तर्बहिः स्मरेत् ।११।
शक्तिं हृद्व्यापिनीं पश्चाद् हुङ्कारे पावकप्रभे ।
रन्ध्रमध्यस्थिते कृत्वा प्राणरोधं हि चिन्तकः ।१२।
निवेशयेद्रेचकान्ते फडन्तेनाथ तेन च ।
हृत्कण्ठतालुभ्रूमध्यब्रह्मरन्ध्रे विभिद्य च ।१३।
ग्रन्थीन्निर्भिद्य हुङ्कारं मूर्ध्नि विन्यस्य जीवनम् ।
सम्पुटं हृदयेनाथ पूरकाहितचेतनम् ।१४।
हूं शिखोपरि विन्यस्य शुद्धं विन्द्वात्मकं स्मरेत् ।
कृत्वाथ कुम्भकं शम्भौ एकोद्घातेन योजयेत् ।१५।
रेचकेन बीजवृत्त्या शिवे लीनोऽथ शोधयेत् ।
प्रतिलोमं स्वदेहे तु विन्द्वन्तं तत्र विन्दुकम् ।१६।
लयं नीत्वा महीवातौ जलवह्नी परस्परम् ।
द्वौद्वौ साध्यौ तथाकाशमविरोधेन तच्छृणु ।१७।
पार्थिवं मण्डलं पीतं कठिनं वज्रलाञ्छितम् ।

गङ्गा आदि नदीका तटमा जानुपर्छ । त्यहाँ आफ्नो शरीर शुद्ध पारी गायत्री मन्त्र जप्दै वस्त्रले जलाशयको जल वस्त्रले छानी त्यो जलपात्र भर्नुपर्छ अथवा हृदयबीज मन्त्रका साथ नमः उच्चारण गर्दै जल भर्नुपर्छ। त्यसपछि पूजा गर्नका लागि गन्ध, अक्षत, फूल आदि सबै द्रव्य आफ्ना नजिक एकत्र गरी भूतशुद्धि आदि कर्म गर्नुपर्छ । त्यसपछि उत्तरतिर फर्केर आराध्य देवताका दाहिनेतर्फ बसी शरीरका विभिन्न भागमा मातृका न्यास गरी संहार मुद्राले अर्घ्यका लागि जल लिएर मन्त्रोच्चारण गर्दै मस्तकमा राख्नुपर्छ र त्यसलाई देवतामा अर्पित गर्नका लागि आफ्ना नजिकै राख्नुपर्छ । त्यसपछि भोग्यकर्म उपभोग गर्नका लागि कूर्ममुद्रा प्रदर्शन गरेर बाह्र दलको हृदयकमलमा विराजमान आफ्नै आत्मालाई चिन्तन गर्नुपर्छ । त्यसपछि शरीरमा शून्यको चिन्तन गर्दै क्रमशः पञ्चमहाभूतलाई शोधन गर्नुपर्छ । सबैभन्दा पहिले गोडाका दुवै बुढीऔंलालाई भित्र र बाहिरबाट छिद्रमय हुँदै शून्य भएको ठान्नुपर्छ । अनि कुण्डलिनी शक्तिलाई मूलाधारबाट उठाएर हृदयकमलमा संयुक्त गरी– हृदयरन्ध्रमा रहेको अग्नितुल्य तेजस्वी हूँ बीज मानेर त्यसै बीजमा कुण्डलिनी शक्ति विराजमान छ भन्ने चिन्तन गर्नुपर्छ । त्यस किसिमको चिन्तन गर्ने साधकले प्राणवायु रोकेर रेचक गर्नुपर्छ र त्यसो गरिसकेपछि हूं फट् उच्चारण गर्दै क्रमशः उत्तरोत्तर चक्रहरू भेदन गरेर त्यस कुण्डलिनीलाई हृदय, कण्ठ, तालु, भ्रूमध्य एवं ब्रह्मरन्ध्रमा लगेर स्थापित गर्नुपर्छ। यी ग्रन्थिहरूलाई भेदन गरेर कुण्डलिनीका साथै हृदयकमलबाट ब्रह्मरन्धमा आएको हूं बीजरूप जीवलाई मस्तक वा ब्रह्मरन्ध्रमा रहेको सहस्रार चक्रमा स्थापित गराउनुपर्छ । हृदयमा रहेको हूं बीजसित सम्पुटित भएका त्यस जीवमा पूरक प्राणायामद्वारा चैतन्यभाव जगाइएको हुन्छ । शिखाभन्दा माथि हूँ लाई न्यास गरेर शुद्ध विन्दुस्वरूप जीवलाई चिन्तन गर्नुपर्छ । त्यसपछि कुम्भक प्राणायाम गरी उसै एकमात्र चैतन्य गुणसम्पन्न जीवलाई शिवसँग संयुक्त गराउनुपर्छ । यस किसिमले शिवमा लीन भएर सबीज रेचक प्राणायाम गरी साधकले शरीरमा रहेका पञ्चमहाभूतलाई शोधन गर्नुपर्छ। आफ्ना गोडादेखि विन्दुसम्म शरीरका सबै तत्त्वलाई विलोमका क्रमले चिन्तन गर्नुपर्छ । विन्दुरूप जीवलाई विन्दुको अन्त्यमा लीन गराई पृथ्वी र वायुलाई एकअर्कामा लीन गराउनुपर्छ । त्यसै गरी अग्नि र जललाई पनि परस्परमा विलय गर्नुपर्छ । यस किसिमका दुईदुई विरोधी भूतलाई आपसमा शोधन वा लीन गरिन्छ । आकाशको विरोध कुनैसँग छैन । यो भूतशुद्धि विवरण विशेष प्रकारको हुन्छ, त्यो सुन। भूमण्डलको स्वरूप चारकुने खालको छ। त्यसको रङ्ग सुवर्णजस्तै छ। त्यो कठोर हुनुका

मित्यात्मीयबीजेन तन्निवृत्तिकलामयम् ।१८।
दादारभ्यमूर्द्धानं विचिन्त्य चतुरस्रकम् ।
घातपञ्चकेनैव वायुभूतं विचिन्तयेत् ।१९।
र्द्धचन्द्रं द्रवं सौम्यं शुभ्रसम्भोजलाञ्छितम् ।
मित्यनेन बीजेन प्रतिष्ठारूपतां गतम् ।२०।
क्तं राममन्त्रेण पुरुषान्तमकारणम् ।
र्यं चतुर्भिरुद्घातैर्वह्निभूतं विशोधयेत् ।२१।
ग्नेयं मण्डलं त्र्यस्रं रक्तं स्वस्तिकलाञ्छितम् ।
त्यनेन बीजेन विद्यारूपं विभावयेत् ।२२।
राणुत्रिभिरुद्घातैर्जलभूतं विशोधयेत् ।
स्रं मण्डलं वायोर्विन्दुभिः षड्भिरङ्कितम् ।२३।
गं हेमिति बीजेन जातं शान्ति कलामयम् ।
चत्योद्घातयुग्मेन पृथ्वीभूतं विशोधयेत् ।२४।
विन्दुमयं वृत्तं विन्दुशक्तिविभूषितम् ।
माकारं सुवृत्तं च शुद्धस्फटिकनिर्मलम् ।२५।
रेण फडन्तेन शान्त्यतीतकलामयम् ।
त्वैकोद्घातयोगेन सुविशुद्धं विभावयेत् ।२६।
याययेत्ततः सर्वं मूलेनामृतवर्षिणा ।
राख्यमनन्तं च धर्मज्ञानादिपङ्कजम् ।२७।
सनमिदं ध्यात्वा मूर्त्तिमावाहयेत्ततः ।
या शिवमयं तस्यामात्मानं द्वादशान्ततः ।२८।
तां शक्तिमन्त्रेण वौषडन्तेन सर्वतः ।
मृतेन संप्लाव्य कुर्वीत सकलीकृतम् ।२९।
दिकरान्तेषु कनिष्ठाद्यङ्गुलीषु च ।

साथै वज्रको चिह्नले युक्त भई हां लाई भू बीज वा आत्मीय बीजका रूपमा रहेको छ। त्यसमा निवृत्ति नामको कला छ। यस किसिमले गोडादेखि शिरसम्म रहेका पाँच भूतहरूलाई क्रमशः चिन्तन गर्नुपर्छ। यसरी पाँच गुणयुक्त वायुमण्डलको चिन्तन गर्नुपर्छ। जलको स्वरूप अर्धचन्द्राकार छ। उसको अवस्था द्रव छ र चन्द्रमण्डलमय छ। त्यसको कान्तिवर्ण उज्ज्वल छ र ऊ दुई कमलले चिह्नित छ। ह्रीं बीजले युक्त छ। यसले प्रतिष्ठा नामको कला प्राप्त गरेको छ। वामदेव तथा तत्पुरुष मन्त्रले संयुक्त जलतत्त्व चार गुणले युक्त छ। त्यस जललाई घुँडादेखि नाभीसम्म चिन्तन गर्दै वह्निस्वरूपमा लीन गरेर शोधन गर्नुपर्छ। अग्निमण्डल त्रिकोणाकार छ। त्यसको वर्ण रातो छ। नाभीदेखि हृदयसम्म स्वस्तिकका रूपमा यसको हूं बीज अङ्कित र स्थित छ। यो विद्याकलाका स्वरूपमा छ। यसको अघोर मन्त्र छ र तीन गुणले युक्त एवं जलका स्वरूपमा रहेको छ भन्ने चिन्तन गर्दै अग्नितत्त्वलाई शोधन गर्नुपर्छ। वायुमण्डल षट्कोणाकारमा छ। हृदयदेखि आँखीभौँसम्म विन्दुहरूले यो चिह्नित छ। यसको रङ्ग कालो छ र हैं बीजयुक्त यो सद्योजात मन्त्रले शान्तिकला स्वरूपमा रहेको छ। यसमा दुई गुण छन् र पृथ्वीभूत रहेको भन्ने चिन्तन गर्दै यसलाई वायुतत्त्वमा शोधन गर्नुपर्छ ।१–२४।

आकाशको स्वरूप व्योमाकार, नाद विन्दुमय, गोलाकार, विन्दु र शक्तिले विभूषित तथा शुद्ध स्फटिकझैं निर्मल छ। भ्रूमध्यदेखि ब्रह्मरन्ध्रसम्मको स्थितिमा त्यो हौं बीजले युक्त भएको छ। शान्त्यतीतकलामय भईकन एक गुणयुक्त एवं परम विशुद्ध छ भन्ने किसिमले चिन्तन गर्दै आकाशतत्त्वलाई शोधन गर्नुपर्छ। त्यसपछि अमृतवर्षी मूलमन्त्रले सबैलाई परिपुष्ट गर्नुपर्छ। त्यसपछि आधारशक्ति, कूर्म, अनन्तको पूजा गर्नुपर्छ। अनि पीठका अग्निको पाउमा धर्मलाई, नैर्ऋत्यकोणको पाउमा ज्ञानलाई, वायव्य कोणमा वैराग्यलाई, ईशान कोणमा ऐश्वर्यलाई पूजा गर्नुपर्छ। त्यसपछि पीठका पूर्व आदि दिशाहरूमा क्रमशः अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्यलाई पूजा गर्नुपर्छ। त्यसपछि पीठका मध्यभागमा कमलको पूजा गर्नुपर्छ। यसरी मनमनै यस पीठमा रहेका कमलमय आसनको ध्यान गरेर त्यसमाथि देवमूर्ति सच्चिदानन्दघन भगवान् शिवलाई आवाहन गर्नुपर्छ। त्यसै मूर्तिमा शिवस्वरूप आत्मालाई हेर्नुपर्छ र आसन, दुई खराउ तथा नौ पीठशक्ति गरी जम्मा यी बाह्रको ध्यान गर्नुपर्छ। त्यसपछि शक्तिमन्त्रको अन्त्यमा वौषट् जोडेर उच्चारण गर्दै पूर्वोक्त आत्ममूर्तिलाई दिव्य अमृतले धोएर त्यसैमा सकलीकरण गर्नुपर्छ। हृदयदेखि हातसम्मका अङ्गमा तथा कनिष्ठिका आदि औंलाहरूमा नमः सहित हृदयमन्त्रको न्यास गरिन्छ। यसैलाई सकलीकरण भन्ने

हृदादिमन्त्राविन्यासः सकलीकरणं मतम् ।३०।

अस्त्रेण रक्ष प्राकारं तन्मन्त्रेणाथ तद्बहिः ।

शक्तिजालमधश्चोर्ध्वं महामुद्रां प्रदर्शयेत् ।३१।

आपादमस्तकं यावद्भावपुष्पैः शिवं हृदि ।

पद्मे यजेत्पूरकेण आकृष्टामृतसद्घृतैः ।३२।

शिवमन्त्रैर्नाभिकुण्डे तर्पयेत् शिवानलम् ।

ललाटे विन्दुरूपं च चिन्तयेच्छुभविग्रहम् ।३३।

एकं स्वर्णादिपात्राणां पात्रमस्त्राम्बुशोधितम् ।

विन्दुप्रसूतपीयूषरूपतोयाक्षतादिना ।३४।

हृदापूर्य्य षडङ्गेन पूजयित्वाऽभिमन्त्रयेत् ।

संरक्ष्य हेतिमन्त्रेण कवचेन विगुण्ठयेत् ।३५।

रचयित्वाऽर्घ्यमष्टाङ्गं सेचयेद्धेनुभुद्रया ।

अभिषिञ्चेदथात्मानं मूर्ध्नि तत्तोयविन्दुना ।३६।

तत्रस्थं यागसम्भारं प्रोक्षयेदस्त्रवारिणा ।

अभिमन्त्र्य हृदा पिण्डैस्तनुत्राणेन वेष्टयेत् ।३७।

दर्शयित्वाऽमृतां मुद्रां पुष्पं दत्त्वा निजासने ।

विधाय तिलकं मूर्ध्नि पुष्पं मूलेन योजयेत् ।३८।

स्नाने देवार्च्चने होमे भोजने यागयोगयोः ।

आवश्यके जपे धीरः सदा वाचं यमो भवेत् ।३९।

नादान्तोच्चारणान्मन्त्रं शोधयित्वा सुसंस्कृतम् ।

पूजनेऽभ्यर्च्य गायत्र्या सामान्यार्घ्यसुपाहरेत् ।४०।

ब्रह्मपञ्चकमावर्त्त्य माल्यमादाय लिङ्गतः ।

ऐशान्यां दिशि चण्डाय हृदयेन निवेदयेत् ।४१।

प्रक्षाल्य पिण्डिका लिङ्गे अस्त्रतोये ततो हृदा ।

मानिएको छ । त्यसपछि प्राकारको रक्षा गर्ने भावनासहित हूं फट् भन्ने मन्त्रले व्यवस्था गर्नुपर्छ र त्यसका बाहिर, तल र माथि पनि भावनात्मक शक्तिजाल विस्तार गर्नुपर्छ। त्यसपछि महामुद्रा प्रदर्शन गर्नुपर्छ। त्यसपछि पूरक प्राणायाम गरेर हृदयकमलमा विराजमान शिवको ध्यान गर्दै भावमय पुष्पले उनलाई गोडादेखि शिरसम्मका सबै अङ्गमा पूजा गर्नुपर्छ । त्यस्तो भावमय पुष्प अमृतानन्दमय मकरन्दले परिपूर्ण हुनुपर्छ। त्यसपछि शिवमन्त्रले नाभीकुण्डमा स्थित शिवस्वरूप अग्निलाई तृप्त गराउनुपर्छ । त्यो शिवस्वरूप अग्नि विन्दुका रूपमा ललाटमा स्थित छ र उसको विग्रह मङ्गलमय छ भन्ने चिन्तन गर्नुपर्छ । स्वर्ण, रजत् एवं ताम्रपात्रमध्ये कुनै एकलाई अर्घ्यका लागि लिएर त्यसलाई अस्त्रबीजका साथ फट् उच्चारण गर्दै धुनुपर्छ। अनि विन्दुरूप शिवबाट प्रकट हुने अमृतको चिन्तन गर्दै जल एवं अक्षता आदिले हृदयमन्त्रमा नमः उच्चारण गर्दै भर्नुपर्छ। त्यसपछि हृदय, शिर, शिखा, कवच, नेत्र र अस्त्र यी छ अङ्गहरूद्वारा उनैका बीजमन्त्रले त्यो अर्घ्यपात्रको पूजा गरी त्यसलाई देवतासम्बन्धी मूल मन्त्रले अभिमन्त्रित गर्नुपर्छ। त्यसपछि फट्सहितको अस्त्रमन्त्रले त्यसको रक्षा गरी कवचको बीजमन्त्र हूंले त्यसलाई अवगुण्ठित गर्नुपर्छ। यस किसिमले अर्घ्यलाई अष्टाङ्ग रूपमा रचना गरेर धेनुमुद्राले त्यसलाई अमृतीकरण गर्नुपर्छ र त्यसको जल सबैतिर सेचन गर्नुपर्छ। आफ्नै मस्तकलाई पनि जलका विन्दुहरूले अभिषेक गर्नुपर्छ। त्यहाँ राखिएका पूजासामग्रीहरूलाई पनि अस्त्रबीज उच्चारण गर्दै त्यसै जलले पखाल्नुपर्छ। अनि हृदयबीजले अभिमन्त्रित गरेर हूं बीज वा पिण्डवत् मत्स्यमुद्राले त्यसलाई आवेष्टित गर्नुपर्छ । त्यसपछि अमृताका लागि धेनुमुद्रा प्रदर्शन गरेर देवताका निजी आसनमा पुष्प अर्पित गर्नुपर्छ। त्यसपछि पूजा गर्ने साधकले आफ्ना मस्तकमा तिलक लगाएर मूलमन्त्रले आराध्यदेवलाई पुष्प अर्पित गर्नुपर्छ। स्नान, देवपूजन, होम, भोजन, यज्ञानुष्ठान, योग, साधन र आवश्यक जपका समयमा धीरबुद्धि साधकले सधैं मौन रहनुपर्छ । नादपर्यन्त प्रणव उच्चारण गर्दै मन्त्रलाई शोधन गर्नुपर्छ । अनि संस्कारयुक्त देवपूजा आरम्भ गर्नुपर्छ । मूल गायत्री वा रुद्र गायत्रीले अर्घ्यपूजन गरेर राख्नुपर्छ र त्यही सामान्य अर्घ्य देवतालाई अर्पित गर्नुपर्छ। पञ्चगव्यमा कुशोदक मिसाएर ब्रह्मपञ्चक तयार गरी पूजित शिवलिङ्गबाट पुष्पनिर्माल्य लिएर ईशान कोणतर्फ चण्डाय नमः भन्दै चण्डलाई चढाइदिनुपर्छ। त्यसपछि उही ब्रह्मपञ्चकले पिण्डिकालाई धोएर फट् उच्चारण गर्दै त्यसलाई फेरि जलले पखाल्नुपर्छ। त्यसपछि नमोनमः भन्दै पूर्वोक्त अर्घ्यपात्रका जलले त्यस लिङ्गलाई अभिषेक गर्नुपर्छ

र्यपात्राम्बुना सिञ्चेदिति लिङ्गविशोधनम् ।४२।
त्मद्रव्यमन्त्रलिङ्गशुद्धौ सर्वान्सुरान् यजेत् ।
यव्ये गणपतये हाँ गुरुभ्योऽर्च्चयेच्छिवे ।४३।
धारशक्तिमङ्कुरनिभां कूर्म्मशिलास्थिताम् ।
ोद् ब्रह्मशिलारूढं शिवस्यानन्तमासनम् ।४४।
चित्रकेशप्रख्यानमन्योन्यं पृष्ठदर्शिनः ।
तत्रेतादिरूपेण शिवस्यासनपादुकाम् ।४५।
र्मं ज्ञानं च वैराग्यमैश्वर्य्यं चाग्निदिङ्मुखान् ।
पूरकुङ्कुमस्वर्णकज्जलाभान्यजेत्क्रमात् ।४६।
द्मं च कर्णिकामध्ये पूर्वादौ मध्यतो नव ।
रदाभयहस्ताश्च शक्तयो धृतचामराः ।४७।
ामा ज्येष्ठा च रौद्री च काली कलविकारिणी ।
लविकरणी पूज्या बलप्रथमनी क्रमात् ।४८।
ं सर्वभूतदमनी केसराग्ने मनोन्मनी ।
त्यादिशुद्धविद्यां तु तत्त्वव्यापकमासनम् ।४९।
प्रसेत्सिंहासने देवं शुक्लं पञ्चमुखं विभुम् ।
शबाहुं च खण्डेन्दुं दधानं दक्षिणैः करैः ।५०।
ात्तत्यृष्टिशूलखट्वाङ्गवरदं वामकैः करैः ।
ःमरुं बीजपूरं च नीलाब्जं सूत्रसूत्पलम् ।५१।
ात्रिंशल्लक्षणोपेतां शैवीं मूर्त्तिं तु मध्यतः ।
ां हं हां शिवमूर्त्तये स्वप्रकाशं शिवं स्मरन् ।५२।
ब्रह्मादिकारणत्यागान्मन्त्रं नीत्वा शिवास्पदम् ।
ातो ललाटमध्यस्थं स्फुरत्तारापतिप्रभम् ।५३।
षडङ्गेन समाकीर्णं विन्दुरूपं परं शिवम् ।

लिङ्गशोधनको तरिका यस्तै हुन्छ भनी बताइएको छ। आत्मा, द्रव्य, मन्त्र र लिङ्गको शुद्धि भइसकेपछि सबै देवताको पूजा गर्नुपर्छ। वायव्य कोणमा ओं हां गणपतये नमः भनी गणेशको पूजा गरिन्छ र ईशान कोणमा ओं हां गुरुभ्यो नमः भनी गुरु, परमगुरु तथा परमेष्ठी गुरुपङ्क्तिलाई पूजा गर्नुपर्छ।२५-४३।

त्यसपछि कूर्मरूपी शिलामा रहेका अङ्कुरजस्तो आधारशक्तिलाई र ब्रह्मशिलामा आरूढ शिवको आसन बनेका अनन्त देवतालाई ओं हां अनन्तासनाय नमः भन्ने मन्त्रले पूजा गर्नुपर्छ। शिवको सिंहासनका रूपमा जुन आसन राखिएको हुन्छ, त्यसका चारवटा खुट्टा हुन्छन्। त्यो विचित्र सिंहका आकृतिमा सजाइएको हुन्छ। उनी सिंहको आकारका आसनमा बसेर आफ्ना अघिल्तिर रहेको पृष्ठभूमिलाई हेर्दछन्। अनि सत्य, त्रेता, द्वापर र कलि यी चारै युगका प्रतीक बन्दछन्। त्यसपछि भगवान् शिवको आसनपादुकालाई पूजा गर्नुपर्छ। त्यसपछि धर्म, ज्ञान, वैराग्य र ऐश्वर्यलाई पूजा गर्नुपर्छ। उनी अग्नि आदि चारै कोणमा रहेका छन्। उनको वर्ण क्रमशः कपूर, कुङ्कुम, सुवर्ण र काजलजस्तै छ। यी चारै पाउमा क्रमैसँग पूजा गर्नुपर्छ। त्यसपछि ओं हां अधश्छदनाय नमः नमोऽधः ओं हां ऊर्ध्वच्छदनाय नमः नम ऊर्ध्वे ओं हां पद्मासनाय नमः भनेर आसनमा विराजमान अष्टदल कमलका मुनि, माथिका दलहरूमा, सम्पूर्ण कमल र ओं हां कर्णिकायै नमः भन्दै कर्णिकाको मध्यभागमा पूजा गर्नुपर्छ। त्यस कमलका पूर्व आदिका आठ दलहरूमा र मध्य भागमा नौ पीठशक्तिहरूको पूजा गर्नुपर्छ। ती शक्तिहरू सबै चँवर लिएर उभिएका हुन्छन्। तिनीहरूका हात वरद एवं अभय मुद्राले सजिएका हुन्छन्। ती शक्तिहरूको नाम वामा, ज्येष्ठा, रौद्री, काली, कलविकरणी, बलविकरिणी, बलप्रमथिनी, सर्वभूतदमनी र मनोन्मनी हो र यिनलाई क्रमैसँग पूजा गर्नुपर्छ। यी वामा आदि आठ शक्तिहरूलाई कमलका पूर्व आदि दलमा र नवौं मनोन्मनीलाई कमलका केसरभागमा क्रमशः ओं हां वामायै नमः इत्यादि भन्दै पूजा गर्नुपर्छ। त्यसपछि पृथ्वी आदि अष्टमूर्तिहरूलाई र विशुद्ध विद्यादेवीलाई चिन्तन एवं पूजन गर्दै पूर्वमा ओं सूर्यमूर्तये नमः, अग्नि कोणमा ओं चन्द्रमूर्तये नमः, दक्षिणमा ओं पृथ्वीमूर्तये नमः, नैर्ऋत्य कोणमा ओं जलमूर्तये नमः, पश्चिममा ओं वह्निमूर्तये नमः वायव्य कोणमा ओं वायुमूर्तये नमः, उत्तरमा ओं आकाशमूर्तये नमः र ईशान कोणमा ओं यजमानमूर्तये नमः भन्नुपर्छ। त्यसपछि शुद्ध विद्या र तत्त्वव्यापक आसनको पूजा गर्नुपर्छ। उसै सिंहासनमा कपूरगौर, सर्वव्यापी एवं पाँच मुख भएका भगवान् महादेवलाई प्रतिष्ठित गर्नुपर्छ। उनका दस भुजा छन्। उनले आफ्ना मस्तकमा अर्धचन्द्र धारण गरेका छन्। उनका दायाँ हातमा शक्ति, ऋष्टि, शूल, खट्वाङ्ग र वरद

पुष्पाञ्जलिगतं ध्यात्वा लक्ष्मीमूर्त्तौ निवेशयेत् ।५४।
ओं हां हौं शिवाय नमः आवाहन्या हृदा ततः ।
आवाह्य स्थाप्य स्थापन्या सन्निधायान्तिकं शिवम् ।५५।
निरोधयेन्निष्ठुरया कालकान्त्या फडन्ततः ।
विघ्नानुत्सार्य्य विष्ठ्याथ लिङ्गमुद्रां नमस्कृतिम् ।५६।
हृदावगुण्ठयेत्पश्चादावाहः सन्मुखी ततः ।
निवेशनं स्थापनं स्यात्सन्निधानं तवास्मि भोः ।५७।
आकर्म्मकाण्डपर्य्यन्तं सन्निधेयो परिक्षयः ।
स्वभक्तेश्च प्रकाशो यस्तद्भवेदवगुण्ठनम् ।५८।
सकलीकरणं कृत्वा मन्त्रैः षड्भिरथैकताम् ।
अङ्गानामङ्गिना सार्द्धं विदध्यादमृतीकृतम् ।५९।
चिच्छक्तिहृदयं शम्भोः शिव ऐश्वर्य्यमष्टधा ।
शिखा वशित्वं चाभेद्य तेजः कवचमैश्वरम् ।६०।
प्रतापो दुःसहश्चास्त्रमन्तरायापहारकम् ।
नमः स्वधा च स्वाहा च वौषट् चेति यथाक्रमम् ।६१।
हृत्पुरःसरमुच्चार्य्य पाद्यादीनि निवेदयेत् ।
पाद्यं पादाम्बुजद्वन्द्वे वक्त्रेष्वाचमनीयकम् ।६२।
अर्घ्यं शिरसि देवस्य दूर्वापुष्पाक्षतानि च ।
एवं संस्कृत्य संस्कारैर्दशभिः परमेश्वरम् ।६३।
यजेत्पञ्चोपचारेण विधिना कुसुमादिभिः ।
अभ्युक्ष्योद्वर्त्य निर्मज्य राजिकालवणादिभिः ।६४।
अर्घ्योदविन्दुपुष्पाद्यैर्गन्धकैः स्नापयेच्छनैः ।
पयोदधिघृतक्षौद्रशर्क्कराद्यैरनुक्रमा ।६५।
ईशादिमन्त्रितैर्द्रव्यैरर्च्य तेषां विपर्य्ययः ।

मुद्रा छन् र आफ्ना हातमा उनले डमरु, बिजौरा, निबु, सर्प, अक्षसूत्र र नीलकमल लिएका छन् । आसनका मध्यभागमा विराजमान भगवान् शिवको त्यो दिव्यमूर्ति बत्तीस लक्षणले सम्पन्न छ भन्ने चिन्तन गर्दै स्वयं प्रकाशित शिवलाई स्मरण गर्नुपर्छ र ओं हां हां हां शिवमूर्तये नमः भनी नमस्कार गर्नुपर्छ। ब्रह्मा आदि कारणहरूलाई त्याग गर्दै मन्त्रलाई शिवमै प्रतिष्ठित गर्नुपर्छ । त्यसपछि ललाटका मध्यभागमा विराजमान रहेका तारापति चन्द्रमाजस्तै प्रकाशसम्पन्न विन्दुरूप परम शिवलाई हृदय आदि अङ्गले संयुक्त भएर पुष्पाञ्जलिमा अवतरित भएका हुन् भन्ने चिन्तन गर्दै प्रत्यक्ष पूजनीय मूर्तिमा स्थापित गर्नुपर्छ । त्यसपछि ओं हां हौं शिवाय नमः भन्ने मन्त्र बोल्दै मनमनै आवाहनी मुद्राले मूर्तिमा भगवान् शिवलाई आवाहन गर्नुपर्छ । त्यसपछि स्थापनी मुद्राले भगवान् शिवलाई नजिकै विराजमान गराएर सन्निरोधनी मुद्राले उनलाई त्यसै मूर्तिमा अवरुद्ध गर्नुपर्छ । त्यसपछि निष्ठुरायै कालकल्यायै फट् भन्ने मन्त्र उच्चारण गर्दै खड्गमुद्राले भय देखाएर विघ्नहरूलाई पिटेर लखेट्नुपर्छ । अनि लिङ्गमुद्रा प्रदर्शन गरी नमस्कार गर्नुपर्छ। त्यसपछि नमः भनेर अवगुण्ठन गर्नुपर्छ। आवाहनको अर्थ नै सादर सम्मुखीकरण हो र यसैबाट इष्टदेवलाई आफ्ना सामु उपस्थित गराउनुपर्छ। देवतालाई अर्चा विग्रहमा बसाउनु नै तिनलाई स्थापना गर्नु हो । हे प्रभु ! म तिम्रै हुँ भनेर भगवान्सित निकटतम सम्बन्ध स्थापित गर्नु नै सन्निधान या सन्निधापन हो भनिन्छ। पूजासम्बन्धी कर्मकाण्ड चालु रहेसम्म भगवान्को समीपता अक्षुण्ण राख्नु नै निरोध हो र अभक्तका सामु शिवतत्त्व प्रकट हुन नदिनु नै अवगुण्ठन हो, त्यसैको अर्को नाम संगोपन पनि हो । त्यसपछि सकलीकरण गरेर हृदयाय नमः शिरसे स्वाहा शिखायै वषट् कवचाय हुम् नेत्राभ्यां वौषट् र अस्त्राय फट् यी छ मन्त्रले हृदय आदि अङ्गहरूलाई तिनका अङ्गीहरूसँग एकता स्थापित गराउनुपर्छ। यही नै अमृतीकरण हो । चैतन्यशक्ति भगवान् शङ्करको हृदय हो, आठ प्रकारका ऐश्वर्य उनका शिर हुन्, वशित्व उनको शिखा हो र अभेद्य तेज भगवान् महेश्वरको कवच हो । उनको दुःसह प्रताप नै समस्त विघ्नहरू निवारण वा नाश गर्ने अस्त्र हो । हृदय आदिलाई अगाडि राखेर क्रमशः नमः स्वधा स्वाहा र वौषट्लाई क्रमशः उच्चारण गर्दै पाद्य आदि निवेदन गर्नुपर्छ। पाद्य आराध्यदेवका चरणयुगलमा, आचमन मुखारविन्दमा र अर्घ्य, दूर्वा, पुष्प एवं अक्षता इष्टदेवका मस्तकमा चढाउनुपर्छ । यसरी दस संस्कारले परमेश्वर शिवलाई संस्कार गरेर गन्ध, पुष्प आदि पञ्चोपचारले विधिपूर्वक उनलाई पूजा गर्नुपर्छ । पहिले जलले देवविग्रहलाई अभिषेक गरेर चिल्लो घस्ने र पुछ्ने काम गर्नुपर्छ । त्यसपछि अर्घ्यजलका थोपा र पुष्प आदिले

तोयधूपान्तरैः सर्वैर्मूलेन स्नपयेच्छिवम् ।६६।
विरूक्ष्य यवचूर्णेन यथेष्टं शीतलैर्जलैः ।
स्वशक्त्या गन्धतोयेन संस्नाप्य शुचिवाससा ।६७।
निर्म्मार्ज्यार्घ्यं प्रदद्याच्च नोपरि भ्रामयेत्करम् ।
न शून्यमस्तकं लिङ्गं पुष्पैः कुर्य्यात्ततो ददेत् ।६८।
चन्दनाद्यैः समालभ्य पुष्पैः प्राच्र्य शिवाणुना ।
धूपभाजनमस्त्रेण प्रोक्ष्याभ्यर्च्य शिवाणुना ।६९।
अस्त्रेण पूजितां घण्टां चादाय गुग्गुलं ददेत् ।
दद्यादाचमनं पश्चात्स्वधान्तं हृदयाणुना ।७०।
आरार्तिकं समुत्तार्य्य तथैवाचामयेत्पुनः ।
प्रणम्यादाय देवाज्ञां भोगाङ्गानि प्रपूजयेत् ।७१।
हृदग्नौ चन्द्रमं चैशे शिवं चामीकरप्रभम् ।
शिखां रक्तां च नैर्ऋत्ये कृष्णं वर्म्म च वायवे ।७२।
चतुर्वक्त्रं चतुर्बाहुं दलस्थान् पूजयेदिमान् ।
दंष्ट्राकरालमप्यस्त्रं पूर्वादौ वज्रसन्निभम् ।७३।
मूले हौं शिवाय नमः ओं हां हूँ हीं हों शिरश्च ।
हूं शिखायै हैं वर्म्म हश्चास्त्रं परिवारयुताय च ।७४।
शिवाय दद्यात्पाद्यं च आचामं चार्घ्यमेव च ।
गन्धं पुष्पं धूपं दीपं नैवेद्याचमनीयकम् ।७५।
करोद्वर्त्तनताम्बूलं मुखवासं च दर्पणम् ।
शिरस्यारोप्य देवस्य दूर्वाक्षतपवित्रकम् ।७६।
मूलमष्टशतं जप्त्वा हृदयेनाभिमन्त्रितम् ।
चर्म्मणा वेष्टितं खड्गं रक्षितं कुशपुष्पकैः ।७७।
अक्षतैर्मुद्रया युक्तं शिवमुद्भवसंज्ञया ।

अभिषेक गरेर गाग्रामा राखिएका जलले बिस्तारै भगवान्लाई नुहाइदिनुपर्छ। दुध, दही, घिउ, मह, शर्कर आदिले क्रमशः ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजातका यिनै पाँच मन्त्रले अभिमन्त्रित गरी तिनैद्वारा पालैपालो स्नान गराउनुपर्छ। त्यसपछि तिनलाई एकापसमा मिसाई पञ्चामृत बनाउनुपर्छ र त्यसैले भगवान्लाई नुहाइदिनुपर्छ। यसो गर्दा भुक्तिमुक्ति प्राप्त हुन्छ। पूर्वोक्त दुध, दही आदिमा जल र धुप मिसाएर ती सबैले इष्टदेवतासम्बन्धी मूलमन्त्र उच्चारण गर्दै भगवान् शिवलाई स्नान गराउनुपर्छ।४४–६६।

त्यति गरिसकेपछि जौका पिठाले चिल्लो पुछेर इच्छाअनुसार शीतल जलले स्नान गराउनुपर्छ । आफ्नो शक्तिअनुसार चन्दन, केसर आदिले युक्त जलले स्नान गराएर शुद्ध वस्त्रले इष्टदेवका श्रीविग्रहलाई राम्ररी पुछ्नुपर्छ। त्यसपछि अर्घ्य निवेदन गर्नुपर्छ । पुछ्दा देवतामाथि हात घुमाउनु हुँदैन । शिवलिङ्गको मस्तक भाग कहिल्यै फूलविनाको खाली पारेर राख्नु हुँदैन । त्यसो गरिसकेपछि अन्यान्य उपचार समर्पित गर्नुपर्छ र चन्दन, रोली आदिको लेपन लगाउनुपर्छ । अनि शिवसम्बन्धी मन्त्र बोल्दै पुष्प अर्पण गरेर पूजा गर्नुपर्छ। धुपका पात्रलाई अस्त्राय फट् भन्ने मन्त्रले सफा गरेर शिवका मन्त्रले धुपद्वारा पूजा गर्नुपर्छ । त्यसपछि अस्त्र मन्त्रले पूजा गरिएको घन्ट बजाउँदै सालधुप बाल्नुपर्छ । अनि शिवाय नमः भन्दै अमृतसरिको स्वादिलो जल भगवान्लाई आचमन गराउनुपर्छ । त्यसपछि आरती उतारेर पहिलेभैँ आचमन फेरि गराउनुपर्छ। अनि मात्रै प्रणाम गर्दै देवताको अनुमति लिई भोगाङ्गलाई पूजा गर्नुपर्छ । अग्निकोणमा चन्द्रमाभैँ उज्ज्वल हृदयलाई, ईशानकोणमा सुनभैँ कान्तिसम्पन्न शिरलाई, नैर्ऋत्यकोणमा रातो रङ्गको शिखालाई र वायव्यकोणमा कालो रङ्गका कवचलाई पूजा गर्नुपर्छ। अनि अग्निवर्ण नेत्र र कृष्णपिङ्गल अस्त्रलाई पूजा गरेर चतुर्मुख ब्रह्मा र चतुर्भुज विष्णु आदि देवताहरूलाई कमलका दलहरूमा विराजमान मानेर ती सबैलाई पूजा गर्नुपर्छ। पूर्व आदि दिशामा दाह्राभैँ विकराल एवं वज्रसरिका अस्त्रलाई पनि पूजा गर्नुपर्छ। मूल स्थानमा ओं हां हूं शिवाय नमः भनेर पूजा गर्नुपर्छ। ओं हां हृदयाय नमः हीं शिरसे स्वाहा भन्दै हृदय र शिरको पूजा गर्नुपर्छ । हूं शिखायै वषट् भनेर शिखालाई, हैं कवचाय हुम् भनेर कवचलाई र हः अस्त्राय फट् भनी अस्त्रलाई पूजा गर्नुपर्छ । त्यसपछि परिवारसहित भगवान् शिवलाई क्रमशः पाद्य, आचमन, अर्घ्य, गन्ध, पुष्प, धुप, दीप, नैवेद्य, आचमनीय, करोद्वर्तन, ताम्बूल, मुखवास र दर्पण अर्पण गर्नुपर्छ। त्यसो गरेपछि देवाधिदेवका मस्तकमा दूर्वा, अक्षत र पवित्रक चढाएर हृदयाय नमः भन्ने मन्त्रले

गुह्यातिगुह्यगुह्यर्थं गृहाणास्मत्कृतं जपम् ।७८।

सिद्धिर्भवतु मे येन त्वत्प्रसादात्त्वयि स्थिते ।

भोगी श्लोकं पठित्वाद्यं दक्षहस्तेन शम्भवे ।७९।

मूलागुनार्घ्यतोयेन वरहस्ते निवेदयेत् ।

यत्किञ्चित्कुर्म्महे देव सदा सुकृतदुष्कृतम् ।८०।

तन्मे शिवपदस्थस्य हूं क्षः क्षेपय शङ्कर ।

शिवो दाता शिवो भोक्ता शिवः सर्वमिदं जगत् ।८१।

शिवो जयति सर्वत्र यः शिवः सोऽहमेव च ।

श्लोकद्वयमधीत्यैवं जपं देवाय चार्प्पयेत् ।८२।

शिवाङ्गानां दशांशं च दत्त्वार्घ्यं स्तुतिमाचरेत् ।

प्रदक्षिणीकृत्य नमेत्साष्टाङ्गं चाष्टमूर्त्तये ।

नत्वा ध्यानादिभिश्चैव यजेच्चित्रेऽनलादिषु ।८३।

अभिमन्त्रित गरी एकसय आठपटक जप गर्नुपर्छ । त्यसपछि कवचले आवेष्टित र अस्त्रले सुरक्षित भई अक्षत, कुश, पुष्प तथा उद्भव मुद्राले भगवान् शिवलाई– हे प्रभु ! गुह्यभन्दा अति गुह्य वस्तुलाई पनि तिमी नै रक्षा गर्दछौ । मैले गरेको यो जप तिमी ग्रहण गर । यसो हुँदा तिमी रहेकै कारण तिम्रा कृपाले मलाई सिद्धि प्राप्त हुनेछ भनी प्रार्थना गर्नुपर्छ। भोगको इच्छा गर्ने उपासकले उपर्युक्त श्लोक पढेर मूलमन्त्र उच्चारण गर्दै दाहिने हातले अर्घ्यजल लिएर भगवान्का वरमुद्रायुक्त हातमा अर्घ्य निवेदन गर्नुपर्छ र– हे शङ्कर ! हे देव ! तिम्रा कल्याणरूपी चरणका शरणमा हामी आएका छौं । त्यसैले हामी सधैं शुभाशुभ जेजस्ता कर्म गर्दछौं ती सबैलाई तिमी नष्ट पारी निकालेर फालिदेउ । हूं क्षः शिव नै दाता हुन्, शिव नै भोक्ता हुन्, शिव नै यो सम्पूर्ण जगत् हुन्, सर्वत्र शिवकै जय होस् । शिव जो हुन् म पनि त्यही हुँ भनी प्रार्थना गर्नुपर्छ। यी दुई श्लोक पढेर आफूले गरेका जप आराध्यदेवलाई समर्पित गर्नुपर्छ । त्यसपछि जपिएका शिवमन्त्रको दस भाग अरू जप्नुपर्छ। त्यसपछि अर्घ्य दिएर भगवान्लाई स्तुति गर्नुपर्छ। अन्त्यमा अष्टमूर्तिधारी आराध्यदेव शिवलाई परिक्रमा गर्दै साष्टाङ्ग नमस्कार र शिवध्यान गरी चित्र वा अग्नि आदिमा भगवान् शिवलाई यजनपूजन गर्नुपर्छ।६७–८३।

७५. पञ्चसप्ततितमोऽध्यायः

अग्निस्थापनाविधि

ईश्वर उवाच

अर्घपात्रकरो यायादग्न्यागारं सुसंवृतः ।

यागोपकरणं सर्वं दिव्यदृष्ट्या च कल्पयेत् ।१।

उदङ्मुखः कुण्डमीक्षेत्प्रोक्षणं ताडनं कुशैः ।

विदध्यादस्त्रमन्त्रेण वर्म्मणाभ्युक्षणं मतम् ।२।

खड्गेन खातमुद्धारं पूरणं समतामपि ।

कुर्वीत वर्मणा सेकं कुट्टनं तु शरात्मना ।३।

सम्मार्जनं समालेपं कलारूपप्रकल्पनम् ।

त्रिसूत्रीपरिधानं च वर्म्मणाभ्यर्चनं सदा ।४।

ईश्वरले भने– हे स्कन्द ! पूजा सकेपछि जिउमा लुगा फेरिसकेर हातमा अर्घ्यपात्र लिई उपासक अग्निशालामा जानुपर्छ र दिव्यदृष्टिले यज्ञका समस्त उपकरणहरू कल्पना वा सङ्ग्रह गर्नुपर्छ । उत्तरतिर फर्केर कुण्डलाई हेर्नुपर्छ । कुशले त्यसलाई बढार्नुपर्छ र अस्त्राय फट् भन्ने मन्त्रले टक्टक्याउनुपर्छ । तर त्यसको अभ्युक्षण चाहिँ कवचाय हुम् भन्ने मन्त्रले गर्नुपर्छ । कुण्डका खाल्टाखुल्टी पुरपार पारेर खड्गले सम्याउनुपर्छ । कवचाय हुम् भन्दै त्यसलाई अभिषेक गरी अस्त्राय फट् भन्ने मन्त्रले भुईं कुटेर खाँद्नुपर्छ। बढार्ने, लिप्ने, सजाउने रूपको कल्पना गरी त्रिसूत्री परिधान र अर्चन पनि सधैं नै कवचाय हुम् भन्ने मन्त्रले नै गर्नुपर्छ। कुण्डभन्दा माथि वा उत्तरमा तीन रेखा बनाउनुपर्छ। एउटा रेखा पूर्वाभिमुख हुने गरी माथिबाट तलतिर खिच्नुपर्छ। रेखा कुश या त्रिशूलले कोर्नुपर्छ। अथवा ती सबै रेखाहरूलाई

रेखात्रयमुदकुर्यादिकां पूर्वाननामधः ।
कुशेन च शिवास्त्रेण यद्वा तासां विपर्ययः ।५।
वज्रीकरणमन्त्रेण हृदा दर्भैश्चतुष्पथम् ।
अक्षपात्रं तनुत्रेण विन्यसेद्विष्टरं हृदा ।६।
हृदा वागीश्वरीं तत्र ईशमावाह्य पूजयेत् ।
वह्निं सदाश्रयानीतं शुद्धपात्रोपरि स्थितम् ।७।
क्रव्यादांशं परित्यज्य वीक्षणादिविशोधितम् ।
औदर्यं चैन्दवं भौतमेकीकृत्यानलत्रयम् ।८।
ओं हूं वह्निचैतन्याय वह्निबीजेन विन्यसेत् ।
संहितामन्त्रितं वह्निं धेनुमुद्रामृतीकृतम् ।९।
रक्षितं हेतिमन्त्रेण कवचेनावगुण्ठितम् ।
पूजितं त्रिः परिभ्राम्य कुण्डस्योर्ध्वं प्रदक्षिणम् ।१०।
शिवबीजमिति ध्यात्वा वागीशागर्भगोचरे ।
वागीश्वरेण देवेन क्षिप्यमाणं विभावयेत् ।११।
भूमिष्ठजानुको मन्त्री हृदात्मसम्मुखं क्षिपेत् ।
ततोऽन्तःस्थितबीजस्य नाभिदेशे समूहनम् ।१२।
सम्भृतिं परिधानस्य शौचमाचमनं हृदा ।
गर्भाग्ने पूजनं कृत्वा तद्रक्षार्थं शराणुना ।१३।
बध्नीयाद् गर्भजं देव्याः कङ्कणं पाणिपल्लवे ।
गर्भाधानाय सम्पूज्य सद्योजातेन पावकम् ।१४।
ततो हृदयमन्त्रेण जुहुयादाहुतित्रयम् ।
पुंसवनाय वामेन तृतीये मासि पूजयेत् ।१५।
आहुतित्रितयं दद्याच्छिरसाम्बुकणान्वितम् ।
सीमन्तोन्नयनं षष्ठे मासि सम्पूज्य रूपिणा ।१६।

फेरबदल गर्न पनि सकिन्छ । अस्त्रमन्त्र फट् उच्चारण गरेर वज्रीकरण कार्य गर्नुपर्छ । नमः उच्चारण गरेर कुशले चतुष्पथको न्यास गर्नुपर्छ। कवच मन्त्र हुम् भने अक्षपात्रको र हृदयमन्त्र नमः भनेर विष्टरलाई स्थापना गर्नुपर्छ। वागीश्वर्यै नमः ईशायै नमः भनेर वागीश्वरीदेवी र ईशलाई आवाहन र पूजन गर्नुपर्छ। त्यसपछि पवित्र स्थानबाट शुद्ध पात्रमा राखेर अग्नि ल्याउनुपर्छ । त्यसैबाट क्रव्यादमग्निं प्रहिणोमि दूरम् इत्यादि मन्त्र उच्चारण गर्दै क्रव्याद्को अंशको अग्निकणजति निकालिदिनुपर्छ। त्यसपछि निरीक्षण आदिले शोधित भएका औदर्य, ऐन्दव र भौत यी तीन किसिमका अग्निलाई एकत्रित गरी ओं हूं वह्निचैतन्याय नमः उच्चारण गरी अग्निबीज रं उच्चारणका साथसाथै अग्निलाई स्थापना गर्नुपर्छ । संहिता मन्त्रले मन्त्रिएर धेनुमुद्रा प्रदर्शन गर्दै अमृतीकरण क्रियाले संस्कारित, अस्त्रमन्त्रले सुरक्षित र कवचमन्त्रले अवगुण्ठित एवं पूजित अग्निलाई कुण्डमाथि तीनपटक प्रदक्षिणा गराउँदै घुमाएर भगवान् शिवका बीज यिनै हुन् भन्ने चिन्तनका साथ ध्यान गर्नुपर्छ र वागीश्वरदेवले यस बीजलाई वागीश्वरीदेवीका गर्भमा स्थापित गरेका हुन् भन्ने ध्यान गर्नुपर्छ। यस किसिमको ध्यान सँगै मन्त्रसाधकले दुवै घुँडा पृथ्वीमा टेकेर नमस्कार गर्दै त्यस अग्निलाई आफ्ना सम्मुख रहेका कुण्डमा स्थापित गर्नुपर्छ। अनि गर्भभित्र बीजस्वरूप अग्निलाई प्रवेश गराइएका कुण्डका नाभीभागमा कुशले परिसमूहन गर्नुपर्छ । परिधान–सम्भार, शुद्धि, आचमन र नमस्कार गरी गर्भस्थित अग्निलाई पूजा गरेर उही गर्भबाट उत्पन्न अग्निको रक्षा गर्न अस्त्रमन्त्रले भावनात्मक रूपैमा वागीश्वरीदेवीका पाणिपल्लवमा कङ्कण वा रक्षासूत्र बाँधिदिनुपर्छ । सद्योजात मन्त्रले गर्भाधानको उद्देश्य राखी अग्निको पूजन गरेर हृदयमन्त्रले तीन आहुति दिनुपर्छ। त्यसपछि भावनात्मक रूपले नै तेस्रो महिनामा गरिने पुंसवन संस्कार सिद्ध गर्नका लागि वामदेव मन्त्रले अग्निको पूजा गरेर शिरसे स्वाहा भन्दै तीन आहुति दिनुपर्छ। अनि त्यस अग्निमा जलविन्दु छर्कनुपर्छ। त्यसपछि छैटौं महिनामा गरिने सीमन्तोन्नयन संस्कार पनि भावनात्मक रूपले गर्दै अघोर मन्त्रले अग्निको पूजा गरेर शिखायै वषट् उच्चारण गरी तीन आहुति दिनुपर्छ र शिखामन्त्रले नै मुख आदि अङ्गको कल्पना गर्नुपर्छ। मुखको उद्घाटन र प्रकटीकरण गर्नुपर्छ। त्यसपछि पूर्ववत् दसौं महिनामा हुनुपर्ने जातकर्म र नरकर्म गर्ने भावनाले पुरुषमन्त्रद्वारा दर्भ आदिले अग्निलाई पूजन एवं प्रज्वलन गरेर गर्भमल हटाउन स्नान गराउनुपर्छ । अनि ध्यानद्वारा देवीका हातमा सुवर्ण बन्धन गराई हृदयमन्त्रले पूजा गर्नुपर्छ । अनि तत्काल सूतक निवृत्तिका लागि अस्त्रमन्त्रले मन्त्रिएका जलले अभिषेक गर्नुपर्छ। कुण्डका बाहिरीतर्फ अस्त्रमन्त्र उच्चारण

जुहुयादाहुतीस्तिस्रः शिखया शिखयैव तु ।
वक्राङ्गकल्पनां कुर्याद्वक्रोद्घाटननिष्कृती ।१७।
जातकर्मनृकर्म्मभ्यां दशमे मासि पूर्ववत् ।
वह्निं सन्धुक्ष्य दर्भाद्यैः स्नानं गर्भमलापहम् ।१८।
सुवर्णबन्धनं देव्या कृतं ध्यात्वा हृदार्चयेत् ।
सद्यःसूतकनाशाय प्रोक्षयेदस्त्रवारिणा ।१९।
कुम्भं तु बहिरस्त्रेण ताडयेद्वर्मणोक्षिपेत् ।
अस्त्रेणोत्तरपूर्व्वाग्रान्मेखलासु बहिः कुशान् ।२०।
आस्थाप्य स्थापयेत्तेषु हृदा परिधिविस्तरम् ।
वक्त्राणामस्त्रमन्त्रेण ततो नालापनुत्तये ।२१।
समिधः पञ्च होतव्याः प्रान्ते मूले घृतप्लुताः ।
ब्रह्माणं शङ्करं विष्णुमनन्तं च हृदार्चयेत् ।२२।
दूर्वाक्षतैश्च पर्य्यन्तं परिधिस्थाननुक्रमात् ।
इन्द्रादीशानपर्यन्तान्विष्टरस्थाननुक्रमात् ।२३।
अग्नेरभिमुखीभूतान्निजदिक्षु हृदार्चयेत् ।
निवार्य विघ्नसङ्घातं बालकं पालयिष्यथ ।२४।
शैवीमाज्ञामिमान्तेषां श्रावयेत्तदनन्तरम् ।
गृहीत्वा स्रुक्स्रुवावूर्ध्ववदनाधोमुखैः क्रमात् ।२५।
प्रताप्याग्नौ त्रिधा दर्भमूलमध्याग्रकैः स्पृशेत् ।
कुशस्पृष्टप्रदेशे तु आत्मविद्याशिवात्मकम् ।२६।
क्रमात्तत्त्वत्रयं न्यस्य हां हीं हूं सरवैः क्रमात् ।
स्रुचि शक्तिं स्रुवे शम्भुं विनस्य हृदयाणुना ।२७।
त्रिसूत्रीवेष्टितग्रीवौ पूजितौ कुसुमादिभिः ।
कुशानामुपरिष्टात्तौ स्थापयित्वा स्वदक्षिणे ।२८।

गर्दै कुशले पुछपाछ गर्नु वा बढार्नुपर्छ। त्यसपछि हुम् उच्चारण गर्दै त्यसलाई जलले सेचन गर्नुपर्छ। त्यसपछि कुण्डबाहिरका मेखलाहरूमा अस्त्रमन्त्रले उत्तरदक्षिण दिशामा पूर्वाग्र र पूर्व तथा पश्चिम दिशामा उत्तराग्र पारी कुश ओछ्याउनुपर्छ। तिनीहरूमाथि परिधि विष्टर स्थापित गर्नुपर्छ। त्यसो गरेपछि सद्योजात आदि पाँच मुखसम्बन्धी मन्त्रले र अस्त्रमन्त्रले पाँच समिधाका टुप्पाहरू घिउमा चोबेर नालच्छेदनका उद्देश्यले तिनको आहुति दिनुपर्छ। त्यसपछि ब्रह्मा, शङ्कर, विष्णु र अनन्तलाई दूर्वा आदिले पूजा गर्नुपर्छ। पूजा गर्दा तिनका नामपछि ब्रह्मणे नमः शङ्कराय नमः विष्णवे नमः अनन्ताय नमः आदि नमः जोडेर उच्चारण गर्नुपर्छ। त्यसपछि कुण्डका चारैतिर ओछ्याइएका पूर्वोक्त विष्टर नामका आठ आसनमा पूर्व आदि दिशाका क्रमले इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर र ईशानलाई आवाहन र स्थापन गरेर उनीहरू सबैको मुख अग्निदेवतातर्फ छ भन्ने सोच्नुपर्छ। त्यसपछि ती सबैलाई आआफ्ना दिशामा पूजा गर्नुपर्छ। पूजा गर्दाका समयमा तिनको नाममन्त्रका अन्त्यमा नमः जोड्दै इन्द्राय नमः आदि उच्चारण गर्नुपर्छ।१-२३।

त्यस बेलामा ती सबै देवताहरूलाई भगवान् शिवको— हे देवताहरू हो ! तिमीहरू सबैले विघ्नहरूलाई निवारण गरी यी बालक अग्निलाई रक्षा गर भन्ने आज्ञा सुनाउनुपर्छ। अनि ऊर्ध्वमुख स्रुक् र स्रुव लिएर पालैपालो तिनलाई आगोमा सेकाउनुपर्छ। त्यसपछि कुशको फेद, मध्यभाग र टुप्पाले तिनलाई स्पर्श गराइएका स्थानमा क्रमशः आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्व न्यास गर्नुपर्छ। न्यास गर्दा ओं हां आत्मतत्त्वाय नमः ओं हीं विद्यातत्त्वाय नमः ओं हुं विद्यातत्त्वाय नमः भन्ने मन्त्र उच्चारण गर्नुपर्छ। त्यति गरेर नमः सँगै स्रुक्मा शक्तिलाई र स्रुवमा शिवलाई न्यास गर्नुपर्छ। त्यस बेला शक्त्यै नमः शिवाय नमः भन्नुपर्छ। त्यसपछि तीन आवृत्तिमा फैलिएका रक्षासूत्रले स्रुक् र स्रुवा दुवैको ग्रीवाभाग आवेष्टित गर्नुपर्छ। त्यसपछि पुष्प आदिले तिनलाई पूजन गरेर आफ्ना दाहिनेतिर कुशमाथि तिनलाई राख्नुपर्छ। त्यसपछि राम्ररी हेरविचार गर्दै गाईका घिउले तिनलाई चोख्याउनुपर्छ र आफ्नो स्वरूप नै ब्रह्ममय भएको कामना गर्दै त्यो घिउको भाँडो हातमा लिएर हृदय मन्त्रले कुण्डमाथि अग्निकोणमा घुमाएर फेरि आफ्नो स्वरूप विष्णुमय भएको भावना गर्नुपर्छ। त्यसपछि घिउलाई ईशान कोणमा राखेर कुशका टुप्पाले घिउ निकाल्नुपर्छ र शिरसे स्वाहा विष्णवे स्वाहा भनेर भगवान् विष्णुलाई त्यसै घिउका थोपाको आहुति दिनुपर्छ। आफ्नो स्वरूप रुद्रमय भएको भावना गरेर कुण्डका नाभीस्थानमा घिउ राखेर त्यसलाई पगाल्नुपर्छ।

ाव्यमाज्यं समादाय वीक्षणादिविशोधितम् ।
स्वकां ब्रह्ममयीं मूर्त्तिं सञ्चिन्त्यादाय तद्घृतम् ।२९।
कुण्डस्योर्ध्वं हृदावर्त्य भ्रामयित्वाग्निगोचरे ।
पुनर्विष्णुमयीं ध्यात्वा घृतमीशानगोचरे ।३०।
धृत्वादाय कुशाग्रेण स्वाहान्तं शिरसाणुना ।
जुहुयाद्विष्णवे विन्दुं रुद्ररूपमनन्तरम् ।३१।
भावयन्निजमात्मानं नाभौ धृत्वा प्लवेत्ततः ।
प्रादेशमात्रदर्भाभ्यामङ्गुष्ठानामिकाग्रकैः ।३२।
धृताभ्यां सम्मुखं वह्नेरस्त्रेण प्लवमाचरेत् ।
हृदात्मसम्मुखं तद्वत्कुर्यात्संप्लवनं ततः ।३३।
हृदालब्धदग्धदर्भं शस्त्रक्षेपात्पवित्रयेत् ।
दीप्तेनापरदर्भेण निवाह्यानेन दीपयेत् ।३४।
अस्त्रमन्त्रेण निर्दग्धं वह्नौ दर्भं पुनः क्षिपेत् ।
क्षिप्त्वा घृते कृतग्रन्थिकुशं प्रादेशसम्मितम् ।३५।
पक्षद्वयमिडादीनां त्रयं चाज्ये विभावयेत् ।
क्रमाद्भागत्रयादाज्यं स्रुवेणादाय होमयेत् ।३६।
स्वेत्यग्नौ हा घृते भागं शेषमाज्यं क्षिपेत्क्रमात् ओं हां अग्नये स्वाहा ओं हां सोमाय स्वाहा ओं हां अग्नीषोमाभ्यां स्वाहा उद्घाटनाय नेत्राणामग्नेर्नेत्रत्रये मुखे ।३७।
स्रुवेण घृतपूर्णेन चतुर्थीमाहुतिं यजेत् ओं हां अग्नेये स्विष्टकृते स्वाहा अभिमन्त्र्य षडङ्गेन बोधयेद्धेनुमुद्रया ।३८।
अवगुण्ठ्य तनुत्रेण रक्षेदाज्यं शराणुना ।
हृदाज्यविन्दुविक्षेपात्कुर्यादभ्युक्ष्य शोधनम् ।३९।
वक्त्राभिघारसन्धानं वक्त्रैकीकरणं तथा ओं हां सद्योजाताय स्वाहा ओं हां वामदेवाय स्वाहा ओं हां अघोराय स्वाहा ओं तत्पुरुषाय स्वाहा हों हां ईशानाय

एक कुरेतबराबरका कुशका दुई टुक्रालाई बुढीऔँला र साइँली औँलाले समातेर अस्त्राय फट् भन्ने उच्चारण गर्दै अग्निका सम्मुख तिनैले घिउ प्रवाहित गर्नुपर्छ । यसरी हृदयाय नमः उच्चारण गरेर आफ्नै सम्मुख घिउको धारो लगाउनुपर्छ। नमः उच्चारण गर्दै हातमा लिएका कुश डढेपछि फट् उच्चारण गर्दै शस्त्र क्षेपण गरेझैँ क्रियाले पवित्र गर्नुपर्छ। सल्किरहेका एउटा कुशका टुक्राले त्यसलाई आरती गरेर त्यसैले अर्को कुश सल्काउनुपर्छ। त्यो बल्दै गरेको कुशलाई फेरि अस्त्र मन्त्रले नै फेरि अग्निमा हालिदिनुपर्छ। त्यसपछि एक कुरेतबराबरको कुश गाँठो पारेर घिउमा हाल्नुपर्छ। त्यसपछि घिउमा दुई पक्ष र इडा आदि तीन नाडीहरूको भावना गर्नुपर्छ। इडा आदि तीनै भागबाट क्रमशः घिउ लिएर स्रुवाले त्यसलाई होम गर्नुपर्छ। स्वा उच्चारण गरेर स्रुवामा अडिएको घिउ अग्निमा हाल्ने र हा उच्चारण गर्दै स्रुवामा बचेको घिउ भाँडैमा फिर्ता खन्याउने गर्नुपर्छ। अर्थात् स्वाहा भनेर क्रमशः दुवै कार्य गर्दै जानुपर्छ। पहिलो इडा भागबाट घिउ लिएर ओं हामग्नये स्वाहा भन्ने मन्त्र उच्चारण गरी घिउ अग्निमा होम गर्नुपर्छ र होम गरी बचेको घिउ फेरि पात्रमा खन्याउनुपर्छ । यसै गरी दोस्रो पिङ्गला भागबाट घिउ लिएर ओं हां सोमाय स्वाहा भनी घिउको आहुति दिँदै बचेको पात्रविशेषमै खन्याउनुपर्छ। अनि सुषुम्ण नामको तेस्रो भागबाट घिउ झिकेर ओं हां अग्नीषोमाभ्यां स्वाहा भनी स्रुवाले अग्निमा घिउ हाल्ने र बचेको जति भाँडामै खन्याउनुपर्छ । त्यसपछि बालक अग्निका नेत्रत्रय उद्घाटन गर्नका लागि मुखको स्थान विशषमा घिउ भरिएको स्रुवाले ओं हामग्नये स्विष्टकृते स्वाहा भन्ने मन्त्र बोलेर चौथो आहुति दिनुपर्छ। त्यसपछि ओं हां हृदयाय नमः इत्यादि छवटै अङ्गका सम्बन्धित मन्त्रले घिउ मन्त्रिएर धेनुमुद्राले जगाउनुपर्छ । त्यसपछि कवचमन्त्रले अवगुण्ठित गरी शरमन्त्रले फट् भन्दै त्यसको रक्षा गर्नुपर्छ । अनि पछि हृदयमन्त्रले घिउका थोपा छर्केर त्यसलाई अभ्युक्षण र शोधन गर्नुपर्छ । त्यससँगै शिवस्वरूप अग्निका पाँच मुखका लागि अभिधार होम, अनुसन्धान होम तथा मुखको एकीकरणसम्बन्धी होम गर्नुपर्छ। अभिधारक होमको विधि ओं हां सद्योजाताय स्वाहा ओं हां वामदेवाय स्वाहा ओं हां अघोराय स्वाहा ओं हां तत्पुरुषाय स्वाहा ओं हां ईशानाय स्वाहा हो। यी पाँच मन्त्रले सद्योजात आदि पाँच मुखका लागि क्रमशः अलगअलग एकएक घिउको आहुति दिएर ती मुखहरूलाई अभिधारित घिउले आप्लावित गर्नुपर्छ । यही मुख अभिधारसम्बन्धी होम हो । त्यसपछि दुईदुई मुखका लागि एकैसाथ आहुति दिनुपर्छ। यही नै मुखानुसन्धान होम हो। यो होम ओं हां सद्योजातवामदेवाभ्यां स्वाहा ओं हां वामदेवाघोराभ्यां स्वाहा ओं हां अघोरतत्पुरुषाभ्यां

स्वाहा इत्येकैकघृताहुत्या कुर्याद्वक्राभिघारकम् ।४०।

ओं हां सद्योजातवामदेवाभ्यां स्वाहा ओं हां वामदेवाघोराभ्यां स्वाहा ओं हां अघोरतत्पुरुषाभ्यां स्वाहा ओं हां तत्पुरुषेशानाभ्यां स्वाहा इति वक्त्रानुसन्धानं मन्त्रैरेभिः क्रमाच्चरेत् अग्नितो गतया वायुं निर्ऋतौ दिशि वान्तया ।४१।

वक्त्राणामेकतां कुर्य्यात्स्रुवेण घृतधारया ओं हां सद्योजातवामदेवाघोरतत्पुरुषेशानेभ्यः स्वाहा इतीष्टवक्त्रे वक्त्राणामन्तर्भावस्तदाकृतिः ।४२।

ईशेन वह्निमभ्यर्च्य दत्त्वास्त्रेणाहुतित्रयम् ।

कुर्य्यात्सर्व्वात्मना नाम शिवाग्निस्त्वं हुताशन ।४३।

हृदर्चितौ विसृष्टाग्नौ पितरौ विधिपूरणीम् ।

मूलेन वौषडन्तेन दद्यात्पूर्णां यथाविधि ।४४।

ततो हृदम्बुजे साङ्गं ससेनं भासरं परम् ।

यजेत्पूर्ववदावाह्य प्राथ्यां चान्तर्प्पयेच्छिवम् ।४५।

यागाग्निशिवयोः कृत्वा नाडीसन्धानमात्मना ।

शक्त्या मूलाणुना होमं कुर्यादङ्गैर्दशांशतः ।४६।

घृतस्य कार्षिको होमः क्षीरस्य मधुनस्तथा ।

शुक्तिमात्राहुतिर्दध्नः प्रसृतिः पायसस्य तु ।४७।

यथावत्सर्वभक्षाणां लाजानां मुष्टिसंमितम् ।

खण्डत्रयं तु मूलानां फलानां स्वप्रमाणतः ।४८।

ग्रासार्द्धमात्रमन्नानां सूक्ष्माणि पञ्च होमयेत् ।

इक्षोरापर्व्विकं मानं लतानामङ्गुलद्वयम् ।४९।

पुष्पं पत्रं स्वमानेन समिधां तु दशाङ्गुलम् ।

चन्द्रचन्दनकाश्मीरकस्तूरीयक्षकर्दमान् ।५०।

स्वाहा ओं हां तत्पुरुषेशानाभ्यां स्वाहा भन्ने मन्त्रले गर्नुपर्छ । त्यसपछि कुण्डमा अग्निकोणदेखि वायव्यकोणसम्म र नैर्ऋत्य कोणदेखि ईशान कोणसम्म घिउको अविच्छिन्न धारासँगै आहुति दिएर उक्त पाँच मुखको एकता गर्नुपर्छ । यसमा ओं हां सद्योजातवामदेवाघोरतत्पुरुषेशानेभ्यः स्वाहा भन्ने मन्त्रले पाँचै मुखका लागि एउटै आहुति दिनाले ती सबैको एकीकरण हुन्छ । यसै किसिमले इष्ट मुखमा सबै मुखहरूको अन्तर्भाव हुन्छ । त्यसैले त्यही उउटा मुखले ती सबै मुखको आकार धारण गर्दछ । ती सबैसँग उसको एकता हुन्छ । यसपछि कुण्डका ईशान कोणमा अग्निको पूजा गरेर अस्त्रमन्त्रले तीन आहुति दिई अग्निको नामकरण गर्नुपर्छ । हे अग्निदेवता ! तिमी सबै किसिमले शिव हौ, तिम्रो नाम शिव हो भनेर यसरी नामकरण गरी नमस्कार पूर्वक पूजित भएका माता वागीश्वरी र पिता वागीश्वर अथवा शक्ति एवं शिवलाई अग्निमा विसर्जन गरेर उनका लागि पूर्णाहुति दिनुपर्छ । मूलमन्त्रका अन्त्यमा वौषट् पद जोडेर शिव र शक्तिका लागि विधिपूर्वक पूर्णाहुति दिनुपर्छ। २४-४४।

त्यसपछि हृदयकमलमा अङ्ग र सोमसहित परम तेजस्वी शिवलाई पूर्ववत् आवाहन गरी पूजन गर्नुपर्छ र उनको आज्ञा लिएर उनलाई पूर्णतः तृप्त गर्नुपर्छ। यज्ञाग्नि र शिवलाई आफूसँगै नाडीसन्धान गरेर आफ्नो शक्तिअनुसार मूलमन्त्रले अङ्गहरूका साथै दशांश होम गर्नुपर्छ । एकएक कर्ष अर्थात सोह्र मासाका दरले घिउ, दुध र मह होम गर्नुपर्छ र दहीको आहुतिको मात्रा भने एक सितुही गर्नु भनिएको छ । दुधक आहुतिको मान एक पसर हुनुपर्छ र सबै भक्ष्य पदार्थ ए लावाको आहुतिको मात्रा एकएक मुठी हुनुपर्छ। मूलका ती टुक्राको एक आहुति दिइन्छ र फलको आहुति उसकै आफ्न प्रमाणबराबरको हुन्छ । अर्थात् सानो वा ठूलो जे भए पा एक आहुतिमा एक फल दिनुपर्छ, टुक्रा गर्नु हुँदैन । अन्नक आहुतिको परिमाण आधा गाँसजति हुन्छ । किसमिस आ साना वस्तु एकपटकमा पाँचवटा लिएर होम गर्नुपर्छ। उखुक आहुतिको परिमाण एक पोर हो र लहराहरूका आहुतिक मान दुईदुई अङ्गुलका टुक्राको हुन्छ। पुष्प र पत्रको आहु तिनको आफ्नै मानअनुसार हुन्छ अर्थात् एक आहुति मा सिङ्ग फूल र सिङ्गै पत्र दिनुपर्छ । समिधाका आहुतिको परिमा दस अङ्गुलको हुन्छ । कर्पूर, चन्दन, केसर र कस्तुरी बनेको दक्षकर्दम नामको विशेष किसिमको लेपनको मा एउटा केराउबराबर हुनुपर्छ । गुग्गुलको मात्रा एउटा बयरब दानोजति हुनुपर्छ । कन्दलाई आठौं भाग गरी एक आहु दिनुपर्छ। यसै किसिमले विचार गर्दै विधिपूर्वक उत्तम हो

कलायसम्मितानेतान् गुग्गुलुं बदरास्थिवत् ।
कुन्दानामष्टमं भागं जुहुयाद्विधिवत्परम् ।५१।
होमं निर्वर्त्तयेदेवं ब्रह्मबीजपदैस्ततः ।
घृतेन सूचि पूर्णायां निधायाधोमुखं स्रुवम् ।५२।
स्रुगग्रे पुष्पमारोप्य पश्चाद्वामेन पाणिना ।
पुनः सव्येन तौ धृत्वा शङ्खसन्निभमुद्रया ।५३।
समुद्रतोऽर्ध्वकायश्च समपादः समुत्थितः ।
नाभौ तन्मूलमाधाय स्रुगग्रव्यग्रलोचनः ।५४।
ब्रह्मादिकारणात्यादाद्विनिःसृत्य सुषुम्णया ।
वामस्तनान्तमानीय तयोर्मूलमतन्द्रितः ।५५।
मूलमन्त्रमविस्पष्टं वौषडन्तं समुच्चरेत् ।
तदग्नौ जुहुयादाज्यं यवसम्मितधारया ।५६।
आचामं चन्दनं दत्त्वा ताम्बूलप्रभृतिनपि ।
भक्त्या तद्भूतिमावन्द्य विदध्यात्प्रणतिं पराम् ।५७।
ततो वह्निं समभ्यर्च्य फडन्तास्त्रेण संवरान् ।
संहारमुद्रयाहृत्य क्षमस्वेत्यभिधाय च ।५८।
भासुरान्परिधींस्तांश्च पूरकेण हृदाऽणुना ।
श्रद्धया परमात्मीये स्थापयेत हृदम्बुजे ।५९।
सर्वपाकाग्रमादाय कृत्वा मण्डलकद्वयम् ।
अन्तर्बहिर्बलिं दद्यादाग्नेय्यां कुण्डसन्निधौ ।६०।
ओं हां रुद्रेभ्यः स्वाहा पूर्वे मातृभ्यो दक्षिणे तथा ।
वारुणे हां गणेभ्यश्च स्वाहा तेभ्यस्त्वयं बलिः ।६१।
उत्तरे हां च यक्षेभ्य ईशाने हाँ ग्रहेभ्य ऊ ।
अग्नौ हामसुरेभ्यश्च रक्षोभ्यो नैर्ऋते बलिः ।६२।
वायव्ये हां च नागेभ्यो नक्षत्रेभ्यश्च मध्यतः ।

गर्नुपर्छ। यसै गरी प्रणव एवं बीजपदले युक्त मन्त्रले होमकर्म सम्पन्न गर्नुपर्छ । त्यसपछि घिउ भरिएको स्रुक्भन्दा माथि स्रुवलाई घोप्टो पारी राखेर स्रुक्का टुप्पामा फूल राख्नुपर्छ र बायाँ तथा दायाँ हातमा ती दुवैलाई शङ्खमुद्राले समाउनुपर्छ। अनि शरीरको माथिल्लो भागलाई सोझै उचाल्दै उभिनुपर्छ। गोडा समान भावमा राख्नुपर्छ। स्रुक् र स्रुव दुवैको फेदलाई आफ्नो नाभी भागमा अड्याउनुपर्छ । आँखालाई स्रुक्का अग्रभागमा नै केन्द्रित गर्नुपर्छ । ब्रह्मा आदि कारणहरूलाई त्याग्दै भावनात्मक रूपले सुषुम्णा नाडीको मार्गबाट निस्कँदै माथि उठ्नुपर्छ। स्रुक् र स्रुवको मूल भागलाई नाभीबाट माथि उठाएर बायाँ स्तनको नजिक ल्याउनुपर्छ । आफ्ना तन र मनबाट अल्छ्याइँलाई पर हटाउनुपर्छ र ओं नमः शिवाय वौषट् भन्ने मूलमन्त्र अस्पष्ट शब्दले सानो स्वरमा उच्चारण गर्नुपर्छ र त्यो घिउ जौको दानाजस्तै मसिनो धाराले अग्निमा होम गर्नुपर्छ । यसपछि आचमन, चन्दन र ताम्बूल आदि चढाएर भक्तिभावनासहित भगवान् शिवका ऐश्वर्यलाई वन्दना गर्दै उनका चरणमा उत्तम प्रकारले साष्टाङ्ग प्रणाम गर्नुपर्छ। अनि फेरि अग्निको पूजा गरेर ओं हः अस्त्राय फट् भन्ने उच्चारण गर्दै संहारमुद्राले शंवरहरूलाई आहरण गरी इष्टदेवसित– हे भगवन् ! मेरो अपराध क्षमा गर भन्दै हृदयमन्त्रसहित एक पूरक प्राणायाम गरी त्यसैले ती तेजस्वी परिधिहरूलाई अत्यन्त श्रद्धापूर्वक आफ्ना हृदयकमलमा स्थापित गर्नुपर्छ। भान्साका सम्पूर्ण पाकहरूको माथिल्लो भाग निकालेर कुण्डका नजिकै अग्निकोणमा दुई मण्डल बनाई एकमा अन्तर्बलि दिनुपर्छ र अर्कामा बाह्यबलि । पहिला मण्डलका भित्रपट्टि पूर्व दिशामा ओं हां रुद्रेभ्यः स्वाहा भन्ने मन्त्रले रुद्रलाई उपहारका रूपमा बलि दिनुपर्छ। दक्षिण दिशामा ओं हां मातृभ्यः स्वाहा भनेर मातृकाहरूलाई, पश्चिम दिशामा ओं हां गणेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भन्दै गणहरूका लागि, उत्तर दिशामा ओं हां यक्षेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भनी यक्षहरूलाई, ईशान कोणमा ओं हां ग्रहेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भनी ग्रहहरूका लागि, अग्निकोणमा ओं हां असुरेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भनी असुरहरूका लागि, नैर्ऋत्य कोणमा ओं हां रक्षेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भन्दै राक्षसहरूका लागि, वायव्य कोणमा ओं हां नागेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भन्दै नागहरूका लागि र मण्डलका मध्य भागमा ओं हां नक्षत्रेभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भन्दै नक्षत्रहरूका लागि बलि अर्पित गर्नुपर्छ। यसै गरी ओं हां राशिभ्यः स्वाहा तेभ्योऽयं बलिरस्तु भनेर अग्निकोणमा राशिहरूलाई, ओं हां विश्वेभ्यो देवेभ्यो स्वाहा तेभ्योऽयं बलिरस्तु भनेर नैर्ऋत्य कोणमा विश्वेदेवहरूलाई र ओं हां क्षेत्रपालाय स्वाहा तस्याऽयं बलिरस्तु

हां राशिभ्यः स्वाहा वह्नौ विश्वेभ्यो नैर्ऋते तथा ।६३।
वारुण्यां क्षेत्रपालाय अन्तर्बलिरुदाहृतः ।
द्वितीये मण्डले बाह्य इन्द्रायाग्नियमाय च ।६४।
नैर्ऋताय जलेशाय वायवे धनरक्षिणे ।
ईशानाय च पूर्व्वादौ हीशाने ब्रह्मणे नमः ।६५।
नैर्ऋते विष्णवे स्वाहा वायसादेर्बहिर्बलिः ।
बलिद्वयगतान्मन्त्रान् संहारमुद्रयाऽऽत्मनि ।६६।

भनेर पश्चिममा क्षेत्रपाललाई बलि दिनुपर्छ । त्यसपछि अर्को बाह्यमण्डलमा पूर्व आदि दिशाका क्रमले इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर र ईशानका लागि बलि समर्पित गर्नुपर्छ । त्यसपछि ईशान कोणमा ओं ब्रह्मणे नमः स्वाहा भनेर ब्रह्माका लागि र नैर्ऋत्य कोणमा ओं विष्णवे स्वाहा भनेर भगवान् विष्णुका लागि बलि दिनुपर्छ । मण्डलभन्दा बाहिर काग आदिलाई पनि बलि दिनुपर्छ । आन्तरिक र बाह्य दुवै बलिहरूमा उपयुक्त हुने खालका मन्त्रहरूलाई संहारमुद्राले आफूभित्रै समेट्नुपर्छ ।४५-६६।

७६. षट्सप्ततितमोऽध्यायः

चण्डपूजाविधि

ईश्वर उवाच

ततः शिवान्तिकं गत्वा पूजाहोमादिकं मम ।
गृहाण भगवन् पुण्यफलमित्यभिधाय च ।१।
अर्घ्योदकेन देवाय मुद्रयोद्भवसंज्ञया ।
हृद्बीजपूर्वमूलेन स्थिरचित्तो निवेदयेत् ।२।
ततः पूर्ववदभ्यर्च्य स्तुत्वा स्तोत्रैः प्रणम्य च ।
अर्घ्यं पराङ्मुखं दत्त्वा क्षमस्वेत्यभिधाय च ।३।
नाराचमुद्रयाऽस्त्रेण फडन्तेनात्मसञ्चयम् ।
संहृत्य दिव्यया लिङ्गं मूर्त्तिमन्त्रेण योजयेत् ।४।
स्थण्डिले त्वर्च्चिते देवे मन्त्रसङ्घातमात्मनि ।
नियोज्य विधिनोक्तेन विदध्याच्चण्डपूजनम् ।५।
ओं चण्डेशानाय नमो मध्यश्चण्डमूर्तये ।
ओं धूलिचण्डेश्वराय हूं फट् स्वाहा तमाह्वयेत् ।६।
चण्डहृदयाय हुं फट् ओं चण्डशिरसे तथा ।
ओं चण्डशिखायै हुं फट् चण्डायुः कवचाय च ।७।
चण्डास्त्राय तथा हूं फट् चण्डं रुद्राग्निजं स्मरेत् ।
शूलटङ्कधरं कृष्णं साक्षसूत्रकमण्डलुम् ।८।

ईश्वरले भने– हे स्कन्द ! त्यसपछि शिवविग्रहका नजिक गएर साधकले– हे भगवान् ! मैले जति पूजा र होम आदि कार्य सम्पन्न गरेको छु, त्यसलाई र त्यसका पुण्यफललाई तिमी ग्रहण गर भनी प्रार्थना गर्नुपर्छ । त्यति भनेर स्थिरचित्त हुँदै उद्धव नामको मुद्रा देखाएर अर्घ्यजलले नमः सहित पूर्वोक्त मन्त्र पढ्दै इष्टदेवलाई अर्घ्य निवेदन गर्नुपर्छ । त्यसपछि पहिलेकै जस्तो पूजा र स्तोत्रले स्तुति गरेर प्रणाम गर्नुपर्छ र पराङ्मुखतर्फ अर्घ्य दिँदै– हे प्रभु ! मेरा सबै अपराध क्षमा गर भनेर दिव्य नाराचमुद्रा देखाई अस्त्राय फट् उच्चारण गर्नुपर्छ । त्यस गरेर समस्त सङ्ग्रहलाई आफूभित्रै उपसंहार गरिसकेपछि शिवलिङ्गलाई मूर्तिसम्बन्धी मन्त्रले अभिमन्त्रित गर्नुपर्छ । त्यसपछि वेदीमा इष्टदेवतालाई पूजा गरेपछि मन्त्रलाई आफूभित्रै उपसंहार गरेर पूर्वोक्त विधिले चण्डलाई पूजा गर्नुपर्छ । ओं चण्डेशाय नमः मन्त्रले चण्डदेवतालाई नमस्कार गर्नुपर्छ । त्यसपछि मण्डलका मध्यभागमा ओं चण्डमूर्तये नमः मन्त्रले चण्डको पूजा गर्नुपर्छ । त्यस मूर्तिमा ओं धूलिचण्डेश्वराय हूं फट् स्वाहा भनेर चण्डेश्वरलाई आह्वान गर्नुपर्छ । त्यसपछि अङ्गपूजा गर्नुपर्छ । त्यसमा– ओं चण्डेश्वराय हूं फट् भन्ने मन्त्रले हृदयको, ओं चण्डशिरसे हूं फट् मन्त्रले शिरको, ओं चण्डशिखायै हूं फट् मन्त्रले शिखाको, ओं चण्डायुरकवचाय हूं भनेर कवचको, ओं चण्डास्त्राय हूं फट् भनेर अस्त्रको पूजा गर्नुपर्छ । त्यसपछि रुद्राग्निबाट उत्पन्न भएका चण्डदेवतालाई यस प्रकार ध्यान गर्नुपर्छ । चण्डदेवले आफ्ना दुवै हातमा शूल र टङ्क धारण गरेका छन् । उनको रङ्ग श्याम वर्णको छ । उनका तेस्रो हातमा अक्षसूत्र र चौथो हातमा कमण्डलु छ । उनी टङ्ककै

ाकारेऽर्द्धचन्द्रे वा चतुर्वक्त्रं प्रपूजयेत् ।
ाशक्ति जपं कुर्य्यादङ्गानां तु दशांशतः ।९।
भूहिरण्यवस्त्रादिमणिहेमादिभूषणम् ।
ाय शेषनिर्माल्यं चण्डेशाय निवेदयेत् ।१०।
ह्यचोप्याद्यनुवरं ताम्बूलं स्रग्विलेपनम् ।
र्माल्यं भोजनं तुभ्यं प्रदत्तं तु शिवाज्ञया ।११।
र्मितत्क्रियाकाण्डं मया चण्ड तवाज्ञया ।
नाधिकं कृतं मोहात्परिपूर्णं सदाऽस्तु मे ।१२।
 विज्ञाप्य देवेशं दत्त्वाऽर्घ्यं तस्य संस्मरन् ।
ारमूर्त्तिमन्त्रेण शनैः संहारमुद्रया ।१३।
कान्वितमूलेन मन्त्रानात्मनि योजयेत् ।
र्माल्यापनयस्थानं लिम्पेद् गोमयवारिणा ।
क्ष्यार्घ्यादि विसृज्याथ आचान्तोऽन्यत्समाचरेत् ।१४।

आकृति भएको वा अर्धचन्द्राकार आकृति भएका मण्डलमा बसेका छन् । उनका चार मुख छन् । यस्तो ध्यान गरेर उनलाई पूजा गर्नुपर्छ । त्यसपछि यथाशक्ति जप गर्नुपर्छ र हवनको अङ्गका रूपमा रहेका सामग्रीहरूलाई एकत्र गरी जप गर्दै तिनैले दशांश होम गर्नुपर्छ भगवान्लाई अर्पण गरिएका वा चढेका गाई, भूमि, सुवर्ण, वस्त्र आदि र मणिसुवर्ण आदिका गहनाबाहेक बाँकी सबै निर्माल्य चण्डेश्वरलाई चढाइदिनुपर्छ। त्यस बेला– हे चण्डेश्वर ! भगवान् शिवका आज्ञाले यो लेह्य, चोष्य आदि उत्तम अन्न, ताम्बूल, पुष्पमाला र अनुलेपन आदि निर्माल्यस्वरूप भोजन तिमीलाई समर्पित छ । हे चण्ड ! यो सम्पूर्ण पूजनसम्बन्धी कर्मकाण्ड मैले तिम्रै आज्ञाले गरेको छु। अज्ञानवश यसमा कुनै बढी वा घटी भएको रहेछ भने मेरा निम्ति पूर्ण नै भएको होस् र कमबेसको दोष मेटियोस् भन्नुपर्छ। यस किसिमले निवेदन गरेर ती देवेश्वरलाई स्मरण गर्दै उनलाई अर्घ्य दिएर संहारमूर्तिमन्त्र पढेर संहारमुद्रा देखाउँदै बिस्तारै प्राणायाम गरी मूलमन्त्र उच्चारण गर्नुपर्छ र सबै मन्त्रहरूलाई आफूभित्रै उपसंहार गर्नुपर्छ। निर्माल्य जहाँबाट हटाइएको छ, त्यस ठाउँमा गोबर र जलले लिप्नुपर्छ। त्यसपछि अर्घ्य आदि प्रोक्षण गरेर देवतालाई विसर्जन गरिसकेपछि आचमन गरेर अन्य आवश्यक कार्य गर्नुपर्छ ।१-१४।

७७. सप्तसप्ततितमोऽध्यायः

कपिलापूजाविधि

्वर उवाच
पिलापूजनं वक्ष्ये एभिर्मन्त्रैर्यजेच्च गाम् ।
 कपिले नन्दे नमः ओं कपिले भद्रिके नमः ।१।
 कपिले सुशिले नमः कपिले सुरभि प्रभे ।
 कपिले सुमनसे नमः ओं भुक्तिमुक्तिप्रदे नमः ।२।
रभेयि जगन्मातर्देवानाममृतप्रदे ।
ाण वरदे ग्राममीप्सितार्थं च देहि मे ।३।
न्दताऽसि वसिष्ठेन विश्वामित्रेण धीमता ।
पिले हर मे पापं यन्मया दुष्कृतं कृतम् ।४।
वो ममाग्रतो नित्यं गावः पृष्ठत एव च ।
वो मे हृदते चापि गवां मध्ये वसाम्यहम् ।५।

ईश्वरले भने– हे स्कन्द ! अब कपिला गाईको पूजनका विषयमा भन्दछु। निम्नाङ्कित मन्त्रले गाईरूपी मातालाई पूजा गर्नुपर्छ ओं कपिले नन्दे नमः ओं कपिले भद्रिके नमः ओं कपिले सुशीले नमः ओं कपिले सुरभिप्रभे नमः ओं कपिले सुमनसे नमः ओं कपिले भुक्तिमुक्तिप्रदे नमः। यसपछि गाईसित– देवतालाई अमृत प्रदान गर्ने, वरदायिनी, जगन्माता, हे सौरभेयी ! यो ग्रास ग्रहण गरेर मलाई इच्छित वस्तु प्रदान गर। हे कपिला ! ब्रह्मर्षि वसिष्ठ र बुद्धिमान् विश्वामित्रले पनि तिम्रो वन्दना गरेका छन्। मैले जेजति दुष्कर्म गरेको छु होला, ती सबै मेरा पापहरू तिमी हरण गरिदेऊ। सधैं मेरा अगाडि गाई नै होऊन्, मेरा पछि गाई होऊन्, गाई मेरा हृदयमा होऊन् र म सधैँ गाईकै बीचमा बस्न पाऊँ। हे गाईरूपी माता ! मैले दिएको यो गाँस ग्रहण गर भनी प्रार्थना गर्नुपर्छ । गाईसित यसरी बारम्बार प्रार्थना गर्ने पुरुष पापरहित, निर्मल र शिवस्वरूप हुन्छ। विद्या पढ्ने मानिसले प्रतिदिन आफ्नो विद्याग्रन्थलाई पूजा गरेर गुरुका चरणमा प्रणाम गर्नुपर्छ। गृहस्थ पुरुषले नित्य मध्याह्न कालमा स्नान

दत्तं गृह्णन्तु मे ग्रासं जप्त्वा स्यां निर्म्मलः शिवः ।
प्राच्यर्य विद्यापुस्तकानि गुरुपादौ नमेन्नरः ।६।
यजेत्स्नात्वा तु मध्यान्हे अष्टपुष्पिकया शिवम् ।
पीठमूर्त्तिशिवाङ्गानां पूजा स्यादष्टपुष्पिका ।७।
मध्याह्ने भोजनागारे सुलिप्ते पाकमानयेत् ।
ततो मृत्युञ्जयेनैव वौषडन्तेन सप्तधा ।८।
जप्तैः सदर्भशङ्खस्थैः सिञ्चेत्तं वारिविन्दुभिः ।
सर्वपाकाग्रमुद्धृत्य शिवाय विनिवेदयेत् ।९।
अथार्द्धं चुल्लिकाहोमे विधानायोपकल्पयेत् ।
विशोध्य विधिना चुल्लीं तद्वह्निं पूरकाहुतिम् ।१०।
हुत्वा नाभ्यग्निना चैकं ततो रेचकवायुना ।
वह्निबीजं समादाय कादिस्थानागतिक्रमात् ।११।
शिवाग्निस्त्वमिति ध्यात्वा चुल्लिकाग्नौ निवेशयेत् ।
ओं हाम् अग्नये नमो वै हां सोमाय वै नमः ।१२।
सूर्य्याय बृहस्पतये प्रजानां पतये नमः ।
सर्वेभ्यश्चैव देवेभ्यः सर्वविश्वेभ्य एव च ।१३।
हामग्नये स्विष्टकृते पूर्वादावर्च्चयेदिमान् ।
स्वाहान्तामाहुतिं दत्त्वा क्षमयित्वा विसर्जयेत् ।१४।
चुल्लया दक्षिणबाहौ च यजेद्धर्म्माय वै नमः ।
वामबाहावधर्माय काञ्जिकादिकभाण्डके ।१५।
रसपरिवर्त्तमानाय वरुणाय जलाग्नये ।
विघ्नराजो गृहद्वारे पेषण्यां सुभगे नमः ।१६।
ओं रौद्रिके नमो गिरिके नमश्चोलूखले यजेत् ।
बलप्रियायायुधाय नमस्ते मुसले यजेत् ।१७।
सम्मार्ज्जन्यां देवतोक्ते कामाय शयनीयके ।
मध्यस्तम्भे च स्कन्दाय दत्त्वा वास्तुबलिं ततः ।१८।
भुञ्जीत पात्रे सौवर्णे पद्मिन्यादिदलादिके ।

गरेर अष्टपुष्पिका पूजाविधिले भगवान् शिवको पूजा गर्नुपर्छ। योगपीठ, त्यसमा स्थापित शिवको मूर्ति र भगवान् शिवका घुँडा, गोडा, हात, छाती, शिर, वाणी, दृष्टि र बुद्धि यी आठ अङ्गमा पूजा गर्नुपर्छ। यसैलाई अष्टपुष्पिका पूजा भनिन्छ। मध्याह्न कालमा सुन्दर रीतिले लिपपोत गरेर पकाइएको भोजन त्यहाँ ल्याउनुपर्छ र त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्। उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् वौषट् भनी पूजा गर्नुपर्छ। त्यसपछि मृत्युञ्जय मन्त्र सातपटक जप गरी कुशयुक्त शङ्खमा राखिएका जलका छिटाले त्यस अन्नमा सेचन गर्नुपर्छ। त्यसपछि सम्पूर्ण भान्साबाट माथिल्लो भाग निकाली भगवान् शिवलाई निवेदन गर्नुपर्छ। त्यसपछि आधा अन्नलाई चुल्लिका होम गर्नका लागि राख्नुपर्छ। विधिपूर्वक चुलो सफा गरेपछि प्राणायामपूर्वक त्यसका आगामा एक आहुति दिनुपर्छ। त्यसपछि नाभिस्थित जठरानल नामको अग्निलाई उद्देश्य गरेर एक आहुति दिई रेचक प्राणायामपूर्वक भित्रैदेखि निस्कने वायुसँग अग्निबीज रं अक्षरलाई लिएर क आदि अक्षरलाई आआफ्ना उच्चारणस्थान कण्ठ आदि मार्गबाट निकाल्दै तिमी शिवस्वरूप अग्नि हौ भन्ने चिन्तन गर्नुपर्छ र चुलाका आगोसित भावनाले समाविष्ट गर्नुपर्छ। त्यसपछि चुलाको पूर्व आदि दिशाहरूमा ओं हां अग्नये नमः ओं हां सोमाय नमः ओं हां सूर्याय नमः ओं हां बृहस्पतये नमः ओं हां प्रजापतये नमः ओं हां सर्वेभ्यो देवेभ्यो नमः ओं हां सर्वविश्वेभ्यो नमः ओं हां अग्नये विष्टकृते नमः यी आठ मन्त्रले अग्नि आदि आठ देवताको पूजा गर्नुपर्छ। त्यसपछि यी मन्त्रका अन्त्यमा स्वाहा पद जोडेर एकएक आहुति दिनुपर्छ र अपराधका लागि क्षमा मागेर ती सबैलाई विसर्जन गर्नुपर्छ। चुलाका दाहिने छेउमा धर्माय नमः भन्ने मन्त्रले धर्मलाई र बायाँ छेउमा अधर्माय नमः भन्ने मन्त्रले अधर्मलाई पूजा गर्नुपर्छ। त्यसपछि कचौरा आदि राख्न प्रयोग गरिने भएभरका भाँडाकुँडाहरूमा र जलका निम्ति राखिएका घट आदिमा पनि रसपरिवर्तमानाय वरुणाय नमः भन्ने मन्त्रले पूजा गर्नुपर्छ। भान्साका ढोकामा विघ्नराजाय नमः भन्ने मन्त्रले विघ्नराजको र सुभगायै नमः भन्ने मन्त्रले जाँतो, सिलौटामा सुभगाको पूजा गर्नुपर्छ। ओखलीमा ओं रौद्रिके गिरिके नमः भन्ने मन्त्रले रौद्रिका र गिरिकालाई पूजा गर्नुपर्छ। मुसल र लोहोरामा बलप्रियायायुधाय नमः भन्ने मन्त्रले बलभद्रका आयुधको पूजा गर्नुपर्छ। कुच्चोखरेटोमा उपर्युक्त रौद्रिका र गिरिकादेवीलाई, शय्यामा कामदेवलाई र माझको मूल खम्बामा स्कन्दलाई पूजा गर्नुपर्छ। हे स्कन्द बाबु ! त्यसपछि व्रत पालन गर्ने साधक र पुरोहितले वास्तुदेवतालाई बलि दिएर सुनको थाल अथवा टपरी आदिमा मौन भावले

ाचार्य्यः साधकः पुत्रः समयी मौनमास्थितः ।१९।
टाश्वत्थार्कवाताविसर्ज्जभल्लातकांस्त्यजेत् ।
पोशानं पुरादाय प्राणाद्यैः प्रणवान्वितैः ।२०।
ाहान्तेनाहुतीः पञ्च दत्त्वादीप्योदरानलम् ।
ागः कूर्म्मोऽथ कृकरो देवदत्तो धनञ्जयः ।२१।
तेभ्य उपवायुभ्यः स्वाहापोशानवारिणा ।
क्तादिकं निवेद्याथ पिबेच्छेषोदकं नरः ।२२।
मृतोपस्तरणामसि प्राणाहुतीस्ततो ददेत् ।
ाणाय स्वाहाऽपानाय समानाय ततस्तथा ।२३।
दानाय च व्यानाय भुक्त्वा चुल्लकमाचरेत् ।
मृतापिधान मसीति शरीरेऽन्नादिवायवः ।२४।

भोजन गर्नुपर्छ । भोजनपात्रका रूपमा वर, पिपल, पलास, अरन्डी, सखुवा वा भलायोका पात उपयोग गर्नु हुँदैन, तिनलाई त्याग्नुपर्छ। यिनलाई काममा लगाउनु हुँदैन। पहिले आचमन गरेर प्रणवसहित प्राण आदि शब्दका अन्त्यमा स्वाहा भन्दै अन्नका पाँच आहुति दिएर जठराग्निलाई उद्दीप्त गराएपछि भोजन गर्नुपर्छ । यसको क्रममा– नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय गरी यी पाँच वायु हुन्छन्। एतेभ्यः नागादिभ्यः उपवायुभ्यः स्वाहा भन्ने मन्त्रले आचमन गरेर भात आदि भोजन निवेदन गरी अन्त्यमा आचमन गर्नुपर्छ र ओं अमृतोपस्तरणमसि स्वाहा भन्नुपर्छ। त्यसपछि पाँच प्राणलाई एकएक ग्रासको आहुति आफ्नो मुखमा दिँदा ओं प्राणाय स्वाहा ओं अपानाय स्वाहा ओं व्यानाय स्वाहा ओं समानाय स्वाहा ओं उदानाय स्वाहा भन्नुपर्छ। त्यसपछि पूर्ण भोजन गरेर पसरभरिका पानीले आचमन गर्नुपर्छ र ओं अमृतपिधानमसि स्वाहा भन्नुपर्छ। यो आचमन शरीरभित्र पुगेको अन्नलाई छोप्न वा पचाउनका लागि हो ।१–२४।

७८. अष्टसप्ततितमोऽध्यायः

पवित्राधिवासन

श्वर उवाच
वित्रारोहणं वक्ष्ये क्रियार्च्चादिषु पूरणम् ।
ात्यं तन्नित्यमुद्दिष्टं नैमित्तिकमथापरम् ।१।
ाषाढादिचतुर्दश्यामथ श्रावणभाद्रयोः ।
ातासितासु कर्त्तव्यं चतुर्द्दश्यष्टमीषु तत् ।२।
ुर्य्याद्वा कार्तिकीं यावत्तिथौ प्रतिपदादिके ।
ह्निब्रह्माम्बिकेभास्यनागस्कन्दार्क्कशूलिनाम् ।३।
र्गायमेन्द्रगोविन्दस्मरशम्भुसुधाभुजाम् ।
ौवर्णं राजतं ताम्रं कृतादिषु यथाक्रमम् ।४।
ल्लौ कार्प्पासजं वापि पट्टपद्मादिसूत्रकम् ।
णवश्चन्द्रमा वह्निर्ब्रह्मा नागो ग्रहो हरिः ।५।
र्वेशः सर्वदेवाः स्युः क्रमेण नवतन्तुषु ।
ष्टोत्तरशतान्यर्द्धं तदर्धं चोत्तमादिकम् ।६।

ईश्वरले भने– हे स्कन्द ! अब म पवित्रारोहणको वर्णन गर्दछु । यसले क्रिया, योग र पूजा आदिमा भएको न्यूनतालाई पूरा गराउनेछ । पवित्रारोहणको जुन नित्यकर्म गरिन्छ, त्यसलाई नित्य भन्ने गरिन्छ र अर्को विशेष किसिमले जुन गरिन्छ त्यसलाई नैमित्तिक भनिन्छ । असार महिनाको पहिलो चतुर्दशीलाई र साउन एवं भदौका कृष्ण तथा शुक्ल दुवै पक्षका चतुर्दशी तथा अष्टमी तिथिहरूमा पवित्रारोहण वा पवित्रारोपणको कर्म गर्नुपर्छ । अथवा असार महिनाको पूर्णिमादेखि कार्तिक महिनाको पूर्णिमासम्म प्रतिपदा आदि तिथिहरूमा विभिन्न देवताहरूका लागि पवित्रारोहण गर्नुपर्छ। प्रतिपदा अग्निका लागि, द्वितीया ब्रह्माका लागि, तृतीया पार्वतीका लागि, चतुर्थी गणेशका लागि, पञ्चमी नागराज अनन्तका लागि, षष्ठी स्कन्द वा तिम्रै लागि, सप्तमी सूर्यका लागि, अष्टमी शूलपाणि अर्थात् मेरा लागि, नवमी दुर्गाका लागि, दशमी यमराजका लागि, एकादशी इन्द्रका लागि, द्वादशी भगवान् गोविन्दका लागि, त्रयोदशी कामदेवका लागि, चतुर्दशी म शिवका लागि र पूर्णिमा अमृतभोजी देवताहरूका लागि पवित्रारोपण कर्म गर्नुपर्छ। सत्ययुग आदि तीन युगहरूमा क्रमशः सुन, चाँदी र ताँबाका पवित्रक अति

एकाशीत्याऽथवा सूत्रैस्त्रिंशताऽप्यष्टयुक्तया ।
पञ्चाशता वा कर्त्तव्यं तुल्यग्रन्थ्यन्तरालकम् ।७।
द्वादशाङ्गुलमानानि व्यासादष्टाङ्गुलानि च ।
लिङ्गविस्तारमानानि चतुरङ्गुलकानि वा ।८।
तथैव पिण्डिकास्पर्शं चतुर्थं सर्वदैवतम् ।
गङ्गावतारकं कार्य्यं सुजातेन सुधौतकम् ।९।
ग्रन्थिं कुर्य्याच्च वामेन अघोरेणाथ शोधयेत् ।
रञ्जयेत्पुरुषेणैव रक्तचन्दनकुङ्कुमैः ।१०।
कस्तुरीरोचनाचन्द्रैर्हरिद्रागैरिकादिभिः ।
गन्थयो दश कर्त्तव्या अथवा तन्तुसङ्ख्यया ।११।
अन्तरं वा यथाशोभमेकद्विचतुरङ्गुरलम् ।
प्रकृतिः पौरुषी वीरा चतुर्थी त्वपराजिता ।१२।
जयाऽन्या विजया षष्ठी अजिता च सदाशिवा ।
मनोन्मनी सर्वमुखी गन्थयोऽभ्यधिकाः शुभाः ।१३।
कार्य्या वा चन्द्रवह्न्यर्कपवित्रं शिववद् हृदि ।
एकैकं निजमूर्त्तौ वा पुस्तके गुरुके गणे ।१४।
स्यादेकैकं तथा द्वारदिक्पालकलशादिषु ।
हस्तादिनवहस्तान्तं लिङ्गानां स्यात्पवित्रकम् ।१५।
अष्टाविंशतितो वृद्धं दशभिर्द्दशभिः क्रमात् ।
द्व्यङ्गुलाभ्यस्तरास्तत्र क्रमादेकाङ्गुलान्तराः ।१६।
ग्रन्थयो मानमप्येषां लिङ्गविस्तारसम्मितम् ।
सप्तम्यां वा त्रयोदश्यां कृतनित्यक्रियः शुचिः ।१७।
भूषयेत्पुष्पवस्त्राद्यैः सायाह्ने यागमन्दिरम् ।
कृत्वा नैमित्तिकीं सन्ध्यां विशेषेण च तर्प्पणम् ।१८।
परिगृहीते भूभागे पवित्रे सूर्य्यमर्च्चयेत् ।
आचम्य सकलीकृत्य प्रणवार्घ्यकरो गुरुः ।१९।
द्वाराण्यस्त्रेण सम्प्रोक्ष्य पूर्वादिक्रमतोऽर्च्चयेत् ।

गरिन्छन् तर कलियुगमा कपासको धागो, रेसमी धागो, अथवा कमल आदिको धागोका पवित्रक अर्पित गर्नुपर्ने विधान छ। प्रणव, चन्द्रमा, अग्नि, ब्रह्मा, नागगण, स्कन्द, श्रीहरि, सर्वेश्वर र सम्पूर्ण देवता यी क्रमशः पवित्रकका नौ तन्तुहरूका देवता हुन् । उत्तम श्रेणीको पवित्रक एकसय आठ सूत्रले बनेको हुन्छ। मध्यम श्रेणीको चउन्न र निम्न श्रेणीको सत्ताईस सरो धागोले बनिएको हुन्छ। अथवा एकासी, पचास वा अठतीस सरो धागोले पनि त्यसलाई बनाइएको हुन्छ । जुन पवित्रक जतिले नौ गुणा गरी बनाइएको हुन्छ त्यसका बीचमा उति नै गाँठा बनाउनुपर्छ । पवित्रकको व्यासको परिमाण अथवा विस्तार बाह्र अङ्गुल, आठ अङ्गुल वा चार अङ्गुलको हुनुपर्छ। यदि शिवलिङ्गका लागि पवित्रक बनाउनुपर्ने हो भने त्यो उसै लिङ्गबराबरको बनाउनुपर्छ। यस्ता तीन किसिमबाहेक अर्को एक चौथो खालको पनि पनि पवित्रक बन्छ र त्यो सबै देवताहरूका उपयोगमा आउँछ। त्यो उनकै पिण्डीबराबरको हुनुपर्छ। यसरी बनेको पवित्रकलाई गङ्गावतरक भन्ने गरिन्छ। त्यसलाई सद्योजातका मन्त्रले राम्रोसित धोयपखाली गर्नुपर्छ। त्यसमा वामदेवका मन्त्रले ग्रन्थि लगाउनुपर्छ। अघोर मन्त्रले त्यसको शुद्धि गर्नुपर्छ र तत्पुरुषको मन्त्रले रक्तचन्दन र रोलीले रङाउनुपर्छ । सामान्यतः पवित्रकमा दसवटा गाँठा पार्नुपर्छ अथवा तन्तुहरूको सङ्ख्याअनुसार त्यसमा गाँठा पार्नुपर्छ । एउटा गाँठोदेखि अर्को गाँठोलाई एक, दुई अथवा चार अङ्गुलको अन्तरमा राख्नुपर्छ। जति राख्दा त्यो सुहाउँदो हुन्छ त्यसैअनुसार गाँठाका बीचको अन्तर राखिनुपर्छ। प्रकृति, पौरुषी, वीरा, अपराजिता, जया, विजया, अजिता, सदाशिवा, मनोन्मनी र सर्वतोमुखी यी दस ग्रन्थिहरूका अधिष्ठात्री देवी हुन्। अथवा दसभन्दा धेरै पनि सुन्दर गाँठाहरू बनाउन सकिन्छ। पवित्रकलाई चन्द्रमण्डल, सूर्यमण्डल, अग्निमण्डलमा युक्त भएको भावना गर्दै त्यसलाई साक्षात् भगवान् शिवसमानै मानेर हृदयमा धारण गर्नुपर्छ । मनमनै त्यसका दिव्य स्वरूपलाई चिन्तन गर्नुपर्छ। शिवरूपले चिन्तन गरेर आफ्ना स्वरूपलाई पुस्तकलाई र गुरुजनहरूलाई एकएक पवित्रक अर्पित गर्नुपर्छ। यसै किसिमले द्वारपाल, दिक्पाल र कलश आदिमा पनि एकएक पवित्रक चढाउनुपर्छ । शिवलिङ्गका लागि एक हातदेखि नौ हातसम्मका पवित्रक हुन्छन् । एक हातको पवित्रक भए तिनमा उन्नाईस गाँठा हुनुपर्छ। त्यसपछि प्रत्येक हातमा क्रमशः दसदस गाँठा बढ्दछन्। यसै किसिमले नौ हाते पवित्रकमा एक सय आठ गाँठा हुन्छन्। यी गाँठाहरू एकएक या दुईदुई अङ्गुलका अन्तरमा रहन्छन् । त्यसको मान पनि लिङ्गको विस्तारकै अनुरूप हुने गर्दछ। जुन दिन पवित्रारोपण गर्नुपर्ने हो, त्यसभन्दा एक दिन पहिले अर्थात्

शान्तिकलाद्वाराय तथा विद्याकलात्मने ।२०।
ृत्तिकलाद्वाराय प्रतिष्ठाख्यकलात्मने ।
छाखयोः प्रतिद्वारं द्वौद्वौ द्वाराधिपौ यजेत् ।२१।
न्दिने महाकालाय भृङ्गिणेऽथ गणाय च ।
भाय च स्कन्दाय देव्यै चण्डाय च क्रमात् ।२२।
यं च द्वारपालादीन्प्रविश्य द्वारपश्चिमे ।
ृत्वा वास्तुं भूतशुद्धिं विशेषार्घ्यकरः शिवः ।२३।
क्षणाद्यं विधायाथ यज्ञसम्भारकृन्नरः ।
त्रयेद्दर्भदूर्वाद्यैः पुष्पाद्यैश्च हृदादिभिः ।२४।
वहस्तं विधायेत्थं स्वशिरस्यधिरोपयेत् ।
वोऽहमादिः सर्वज्ञो मम यज्ञप्रधानता ।२५।
यर्थं भावयेद्देवं ज्ञानखड्गकरो गुरुः ।
र्ऋतीं दिशमासाद्य प्रक्षिपेदुदगाननः ।२६।
र्घ्याम्बु पञ्चगव्यं च समस्तान्मखमण्डपे ।
ुष्पथान्तसंस्कारैर्वीक्षणाद्यैः सुसंस्कृतैः ।२७।
क्षेप्य विकिरांस्तत्र कुशकूर्च्योपसंहरेत् ।
नीशदिशि वर्द्धन्यामासनायोपकल्पयेत् ।२८।
र्ऋति वास्तुगीर्वाणान्द्वारे लक्ष्मीं प्रपूजयेत् ।
श्चमाभिमुखं कुम्भं सर्वधान्योपरि स्थितम् ।२९।
ावेन वृषारूढं सिंहस्थां वर्द्धनीं ततः ।
म्भे साङ्गं शिवं देवं वर्द्धन्यामस्त्रमर्चयेत् ।३०।
ु शक्रादिदिक्पालान्विष्णुब्रह्मशिवादिकान् ।
र्द्धनीं सम्यगादाय घटपृष्ठानुगामिनीम् ।३१।
वाज्ञां श्रावयेन्मन्त्री पूर्वादीशानगोचराम् ।
वेच्छिन्नपयोधारां मूलमन्त्रमुदीरयेत् ।३२।
नस्ताद् भ्रामयेदेनां रक्षार्थं शस्त्ररूपिणीम् ।
र्ं कलशमारोप्य शस्त्रार्थं तस्य वामतः ।३३।

सप्तमी वा त्रयोदशी तिथिका दिन उपासकले नित्यकर्म गरेर, पवित्र भई साँझपख पुष्प र वस्त्र आदिले यज्ञमण्डप सजाउनुपर्छ । नैमित्तिकी सन्ध्योपासना गरेर विशेष तर्पण कर्म आदि सम्पन्न गरी पूजाका लागि निश्चित गरिएको पवित्र भूभागमा सूर्यदेवतालाई पूजा गर्नुपर्छ । आचार्यले आचमन एवं सकलीकरण क्रिया गरिसकेपछि प्रणवको उच्चारण गर्दै अर्घ्यपात्र हातमा लिएर फट् भन्ने अस्त्रमन्त्र बोल्दै पूर्व आदि दिशाहरूमा क्रमले सम्पूर्ण द्वारपालहरूको प्रोक्षण गरी तिनलाई पूजन गर्नुपर्छ । हां शान्तिकलाद्वाराय नमः हां विद्याकलाद्वाराय नमः हां निवृत्तिकलाद्वाराय नमः हां प्रतिष्ठाकलाद्वाराय नमः भन्ने मन्त्रहरूले पूर्व आदि चारै द्वारको पूजन गर्नुपर्छ । प्रत्येक द्वारको दायाँ र बायाँ शाखामा दुईदुई द्वारपाललाई पूजा गर्नुपर्छ । पूर्वमा नन्दिने नमः महाकालाय नमः भन्ने मन्त्रले नन्दी र महाकाललाई, दक्षिणमा भृङ्गिणे नमः गणाय नमः भन्ने मन्त्रले भृङ्गीलाई र गणलाई, पश्चिममा वृषभाय नमः र स्कन्दाय नमः भन्ने मन्त्रले वृषभ र स्कन्दलाई, उत्तरमा देव्यै नमः चण्डाय नमः भन्ने मन्त्रले देवी र चण्डलाई द्वारपालका रूपमा क्रमशः पूजन गर्नुपर्छ ।१–२२।

यस किसिमले द्वारपाल आदिलाई नित्यपूजा गरेर पश्चिम द्वारबाट यागमन्दिरमा प्रवेश गर्नुपर्छ । अनि वास्तुदेवताको पूजन गरी भूतशुद्धि गर्नुपर्छ । त्यसपछि विशेष अर्घ्य हातमा लिएर आफूभित्र शिवका स्वरूपको भावना गर्दै पूजासामग्रीलाई प्रोक्षण गर्नुपर्छ र यज्ञभूमिलाई संस्कार गर्नुपर्छ । त्यसो गरेपछि कुश, दुबो र फूल आदि हातमा लिएर नमः आदि उच्चारण गर्दै त्यसलाई अभिमन्त्रित गर्नुपर्छ । यसरी शिवहस्तको विधान गरेर त्यसलाई आफ्ना शिरमा राखी म सबैको आदि कारणरूप सर्वज्ञ शिव हुँ र यज्ञमा मेरै प्रधानता छ भन्ने भावना गर्नुपर्छ । यसरी आचार्यले भगवान् शिवको अत्यन्त ध्यान गर्नुपर्छ । र ज्ञानरूपी खड्ग हातमा लिएर नैर्ऋत्य दिशामा गई उत्तरतिर फर्केर अर्घ्यको जल खन्याउनुपर्छ र यज्ञमण्डपका चारैतिर पञ्चगव्य छर्कनुपर्छ । चतुष्पथान्त संस्कार र उत्तम संस्कारयुक्त वीक्षण आदिले सबैतिर त्यहाँ सेतो सस्युँ आदि छर्न योग्य विकिरण नामका वस्तुहरू छरेर कुशले बनेका कुचाले ती सबै बढार्नुपर्छ । त्यसपछि तिनैलाई ईशान कोणमा वर्धनी र कलश स्थापना गर्ने आसन बनाइएको कल्पना गर्नुपर्छ । त्यसपछि नैर्ऋत्य कोणमा वास्तुदेवतालाई र द्वारमा लक्ष्मीलाई पूजा गर्नुपर्छ । अनि पश्चिमतिर फर्केको कलशलाई सप्तधान्यमाथि राखेर प्रणवलाई उच्चारण गर्दै यो शिवस्वरूप कलश र वर्धनीमा अस्त्रहरूको पूजा गर्नुपर्छ । त्यसपछि पूर्व आदि दिशाहरूमा इन्द्र आदि दिक्पालहरूलाई र मण्डपमा ब्रह्मा, विष्णु एवं शिवलाई पूजन गर्नुपर्छ । त्यसपछि

समग्रासनके कुम्भे यजेद्देवं स्थिरासने ।
वर्द्धन्यां प्राणवस्थायामायुधं तदनु द्वयोः ।३४।
भगलिङ्गसमायोगं विदध्याल्लिङ्गमुद्रया ।
कुम्भे निवेद्य बोधासिं मूलमन्त्रजपं तथा ।३५।
तद्दशांशेन वर्द्धन्यां रक्षां विज्ञापयेदपि ।
गणेशं वायवेऽभ्यर्च्य हरं पञ्चामृतादिभिः ।३६।
स्नापयेत् पूर्ववत्प्राच्र्य कुण्डे च शिवपावकम् ।
विधिवच्च चरुं कृत्वा सम्पाताहुतिशोधितम् ।३७।
देवाग्न्यात्मविभेदन दर्व्या तं विभजेत्रिधा ।
दत्त्वा भागौ शिवाग्निभ्यां संरक्षेद्भागमात्मनि ।३८।
शरेण वर्मणां देयं पूर्वतो दन्तधावनम् ।
तस्माद् घोरशिखाभ्यां वा दक्षिणे पश्चिमे मृदाम् ।३९।
सद्योजातेन च हृदा चोत्तरे वामनीकृतम् ।
जलं वामेन शिरसा ईशे गन्धान्वितं जलम् ।४०।
पञ्चगव्यं पलाशादिपुटकं वै समन्ततः ।
ऐशान्यां कुसुमं दद्यादाग्नेय्यां दिशि रोचनाम् ।४१।
अगुरुं नैर्ऋताशायां वायव्यां च चतुःसमम् ।
होमद्रव्याणि सर्वाणि सद्यो जातैः कुशैः सह ।४२।
दण्डाक्षसूत्रकौपीनभिक्षापात्राणि रूपिणे ।
कज्जलं कुङ्कुमं तैलं शलाकां केशशोधनीम् ।४३।
ताम्बूलं दर्पणं दद्यादुत्तरे रोचनामपि ।
आसनं पादुके पात्रं योगपट्टातपत्रकम् ।४४।
ऐशान्यामीशमन्त्रेण दद्यादीशानतुष्टये ।
पूर्वस्यां चरुकं साज्यं दद्याद् गन्धादिकं नवे ।४५।
पवित्राणि समादाय प्रोक्षितान्यर्घ्यवारिणा ।
संहितामन्त्रपूतानि नीत्वा पावकसन्निधिम् ।४६।
कृष्णाजिनादिनाऽऽच्छाद्य स्मरन्संवत्सरात्मकम् ।

कलशका पछिल्ला भागको अनुसरण गर्ने वर्धनीलाई उचित किसिमले हातमा लिएर मन्त्रज्ञ गुरुले भगवान् शिवको आदेश सुनाउनुपर्छ। त्यसपछि पूर्वबाट सुरु गरी प्रदक्षिणाको क्रमले हिँड्दै ईशान कोणसम्म जलको अटुट धारा खसाउनुपर्छ र मूलमन्त्र उच्चारण गर्नुपर्छ। शस्त्रको रूपमा वर्धनीलाई यज्ञमण्डपको रक्षा गर्नका लागि चारैतिर घुमाउनुपर्छ। पहिले कलश राखेर त्यसका बायाँ भागमा शस्त्रको उद्देश्यले वर्धनी राख्नुपर्छ। उत्तम एवं सुस्थिर आसन भएका कलशमा भगवान् शङ्करलाई र प्रणवमाथि रहेको वर्धनीमा उनका आयुधलाई पूजा गर्नुपर्छ। त्यसपछि ती दुवैलाई लिङ्गमुद्राद्वारा परस्परमा संयोग गराई भगलिङ्गसित संयोग क्रिया सम्पादन गराउनुपर्छ। कलशमाथि ज्ञानरूपी खड्ग अर्पित गरेर मूलमन्त्रको जप गर्नुपर्छ। त्यस जपको दशांश होम गरी वर्धनीमा रक्षाको घोषणा गर्नुपर्छ। अनि वायव्य कोणमा गणेशको पूजा गरेर पञ्चामृत आदिले भगवान् शिवलाई स्नान गराउनुपर्छ र पूर्ववत् पूजन आदि गरेर कुण्डमा शिवस्वरूप अग्निलाई पूजा गर्नुपर्छ। त्यसपछि विधिपूर्वक चरु तयार गरेर त्यसलाई समाहुतिका विधिले शोधित गर्नुपर्छ। त्यसपछि भगवान् शिव, अग्नि र आत्माका भेदले तीन अधिकारीहरूका लागि चम्चाले त्यस चरुलाई तीन भाग गर्नुपर्छ र अग्निकुण्डमा शिव एवं अग्निको भाग दिएर शेष भाग आत्माका लागि सुरक्षित राख्नुपर्छ। तत्पुरुष मन्त्रसँगै हुं जोडेर उच्चारण गर्दै पूर्व दिशामा इष्टदेवताका लागि दन्तधावन अर्पित गर्नुपर्छ। अघोर मन्त्रका अन्त्यमा वषट् जोडेर त्यससँगै उत्तर दिशामा अमला आदि अर्पित गर्नुपर्छ। वामदेव मन्त्रका अन्त्यमा स्वाहा जोडेर उच्चारण गर्दै जल चढाउनुपर्छ। ईशान मन्त्रले ईशान कोणमा सुगन्धित जल अर्पित गर्नुपर्छ। पञ्चगव्य र पलाश आदिका दुना सबै दिशामा राख्नुपर्छ। ईशान कोणमा पुष्प, अग्नि कोणमा गोरोचन, नैर्ऋत्य कोणमा अगरु र वायव्य कोणमा चतुःसम समर्पित गर्नुपर्छ। भर्खर उम्रेका कुशका टुसासँगै सबै खालका होम द्रव्यहरू अर्पित गर्नुपर्छ। दण्ड, अक्षसूत्र, कौपीन र भिक्षापात्र पनि देवविग्रहमा अर्पित गर्नुपर्छ। काजल, कुङ्कुम, सुगन्धित तेल कपाल कोर्ने काइँयो, पान, ऐना र गोरोचन पनि उत्तर दिशामा अर्पित गर्नुपर्छ। त्यसपछि आसन, खराउ, पात्र, योगपट्ट र छत्र यी वस्तुहरू भगवान् शङ्करलाई खुसी पार्न ईशान कोणमा ईशानका मन्त्रले नै निवेदन गर्नुपर्छ।२३-४४।

पूर्व दिशामा घिउसहितको चरु र गन्ध आदि भगवान् तत्पुरुषलाई अर्पित गर्नुपर्छ। त्यसपछि अर्घ्य जलले प्रक्षालित तथा संहिता मन्त्रले शोधित पवित्रिका लिएर अग्निका निकट पुऱ्याउनुपर्छ। तिनीहरूकै भित्र समस्त कर्मका साक्षी र संरक्षक

क्षिणं सर्वकृत्यानां गोप्तारं शिवमव्ययम् ।४७।
ति हेति प्रयोगेण मन्त्रसंहितया पुनः ।
धयेच्च पवित्राणि वाराणामेकविंशतिम् ।४८।
ादि वेष्टयेत्सूत्रैर्गन्धाद्यं रवये ददेत् ।
जताय समाचम्य कृतन्यासः कृतार्घ्यकः ।४९।
द्यादिभ्यो ऽथ गन्धाख्यं वास्तोश्चाथ प्रविश्य च ।
स्त्रेभ्यो लोकपालेभ्यः स्वनाम्ना शिवकुम्भके ।५०।
र्द्धन्यै विघ्नराजाय गुरवे ह्यात्मने यजेत् ।
त्र सर्वौषधिलिप्तं धूपितं पुष्पदूर्वया ।५१।
मन्त्र्य च पवित्रं तद्विधायाञ्जलिमध्यगम् ।
समस्तविधिच्छिद्रपूरणे च विधिं प्रति ।५२।
गवान्मन्त्रयामि त्वां त्वदिच्छावाप्तिकारिकाम् ।
त्सिद्धिमनुजानीहि यजतश्चिदचित्पते ।५३।
र्था सर्वदा शम्भो नमस्ते ऽस्तु प्रसीद मे ।
मन्त्रितो ऽसि देवेश सह देव्या गणेश्वरैः ।५४।
न्त्रेशैर्लोकपालैश्च सहितः परिचारकैः ।
मन्त्रयाम्यहं तुभ्यं प्रभाते तु पवित्रकम् ।५५।
यमं च करिष्यामि परमेश तवाज्ञया ।
येवं देवमामन्त्र्य रेचकेनामृतीकृतम् ।५६।
ावान्तं मूलमुच्चार्य्य तच्छिवाय निवेदयेत् ।
पं स्तोत्रं प्रणामं च कृत्वा शम्भुं क्षमापयेत् ।५७।
त्वा चरोस्तृतीयांशं तद्दीत शिवाग्नये ।
ग्वासिभ्यो दिगीशेभ्यो भूतमातृगणेभ्य उ ।५८।
देभ्यः क्षेत्रपादिभ्यो नमः स्वाहा बलिस्त्वयम् ।
ड्नागाद्यैश्च पूर्वादौ क्षेत्राय चाग्नये बलिः ।५९।
माचम्य विधिच्छिद्रपूरकं होममाचरेत् ।
र्णा व्याहृतिहोमं च कृत्वा रुन्धीत पावकम् ।६०।

संवत्सरस्वरूप अविनाशी भगवान् शिवको चिन्तन गर्नुपर्छ । त्यसपछि स्वाहा लाई प्रयोग गर्दै मन्त्रसंहिताको पाठ गरेर एक्काईसपटक ती पवित्रकहरूलाई शोधन गर्नुपर्छ । त्यसपछि गृह आदिलाई सूत्रले वेष्टित गर्नुपर्छ । सूर्यदेवतालाई गन्ध, पुष्प आदि चढाउनुपर्छ । त्यसपछि पुजिएका सूर्यदेवतालाई आचमनसहित अर्घ्य प्रदान गर्नुपर्छ । न्यास गरेर नन्दी आदि द्वारपालहरूलाई र वास्तुदेवतालाई पनि गन्ध आदि अर्पित गर्नुपर्छ । त्यसपछि यज्ञमण्डपमा प्रवेश गरेर शिवकलशमाथि चारैतिर इन्द्र आदि लोकपाल र तिनका शस्त्रहरूलाई आआफ्ना नामका मन्त्रले पूजा गर्नुपर्छ । त्यसपछि वर्धनीमा विघ्नराज, गुरु र आत्माको पूजा गर्नुपर्छ । यी सबैको पूजा गरिसकेपछि सर्वौषधिले लिपिएको, धुपले धुवाइएका र दूर्वापुष्प आदिले पुजिएका पवित्रकलाई दुवै अँजुलीका बीचमा राखेर भगवान् शिवलाई सम्बोधन गर्दै– हे कारण तथा जडचेतनका स्वामी परमेश्वर ! पूजनका समस्त विधिमा हुने वा भएका त्रुटिहरू पूरा गर्नका लागि म तिमीलाई आमन्त्रित गर्दछु । तिमीबाट अभीष्ट मनोरथ प्राप्ति गर्ने सिद्ध माग्दछु । तिमी आफ्नो आराधना गर्न लागेका यस उपासकलाई त्यस्तै सिद्धि प्रदान गर । हे शम्भो ! तिमीलाई सधैं सबै प्रकारको मेरो नमस्कार छ । तिमी मप्रति प्रसन्न होऊ । हे देवेश्वर ! तिमी देवी पार्वती तथा गणेशका साथमा आमन्त्रित छौ । मन्त्रेश्वर, लोकपाल, र सेवकहरूका साथमा तिमी आऊ हे परमेश्वर ! तिमीलाई म आदरसाथ निम्त्याउँछु । तिम्रो आज्ञाले भोलि बिहान पवित्रारोपण र त्यससम्बन्धी नियम पालन गर्नेछु । भन्नुपर्छ । यस किसिमले महादेवलाई आमन्त्रित गरेर रेचक प्राणायामद्वारा अमृतीकरणको क्रिया सम्पादन गर्दै शिवान्त मूलमन्त्र उच्चारण एवं जप गरी त्यो सबै भगवान् शिवलाई समर्पित गर्नुपर्छ । जप, स्तुति र प्रणाम गरेर भगवान् शिवसित आफ्ना त्रुटिका लागि क्षमा प्रार्थना गर्नुपर्छ । त्यसपछि तृतीयांश चरुलाई होम गरिदिनुपर्छ । त्यो चरु शिवस्वरूप अग्निलाई दिग्वासीहरूलाई, दिशाका सबै अधिपतिहरूलाई, भूतगणलाई, मातृकागणलाई, एकादश रुद्रलाई र क्षेत्रपाल आदिलाई उनीहरूकै नामका मन्त्रसित नमः स्वाहा भन्दै आहुतिका रूपमा अर्पित गर्नुपर्छ । त्यसपछि यी सबैको नामका पछाडि चतुर्थी विभक्ति उच्चारण गरी अयं बलिः भन्दै बलि समर्पित गर्नुपर्छ । पूर्व आदि दिशामा दिग्गजहरूका साथै दिक्पाल, क्षेत्रपाल र अग्निलाई पनि बलि समर्पित गर्नुपर्छ । बलिभन्दा पछि आचमन गरेर विधिपालनमा भएका त्रुटिहरू सच्याउन गरिने विधिच्छिद्रपूरक नामको होम गर्नुपर्छ । त्यसपछि पूर्णाहुति र व्याहृति होम गरेर अग्निदेवतालाई अवरुद्ध गर्नुपर्छ । त्यसपछि ओं अग्नये स्वाहा, ओं सोमाय स्वाहा, ओं अग्नीषोमाभ्याम् स्वाहा, ओं स्विष्टकृते स्वाहा भन्ने यिनै चार मन्त्रले

तत ओमग्नये स्वाहा स्वाहा सोमाय चैव हि ।
ओमग्नीषोमाभ्यां स्वाहाऽग्नये स्विष्टकृते तथा ।६१।
इत्याहुतिचतुष्कं तु दत्त्वा कुर्य्यात्तु योजनाम् ।
वह्निकुण्डार्चितं देवं मण्डलाभ्यर्च्चिते शिवे ।६२।
नाडीसन्धानरूपेण विधिना योजयेत्ततः ।
वंशादिपात्रे विन्यस्य अस्त्रं च हृदयं ततः ।६३।
अधिरोप्य पवित्राणि कलाभिर्वाऽथ मन्त्रयेत् ।
षडङ्गं ब्रह्ममूलैर्वा हृद्वर्म्मास्त्रं च योजयेत् ।६४।
विधाय सूत्रैः संवेष्ट्य पूजयित्वाऽङ्गसम्भवैः ।
रक्षार्थं जगदीशाय भक्तिनम्रः समर्पयेत् ।६५।
पूजिते पुष्पधूपाद्यैर्दत्त्वा सिद्धान्तपुस्तके ।
गुरोः पादान्तिकं गत्वा भक्त्या दद्यात्पवित्रकम् ।६६।
निर्गत्य बहिराचम्य गोमये मण्डलत्रये ।
पञ्चगव्यं चरुं दन्तधावनं च क्रमाद्यजेत् ।६७।
आचान्तो मन्त्रसम्बद्धः कृतसङ्गीतजागरः ।
स्वपेदन्तः स्मरन्नीशं बुभुक्षुर्दर्भसंस्तरे ।६८।
अनेनैव प्रकारेण मुमुक्षुरपि संविशेत् ।
केवलं भस्मशय्यायां सोपवासः समाहितः ।६९।

चार आहुति दिएर भावी कार्यको योजना गर्नुपर्छ। अग्निकुण्डमा पुजिएका आराध्यदेव भगवान् शिवलाई पूजामण्डलमा पुजिएको कलशमा रहेका शिवसित नाडीसन्धानरूप विधिले संयोजित गर्नुपर्छ। अनि बाँस आदिले बनेका पात्रमा फट् र नमः सहित उच्चारण गर्दै अस्त्रन्यास र हृदयन्यास गरेर सबै पवित्रकहरू राखिदिनुपर्छ। त्यसो गरिसकेपछि शान्तिकलात्मने नमः विद्याकलात्मने नमः निवृत्तिकलात्मने नमः प्रतिष्ठाकलात्मने नमः शान्त्यतीतकलात्मने नमः भन्ने यी कलामन्त्रहरूले तिनलाई मन्त्रिनुपर्छ। त्यसपछि प्रणवमन्त्र अथवा मूलमन्त्रले षडङ्गन्यास गरेर नमः हुं फट् उच्चारण गरेर तिनमा क्रमशः कवच र अस्त्रको संयोजन गर्नुपर्छ। यी सबै कार्य गरिसकेर ती पवित्रकहरूमा धागो बेर्नुपर्छ। त्यसपछि नमः, स्वाहा, वषट्, हुं, वौषट् र फट् यी अङ्गसम्बन्धी मन्त्रले ती सबैलाई पूजन गरेर तिनको रक्षाका लागि भक्तिभावले नम्र भई ती सबै जगदीश्वर शिवमा समर्पित गर्नुपर्छ। त्यसपछि पुष्प, धुप आदिले पूजित सिद्धान्तग्रन्थमा पवित्रक अर्पित गरी गुरुका चरणनजिकै गएर उनलाई भक्तिपूर्वक पवित्रक दिनुपर्छ। त्यसपछि त्यस ठाउँबाट बाहिर आएर आचमन गर्नुपर्छ र गोबरले लिपपोत गरिएका तीनवटा मण्डलमा क्रमशः पञ्चगव्य, चरु र दन्तधावनलाई पूजा गर्नुपर्छ। त्यसपछि उतिन किसिमले आचमन गरेर मन्त्रले आवृत्त एवं सुरक्षित भएका साधकले रात्रिमा सङ्गीतको व्यवस्था गरी जागरण गर्नुपर्छ। भोग सामग्रीको इच्छा गर्ने साधकले मनमनै भगवान् शङ्करलाई स्मरण गर्दै आधारातमा कुशको आसनमा सुत्नुपर्छ। मोक्षको इच्छा गर्ने पुरुष पनि यसै किसिमको जागरण गर्दै उपवासपूर्वक एकाग्र चित्त भई केवल भस्मको शय्यामा नै सुत्नुपर्दछ।४५-६९।

७९. ऊनाशीतितमोऽध्यायः

पवित्रारोहण

ईश्वर उवाच

अथ प्रातः समुत्थाय कृतस्नानः समाहितः ।
कृतसन्ध्यार्च्चनो मन्त्री प्रविश्य मखमण्डपम् ।१।
समादाय पवित्राणि अविसर्जितदैवतः ।
ऐशान्यां भाजने शुद्धे स्थापयेत्कृतमण्डले ।२।
ततो विसर्ज्य देवेशं निर्माल्यमपनीय च ।
पूर्ववद्भूतले शुद्धे कृत्वाह्निकमथ द्वयम् ।३।

ईश्वरले भने— हे स्कन्द ! त्यसपछि बिहान उठेर स्नान गरी एकाग्र चित्त हुँदै सन्ध्या पूजाको नियम पूर्ण गरेर मन्त्रसाधक यज्ञमण्डपमा प्रवेश गर्नुपर्छ र जसको विसर्जन गरिएको छैन ती इष्टदेव भगवान् शिवबाट पूर्वोक्त पवित्रकहरू लिएर ईशान कोणमा बनाइएका मण्डलभित्र कुनै शुद्ध पात्रमा राख्नुपर्छ। त्यसपछि देवेश्वर शिवलाई विसर्जन गरेर उनमा चढाइएका निर्माल्यसामग्री हटाएर दुईपटक भूमिमा पूर्ववत् आह्निक कर्म गर्नुपर्छ। त्यसपछि सूर्य, द्वारपाल, दिक्पाल, कलश र भगवान् ईशान वा शिवलाई शिवाग्निमा विशेष विस्तारपूर्वक नैमित्तिकी पूजा गर्नुपर्छ। त्यसपछि मन्त्रतर्पण र अस्त्रमन्त्रले

ादित्यद्वारदिक्पालकुम्भेशानौ शिवेऽनले।
मित्तिकी सविस्तारां कुर्य्यात्पूजां विशेषतः ।४।
न्त्राणां तर्पणं प्रायश्चित्तहोमं शरात्मना।
ष्टोत्तरशतं कृत्वा दद्यात्पूर्णाहुतिं शनैः ।५।
वित्रं भानवे दत्त्वा समाचम्य ददीत च।
रपालादिदिक्पालकुम्भवर्द्धनिकादिषु ।६।
न्निधाने ततः शम्भोरुपविश्य निजासने।
वित्रमात्मने दद्याद् गाणय गुरुवह्नये ।७।
ों कालात्मना त्वया देव यदृष्टं मामके विधौ।
ृतं क्लिष्टं समुत्सृष्टं कृतं गुप्तं च यत्कृतम् ।८।
दस्तु क्लिष्टमक्लिष्टं कृतं क्लिष्टमसंस्कृतम्।
र्वात्मनाऽमुना शम्भो पवित्रेण त्वदिच्छया ।९।
ों पूरय मखव्रतं नियमेश्वराय स्वाहा।
ात्मतत्त्वे प्रकृत्यन्ते पालिते पद्मयोनिना ।१०।
लं लयान्तमुच्चार्य्य पवित्रेणार्च्चयेच्छिवम्।
द्यातत्त्वे च विद्यान्ते विष्णुकारणपालिते ।११।
श्वरान्तं समुच्चार्य्य पवित्रमधिरोपयेत्।
ावान्ते शिवतत्त्वे च रुद्रकारणपालिते ।१२।
ावान्तं मन्त्रमुच्चार्य तस्मै देयं पवित्रकम्।
र्वकारणपालेषु शिवमुच्चार्य्य सुव्रतः ।१३।
लं लयान्तमुच्चार्य्य दद्याद् गङ्गावतारकम्।
ात्मविद्या शिवैः प्रोक्तं मुमुक्षूणां पवित्रकम् ।१४।
निर्दिष्टं बुभुक्षूणां शिवतत्त्वात्मभिः क्रमात्।
वाहान्तं वा नमोऽन्तं वा मन्त्रमेषामुदीरयेत् ।१५।
ों हां आत्मतत्त्वाधिपतये शिवाय स्वाहा।
ओं हां विद्यातत्त्वाधिपतये शिवाय स्वाहा।
ों हौं शिवातत्त्वाधिपतये शिवाय स्वाहा।
ों हौं सर्वतत्त्वाधिपतये शिवाय स्वाहा।

एकसय आठपटक प्रायश्चित्त होम गरेर बिस्तारैसित मन्त्र पढ्दै पूर्णाहुति गर्नुपर्छ। यसो गरिसकेपछि सूर्यदेवलाई पवित्रक दिएर आचमन गर्नुपर्छ। त्यसपछि द्वारपाल आदि दिक्पाल, कलश र वर्धनी आदिमा पनि पवित्रक अर्पित गर्नुपर्छ। त्यसपछि भगवान् शिवका सामु आफ्नो आसनमा बसेर आत्मा, गण, गुरु र अग्निलाई पवित्रक अर्पण गर्नुपर्छ। त्यस बेलामा भगवान् शिवसित— हे देव ! तिमी कालस्वरूप हौ, मेरा कार्यका विषयमा तिमीले जस्तो आज्ञा दियौ त्यसलाई ठीक रूपमा पालन नगरी मैले जेजस्तो त्रुटिपूर्ण र क्लेशयुक्त कर्म गरेको छु अथवा आवश्यक विधानहरू छुटाएको छु या प्रकट हुनुपर्नेलाई लोप गरेको छु, त्यस्तो मैले गरेको क्लिष्ट संस्कारशून्य कर्म यस पवित्रारोपणका विधिले सर्वथा अक्लिष्ट र एवं परिपूर्ण होस्। हे शम्भो ! तिमी आफ्नै इच्छाले मेरा यस पवित्रकद्वारा सम्पूर्ण रूपले प्रसन्न होऊ र मेरा नियमलाई पूर्ण गराऊ भन्दै प्रार्थना गर्नुपर्छ। ओं पूरय पूरय मख व्रतं नियमेश्वराय स्वाहा भन्ने मन्त्रको उच्चारण गर्नुपर्छ। ओं पद्मयोनिपालितात्मतत्त्वेश्वराय प्रकृतिलयाय ओं नमः शिवाय भन्ने मन्त्र उच्चारण गरेर पवित्रकले भगवान् शिवको पूजा गर्नुपर्छ। विष्णुकारणपालितविद्यातत्त्वेश्वराय ओं नमः शिवाय भन्ने मन्त्र उच्चारण गरी पवित्रक चढाउनुपर्छ। रुद्रकारणपालितशिवतत्त्वेश्वराय शिवाय ओं नमः शिवाय भन्ने मन्त्र उच्चारण गरेर भगवान् शिवलाई पवित्रक निवेदन गर्नुपर्छ। उत्तम व्रत पालन गर्ने हे स्कन्द ! सर्वकारणपालाय शिवाय लयाय ओं नमः शिवाय भन्ने मन्त्र उच्चारण गरेर भगवान् शिवलाई गङ्गावतारक नामको सूत्र समर्पित गर्नुपर्छ। मोक्ष प्राप्त गर्न खोज्ने पुरुषका लागि आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्वका क्रमले मन्त्रोच्चारण गर्दै पवित्रक अर्पित गर्ने विधान छ र भोगविलासको रहर गर्ने पुरुषले पनि क्रमशः शिवतत्त्व, आत्मतत्त्व र विद्यातत्त्वका अधिपति शिवलाई मन्त्रोच्चारणपूर्वक पवित्रक अर्पित गर्नुपर्छ भन्ने यस्तै विधान छ। मोक्ष प्राप्त गर्न खोज्ने पुरुषले अन्त्यमा स्वाहा भन्ने मन्त्रको उच्चारण गर्नुपर्छ भने भोगविलासको कामना गर्ने पुरुषले मन्त्रका अन्त्यमा नमः भन्नुपर्छ। अन्त्यमा स्वाहा लगाइने मन्त्रको स्वरूप— ओं हां आत्मतत्त्वाधिपतये शिवाय स्वाहा ओं हां विद्यातत्त्वाधिपतये शिवाय स्वाहा ओं हां शिवतत्त्वाधिपतये शिवाय स्वाहा ओं हां सर्वतत्त्वाधिपतये शिवाय स्वाहा भन्ने खालको हुन्छ। यसरी नै स्वाहाका ठाउँमा नमः राख्न सकिन्छ। गङ्गावतारक अर्पण गरिसकेपछि हात जोडेर भगवान् शिवसित— हे परमेश्वर ! तिमी नै समस्त

नत्वा गङ्गावतारं तु प्रार्थयेत्तं कृताञ्जलिः ।
त्वं गतिः सर्वभूतानां संस्थितिस्त्वं चराचरे ।१६।
अन्तश्चारेण भूतानां द्रष्टा त्वं परमेश्वर ।
कर्मणा मनसा वाचा त्वत्तो नान्या गतिर्मम ।१७।
मन्त्रहीनं क्रियाहीनं द्रव्यहीनं च यत्कृतम् ।
जपहोमार्चनैर्हीनं कृतं नित्यं मया तव ।१८।
अकृतं वाक्यहीनं च तत्पूरय महेश्वर ।
सपूतस्त्वं परेशान पवित्रं पापनाशनम् ।१९।
त्वया पवित्रितं सर्वं जगत्स्थावरजङ्गमम् ।
खण्डितं यन्मया देव व्रतं वैकल्पयोगतः ।२०।
एकीभवतु तत्सर्वं तवाज्ञासूत्रगुम्फितम् ।
जपं निवेद्य देवस्य भक्त्या स्तोत्रं विधाय च ।२१।
नत्वा तु गुरुणा दिष्टं गृह्णीयान्नियमं नरः ।
चतुर्मासं त्रिमासं वा त्र्यहमेकाहमेव च ।२२।
प्रणम्य क्षमयित्वेशं गत्वा कुण्डान्तिकं व्रती ।
पावकस्थे शिवेऽप्येवं पवित्राणां चतुष्टयम् ।२३।
समारोप्य समभ्यर्च्य पुष्पधूपाक्षतादिभिः ।
अन्तर्बलिं पवित्रं च रुद्रादिभ्यो निवेदयेत् ।२४।
प्रविश्यान्तः शिवं स्तुत्वा सप्रणामं क्षमापयेत् ।
प्रायश्चित्तकृतं होमं कृत्वा हुत्वा च पायसम् ।२५।
शनैः पूर्णाहुतिं दत्त्वा वह्निस्थं विसृजेच्छिवम् ।
होमं व्याहृतिभिः कृत्वा रुन्ध्यान्निष्ठुरयाऽनलम् ।२६।
अग्न्यादिभ्यस्तता दद्यादाहुतीनां चतुष्टयम् ।
दिक्पतिभ्यस्ततो दद्यात्सपवित्रं बहिर्बलिम् ।२७।
सिद्धान्तपुस्तके दद्यात्सप्रमाणं पवित्रकम् ।
ओं हां भूः स्वाहा ओं हां भुवः स्वाहा ओं हां स्वः स्वाहा ओं हां भूर्भुवः स्वः स्वाहा होमं व्याहृतिभिः कृत्वा दत्त्वाऽऽहुतिचतुष्टयम् ।२८।
ओं हां अग्नये स्वाहा ओं हां सोमाय स्वाहा ओं हां

प्राणीका गति हौ, तिमी नै चराचर जगत्को स्थितिका कारण हौ, सम्पूर्ण प्राणीका भित्र तिमी नै विचरण गर्दै साक्षीका रूपमा रहेका छौ । मन, वाणी र क्रियाका लागि तिमीबाहेक मेरो अर्को कुनै गति नै छैन। हे महेश्वर ! मैले प्रतिदिन पूजनमा जुन मन्त्रहीन, क्रियाहीन, द्रव्यहीन तथा जप, होम र अर्चनहीन कर्म गरेको छु, जुन आवश्यक कर्म नगरेको छु र जुन शुद्ध वाक्यरहित कर्म गरेको छु ती सबैलाई परिपूर्ण गराइदेऊ । हे महेश्वर ! तिमी पवित्र छौ । तिमीलाई अर्पित गरिएको यस पवित्रकले समस्त पापहरूलाई नाश गर्दछ । तिमीले सर्वत्र व्याप्त भएर यस समस्त जगत्लाई पवित्र गराइरहेका छौ। हे देव ! मैले व्याकुलताका कारण वा अङ्ग विकलताका कारण व्रतलाई जेजति खण्डित गरेको छु त्यो सबै तिम्रो आज्ञारूपी सूत्रमा गुँथेर सम्पूर्ण एक अखण्डतामा परिणत होस् भनी प्रार्थना गर्नुपर्छ । जप निवेदन गरिसकेपछि उपासकले भक्तिपूर्वक भगवान्को स्तुति गर्नुपर्छ र उनलाई नमस्कार गरेर गुरुको आदेशअनुसार चार महिना, तीन महिना, तीन दिन अथवा एक दिनका लागि नियमपूर्वक व्रत ग्रहण गर्नुपर्छ ।१-२२।

भगवान् शिवलाई प्रणाम गरेर उनीसित त्रुटिका लागि क्षमा मागेपछि व्रती पुरुष कुण्डका नजिक जानुपर्छ र अग्निमा विराजमान भगवान् शिवका लागि पनि चार पवित्रक अर्पित गरेर पुष्प, धुप र अक्षता आदिले उनको पूजा गर्नुपर्छ । त्यसपछि रुद्र आदिलाई अन्तर्बलि र पवित्रक निवेदन गर्नुपर्छ। त्यसपछि पूजामण्डपमा प्रवेश गरेर भगवान् शिवको स्तुति गर्दै प्रणामपूर्वक क्षमा याचना गर्नुपर्छ। प्रायश्चित्त होम गरेर खिरको आहुति दिनुपर्छ। मन्द स्वरमा मन्त्र पाठ गर्दै पूर्णाहुति दिएर अग्निमा विराजमान शिवलाई विसर्जन गर्नुपर्छ । त्यसपछि व्याहृति होम गरेर निष्ठुराद्वारा अग्निलाई निरुद्ध गर्नुपर्छ र अग्नि आदिलाई निम्नोक्त मन्त्रले चार आहुति दिनुपर्छ । त्यसपछि दिक्पालहरूलाई पवित्रक एवं बाह्य बलि अर्पित गर्नुपर्छ । त्यसो गरिसकेपछि सिद्धान्त ग्रन्थमा उसैका बराबरको पवित्रक अर्पित गर्नुपर्छ। पूर्वोक्त व्याहृति होमको मन्त्र यस प्रकारको छ— ओं हां भू स्वाहा ओं हां भुवः स्वाहा ओं हां स्वः स्वाहा ओं हां भूर्भुवः स्वः स्वाहा । यसरी व्याहृतिहरूद्वारा होम गरेर अग्नि आदिका लागि चार आहुति दिएर अर्को कार्य गर्नुपर्छ । ती चार आहुति— ओं हां अग्नये स्वाहा ओं हां सोमाय स्वाहा ओं हां अग्नीषोमाभ्यां स्वाहा ओं हां अग्नये स्विष्टकृते स्वाहा भन्ने मन्त्रले दिनुपर्छ। त्यसपछि गुरुलाई शिवकै जस्तो वस्त्राभूषण आदि सामग्रीले पूजा गर्नुपर्छ । जसप्रति गुरुदेव पूर्ण रूपले

नीषोमाभ्यां स्वाहा ओं हां अग्नये स्विष्टकृत्ते स्वाहा
शिवमिवाभ्यर्च्य वस्त्रभूषादिविस्तरैः समग्रं सफलं
य क्रियाकाण्डादिवार्षिकम् ।२९।
य तुष्टो गुरुः सम्यगित्याह परमेश्वरः ।
यं गुरोः समारोप्य हृदालम्बिपवित्रकम् ।३०।
ादीन्भोजयित्वा तु भक्त्या वस्त्रादिकं ददेत् ।
ानानेन देवेशः प्रीयतां मे सदाशिवः ।३१।
क्त्या स्नानादिकं प्रातः कृत्वा शम्भोः समाहरेत् ।
त्राण्यष्टपुष्पैस्तं पूजयित्वा विसर्जयेत् ।३२।
यं नैमित्तिकं कृत्वा विस्तरेण यथा पुरा ।
त्राणि समारोप्य प्रणम्याग्नौ शिवं यजेत् ।३३।
श्चितं ततोऽस्त्रेण हुत्वा पूर्णाहुतिं यजेत् ।
क्तकामः शिवायाथ कुर्य्यात्कर्म्मसमर्पणम् ।३४।
त्प्रसादेन कर्म्मेदं ममाऽस्तु फलसाधकम् ।
क्तकामस्तु कर्म्मेदं माऽस्तु मे नाथ बन्धकम् ।३५।
ह्नस्थं नाडियोगेन शिवं संयोजयेच्छिवे ।
न्यस्याग्निसङ्घातं पावकं च विसर्जयेत् ।३६।
ाचस्य प्रविश्यान्तःकुम्भानुगतसंवरान् ।
वे संयोज्य साक्षेपं क्षमस्वेति विसर्जयेत् ।३७।
ृज्य लोकपालादीनादायेशात्पवित्रकम् ।
चण्डेश्वरे पूजां कृत्वा दत्त्वा पवित्रकम् ।३८।
नर्म्माल्यादिकं तस्मै सपवित्रं समर्पयेत् ।
ावा स्थण्डिले चण्डं विधिना पूर्ववद्यजेत् ।३९।
कञ्चिद्वार्षिकं कर्म कृतं न्यूनाधिकं मया ।
स्तु परिपूर्णं मे चण्ड नाथ तवाज्ञया ।४०।
विज्ञाप्य देवेशं तन्वा स्तुत्वा विसर्जयेत् ।
क्तनिर्म्माल्यकः शुद्धः स्नापयित्वा शिवं यजेत् ।
चयोजनसंस्थोऽपि पवित्रं गुरुसन्निधौ ।४१।

सन्तुष्ट हुन्छन् ती साधकका सम्पूर्ण वार्षिक कर्मकाण्ड आदि सफल हुन्छन् भन्ने परमेश्वरको कथन छ। यसरी गुरुलाई पूजा गरेर उनका हृदयसम्म लत्रिने गरी पवित्रक धारण गराउनुपर्छ र ब्राह्मण आदिलाई भोजन गराएर उनलाई भक्तिपूर्वक वस्त्र आदि दिनुपर्छ। त्यस बेलामा– देवेश्वर भगवान् सदाशिव यस दानले मदेखि प्रसन्न होऊन् भन्ने प्रार्थना गर्नुपर्छ। त्यसपछि बिहानै भक्तिपूर्वक स्नान आदि गरेर भगवान् शङ्करका श्रीविग्रहले पवित्रकहरू समेटेर आठ फूलले तिनको पूजा गरी विसर्जन गरिदिनुपर्छ। त्यसपछि पहिलेकै जस्तो विस्तारपूर्वक नित्य नैमित्तिक पूजा गरी पवित्रक चढाएर प्रणाम गरिसकेपछि अग्निमा शिवको पूजा गर्नुपर्छ। त्यसपछि अस्त्र मन्त्रले प्रायश्चित्त होम गर्दै पूर्णाहुति दिनुपर्छ। भोग सामग्रीको इच्छा भएका पुरुषले भगवान् शिवलाई आफ्ना सारा कर्म समर्पित गरी– हे प्रभु ! तिम्रा कृपाले मेरो यो कर्म मनोवाञ्छित फलसाधक होस् भन्नुपर्छ। मोक्षको कामना गर्ने पुरुषले भगवान् शिवसित– हे नाथ ! यो कर्म मेरा लागि बन्धकारक नहोस् भनी प्रार्थना गर्नुपर्छ। यस किसिमले प्रार्थना गरेर अग्निमा रहेका शिवलाई नाडीयोगद्वारा अन्तरात्मामा रहेका शिवमा मिलाउनुपर्छ। त्यसपछि अणुसमूहलाई हृदयमा न्यास गरेर अग्निदेवलाई विसर्जन गरिदिनुपर्छ र आचमन गरी पूजामण्डपमा प्रवेश गरेर कलशको जल सबैतिर छर्कंदै भगवान् शिवसित संयक्त भई– हे प्रभु ! मेरा त्रुटिहरूलाई क्षमा गर भन्नुपर्छ र त्यसपछि विसर्जन गर्नुपर्छ। त्यसपछि लोकपाल आदिलाई पनि विसर्जन गरेर भगवान् शिवका प्रतिमाबाट पवित्रक झिकेर चण्डेश्वरका प्रतिमामा उनको पनि पूजा गरेर त्यो पवित्रक उनैलाई अर्पित गर्नुपर्छ र शिवनिर्माल्य आदि सम्पूर्ण सामग्री पवित्रकसँगै उनलाई समर्पित गरिदिनुपर्छ। अथवा वेदीमा पूर्ववत् विधिले चण्डेश्वरको पूजा गर्नुपर्छ र उनीसित प्रार्थनापूर्वक– हे चण्डनाथ ! मैले जेजस्ता वार्षिक कर्महरू गरेको छु तिनमा यदि कुनै कमबेसी भएका कारण दोषयुक्त भए भने तिम्रा आज्ञाले ती दोष समाप्त भई मेरा कर्महरू साङ्गोपाङ्ग परिपूर्ण होऊन् भन्नुपर्छ। यस्ता किसिमले प्रार्थना गरीकन देवेश्वर चण्डलाई नमस्कार गर्नुपर्छ र स्तुतिपछि उनलाई विसर्जन गर्नुपर्छ। निर्माल्य त्याग गरेर, शुद्ध भईकन भगवान् शिवलाई नुहाइदिएर पूजा गर्नुपर्छ। घरभन्दा पाँच योजन पर बसेका भए पनि गुरुका समीपमै पवित्रारोहणको कर्म सम्पादान गर्नुपर्दछ।२३–४१।

८०. अशीतितमोऽध्यायः

दमनक आरोहण

ईश्वर उवाच

वक्ष्ये दमनकारोहविधिं पूर्ववदाचरेत् ।
हरकोपात्पुराजातो भैरवो दमिताः सुराः ।१।
तेनाथ शप्तो विटपो भवेति त्रिपुरारिणा ।
प्रसन्नेनेरितं चेदं पूजयिष्यन्ति ये नराः ।२।
परिपूर्ण फलं तेषां नान्यथा ते भविष्यति ।
सप्तम्यां वा त्रयोदश्यां दमनं सहितात्मभिः ।३।
सम्पूज्य बोधयेद् वृक्षं भववाक्येन मन्त्रवित् ।
हरप्रसादसम्भूत त्वमत्र सन्निधौ भव ।४।
शिवकार्य्यं समुद्दिश्य नेतव्योऽसि शिवाज्ञया ।
गृहेऽप्यामन्त्रणं कुर्य्यात्सायाह्ने चाधिवासनम् ।५।
यथाविधि समभ्यर्च्य सूर्य्यशङ्करपावकम् ।
देवस्य पश्चिमे मूलं दद्यात्तस्य मृदायुतम् ।६।
वामेन शिरसा वाऽथ नालं धात्रीं तथोत्तरे ।
दक्षिणे भग्नपत्रं च प्राच्यां पुष्पं च धारणम् ।७।
पुटिकास्थं फलं मूलमथैशान्यां यजेच्छिवम् ।
पञ्चाङ्गमञ्जलौ कृत्वा आमन्त्र्य शिरसि न्यसेत् ।८।
आमन्त्रितोऽसि देवेश प्रातःकाले मया प्रभो ।
कर्त्तव्यस्तपसो लाभः पूर्णं सर्वं तवाज्ञया ।९।
मूलेन शेषं पात्रस्थं पिधायाथ पवित्रकम् ।
प्रातः स्नात्वा जगन्नाथं गन्धपुष्पादिभिर्यजेत् ।१०।
नित्यं नैमित्तिकं कृत्वा दमनैः पूजयेत्ततः ।

ईश्वरले भने— हे स्कन्द ! अब म दमनक आरोपणको विधि वर्णन गर्दछु । यसमा पनि सबै कार्यहरू पूर्ववत् नै गर्नुपर्दछ । प्राचीन समयमा भगवान् शङ्करका कोपले भैरव उत्पन्न भए । भैरवले देवताहरूलाई दमन गर्न थाले । यस्तो देखेर त्रिपुरारि शिव रिसाउँदै भैरवलाई तिमी वृक्ष बन भन्ने शाप दिए । अनि भैरवले क्षमा माग्दा प्रसन्न भएर भगवान् शिवले— जो मानिस तिम्रा पातले पूजा गर्दछन् अथवा तिम्रो पूजा गर्दछन् उनलाई मनले रुचाएअनुसार फल प्राप्त हुन्छ, उसको इच्छा कुनै हालतमा अपूर्ण रहँदैन भन्ने वर दिए । सप्तमी वा त्रयोदशी तिथिमा पुरुषले संहिता मन्त्रले दमनक वृक्षको पूजा गरेर त्यसलाई भगवान् शङ्करको वाक्य स्मरण गराउँदै जगाउनुपर्छ । त्यसमा— हरप्रसादसम्भूत त्वमत्र सन्निधौ भव । शिवकार्य समुद्दिश्य नेतव्योऽसि शिवाज्ञया भन्ने मन्त्र पढिन्छ । यसको अर्थ— हे दमनक ! तिमी भगवान् शङ्करका कृपाप्रसादले प्रकट भएका हौ, तिमी यहीँ नै सन्निहित होऊ, भगवान् शिवका आज्ञाले उनकै कार्यका उद्देश्यले मैले तिमीलाई आफूसँगै लैजानुपर्छ भन्ने हो । घरमा पनि त्यस वृक्षलाई आमन्त्रित गर्नुपर्छ र सायंकालमा अधिवासन कर्म सम्पन्न गर्नुपर्छ । विधिपूर्वक सूर्य, शङ्कर र अग्निदेवताको पूजा गरेर इष्टदेवताभन्दा पश्चिमतिर माटोमा पर्ने गरी त्यस वृक्षका जरा राखिदिनुपर्छ। वामदेव मन्त्र अथवा शिरोमन्त्रले त्यस वृक्षको डाँठ र अमलाको फल उत्तर दिशामा राख्नुपर्छ। त्यसका झरेका पातहरूलाई दक्षिणमा र पुष्प एवं हाँगाबिगाँ पूर्वमा राख्नुपर्छ। एउटा दुनामा त्यसका फल र फूल राखेर भगवान् शिवलाई पूजा गर्नुपर्छ। त्यस वृक्षका जरा, डाँठ, पात, फूल र फल यी पाँचै अङ्गलाई अँजुलीमा लिएर मन्त्रित गर्दै शिरमा राख्नुपर्छ र— हे देवेश्वर ! म आज तिमीलाई निमन्त्रित गर्दछु, भोलि बिहान मैले तपस्याको फललाभ गर्नुपर्नेछ, मैले गरेको उपासना सफल बनाउनुपर्नेछ, ती सबै कार्य तिम्रा आज्ञाले पूर्ण होऊन् भन्नुपर्छ। त्यसपछि पात्रमा राखेका पवित्रकलाई मूलमन्त्रले ढाकेर प्रातःकाल स्नान गरिसकेपछि जगदीश्वर शिवलाई गन्धपुष्प आदिले पूजा गर्नुपर्छ। त्यसपछि नित्य नैमित्तिक कर्म गरेर दमनकले शिवको पूजा गर्नुपर्छ। शेष दमनक हातको अँजुलीमा लिई— ओँ हां आत्मतत्त्वाधिपतये

शेषमञ्जलिमादाय आत्मविद्याशिवात्मभिः ।११।
मूलाद्यैरीश्वरान्तैश्च चतुर्थाञ्जलिना ततः ।
ओं हौं मखेश्वराय मखं पूरयपूरय शूलपाणये नमः ।
शिवं वह्निं च सम्पूज्य गुरुं प्रार्च्याथ बोधयेत् ।१२।
भगवन्नतिरिक्तं वा हीनं वा यन्मया कृतम् ।
सर्वं तदस्तु सम्पूर्णं यच्च दामनकं मम ।
सकलं चैत्रमासोत्थं फलं प्राप्य दिवं व्रजेत् ।१३।

शिवाय स्वाहा, ओं हां विद्यातत्त्वाधिपतये शिवाय स्वाहा, ओं हां शिवतत्त्वाधिपतये शिवाय स्वाहा, ओं हां सर्वतत्त्वाधिपतये शिवाय स्वाहा भन्ने यी चार मन्त्रले दमनक चढाउँदै शिवलाई पूजा गर्नुपर्छ। त्यसपछि दमनकको चौथो अँजुली लिएर ओं हौं महेश्वराय मखं पूरय पूरय शूलपाणये नमः भन्ने मन्त्र उच्चारण गर्दै भगवान् शिवलाई अर्पित गर्नुपर्छ। यसरी शिव र अग्निको पूजा गरेर विशेष रूपले गुरुलाई अर्चना गर्दै— हे भगवान् ! मैले दमनकद्वारा पूजा गर्दा जेजति घटीबढी गरेको छु त्यो सबै तिम्रो कृपाले परिपूर्ण होस् भन्ने प्रार्थना गर्नुपर्छ। यसै किसिमले दमनक आरोपण सम्पन्न गरेर मानिस चैत्रमासले दिने सम्पूर्ण फल प्राप्त गर्नसक्छ र अन्त्यमा स्वर्गलोक जान्छ ।१–१३।

८०. एकाशीतितमोऽध्यायः

समयदीक्षा

ईश्वर उवाच
वक्ष्यामि भोगमोक्षार्थं दीक्षां पापक्षयङ्करीम् ।
मलमायादिपाशानां विश्लेषः क्रियते यया ।१।
ज्ञानं च जयन्ते शिष्ये सा दीक्षा भुक्तिमुक्तिदा ।
विज्ञातकलनामैको द्वितीयः प्रलयाकलः ।२।
तृतीयः सकलः शास्त्रेऽनुग्राह्यास्त्रिविधो मतः ।
तत्राद्यो मलमात्रेण मुक्तोऽन्यो मलकर्मभिः ।३।
कलादिभूमिपर्य्यतं स्तवैस्तु सकलो युतः ।
निराधाराऽथ साधारा दीक्षाऽपि द्विविधा मता ।४।
निराधारा द्वयोस्तेषां साधारा सकलस्य तु ।
आधारनिरपेक्षेण क्रियते शम्भुचर्य्यया ।५।
तीव्रशक्तिनिपातेन निराधारेति सा स्मृता ।
आचार्य्यमूर्त्तिमास्थाय मायातीव्रादिभेदया ।६।
शक्त्या यां कुरुते शम्भुः सा साधिकरणोच्यते ।
इयं चतुर्विधा प्रोक्ता सबीजा बीजवर्जिता ।७।
साधिकारानधिकारा यथा तदभिधीयते ।
समयाचारसंयुक्ता सबीजा जायते नृणाम् ।८।

ईश्वरले भने— हे स्कन्द ! अब म भुक्तिमुक्ति प्रदान गर्ने दीक्षाविधिको बयान गर्दछु। यो नै समस्त पाप नाश गर्न योग्य छ र यसैबाट मल एवं माया पाशहरू निवारण गर्न सकिन्छ। शिष्यलाई जेबाट ज्ञानको उत्पत्ति गराइन्छ उसैको नाम दीक्षा हो। त्यसले भोग र मोक्ष प्रदान गराउँछ। पशुका रूपमा पाशबद्ध भएका जीवलाई शुद्ध विद्याले मुक्त गर्दछ। त्यसैले विद्यालाई अनुग्राह्य भनिएको हो। यसका तीन प्रकारहरू छन्। पहिलो विज्ञानाकल, दोस्रो प्रलयाकल र तेस्रो सकल। यी तीनमध्ये प्रथम अर्थात् विज्ञानाकल पशु केवल मलरूप पाशले युक्त हुन्छ। दोस्रो अर्थात् प्रलयाकल पशु मल र कर्म यी दुई पाशले आबद्ध हुन्छ र तेस्रो अर्थात् सकल पशु कला आदिबाट लिएर भूमिपर्यन्त सम्पूर्ण तत्त्वसमूहले अर्थात् मल, माया र कर्मरूपी त्रिविध पाशले बाँधिएको हुन्छ। यी पाशहरूबाट मुक्त हुनका लागि आचार्यसित मन्त्रआराधनाको दीक्षा लिनुपर्छ। यो दीक्षा पनि निराधारा र साधारा गरी दुई किसिमको मानिएको छ। उपर्युक्त तीन पाशहरूमध्ये विज्ञानाकल र प्रलयाकल भेदका यी पशुका लागि निराधारा दीक्षा बताइएको छ र सकल पशुका लागि साधाराको व्यवस्था छ। आचार्यको अपेक्षा नगरीकन शम्भुद्वारा नै तीव्र शक्तिपात गरेर जुन दीक्षा लिइन्छ, त्यो निराधारा हो भनिएको छ। आचार्यको शरीरमा स्थित भएर भगवान् शङ्करले आफ्ना मन्दा, तीव्रा आदि भेदका शक्तिले जुन दीक्षा सम्पादन गर्दछन्, त्यसलाई साधारा भनिएको छ। यस्तो साधारा दीक्षा सबीजा, निर्बीजा, साधिकारा र अनधिकारा गरी जुन चार भेद भएको छ, त्यसलाई यसरी

निर्बीजा त्वसमर्थानां समयाचारवर्जिता ।
नित्ये नैमित्तिके काम्ये यतः स्यादधिकारिता ।९।
साधिकारा भवेद्दीक्षा साधकाचार्य्ययोरतः ।
निर्बीजा दीक्षितानां तु यदा समयपुत्रयोः ।१०।
नित्यमात्राधिकारत्वाद्दीक्षा निरधिकारिका ।
द्विविधेयं द्विरूपा हि प्रत्येकमुपजायते ।११।
एका क्रियावती तत्र कुण्डमण्डलपूर्विका ।
मनोव्यापारमात्रेण या सा ज्ञानवती मता ।१२।
इत्थं लब्धाधिकारेण दीक्षाऽऽचार्य्येण साध्यते ।
स्कन्ददीक्षां गुरुः कुर्य्यात्कृत्वा नित्यक्रियां ततः ।१३।
प्रणवार्घ्यकराम्भोजः कृतद्वाराधिपार्च्चनः ।
विघ्नानुत्सार्य्य देहल्यां न्यस्यास्त्रं स्वासने स्थितः ।१४।
कुर्वीत भूतसंशुद्धिं मन्त्रयोगं यथोदितम् ।
तिलतण्डुलसिद्धार्थकुशदूर्वाक्षतोदकम् ।१५।
सयवक्षीरनीरं च विशेषार्घ्यमिदन्ततः ।
तदम्बुना द्रव्यशुद्धिं तिलकं स्वासनात्मनोः ।१६।
पूजनं मन्त्रशुद्धिं च पञ्चगव्यं च पूर्ववत् ।
लाजचन्दनसिद्धार्थभस्मदूर्वाक्षतं कुशान् ।१७।
विकिरान् शुद्धलाजांस्तान्सधूपानस्त्रमन्त्रितान् ।
शस्त्राम्बुप्रोक्षितानेतान्कवचेनावगुण्ठितान् ।१८।
नानाप्रहरणाकारान्विघ्नौघविनिवारकान् ।
दर्भाणां तालमानेन कृत्वा षट्त्रिंशता दलैः ।१९।
सप्तजप्तं शिवास्त्रेण वेणीं बोधासि मुत्तमम् ।
शिवमात्मनि विन्यस्य सृष्ट्याधारमभीप्सितम् ।२०।
निष्फलं च शिवं न्यस्य शिवोऽहमिति भावयेत् ।
उष्णीषं शिरसि न्यस्य अलङ्कुर्य्यात्स्वदेहकम् ।२१।
गन्धमण्डनकं स्वीये विदध्याद्दक्षिणे करे ।
विधिनाऽत्राच्चर्यदीशमित्थं स्याच्छिवमस्तकम् ।२२।

बताइन्छ । समर्थ पुरुषका लागि समयाचारले युक्त दिइने जुन दीक्षा हुन्छ, त्यसैलाई सबीजा भनिन्छ र असमर्थ पुरुषलाई दिइने समयाचारशून्य दीक्षा निर्बीजा हो भनिएको छ । जुन दीक्षाबाट साधक र आचार्यलाई नित्य, नैमित्तिक र काम्य कर्मको अधिकार प्राप्त हुन्छ त्यो साधिकारा दीक्षा हो । निर्बीजा दीक्षामा दीक्षित हुनेहरूलाई र समयाचारको दीक्षा लिने साधारण शिष्य एवं पुत्रसंज्ञक शिष्यविशेषलाई नित्यकर्मकै मात्र अधिकारी भएका कारण जुन दीक्षा दिइन्छ त्यो निरधिकारा दीक्षा हो भनिएको छ । साधारा र निराधारा भेदले दीक्षाका जुन दुई भेद बताइए तिनीहरू प्रत्येक अझै निम्नाङ्कित दुईदुई रूपका हुन्छन् । तिनीहरूमध्येको पहिलो क्रियावती हुन्छ । त्यसमा कर्मकाण्डका विधिले कुण्ड र मण्डलको स्थापना एवं पूजा गरिन्छ । अर्को ज्ञानवती दीक्षा हो । त्यो बाह्य सामग्रीले नभई मानसिक व्यापारले मात्रै साध्य हुने गर्छ । यस किसिमले अधिकार प्राप्त आचार्यले दीक्षाकर्म सम्पादन गर्नुपर्छ । हे स्कन्द ! गुरुले त्यस्तो नित्यकर्मको अनुष्ठान विधिवत् गरेर शिष्यलाई दीक्षाकर्म सम्पन्न गर्नुपर्छ। प्रणवको जप गर्दै गुरुले आफ्ना करकमलमा अर्घ्यजल लिएर द्वारपालको पूजा गर्नुपर्छ । त्यसपछि विघ्नहरूलाई निवारण गरिसकेर द्वार र मझेरीमा अस्त्रन्यास गर्नुपर्छ र आफ्नै आसनमा बस्नुपर्छ। शास्त्रोक्त विधिले भूतशुद्धि एवं अन्तर्याग गर्नुपर्छ। तिल, चामल, कुश, दुबाको अङ्कुर, जौ, दुध र जल आदि सबै कुरा एकत्र गरेर विशेषार्घ्य बनाउनुपर्छ । त्यसै जलमा समस्त पूजासामग्री शुद्ध गर्नुपर्छ । अनि तिलकसम्बन्धी आफ्नो सम्प्रदायको मन्त्रले निधारमा तिलक लगाउनुपर्छ । त्यसपछि पूर्ववत् पूजन, मन्त्रशोधन र पञ्चगव्यप्राशन आदि कर्म गर्नुपर्छ । क्रमशः लावा, चन्दन, सस्युँ, भस्म, दुर्बा, अक्षता, कुश र अन्त्यमा पुनः शुद्ध लावालाई विकिर भनिन्छ। यस्तो छर्नयोग्य वस्तु सबै एकत्र गरेर सातपटक अस्त्रमन्त्रले मन्त्रिनुपर्छ । अस्त्रमन्त्रले मन्त्रिएका जलले यिनीहरूलाई चोख्याएर फेरि कवच मन्त्रले हुम् भन्दै अवगुण्ठन गर्दै विभिन्न खालका विघ्नहरूलाई निवारण गर्ने यी अनेकौँ शस्त्रअस्त्र हुन् भन्ने भावना बनाउनुपर्छ। त्यसपछि एक कुरेतजति लामा कुशका छत्तीसवटा दलले वेणीरूप तयार गरी त्यसलाई भावनाद्वारा खड्गको चिन्तन गर्दै सातपटक शिवमन्त्र जपेर मन्त्रिनुपर्छ । त्यसपछि त्यसलाई शिवरूप मानेर भावनात्मक रूपले हृदयमा स्थापित गर्नुपर्छ । त्यसका साथै जगदाधार भगवान् शिवको आफूलाई अभीष्ट लागेको जुन स्वरूप छ, त्यसै रूपलाई चिन्तन गरी उनै निष्कल परमात्मा शिवलाई आफूभित्र चिन्तन गर्नुपर्छ। त्यसपछि म नै साक्षात् शिव हुँ भन्ने भाव मनमा गर्नुपर्छ । त्यसो गरिसकेपछि मूल मन्त्रले

न्यस्य शिवमन्त्रेण भास्वरं निजमस्तके ।
ावादभिन्नमात्मानं कर्त्तारं भावयेद्यथा ।२३।
ण्डले कर्म्मणां साक्षी कलशे यज्ञरक्षकः ।
माधिकरणं वह्नौ शिष्ये पाशविमोचकः ।२४।
ात्मन्यनुगृहीतेति षडाधारो य ईश्वरः ।
ोऽहमेवेति कुर्वीत भावं स्थिरतरं पुनः ।२५।
ानखड्गकरः स्थित्वा नैर्ऋत्याभिमुखो नरः ।
ार्घ्याम्बुपञ्चगव्याभ्यां प्रोक्षयेद्यागमण्डपम् ।२६।
चतुष्पथान्तसंस्कारैः संस्कुर्य्यादीक्षणादिभिः ।
विक्षिप्य विकिरांस्तत्र कुशकूर्च्चोपसंहरेत् ।२७।
ानीशदिशि वर्द्धन्यामासनायोपकल्पयेत् ।
नैर्ऋते वास्तुगीर्वाणान्द्वारे लक्ष्मीं प्रपूजयेत् ।२८।
आप्ये रत्नैः पूरयन्ती हृदा मण्डपरूपिणीम् ।
ाम्बुवस्त्रे सरत्ने च धान्यास्ये पश्चिमानने ।२९।
ऐशे कुम्भे यजेच्छम्भुं शक्तिं कुम्भस्य दक्षिणे ।
पश्चिमस्यां तु सिंहस्थां वर्द्धनीं खड्गरूपिणीम् ।३०।
देक्षु शक्रादिदिक्पालान्विष्ण्वन्तान्प्रणवासनान् ।
ाहनायुधसंयुक्तान्हृदाऽभ्यर्च्य स्वनामभिः ।३१।
थमं तां समादाय कुम्भस्याग्राभिगामिनीम् ।
अविच्छिन्नपयोधारां भ्रामयित्वा प्रदक्षिणम् ।३२।
शिवाज्ञां लोकपालानां श्रावयेन्मूलमुच्चरन् ।
ंरक्षत यथायोगं कुम्भं धृत्वाऽथ तां धरेत् ।३३।
ातः स्थिरासने कुम्भे साङ्गं सम्पूज्य शङ्करम् ।
वेन्यस्य शोध्यमध्वानं वर्द्धन्यामस्त्रमर्च्चयेत् ।३४।
ों हः अस्त्रासनाय हूं फट् ओं ओं अस्त्रमूर्त्तये नमः ओं ूं फट् पाशुपतास्त्राय नमः ओं ओं हृदयाय हूं फट् मः ओं श्रीं शिरसे हूं फट् नमः ओं यं शिखायै हूं फट् मः ओं गूं कवचाय हूं फट् नमः ओं फट् अस्त्राय ूं फट् नमः चतुर्वक्त्रं सदंष्ट्रं च स्मरेदस्त्रं सशक्तिकम्

मन्त्रिएको सेतो केरा शिरमा राखेर गन्ध, पुष्प आभूषण आदिले आफ्नो शरीर सिँगार्नुपर्छ। अनि गुरुले आफ्ना दाहिने हातमा सुगन्ध द्रव्य अथवा कुमकुमले मण्डल निर्माण गर्नुपर्छ र त्यसैमा विधिपूर्वक भगवान् शिवलाई पूजा गर्नुपर्छ। त्यसो गर्दा नै उनी शिवहस्त हुन्छन्। त्यही तेजस्वी शिवहस्त शिव मन्त्रले आफ्ना शिरमा राख्नुपर्छ। म सबैका कर्ता साक्षात् परमात्मा शिवसित अभिन्न छु, त्यसो हुनाले म नै शिव हु भन्ने ठान्नुपर्छ। गुरुले जब यस्तो भावना बनाउँछन् अनि उनले यज्ञमण्डपमा कर्मको साक्षी कलशका रूपमा यज्ञका रक्षक अग्निमा होमको अधिष्ठान गर्दै शिष्यमा रहेको उसको अज्ञानमय पाश छिनाउँछ। अन्तरात्मामा अनुग्रह गराउने गरी पाँच आकारको ईश्वरका रूपमा ऊ अभिव्यक्त हुन्छ। यस्तो खालको भावना गुरुले बलियो बनाएर फेरि त्यो ईश्वर म नै हुँ भन्ने भाव अझै सशक्त गराउनुपर्छ।१-२५।

त्यसपछि ज्ञानरूपी खड्ग हातमा लिएका गुरुले यज्ञमण्डपका नैर्ऋत्य कोणभागमा उत्तरतिर फर्केर अर्घ्यजल र पञ्चगव्य लिएर त्यो मण्डप चोख्याउनुपर्छ। ईक्षण आदि चतुष्पथान्त संस्कारले त्यसलाई संस्कारित गर्नुपर्छ। अनि यज्ञमण्डपमा छर्नयोग्य विकिर नामका वस्तुहरूलाई पूर्वोक्त विधिले छरेर कुशका कुच्चाले ती सबैलाई बटुलेर त्यो सबै ईशान कोणमा राखिएका वार्धानी नामको जलपात्रमा आसनका लागि राख्नुपर्छ। नैऋत्य कोणमा वास्तुदेवताहरूलाई र पश्चिम द्वारमा लक्ष्मीलाई पूजा गर्नुपर्छ। त्यससँगै यी मण्डप रूपिणी लक्ष्मीदेवीले रत्नभण्डारद्वारा यज्ञमण्डपलाई परिपूर्ण गराइरहेकी छिन् भन्ने भावना बनाउनुपर्छ। यस्तै ध्यान र आवाहन गरी हृदयमन्त्रसित नमः उच्चारण गर्दै लक्ष्म्यै नमः भनी उनलाई पूजा गर्नुपर्छ। त्यसपछि ईशान कोणमा सप्तधान्यमाथि राखिएको, कपडाले छोपिएको र जलले पूर्ण गराइएका कलशमा पश्चिमतिर फर्केर भगवान् शङ्करलाई पूजा गर्नुपर्छ। त्यसै कलशका दक्षिण भागमा सिंहमाथि बसेकी पश्चिमतिर मुख पारेकी खड्ग रूपिणी वार्धानीलाई पूजा गर्नुपर्छ। त्यसपछि पूर्व आदि दिशामा इन्द्र आदि दिक्पालहरूलाई र अन्त्यमा विष्णु भगवान्लाई पूजा गर्नुपर्छ। यी सबै पुणवमय आसनमा विराजमान् र आआफ्ना वाहन एवं आयुधहरूले संयुक्त छन् भन्ने भावना गर्दै उनीहरूका लागि नामका अन्त्यमा नमः पद जोडी त्यसैले उनलाई इन्द्राय नमः, विष्णवे नमः आदि भनी पूजा गर्नुपर्छ। पहिले पूर्वोक्त वार्धानीलाई उचित किसिमले हातमा लिनुपर्छ र त्यसलाई कलशका नजिकैतिरबाट लगी प्रदक्षिणाका क्रमले चारैतिर घुमाउनुपर्छ। त्यसले जलको अविच्छिन्न धारा खसाइरहनुपर्छ। त्यसका साथै मूलमन्त्र उच्चारण गर्दै लोकपालहरूलाई

समुद्गरत्रिशूलासिं सूर्य्यकोटिसमप्रभम् ।३५।
भगलिङ्गसमायोगं विदध्याल्लिङ्गमुद्रया ।
अङ्गुष्ठेन स्पृशेत्कुम्भं हृदा मुष्ट्यास्त्रवर्द्धनीम् ।३६।
भुक्तये मुक्तये त्वादौ मुष्टिना वर्द्धनीं स्पृशेत् ।
कुम्भस्य मुखरक्षार्थं ज्ञानखड्गं समर्पयेत् ।३७।
शस्त्रं च मूलमन्त्रस्य शत कुम्भे निवेशयेत् ।
तद्दशांशेन वर्द्धन्यां रक्षां विज्ञापयेत्ततः ।३८।
यथेदं कृतयत्नेन भगवन्मखमन्दिरम् ।
रक्षणीयं जगन्नाथ सर्वाध्वरधर त्वया ।३९।
प्रणवस्थं चतुर्बाहुं वायव्ये गणमर्च्चयेत् ।
स्थण्डिले शिवमभ्यर्च्य सार्घ्यः कुण्डं व्रजेन्नरः ।४०।
निविष्टो मन्त्रतृप्त्यर्थमर्घ्यगन्धघृतादिकम् ।
वामे सव्ये तु विन्यस्य समिद्दर्भतिलादिकम् ।४१।
कुण्डवह्निस्रुगाज्यादि प्राग्वत्संस्कृत्य भावयेत् ।
मुख्यतामूर्ध्ववक्त्रस्य हृदि वह्नौ शिवं यजेत् ।४२।
स्वमूर्तौ शिवकुम्भे च स्थण्डिले त्वग्निशिष्ययोः ।
सृष्टिन्यासेन विन्यस्य शोध्याध्यानं यथाविधि ।४३।
कुण्डमानं मुखं ध्यात्वा हृदाहुतिभिरीप्सितम् ।
बीजानि सप्तजिह्वानामग्नेर्होमाय भण्यते ।४४।
विरेफावन्तिमौ वर्णौ रेफषष्टस्वरान्वितौ ।
इन्दुविन्दुशिखायुक्तौ जिह्वाबीजान्युपक्रमात् ।४५।
हिरण्या कनका रक्ता कृष्णा तदनु सुप्रभा ।
अतिरिक्ता बहुरूपा रुद्रेन्द्राग्न्याप्यदिङ्मुखाः ।४६।
क्षीरादिमधुरैर्होमं कुर्य्याच्छान्तिकपौष्टिके ।

निम्न प्रकारको भगवान् शिवको– हे लोकपालकहरू हो ! तिमीहरू यथाशक्ति सावधानीपूर्वक यस यज्ञको रक्षा गर भन्ने आदेश सुनाउनुपर्छ । यस्तो आदेश दिएर तल एउटा कलश राखी त्यसमाथि त्यही वार्धानी राखिदिनुपर्छ । त्यसपछि सुस्थिर आसन भएका कलशमा भगवान् शङ्करलाई सर्वाङ्ग पूजा गर्नुपर्छ। त्यति गरिसकेपछि कला आदि षड्ध्वजाहरूको न्यास गरेर शोधन गर्नुपर्छ र वार्धानीमा अस्त्रहरूको पूजा गर्नुपर्छ । पूजा गर्दा ओं हः अस्तासनाय हुं फट् नमः, ओं ओं अस्त्रमूर्तये हुं फट् नमः, ओं हुं फट् पाशुपतास्त्राय नमः, ओं ओं दृश्याय हुं फट् नमः, ओं श्रीं शिरसे हुं फट् नमः, ओं यं शिखायै हुं फट् नमः, ओं शुं कवचाय हुं फट् नमः, ओं हुं फट् अस्त्राय हुं फट् नमः भन्ने मन्त्रले गर्नुपर्छ। त्यसभन्दा पछि पाशुपतास्त्रको स्वरूपलाई– चारैतिर मुख भएको, प्रत्येक मुखमा दाह्रा भएका, हातहरूमा शक्ति, मुद्गर, खड्ग र त्रिशूल भएका, एवं करोडौँ सूर्यको जस्तो प्रभा भएका भनी चिन्तन गर्नुपर्छ। यसरी ध्यान गरिसकेर लिङ्गमुद्रा प्रदर्शन गर्दै भग र लिङ्गलाई संयोग गराउनुपर्छ । हृदयमन्त्रलाई नमः भन्दै उच्चारण गरेर अङ्गुष्ठले कलशलाई स्पर्श गर्नुपर्छ र मुठीले खड्गरूपिणी वार्धानीलाई स्पर्श गर्नुपर्छ। भोग र मोक्ष सिद्धिका लागि पहिले वार्धानीलाई स्पर्श गर्नुपर्छ र त्यसपछि मात्रै कलशको मुखभाग रक्षाका लागि त्यसैमाथि पूर्वोक्त ज्ञान खड्ग समर्पित गर्नुपर्छ। त्यसका साथै एकसय आठपटक मूलमन्त्र जप गरेर त्यो जप पनि कलशलाई नै चढाइदिनुपर्छ । त्यसको दसौँ अंश जप गरेर त्यो वार्धानीमा चढाउनुपर्छ । त्यसपछि रक्षाका लागि भगवान्लाई– सम्पूर्ण यज्ञलाई धारण गरेका हे भगवान् ! अत्यन्त यत्नले यस मन्दिरलाई निर्माण गरिएको छ । कृपया यसलाई तिमीले रक्षा गर भन्दै प्रार्थना गर्नुपर्छ । त्यसपछि वायव्य कोणमा प्रणवमय आसनमा अवस्थित चार भुजायुक्त गणेशलाई पूजा गर्नुपर्छ। त्यसपछि वेदीमा शिवको पूजा गरेर अर्घ्य हातमा लिँदै कुण्डका नजिक साधकले जानुपर्छ। त्यहाँ बसेर मन्त्र उच्चारण गरिएका देवतालाई खुसी गराउन बायाँ भागमा अर्घ्य, गन्ध र घिउ आदि र दाहिने भागमा समिधा, कुश एवं तिल आदि राखेर कुण्ड अग्नि, स्रुक्, घिउ आदिलाई पूववत् संस्कार गरी ऊर्ध्वमुख अग्निलाई हृदयमा चिन्तन गर्दै त्यहीँ भगवान् शिवको पूजा गर्नुर्पछ । त्यसपछि गुरुले आफ्ना शरीरमा, शिवकलशमा, मण्डलमा, अग्निमा र शिष्यका शरीरमा सृष्टि न्यासका रीतिले न्यासकर्म गरी अर्ध्वलाई विधिपूर्वक शोधन गर्नुपर्छ र त्यसपछि कुण्डको लम्बाइ–चौडाइअनुसार नै अग्निदेवताको मुखको लम्बाइ चौडाइ चिन्तन गर्दै अग्निजिह्वाहरूका नामको मन्त्रका अन्त्यमा नमः एवं स्वाहा भनेर अभीष्ट वस्तुहरूको आहुति दिई अग्निदेवतालाई

ाभिचारे तु पिण्याकसक्तुकञ्चुकक्काञ्जिकैः ।४७।
ावणै राजिकातक्रकटुतैलेश्च कण्टकैः ।
ामिद्भिरपि वक्त्राभिः क्रुद्धो भाष्याणुना यजेत् ।४८।
ञ्दम्बकलिकाहोमाद्यक्षिणी सिध्यति ध्रुवम् ।
ान्धूककिंशुकादीनि वश्याकर्षायहोमयेत् ।४९।
ाल्वं राज्याय लक्ष्म्यर्थं पाटलांश्चम्पकानपि ।
ाब्जानि चक्रवर्त्तित्वे भक्ष्यभोज्यानि सम्पदे ।५०।
र्वा व्याधिविनाशाय सर्वसत्त्ववशीकृते ।
ायङ्गु पाटलीपुष्पं चूतपत्रं ज्वरान्तकम् ।५१।
त्युञ्जयो मृत्युजित्स्याद् वृद्धिः स्यात्तिलहोमतः ।
द्रशान्तिः सर्वशान्त्या अथ प्रस्तुतमुच्यते ।५२।
ाहुत्यष्टशतैर्मूलमङ्गानि तु दशांशतः ।
न्तर्पयेत मूलेन दद्यात्पूर्णां यथा पुरा ।५३।
था शिष्यप्रवेशाय प्रतिशिष्यंशतं जपेत् ।
र्निमित्तापसाराय सुनिमित्तकृते तथा ।५४।
ातद्वयं च होतव्यं मूलमन्त्रेण पूर्ववत् ।
लाद्यष्टास्त्रमन्त्राणां स्वाहान्तैस्तर्पणं सकृत् ।५५।
ाखासम्पुटितैर्बीजैर्हुफण्डन्तैश्च दीपनम् ।
ों हौं शिवाय स्वाहेत्यादिमन्त्रैश्च तर्पणम् ।५६।
ों हूं हौं हीं शिवाय हूं फडित्यादिदीपनम् ।
तः शिवाम्भसा स्थालीं क्षालितां वर्मगुण्ठिताम् ।५७।
न्दनादिसमालब्धां बध्नीयात्कटकं गले ।
र्मास्त्रजप्तसद्दर्भपत्राभ्यां चरुसिद्धये ।५८।
र्मादैरासने दत्ते सार्द्धेन्दुकृतमण्डले ।

सन्तुष्ट गर्नुपर्छ। अग्निका सात जिह्वाहरूका बीज पनि सातवटै छन् । होमका लागि अब तिनको परिचय दिइन्छ । रेफबाहेक अन्तिम सात व्यञ्जन वर्णलाई छैटौँ स्वरवर्ण ऊकारसँगै रकार जोड्नुपर्छ र तिनीहरूमाथि पनि चन्द्रविन्दु रूपी शिखा चढाएर अग्निका सात जिह्वाका सात बीज मन्त्र हुन्छन् । तिनको रूप क्रमशः ग्ल्यूँ क्ष्लूँ ब्रूँ श्रूँ प्ल्यूँ स्रूँ र हूँ हुन्छन् । यिनै अग्निका सात जिह्वाहरूको नाम क्रमशः हिरण्या, कनका, रक्ता, कृष्णा, सुप्रभा, अतिरक्ता र बहुरूपा हो । ईशान, पूर्व, अग्नि, नैर्ऋत्य, पश्चिम, वायव्य र मध्य दिशामा क्रमशः यिनको मुख रहेको छ ।२६-४७।

शान्तिक एवं पौष्टिक कर्ममा खीर आदि गुलियो पदार्थले होम गर्नुपर्छ । तर अभिचार कार्यमा तोरीको पिना, सातु, जौको पिठो, नुन, रायो, मोही, तोरीको तेल, काँडा र बाङ्गाटिङ्गा समिधाहरू नै क्रोधपूर्वक मन्त्रले हवन गर्नुपर्छ । कदम्बका कोपिलाहरूले होम गर्दा पक्कै पनि सिद्ध हुन्छ । वशीकरण र आकर्षणको सिद्धिका लागि बन्धूक नामको फूल र पलाशको फूल हवन गर्नुपर्छ । राज्यलाभका लागि बेलको फल र लक्ष्मी प्राप्तिका लागि पाडरी एवं चम्पकका फूल हवन गर्नुपर्छ । चक्रवर्ती सम्राट्को पद प्राप्त गर्नका लागि कमलका फूल र सम्पत्ति प्राप्त गर्नका लागि भोज्य पदार्थ होम गर्नुपर्छ। दुबोको हवन गर्नाले रोगव्याध नाश हुने गर्छ। समस्त जीवहरूलाई वशमा गर्नका लागि विद्वान् पूरुषले प्रियङ्गु र कदली पुष्प हवन गर्नुपर्छ । आँपका पत्ताको होम गर्नाले ज्वरो नाश हुन्छ । मृत्युञ्जय देवताको मन्त्र उपासना गर्ने व्यक्ति मृत्युमा विजयी हुन्छ । तिलको होम गर्नाले अभ्युदय प्राप्ति हुन्छ । रुद्रशान्ति गर्नाले समस्त दोषको शान्ति हुन्छ । त्यसैले अब त्यसै प्रसङ्गलाई प्रस्तुत गरिन्छ । एकसय आठ आहुति मूललाई र त्यसको दशांश आहुति अङ्गहरूलाई तुष्टि गर्न दिनुपर्छ । यस्तो हवन वा तर्पण मूलमन्त्रले नै गर्नुपर्छ । अनि पूर्ववत् पूर्णाहुति दिनुपर्छ । शिष्यलाई दीक्षामा प्रवेश गराउनका लागि प्रत्येक शिष्यका लागि एकपटक मूलमन्त्रको जप गर्नुपर्छ । त्यसका साथै दुर्दशाहरू शान्त गराउन र शुभ निमित्त सिद्ध गर्नका लागि पूर्ववत् मन्त्रले नै दुई सयपटक आहुति दिनुपर्छ। पहिले भनिएअनुसारका अस्त्रमन्त्रसम्बन्धी जुन आठ मन्त्रहरू छन् तिनका सुरुमा मूल र अन्त्यमा स्वाहा जोडेर पाठ गर्दै एकएकपटक तर्पण गर्नुपर्छ । मूल मन्त्रलमा भएका बीजहरूमा सम्पुटित गर्दै शिखाका लागि वषट् र अन्त्यमा हुं फट् जोडेर जप गरियो भने त्यो नै मन्त्रको दीपन हुन्छ । ओं हुं शिवाय स्वाहा इत्यादि मन्त्रले तर्पण गरिन्छ र त्यसै गरी ओं ओं शिवाय हुं फट् इत्यादि दीपन मन्त्रहरू हुन् । त्यसपछि शिवमन्त्रले अभिमन्त्रित जलले पखालेका

न्यस्तायां मूर्तिभूतायां भावपुष्पैः शिवं यजेत् ।५९।
वस्त्रबद्धमुखायां वा स्थाल्यां पुष्पैर्बहिर्भवैः ।
चुल्ल्यां पश्चिमवक्त्रायां शुद्धायां वीक्षणादिभिः ।६०।
न्यस्ताहङ्कारबीजायां न्यस्तायां कुण्डदक्षिणे ।
धर्माधर्मशरीरायां जप्तायां मानुषात्मना ।६१।
स्थालीमारोपयेदस्त्रजप्तां गव्याम्बुमार्जिताम् ।
गव्यं पयोऽस्त्रसंशुद्धं प्रासादशतमंत्रितम् ।६२।
तण्डुलान् श्यामकादीनां निक्षिपेत्तत्र तद्यथा ।
एकशिष्यविधानाय तेषां प्रसृतिपञ्चकम् ।६३।
प्रसृतिं प्रसृतिं पश्चाद्वर्द्धयेद् द्व्यादिषु क्रमात् ।
कुर्य्याच्चानलमन्त्रेण पिधानं कवचाणुना ।६४।
शिवाग्नौ मूलमन्त्रेण पूर्वास्यश्चरुकं पचेत् ।
सस्विन्नैस्तत्र तच्चुल्ल्यां स्रुवमापूर्य सर्पिषा ।६५।
स्वाहान्तैः संहितामन्त्रैर्दत्त्वा तप्ताभिधारणम् ।
संस्थाप्य मण्डले स्थालीं सद्दर्भेऽस्त्राणुना कृते ।६६।
प्रणवेन पिधायास्यां तद्देहं लेपनं हृदा ।
सुशीतलो भवत्येवं प्राप्य शीताभिधारणम् ।६७।
विदध्यात्संहिता मन्त्रैः शिष्यं प्रति सकृत्सकृत् ।
धर्माद्यासनके हुत्वा कुण्डमण्डलपश्चिमे ।६८।
सम्पातश्च स्रुचा हुत्वा शुद्धिं संहितया चरेत् ।
चरुकं सकृदालभ्य तयैव वषडन्तया ।६९।
धेनुमुद्रामृतीभूतं स्थण्डिले शान्तिकं नयेत् ।
साज्यभागं स्वशिष्याणां भागो देवाय वह्नये ।७०।
कुर्यात्तु लोकपालादेः समध्वाज्यमिदं त्रयम् ।

पात्रलाई कवचमन्त्रले अवगुण्ठित गरी त्यसमा रोली, चन्दन आदि लगाउनुपर्छ। अनि त्यस भाँडाका गलामा हुं फट् मन्त्रले मन्त्रिएको उत्तम कुश र सूत्र बाँध्नुपर्छ। त्यसो गर्दा चरुको सिद्धि हुन्छ। त्यसपछि धर्म आदि चार पाउले युक्त चौकी आदि आसन राखेर त्यसमाथि अर्धचन्द्राकार मण्डल बनाई त्यस मण्डलमा उक्त पात्र राख्नुपर्छ र त्यसैलाई आराध्यदेवको मूर्ति मानेर त्यसमाथि भावात्मक पुष्पले भगवान् शिवलाई पूजा गर्नुपर्छ। अथवा त्यस भाँडाको मुख वस्त्रले बाँध्नुपर्छ र त्यसैमाथि पुष्प आदि वस्तुले शिवको पूजा गर्नुपर्छ। त्यसपछि पश्चिमतिर फर्काएर राखिएको चुल्हो हेरविचार गरी शुद्ध गराएर त्यसमा अहङ्कारको बीज न्यास गर्नुपर्छ। त्यसपछि त्यसलाई कुण्डका दक्षिण भागमा राख्नुपर्छ र यस चुलाको शरीर धर्माधर्ममय छ भन्ने भावना बनाउनुपर्छ। त्यसपछि त्यसको शुद्धिका लागि त्यसलाई स्पर्श गर्दै अस्त्रमन्त्रको जप गर्नुपर्छ। त्यसपछि अस्त्रमन्त्रको जप गर्नुपर्छ। त्यसपछि उसै अस्त्रमन्त्रको फट्सहितको जपले मन्त्रिएको गाईको घिउ दलिएको त्यस भाँडालाई चुलामा बसाल्नुपर्छ। त्यसमा अस्त्रमन्त्रले शुद्ध गरिएको गाईका दुधलाई सयपटक प्रासाद मन्त्र हौंले मन्त्रिनुपर्छ। त्यसपछि त्यस दुधमा साँवा साँवा आदिको चामल हालिदिनुपर्छ। त्यसको मात्रा यस प्रकार छ– एक शिष्यको दीक्षाविधिका लागि पाँच पसर चावल हाल्नुपर्छ र दुई, तीन अथवा जति शिष्यको सङ्ख्या बढ्छ, ती सबैका लागि क्रमशः एकएक पसर चावल बढाउँदै जानुपर्छ। त्यसपछि अस्त्रमन्त्रले नै आगो बाल्नुपर्छ र कवचमन्त्रले हुं भन्दै भाँडालाई छोपिदिनुपर्छ। साधकले पूर्वतिर फर्केर उक्त शिवाग्निमा मूलमन्त्र उच्चारण गर्दै चरु पकाउनुपर्छ। जब राम्ररी त्यो पाक्छ, त्यसपछि त्यहाँ स्रुवाभरि घिउ लिएर संहिता मन्त्रसँगै स्वाहा भन्दै उसै चुलामा तप्तभिधार नामको आहुति दिनुपर्छ। त्यसपछि मण्डलमा चरुको थाली राखेर अस्त्रमन्त्रले त्यसमाथि कुश राख्नुपर्छ। त्यसपछि प्रणवको उच्चारण गर्दै चुलामा उल्लेखन गर्दै हृदयमन्त्रले लेपन गरेर पूर्ववत् रूपमा तप्ताभिधारको सट्टा शीताभिधार नामको आहुति दिनुपर्छ। यस किसिले चुलो सेलाउँछ। शीताभिधार आहुतिको विधि गर्दा संहिता मन्त्रका अन्त्यमा वौषट् पद जोडेर त्यसैले कुण्डमण्डपका पश्चिम भागमा कुश आदिका आसनमा प्रत्येक शिष्यका लागि भनेर एकएक आहुति दिनुपर्छ। त्यसपछि स्रुकद्वारा सम्पात होम गरिसकेर संहिता मन्त्रले शुद्धि गर्नुपर्छ। अनि अन्त्यमा वौषट् लगाइएका उसै संहिता मन्त्रले चरु लिएर एकपटक धेनुमुद्राद्वारा त्यसलाई अमृतीकरण गर्नुपर्छ। त्यसपछि वेदीमा त्यसैले शान्ति होम गर्नुपर्छ। त्यसपछि गुरुले आफ्ना शिष्यहरूका लागि, अग्निदेवताका लागि र लोकपालहरूका

नमोऽन्तेन हृदा दद्यात्तेनैवाचमनीयकम् ।७१।
साज्यं मन्त्रशतं हुत्वा दद्यात्पूर्णां यथाविधिः ।
मण्डलं कुण्डतः पूर्वे मध्ये वा शम्भुकुम्भयोः ।७२।
रुद्रमातृगणादीनां निवर्त्यान्तर्बलिं हृदा ।
शिवमध्येऽप्यलब्धाज्ञो विधायैकत्वभावनम् ।७३।
सर्वज्ञतादियुक्तोऽहं समन्ताच्चोपरि स्थितः ।
ममांशो योजनास्थानमधिष्ठाताऽहमध्वरे ।७४।
शिवोऽयमित्यहङ्कारी निष्क्रमेद्यानमण्डपात् ।
न्यस्तपूर्वाग्रसन्दर्भे शस्त्राणुकृतमण्डले ।७५।
प्रणवासनके शिष्यं शुक्लवस्त्रोत्तरीयकम् ।
स्नातं चोदङ्मुखे मुक्त्यै पूर्ववक्त्रं तु भुक्तये ।७६।
ऊर्ध्वं कायं समारोप्य पूर्वास्यं प्रविलोकयेत् ।
चरणादिशिखां यावन्मुक्तौ भुक्तौ विलोमतः ।७७।
चक्षुषा सप्रसादेन शैवं धाम विवृण्वता ।
अस्त्रोदकेन सम्प्रोक्ष्य मन्त्राम्बुस्नानसिद्धये ।७८।
भस्मस्नानाय विघ्नानां शान्तये पापभित्तये ।
सृष्टिसंहारयोगेन ताडयेदस्त्रभस्मना ।७९।
पुनरस्त्राम्बुना प्रोक्ष्य सकलीकरणाय तम् ।
नाभेरूर्ध्वं कुशाग्रेण मार्जनीयास्त्रमुच्चरन् ।८०।
त्रिधाऽऽलभेत तन्मूलैरघमर्षाय नाभ्यधः ।
द्वैविध्याय च पाशानामालभेत शराणुना ।८१।
तच्छरीरे शिवं साङ्गं सासनं विन्यसेत्ततः ।
पुष्पादिपूजितस्यास्य नेत्रे नेत्रेण वा हृदा ।८२।

लागि घिउसहितको भाग निश्चित गर्नुपर्छ। यी तीनै भाग समान रूपमा र घिउ भएका हुन्छन्। यी सबैको नाममन्त्रभन्दा पछि नमः पद लगाएर अर्पित गर्नुपर्छ र उसै मन्त्रले आचमनको जल पनि अर्पित गर्नुपर्छ। त्यसपछि मूलमन्त्रले एकसय आठ आहुति दिएर विधिपूर्वक पूर्णाहुतिको होम गर्नुपर्छ। त्यसपछि मण्डलभित्र कुण्डको पूर्व भागमा अथवा शिव र कुण्डको मध्य भागमा हृदयमन्त्रले रुद्र, मातृकागण आदिका लागि अन्तर्बलि अर्पित गर्नुपर्छ । त्यसपछि शिवको आश्रय लिएर, उनकै आज्ञा पाएर एकत्वको भावना गर्दै– म सर्वज्ञता आदि गुणले युक्त र समस्त अध्वाहरूभन्दा माथि विराजमान शिव हुँ, यो यज्ञस्थाना मेरै अंश हो, यस यज्ञको अधिष्ठाता मै हुँ भन्ने चिन्तन गर्नुपर्छ । यस किसिमका अहङ्कारले शिवसित आफ्नो एकात्म्यको बोध गर्दै गुरुले यज्ञमण्डपबाट बाहिर निस्कनुपर्छ । त्यसपछि फट्सहितको अस्त्रमन्त्रले बनाइएको मण्डलमा पूर्वाग्र पारी उत्तम कुश बिछाएर त्यसलाई प्रणवमय आसनको कल्पना गर्नुपर्छ र स्नान गरेका शिष्यलाई त्यसैमाथि बसाउनुपर्छ। त्यस बेला शिष्यले सेतो वस्त्र एवं पछ्यौरा पनि सेतै धारण गरेको हुनुपर्छ । यदि ऊ मुक्तिको इच्छा गर्ने हो भने उसको मुख उत्तर दिशातिर फर्केको हुनुपर्छ र यदि ऊ भोगको इच्छा गर्दछ भने पूर्व दिशातिर मुख फर्काएर बसेको हुनुपर्छ ।४८–७६।

शिष्यका शरीरको घुँडाभन्दा माथिल्लो भाग मात्रै त्यस प्रणव आसनमा अडिएको हुनुपर्छ, तल्लो भाग होइन । त्यसरी बसेको शिष्यतर्फ गुरु पूर्व दिशातिर फर्केर बस्नुपर्छ। मोक्षरूपी प्रयोजन सिद्धिका लागि शिष्यको गोडादेखि शिखासम्मका अङ्गहरूलाई क्रमशः निरीक्षण गर्नुपर्छ र यदि भोगरूपी प्रयोजन सिद्धिका लागि हो भने त्यसको विपरीत क्रमले शिष्यका अङ्गहरूमा दृष्टिपात गर्नेपर्छ । अर्थात् त्यस दशामा शिखादेखि गोडासम्मका अङ्गहरूको क्रमशः निरीक्षण गर्नुपर्छ। त्यस्ता बेलामा गुरुका दृष्टिमा शिष्यप्रति कृपाप्रसाद भरिएको हुनुपर्छ र त्यो दृष्टिले शिष्यका समक्ष शिवको ज्योतिर्मयी रूपलाई उद्घाटित रूपमा अभिव्यक्त गरिरहेको हुनुपर्छ। त्यसपछि अस्त्रमन्त्रले अभिमन्त्रित जलले शिष्यलाई प्रोक्षण गर्दै मन्त्रिएको पानीले स्नान गर्ने काम सक्नुपर्छ । त्यसपछि विघ्नको शान्ति र पापनाशनका लागि भस्मस्नान गराउनुपर्छ। त्यसको विधि पूरा गर्न अस्त्रमन्त्रले अभिमन्त्रित भस्म लिएर त्यही भस्मले शिष्यलाई सृष्टिसंहारयोगले ताडित गर्दै छरिदिनुपर्छ। त्यसपछि सकलीकरण गर्नका लागि पूर्ववत् जलले शिष्यलाई प्रोक्षण गरेर उसका नाभीभन्दा माथिल्ला

बद्धामन्त्रितवस्त्रेण सितेन सदशेनच ।
प्रदक्षिण क्रमादेनं प्रवेश्य शिवदक्षिणम् ।८३।
सवस्त्रमासनं दद्यात् यथावर्णं निवेदयेत् ।
संहारमुद्रयात्मानं मूर्त्या तस्य हृदम्बुजे ।८४।
निरुद्धय शोधिते काये न्यासं कृत्वा तमर्चयेत् ।
पूर्व्वाननस्य शिष्यस्य मूलमन्त्रेण मस्तके ।८५।
शिवहस्तं प्रदद्याच्च रुद्रेशपददायकम् ।
शिवसेवाग्रहोपायं दत्तहस्तं शिवाणुना ।८६।
शिवे प्रक्षेपयेत्पुष्पमपनीयाच्चर्चकान्तरम् ।
तत्पात्रस्थानमन्त्राढ्यं शिवदेवगणानुगम् ।८७।
विप्रादीनां क्रमान्नाम कुर्य्याद्वा स्वेच्छया गुरुः ।
प्रगतिं कुम्भवर्द्धन्योः कारयित्वाऽनलान्तिके ।८८।
सदक्षिणासने तद्वत्सौम्यास्यमुपवेशयेत् ।
शिष्यदेहविनिष्क्रान्तां सुषुम्णामिव चिन्तयेत् ।८९।
निजविग्रहलीनां च दर्भमूलेन मन्त्रितम् ।
दर्भाग्रं दक्षिणे तस्य विधाय करपल्लवे ।९०।
तन्मूलमात्मजङ्घायामग्रं चेति शिखिध्वजे ।
शिष्यस्य हृदयं गत्वा रेचकेन शिवाणुना ।९१।
पूरकेण समागत्य स्वकीयं हृदयान्तरम् ।
शिवाग्निना पुनः कृत्वा नाडीसन्धानमीदृशम् ।९२।
हृदा तत्सन्निधानार्थं जुहुयादाहुतित्रयम् ।
शिवहस्तस्थिरत्वार्थं शतं मूलेन होमयेत् ।
इत्थं समयदीक्षायां भवेद्योग्यो भवार्च्चने ।९३।

भागमा अस्त्रमन्त्र उच्चारण गर्दै कुशाग्रले मार्जन गर्नुपर्छ र हृदयमन्त्र उच्चारण गरेर पाप नाश गर्न पूर्वोक्त कुशका मूलभागले नाभीभन्दा तल्लो भागका अङ्गहरूलाई स्पर्श गर्नुपर्छ। त्यसका साथै सम्पूर्ण पाशहरूलाई छेदन गर्नका लागि पुनः अस्त्रमन्त्रले उनै कुशले यथोक्त रूपमा मार्जन एवं स्पर्श गर्नुपर्छ । त्यसपछि शिष्यका शरीरमा आसनसहित सर्वाङ्ग शिवलाई न्यास गर्नुपर्छ। न्यास गरिसकेपछि शिवको भावनाले नै पुष्प आदिले पूजा गर्नुपर्छ। त्यसपछि वौषट्युक्त नेत्रमन्त्रले अथवा नमः सहितको हृदयमन्त्रले शिष्यका दुवै नेत्रमा श्वेत वस्त्र अभिमन्त्रित गरी पट्टी बाँधिदिनुपर्छ र प्रदक्षिणाका क्रमले शिष्यलाई शिवको दक्षिण पार्श्वमा लैजानुपर्छ । त्यहाँ छवटा अध्वाले उत्पन्न षड्उत्थ आसन दिएर यथोचित रीतिले शिष्यलाई त्यसमाथि बसाउनुपर्छ । शिवमूर्तिसित एकीभूत भएका शिष्यले आफ्नै हृदयकमलमा आफूलाई अवरुद्ध गरेर कायाशोधन गर्नुपर्छ । त्यसपछि न्यास गरी पूजा गर्नुपर्छ । पूर्वतिर फर्केर शिष्यका मस्तकमा मूलमन्त्रले शिवहस्त राख्नुपर्छ र त्यसैले रुद्र एवं ईशको पद प्राप्त गराउँछ। त्यसपछि शिष्यका हातमा शिवसेवा प्राप्ति गर्ने उपायका रूपमा फूल दिनुपर्छ र त्यो फूल शिवमाथि नै चढाउनुपर्छ। त्यसपछि गुरुले शिष्यका आँखामा बाँधेको वस्त्र झिकिदिएर उसका लागि शिवगणका लागि अङ्कित स्थान, मन्त्र, नाम आदिको घोषणा गर्नुपर्छ अथवा आफ्नै इच्छाले नै ब्राह्मण आदि वर्णका क्रमले नामकरण गर्नुपर्छ। शिवकलश र वार्धानीलाई प्रणाम गराएर अग्निका नजिकै आफ्ना दाहिने आसनमा पहिलेकै जस्तो उत्तरमुख गराई शिष्यलाई बसाउनुपर्छ र शिष्यका शरीरबाट सुषुम्णा निस्केर मेरो शरीरमा विलीन भएको छ भन्ने भावना बनाउनुपर्छ । हे स्कन्द ! त्यसपछि मूलमन्त्रले अभिमन्त्रित कुश लिएर त्यसको अग्रभाग शिष्यका दाहिने हातमा र मूलभागलाई आफ्ना जङ्घामा राख्नुपर्छ। अथवा अग्रभागलाई आफ्नो जङ्घामा राख्नुपर्छ र मूलभागलाई शिष्यका दाहिने हातमा राख्नुपर्छ । शिवमन्त्रले रेचक प्राणायामको क्रिया गर्दै शिष्यको हृदयमा प्रवेश गरेको भावना गरी पुनः उसै मन्त्रले पूरक प्राणायामद्वारा आफ्नै हृदयाकाशमा फिर्ता भई आएको भावना गर्नुपर्छ । त्यसपछि शिवाग्निले यसै रूपमा नाडीसन्धान गरी त्यसको सान्निधानका लागि हृदयमन्त्रले तीन आहुति दिनुपर्छ । शिवहस्तको स्थिरताका लागि मूलमन्त्रले एक सय आहुति दिनुपर्छ। यसो गर्नाले शिष्य समयदीक्षामा संस्कारका लागि योग्य हुन्छ।७७-९३।

८२. द्व्यशीतितमोऽध्यायः

संस्कारदीक्षाविधि

ईश्वर उवाच

वक्ष्ये संस्कारदीक्षाया विधानं शृणु षण्मुख ।
आवाहयेन्महेशस्य वह्निस्थस्य शिरो हृदि ।१।
संश्लिष्टौ तौ समभ्यर्च्य सन्तर्प्य हृदयात्मना ।
ततोः सन्निधये दद्यात्तेनैवाहुतिपञ्चकम् ।२।
कुसुमेनास्त्रलिप्तेन ताडयेत्तं हृदा शिशुम् ।
प्रस्फुरत्तारकाकारं चैतन्यं तत्र भावयेत् ।३।
प्रविश्य तत्र हुङ्कारमुक्तं रेचकयोगतः ।
संहारिण्या तदाकृष्य पूरकेण हृदि न्यसेत् ।४।
ततो वागीश्वरीयोनौ मुद्रयोद्भवसंज्ञया ।
हृत्संम्पुटितमन्त्रेण रेचकेन विनिक्षिपेत् ।५।
ओं हां हां हां आत्मने नमः ।
जाज्वल्यमाने निर्धूमे जुहुयादिष्टसिद्धये ।
अप्रवृद्धे सधूमे तु होमो वह्नौ न सिध्यति ।६।
स्निग्धः प्रदक्षिणावर्त्तः सुगन्धिः शस्यतेऽनलः ।
विपरीतः स्फुलिङ्गी च भूमिस्पर्शः प्रशस्यते ।७।
इत्येवमादिभिश्चिह्नैर्हुत्वा शिष्यस्य कल्मषम् ।
पापभक्षणहोमेन दहेद्वा तं भवात्मना ।८।
द्विजत्वापादनार्थाय तथा रुद्रांशभावने ।
आहारबीजसंशुद्धौ गर्भाधानाय संस्थितौ ।९।
सीमन्ते जन्मतो नामकरणाय च होमयेत् ।
शतानि पञ्चमूलेन वौषडादिदशांशतः ।१०।
शिथिलीभूतबन्धस्य शक्तावुत्कर्षणं च यत् ।
आत्मनो रुद्रपुत्रत्वे गर्भाधानं तदुच्यते ।११।

ईश्वरले भने— हे षडानन ! अब म संस्कारदीक्षाका विधिको वर्णन गर्दछु, सुन । अग्निमा रहेका शिवाशिवरूपी अर्धनारीश्वर रूपलाई हृदयमा आह्वान गर्नुपर्छ । शिवा र शिवानी यी दुवै एकै शरीरमा जोडिएका छन् भन्ने ध्यानद्वारा गमेर हृदयमन्त्रले उनको पूजन गरी सन्तर्पण गर्नुपर्छ । अनि उनको सन्निधानका लागि हृदयमन्त्रले नै अग्निमा पाँच आहुति दिनुपर्छ । त्यसपछि अस्त्रमन्त्रले अभिमन्त्रित पुष्पले शिष्यका हृदयमा ताडन गर्नुपर्छ अर्थात् उसका वक्षमा फूल छर्नुपर्छ । त्यसपछि उसभित्र प्रकाशमान नक्षत्रको आकृतिमा चैतन्य जीवको भावना गर्नुपर्छ । त्यसपछि हुंकारयुक्त रेचक प्राणायामका योगले शिष्यका हृदयमा भावनात्मक रूपले प्रवेश गरी संहारिणी मुद्राले त्यस जीवचैतन्यलाई त्यहाँबाट खिँचेर पूरक प्राणायामका योगले उसलाई आफ्ना हृदयमा स्थापित गर्नुपर्छ । त्यसपछि उद्‌भव नामको मुद्रा प्रदर्शन गरेर हृत्सम्पुटित आत्ममन्त्र उच्चारण गर्दै रेचक प्राणायामका सहयोगले त्यसलाई वागीश्वरी देवीका योनिमा भावनात्मक रूपले प्रविष्ट गराउनुपर्छ । त्यस मन्त्रको स्वरूप ओं हां हां हामात्मने नमः भन्ने हुन्छ । त्यसभन्दा पछि अत्यन्त प्रज्ज्वलित एवं धुवाँरहित अग्निमा अनिष्ट सिद्धिका लागि आहुति दिनुपर्छ । प्रज्ज्वलित नभएको वा धुवाँयुक्त गरिएको होम सफल हुँदैन । यदि अग्निको ज्वालो दक्षिणावर्त भएर उठ्तै छ, त्यसमा उत्तम गन्ध आउँदै छ र त्यो अग्नि सुस्निग्धझैँ लाग्दो छ भने त्यस्तोलाई श्रेष्ठ भनिएको छ । त्यसको विपरीत जुन अग्निबाट झिल्का छुटिरहेका छन् र ज्वालो भुइँलाई छुनतिर लागेको छ भने त्यसलाई उत्तम भनिएको छैन । यसै किसिमका चिह्नले शिष्यको पाप ठम्याएर त्यसलाई हवन गर्नुपर्छ अथवा पापभक्षण निमित्तक होम गरेर पापलाई डढाइदिनुपर्छ । फेरि नयाँ रूपमा द्विजत्वको प्राप्ति, रुद्रांशको भावना, आहार एवं बीजको शुद्धि, गर्भाधान, गर्भस्थिति वा पुंसवन, सीमन्तोन्नयन, जातकर्म र नामकरणका लागि पृथक्पृथक् मूलमन्त्रले एकसय पाँचका दरले आहुति दिनुपर्छ र चूडाकर्म आदिका लागि यिनको अपेक्षा दशमांश आहुति प्रदान गर्नुपर्छ । यसै गरी जसको बन्धन खुकुलिँदै छ, त्यस्ता जीवात्माभित्र जुन शक्तिको उत्कर्ष हुन्छ, उही नै त्यसलाई रुद्रपुत्र हुनमा